मुलुकको मुहार

नेपाली कङ्ग्रेस, एमाले, एमाओवादी र राप्रपामा समावेशीकरण

ध्रुव सिम्खडा

साथमा

काशीराम डाँगी, प्रदीप पोखरेल, पूर्ण विक, फूर्पा तामाङ,
भानुभक्त निरौला, राजबहादुर शाही, लक्ष्मी साह, सीता मादेम्बा

मुलुकको मुहार

यो पाना जानीजानी खाली छोडएिको हो ।

मुलुकको मुहार

नेपाली कङ्ग्रेस, एमाले, एमाओवादी र राप्रपामा समावेशीकरण

ध्रुव सिम्खडा

साथमा

काशीराम डाँगी, प्रदीप पोखरेल, पूर्ण विक, फूर्पा तामाङ,
भानुभक्त निरौला, राजबहादुर शाही, लक्ष्मी साह, सीता मादेम्बा

सोशल साइन्स बहा
SOCIAL SCIENCE BAHA

हिमाल किताब

© ध्रुव सिम्खडा, सन् २०१७
© भूमिका, ध्रुव कुमार, सन् २०१७

ISBN: 978 9937 597 39 5

प्रथम संस्करणः सन् २०१७

आवरण : नोर्बु लामा
लेआउट : चिरन घिमिरे

सोसल साइन्स बहाःका लागि हिमाल किताबद्वारा प्रकाशित

सोसल साइन्स बहाः
३४५ रामचन्द्र मार्ग, बत्तीसपुतली, काठमाडौँ - ९, नेपाल
फोनः ४४७२८०७
info@soscbaha.org • www.soscbaha.org

हिमाल किताब प्रा.लि.
५२१ नारायणगोपाल सडक, लाजिम्पाट, काठमाडौँ - २
पो.ब.नं. ४२४९, गोश्वारा हुलाक, काठमाडौँ, नेपाल
फोनः ४४२२७९४
info@himalbooks.com • www.himalbooks.com

विषयसूची

कृतज्ञता vii
मन्तव्य ix

खण्ड एक

संसद्, सरकार र सङ्गठनमा समावेशी प्रतिनिधित्व किन ? ३
१. लोकतान्त्रिक अभ्यासमा समावेशीकरणको अवधारणा ७
२. 'त्यो बेला केको समावेशीकरण ?' १६
३. लोकतन्त्र, कङ्ग्रेस र समावेशीकरण २०
४. जातीय मुक्ति आन्दोलन र नेपाल कम्युनिष्ट पार्टीको जन्म ४१
५. एमालेमा 'बाहुनवादी' वर्चस्व ५१
६. माओवादी विद्रोह र जातीय मुक्ति मोर्चा ५८
७. राप्रपाको समावेशीकरण सोच ६८
८. समावेशीकरणको लक्ष्य समतामूलक समाज ७१
९ विधायिकाको रूपरेखा ७४
१०. २००७ देखि २०७० सालसम्म गठन भएका मन्त्रिपरिषद् ८९

खण्ड एक : परिशिष्ट १५१
सन्दर्भ सामग्री १५९

खण्ड दुई

केन्द्र र जिल्लाको समावेशीकरण अवस्था १६३
१. सुनसरीमा समावेशीकरण – सीता मादेम्बा १६८
२. 'मेरो प्यारो ओखलढुङ्गा' – भानुभक्त निरौला १८०
३. महोत्तरीमा दलीय समावेशीकरण – लक्ष्मी साह १८७
४. बारामा समावेशीकरणको 'स' पनि थिएन – लक्ष्मी साह १९२
५. रसुवामा राजनीतिक समावेशीकरण – फूर्पा तामाङ १९९
६. पराम्परागत राजनीतिको थलो : मनाङ – प्रदीप पोखरेल २०६
७. स्याङ्जामा जातीय र लैङ्गिक समावेशीकरण – पूर्ण विके २१७
८. प्यूठानका प्रमुख दलहरू कति समावेशी ? – काशीराम डाँगी २२१
९. रुकुममा चुनौतीपूर्ण समावेशीकरण – काशीराम डाँगी २२७
१०. मुगुमा भागबण्डाका लागि दल खोल्ने होडबाजी – राजबहादुर शाही २३२

यो पाना जानीजानी खाली छोडएिको हो ।

कृतज्ञता

यस अनुसन्धान कृतिका लागि आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन निम्ति खासगरी पुस्तकालय विधि नै अपनाएको हुँ । साथै यसका लागि विभिन्न समयका दस्तावेज, लिखत, किताब, राजनीतिक दलका वेबसाइट, घोषणापत्र, निर्वाचन आयोगका दस्तावेज, विभिन्न समयका राजपत्र आदिको खोज तथा सङ्कलन नै महत्त्वपूर्ण रह्यो ।

अनुसन्धानका क्रममा पुरानो पुस्ताका नेपाली कङ्ग्रेसका वयोवृद्ध स्व. नेता रामहरि जोशी, नेपाल कम्युनिष्ट पार्टीका नेता कृष्णराज बर्मा, राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता स्व. राजेश्वर देवकोटा र नेपाली कङ्ग्रेसका नेता पुरुषोत्तम बस्नेतसित लामो कुराकानी गरेको थिएँ । यसबाट राजनीतिक दलका विगतका नीति तथा कार्यक्रम र त्यस बखतका सामाजिक विविध पाटोबारे मनग्य जानकारी प्राप्त गर्न सहज भयो । प्राध्यापक राजेश गौतमको *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कङ्ग्रेस*; प्राध्यापक सुरेन्द्र केसीको *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास*; पत्रकार जगत नेपालको *सदन, सत्ता र सडकमा नेपाली कङ्ग्रेस* लगायत धेरै ग्रन्थको अध्ययन गरैं । यस अध्ययनको सिलसिलामा पाका पत्रकार भैरव रिसाल र राममणि रिसालद्वारा खोजबिन गरी प्रकाशित *नेपालका मन्त्रीहरू (२००७-२०६४)* पुस्तक निकै उपयोगी हुन पुग्यो ।

यस अतिरिक्त पछिल्लो समय राजनीतिक दलहरूले समावेशीकरणको सवालमा लिएका नीतिगत निर्णयबारे बुझ्न आवश्यक ठानी दलका केही केन्द्रीय नेतासँग कुराकानी गर्न सफल भएँ । यस क्रममा एमाले नेता बेदुराम भुसाल, परशुराम मेघी गुरुङ, नेपाली कङ्ग्रेसका नेता दिलेन्द्रप्रसाद बडु र माओवादी नेता हितराज पाण्डेसँग क्रमशः एमाले, कङ्ग्रेस र माओवादी केन्द्रीय कार्यालयमै गएर भेटी कुराकानी गर्ने अवसर जुट्यो ।

प्रमुख राजनीतिक दलहरूमा समावेशी इतिहास खोतल्ने क्रममा सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने कार्यसँगसँगै प्राप्त सूचना तथा तथ्याङ्कलाई लेख्ने काम पनि गर्दै गएँ । त्यसपछि २२ कात्तिक २०७१ मा छनोटमा परेका १० जिल्लाका अनुसन्धाताहरूसँग जिल्लामा दलीय समावेशीकरणबारे एकदिने छलफल कार्यक्रम चितवनको नारायणगढमा सम्पन्न गरियो । अनि जिल्ला, केन्द्र र सोसल साइन्स बहाः का निर्देशक दीपक थापाबीच निरन्तर अनुसन्धानबारे छलफल गर्ने र प्राप्त सूचना तथा तथ्याङ्कलाई लेख्ने काम पनि भइरह्यो । यस अनुसन्धानलाई परिष्कृत बनाउन सम्पादकको भूमिका निर्वाह गर्नुहुने मोहन मैनालीप्रति आभार प्रकट गर्दछु । यस अनुसन्धान कृतिलाई अद्योपान्त पढेर आफ्नो सारगर्भित मन्तव्य लेखिदिनुहुने राजनीतिशास्त्रका प्राध्यापक ध्रुवकुमारप्रति कृतज्ञ छु ।

अनुसन्धानलाई थप परिष्कृत गर्ने उद्देश्यले ६ मङ्सिर २०७२ मा मार्टिन चौतारीमा प्रमुख राजनीतिक दलहरू कति समावेशी छन् भन्ने विषयमा छलफल गरियो । छलफलका क्रममा चौतारीमा उपस्थित अनुसन्धाताहरूले दिनुभएको सुझाव अनुसार विधायिकाको समावेशीकरणबारे पनि अध्ययन गर्दा अनुसन्धान परिपक्व हुने

सल्लाह प्राप्त भयो । त्यसपछि विधायिकामा दलीय समावेशीकरणको अध्ययन गरी छुट्टै अध्याय थप्न सफल भइयो । यसका लागि मार्टिन चौतारीलाई धन्यवाद दिन कन्जुस्याइँ गर्नुपर्ने देखिँदैन ।

सोसल साइन्स बहाःकी रीता भुजेलले खण्ड एकको परिशिष्टका लागि तालिका तयार पार्न र त्यसलाई तालिकामा उल्लेख गर्न सहयोग गर्नुहुने अशीम भट्टराईको अनवरत प्रयत्नकै कारण यो अनुसन्धान थप परिष्कृत र परिमार्जित बन्दै गयो । अन्त्यमा हिमाल किताबका चिरन घिमिरेको सहयोगले यो अनुसन्धान कृति तपाईंहरुको हातमा पुग्न सफल भएको छ ।

तसर्थ, यति लामो अध्ययन, अनुसन्धानमा मलाई विभिन्न तरिकाले सहयोग गर्नुहुने सबैप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

२०७० भदौ २२ गते *कान्तिपुर* मा प्रकाशित विशेष रिपोर्ट नै यो अनुसन्धानको प्रारम्भिक बिन्दु थियो । किनभने उक्त रिपोर्ट प्रकाशित भएकै बिहान सोसल साइन्स बहाःका दीपक थापाले सम्पर्क गरी यसमा थप अनुसन्धान गर्न सकिने बताउनु भएपछि नै यो अनुसन्धान कृतिको गर्भाधारण भएको मान्नुपर्छ । त्यसपछि यस विषयमा भएका निरन्तर छलफलबाट नै आज यो कृतिका रूपमा आदरणीय पाठकहरूसमक्ष आउन सफल भएको हो ।

यस अनुसन्धनात्मक कृति तयार गर्ने क्रममा विशेष सहयोग गर्ने स्वीस राजदूतावास, काठमाडौँ तथा त्यहाँ त्यस बखत कार्यरत मार्टिन स्ट्युर्जिङ्गर र टानिया होर्लरप्रति कृतज्ञ छु ।

१५ जेठ २०७४ ध्रुव सिम्खडा
वनस्थली, काठमाडौँ

मन्तव्य

हाम्रो राज्य व्यवस्थाको असामाजिक तथा असमावेशी चरित्रको दृष्टान्त २००७ सालअघि र केही समयपछिसम्म तराई भेगका नेपाली जनतालाई पहाड उक्लिुनपर्दा राहदानी चाहिने तर दक्षिणी सीमापारिका मान्छे नेपाल आउन कुनै कागजात नै नचाहिने विडम्बनापूर्ण चलनले पुष्टि गर्छ। यद्यपि, यस्तो असमावेशी र विभेदकारी चरित्र नै राज्यको अति दुर्बल पक्ष भए तापनि हाम्रै छिमेकका केही ठूला-साना राष्ट्रहरूझैं नेपाल विखण्डनकारी आन्दोनलको चपेटामा पर्नबाट अझै बचेको छ। केही अन्य मुलुकमा बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक सामाजिक संरचनात्मक विविधता नै हिंसा र द्वन्द्वको प्रमुख कारक भए पनि हामीकहाँ सामाजिक सद्भाव अविच्छिन्न रहेको हुँदा मुलुकले सामाजिक विचलनको दुष्परिणाम भोग्नुपरको छैन।

तर, सन् १८५४ को मुलुकी ऐनबाट प्रभावित र निर्देशित राज्य व्यवस्थाले शासन प्रवृत्तिमा अङ्गीकार गरेको नीतिले अधिकांश जनतालाई मुलुकमा उपलब्ध अर्थ-राजनीतिक अवसरको उपयोगमा समान व्यवहारबाट वञ्चित गरेको छ। स्वर्गीय हर्क गुरुङको भनाइमा मुख्यतया जनजाति समूह सांस्कृतिक विभेद, दलित समूह जातीय विभेद र मधेसी समूह भौगोलिक विभेदको कारण सीमान्तकृत भएर राज्यको वञ्चितीकरण नीतिको शिकार बने (*ट्राइडेण्ट एण्ड थण्डरबोल्ट*, २००३)। त्यस्तै अमर्त्य सेनका अनुसार 'राजनीतिक सहभागिताबाट पाखा पारिनु आफैंमा वञ्चितीकरण हो' (*सोसल एक्सक्लुजन : कन्सेप्ट, एप्लिकेसन एण्ड स्क्रुटिनी*, २०००)। मुलुकको ऐतिहासिक विकास क्रममा राजनीतिक परिवेश फेरिए पनि दोस्रो पटक निर्वाचित संविधानसभाको ९० प्रतिशत मतद्वारा पारित २०७२ को संविधानले समेत वञ्चितीकरणको प्रभावलाई तोड्न नसक्दा जनजाति, दलित र मधेसी समूहको समुचित समर्थनविना संविधान कार्यान्वयनको लक्ष्य अधुरै रहेको छ। हुन त राष्ट्रिय संस्थापन पक्ष आगामी २०७४ माघ ७ भित्रै स्थानीय, प्रादेशिक र संसदीय निर्वाचन सम्पन्न गरी सङ्घीय संविधान कार्यान्वयन गर्न कटिबद्ध छ। तर, राजनीतिक दलहरूले जबसम्म संस्थागत निर्णयद्वारा दलीय सङ्गठनात्मक ढाँचामा समतामूलक प्रतिनिधित्वको अवसर बढाउँदैनन् तबसम्म निर्वाचनले निषेध र विभेदको नियोजित स्थितिमा सकारात्मक प्रभाव पार्न सक्ने छैन।

यस सन्दर्भमा राज्य र जनताबीचको सम्बन्धलाई नियाल्दा समावेशीकरणको मुद्दा नै आन्तरिक कलहको चुरो भएको छ। सर्वसाधारण जनताको पहुँचबाट राज्य संयन्त्र अझै टाढा रहेको भावनाको प्रबलताले गणतान्त्रिक व्यवस्थासमेत जेलिएको हुँदा सामाजिक-राजनीतिक आन्दोलन अझै विसर्जित भएको छैन। जातीय, क्षेत्रीय र लैङ्गिक समावेशीकरणको प्रसङ्ग नै सामाजिक विभेदको कारक तत्त्व भई राजनीतिक विवाद र विमतिले गर्दा मुलुक समस्याग्रस्त भएको छ। समानुपातिक र समावेशी अवधारणा अनुसार संविधानसभाको निर्वाचनले प्रतिनिधित्वको दायरा फराकिलो गरे पनि यस कृतिका लेखक ध्रुव सिम्खडाले गणतान्त्रिक कालमा गठित

मन्त्रिपरिषद् जातीय, क्षेत्रीय र लैङ्गिक रूपमा असमावेशी रहेको तथ्य उजागर गरेका छन् । यसलाई राज्यको संस्थापन पक्षको विसङ्गतिपूर्ण सङ्कीर्णता भन्ने कि राज्य व्यवस्थामा परम्परागत रूपमा स्थापित तथाकथित सम्भ्रान्त वर्गको घृणित स्वार्थ निहित आचरणको उपज भन्ने ? जसको निम्ति समावेशीकरणको अवधारणा नै वास्तवमा विस्थापनको त्रासदी भएको छ ।

हुन त राजनीतिक दलहरूले समावेशीकरणको अवधारणालाई समर्थन नगरेका होइनन्, आफ्ना विधानमा समेत यसको महत्तालाई समेटेका छन् । तर, व्यवहारमा उतारेका छैनन् । तसर्थ नेपालको राज्य व्यवस्था कति समावेशी, कति असमावेशी भन्ने प्रश्न केन्द्रित बहसको चिरफार गर्न २००७ सालपछिको राजतीतिक परिवर्तनमा अग्रणी भूमिका खेलेको राजनीतिक दल नेपाली कङ्ग्रेसका साथै आजपर्यन्त स्थापित चार प्रमुख दलको साङ्गठनिक ढाँचा, संसद् र सरकारमा प्रतिनिधित्वको बृहत् तथ्याङ्क सङ्कलनसितै त्यसको संक्षिप्त विवेचनाद्वारा नेपाली राजनीतिक दलहरूको यथार्थ चित्रण गर्न लेखक सफल भएका छन् । यस कृतिको अर्को महत्त्वपूर्ण पक्ष नेपाली कङ्ग्रेस, नेकपा एमाले, एमाओवादी र राप्रापाको केन्द्रबाहेक जिल्ला समितिमा समावेशीकरण कुन अवस्थामा छ भनी बुझ्न हिमाल, पहाड र तराई क्षेत्रका विविधतापूर्ण १० जिल्लाको स्थलगत अध्ययनको निचोड प्रस्तुति हो । साथै पञ्चायतकालीन निर्दलीय मन्त्रिपरिषद्मा देखा परेको क्षत्री-बाहुन वर्चस्व बहुदलीय व्यवस्थामा बाहुन-क्षत्री वर्चस्वमा परिवर्तन हुनुबाहेक राज्यको निर्णायक अङ्गमा तात्विक भिन्नता नरहेको तथ्य पनि स्पष्ट गरेको छ । यो कृति अद्योपान्त पढिसकेपछि राज्यको असमावेशी चरित्र उध्रिनुसाथै संवैधानिक बाध्यताको बाबजुद समावेशीकरणको अवधारणा राजनीतिक नारामा मात्रै सीमित रहेको तथ्य छर्लङ्ग हुन्छ । यस अध्ययनले राजनीतिक दलहरूमा समावेशीकरणको स्थिति चिन्ताजनक रहेको बुझाउँछ । राजनीतिक दलहरू समावेशी हुनु नै लोकतन्त्रको पर्यायी हुनु हो । अहिले समावेशीकरणको पहल सशक्तीकरण र सामाजिक न्यायको प्रसङ्गसित जोडिएको हुनाले नै राजनीतिक वितण्डा जारी छ । यसको कारण संरचनात्मक र सङ्गठनात्मक निषेधको राजनीति नै भएको छ ।

यो परम्परावादी राजनीतिक चिन्तनमा समयानुकूल परिवर्तनको खाँचो यस अध्ययनको निक्र्योल हो । राजनीतिक दलहरूको भाष्य समतामूलक सहभागितासहितको समावेशी लोकतन्त्र तर सङ्गठनात्मक स्वरूप चाहिँ असमावेशी हुनु नै भविष्यको निम्ति गम्भीर चुनौती भएको यस कृतिले औंल्याएको छ । सामान्यतया नेपालको बहुदलीय राजनीतिमा चाख राख्ने विषय सम्बन्धी अध्येता तथा ज्ञाताहरुकै लागि पनि पठनीय यो कृति निस्सन्देह उपयोगी ठहरिनेमा म विश्वस्त छु । स्थापनाको छोटो समयमै प्राज्ञिक अनुसन्धान संस्थाको रूपमा विशिष्ट स्थान ओगटेको सोसल साइन्स बहाःको यो महत्त्वपूर्ण प्रकाशनले समावेशीकरणको अपरिहार्यताको पुष्टि गर्नुसँगै यस विषय सम्बन्धी बहसलाई नयाँ सिराबाट व्यापकता प्रदान गर्नेछ भनी म आशावादी छु ।

१० वैशाख २०७४
बसुन्धरा, चक्रपथ, काठमाडौं

ध्रुव कुमार
प्राध्यापक (राजनीतिशास्त्र)

खण्ड एक

यो पाना जानीजानी खाली छोडएिको हो ।

संसद्, सरकार र सङ्गठनमा समावेशी प्रतिनिधित्व किन ?

विश्व परिवेशमा सामेली लोकतन्त्र निर्विकल्प जस्तै भइसकेको छ । लोकतान्त्रिक प्रक्रिया र विधि अनुसार संसद्, सरकार र सङ्गठन (राजनीतिक दल) मा राज्यको विविधता झल्किनुपर्ने मान्यता जबरजस्त बन्दैछ । यसैले 'यो' वा 'त्यो' जुनसुकै रूपमा भए पनि विश्वका नयाँ तथा पुराना लोकतान्त्रिक मुलुकहरूमा समावेशी अवधारणाले ठाउँ लिँदैछ । यद्यपि, समावेशीकरणका तौरतरिका भने फरकफरक छन् । कतै क्षेत्रीयताको प्रश्न उठेको छ भने कतै जातीयताको अनि कतै अल्पसङ्ख्यकहरूलाई राज्यका विभिन्न तहमा सामेल गर्नुपर्ने मुद्दा चर्केका छन् । साथै, यसका सकारात्मक र नकारात्मक दुवै पक्षमाथि गम्भीर बहस पनि भइरहेका छन् । समावेशीकरणले एकातिर सामाजिक सद्भाव वृद्धि गरेको र अर्कोतिर आमनागरिकले पाउनुपर्ने सेवासुविधाको गुणस्तर कमजोर बनाएको भन्ने दुवैखाले तर्क उठेका छन् । यसबाट पार पाउनु नै समावेशीकरण सिद्धान्तको सबैभन्दा ठूलो चुनौती हो ।

नेपालमा समावेशीकरणको अवधारणा कहिलेदेखि आरम्भ भयो भन्ने कुनै आधिकारिक तथ्य भेटिँदैन । कोही वैदिक कालदेखि नै यो अवधारणा विकसित भएको मान्यता अघि सार्छन् भने कोही आधुनिक नेपालको इतिहासभन्दा यो अवधारणा पुरानो नभएको जिकिर गर्छन् । यी दुवै मान्यता केही सत्य छन् । किनकि समय, काल, परिस्थिति अनुसार समावेशीकरणको अवधारणा व्यक्त र अव्यक्त रूपमा व्यवहारमा लागू हुँदै आएको पाइन्छ ।

२००० सालअघि यो अवधारणा शासकहरूले अपनाए कि अपनाएनन् त्यसको ऐतिहासिक विश्लेषण आवश्यक हुन्छ । व्यक्तिको हुकुम र सर्वसत्तावाद लादिएका बेला समाजका विभिन्न तप्का र समूहका आवाज दबाइएका बेला समावेशीकरणको अवधारणा विकसित हुने कुरै भएन । तर, जब मुलुक जहानियाँ शासकको सिकन्जाबाट मुक्त भयो, खुला भयो तब समाजमा विविध स्वर प्रकट हुन थाले । शासकहरूले पनि तिनको साथ र सहयोगमा आफ्नो सत्ता सुरक्षित गर्ने मनसुवा लिएर बढ्न थाले । राज्यका महत्त्वपूर्ण निर्णय गर्दा लोकरिझ्याइँकै लागि भए पनि विविध जाति, समुदायको सहयोग र समर्थन लिने प्रयास गर्न थालियो । उदाहरणका लागि तत्कालीन श्री ३ मोहनशमशेरको भारदारी सभालाई लिन सकिन्छ ।

मोहनशमशेरको भारदारी सभाले तत्कालीन श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवलाई गद्दीच्युत गरेको घोषणा गरी उनकै चार वर्षका नाबालक नाति ज्ञानेन्द्रलाई राजगद्दीमा राखेको थियो । तर, उक्त निर्णय श्री ३ मोहनशमशेरले आफूखुसी एक्लै गरेका थिएनन् । मुलुकको रीति, थिति, परम्परा, विधिविधान सबैको ख्याल गरी भारदारी सभाबाट अनुमोदन गराएका थिए । २००७ कात्तिक २१ गते त्रिभुवन नाबालक नाति ज्ञानेन्द्रबाहेक सपरिवार शिकार खेल्ने निहुँ बनाई राजदरबारबाट निस्केर शीतलनिवासस्थित भारतीय दूतावासमा शरण लिन पुगेका थिए । त्यसपछि राजा त्रिभुवनलाई भारतीय दूतावासबाट दरबार फर्काउन

गरेको हरप्रयास असफल भई, भारत प्रस्थान गरेपछि राजगद्दी खाली हुने परिस्थिति बन्न पुग्यो । त्यस्तो जटिल परिस्थितिमा कात्तिक २२ गते भारदारी सभा (त्यस बेलाको संसद्) बाट अनुमोदन गराई अपरान्ह ज्ञानेन्द्रलाई राजगद्दीमा राखेको घोषणा श्री ३ मोहनशमशेरले गरेका थिए । अहिलेको संसद् भने जस्तै हो भारदारी सभा । यद्यपि, संसद् जनताद्वारा प्रत्यक्ष निर्वाचित सभा हो भने भारदारी सभा श्री ३ महाराजको तर्जाबिजीमा उनका आसेपासे र प्रिय पात्रहरूको मनोनीत सभा हो ।

मोहनशमशेरको भारदारी सभा कस्तो थियो ? के त्यस बेला भारदारी सभा गठन गर्दा उनलाई जातीय र क्षेत्रीय सहभागिताको आभास भएको थियो होला त ? अर्थात् राणाका नातेदार, सहयोगी, भारदारहरूको मात्र त्यो सभा बन्यो ? त्यसको जातीय बनोट कस्तो थियो ?

राणा, शाह, थापा, बस्नेत, सिंह, घले, विष्ट, सिलवाल, पाण्डे, खत्री, राजभण्डारी, रायमाझी, आचार्य दीक्षित, कार्की, प्रधान, पन्थ, भण्डारी, श्रेष्ठ, जोशी, गुभाजू, पन्त, सिंह (राजपूत), उप्रेती, जंगम, महत, सत्याल, रिमाल, चौधरी, देवकोटा, कर्माचार्य जाति/समुदायको प्रतिनिधित्व रहेको २५८ सदस्यीय भारदारी सभाले तत्कालीन श्री ५ त्रिभुवनलाई गद्दीच्युत गरी नाबालक शाहज्यादा ज्ञानेन्द्रलाई गद्दीमा राख्ने मोहनशमशेरको प्रस्ताव अनुमोदन गरेको थियो ।

प्रतिनिधित्वकै हिसाबले त उक्त भारदारी सभामा एक जना पहाडे जनजाति, एक जना तराई जनजाति, एक जना राजपूत मधेसीलाई राखेको देखिन्छ । तर, मुसलमान, महिला, दलित कसैलाई पनि उक्त सभामा नियुक्त गरिएको थिएन । तसर्थ भारदारी सभामा मनोनीत क्षत्री, बाहुन, नेवारबाहेक घले, चौधरी र सिंह पक्कै पनि मोहनशमशेरलाई सेवा पुऱ्याएका उनका अनुचरहरू नै थिए । त्यसबाहेक अन्यको भारदारी सभा पहुँच सहज थिएन, हुन्थेन । त्यो कुनै जातीय सन्तुलन मिलाउने हेतुले सुझबुझसाथ सहभागी गराइएको थिएन ।

त्यसपछि पारिवारिक शासनको दमन विरुद्ध उन्मुक्त खुला आकाश विचरणको बिन्दु थियो २००७ सालको जनक्रान्ति । यसै क्रान्तिले बन्द नेपाली समाजलाई खुला गरिदिएको थियो । जहानियाँ शासनबाट स्वतन्त्रताका लागि लडिएको सशस्त्र क्रान्तिमा धेरै जनजाति योद्धा होमिएका थिए । फलस्वरूप प्रजातन्त्र प्राप्तिसँगै सङ्गठन, सरकार र संसद्मा विभिन्न क्षेत्र र जातिको प्रतिनिधित्व बढ्न थाल्यो । यही क्रान्तिले विविध अनुहारको नेपाल स्थापित गऱ्यो । यद्यपि, राज्यले विविधता झल्कने नीति, नियम निर्माण गर्ने सोच भने बनाउन सकेन ।

करिब आठ वर्षसम्मको राजनीतिक सङ्क्रमणका बेला 'टीके' शैलीमा सजावटको रूपमा केही जातिविशेषका व्यक्ति मन्त्री नियुक्त गरिए पनि समावेशीकरणको सिद्धान्तलाई स्वीकारिएको थिएन । किनभने, त्यस बखत यसबारे बहससम्म भएको पाइँदैन । तर, २०१५ फागुन ७ बाट आरम्भ भएको संसदीय निर्वाचनमा भने नेपाली कङ्ग्रेसले देशैभरिबाट जनजाति र महिलालाई उम्मेदवारको रूपमा खडा गरेको थियो । यद्यपि, त्यो सङ्ख्या त्यति धेरै थिएन र पार्टीले सकारात्मक विभेदको नीति बनाएर त्यसो गरेको पनि थिएन । जनक्रान्तिमा सक्रिय जातिविशेष र महिला अगुवाहरूलाई नै चुनावी मैदानमा उतारेको थियो । १०९ स्थानका लागि सम्पन्न उक्त महानिर्वाचनमा एक जना महिला र धेरै जनजातिले विजय हासिल गरेका थिए र सरकार गठन गर्दा तिनीहरूमध्येबाटै गरिएको थियो ।

नेपाली कङ्ग्रेसका नेता बीपी कोइरालाको नेतृत्वमा गठन भएको मन्त्रिपरिषद् अहिलेसम्मकै समावेशी थियो । इतिहासमै पहिलो पटक महिला मन्त्री बनेकी थिइन् सुदूरपश्चिमबाट प्रतिनिधिसभामा निर्वाचित द्वारिकादेवी ठकुरानी । तर, बीपी मन्त्रिपरिषद्मा पनि दलित र मुसलमान समुदायबाट कसैलाई समावेश

नगरिएको तीतो यथार्थ भने थियो । नीति नबने पनि निर्वाचनकै माध्यमद्वारा सबैभन्दा बढी समावेशी स्वरूपको मन्त्रिपरिषद् त्यस बेला गठन भएको थियो । २००७ सालमा राज्यको ढोका सबैका लागि खुलेपछि २०१५ सालको निर्वाचन र २०१६ सालको मन्त्रिपरिषद् गठनले नेपाल बहुजातीय राज्य भएको प्रष्ट झल्किन्थ्यो ।

अहिले जस्तो शिक्षा, स्वास्थ्य, सञ्चार र प्रविधिको विकास नभएको त्यस बेला लोकतन्त्र र मानव अधिकारबारे चेत एकदमै कम थियो । तैपनि भारतीय स्वतन्त्रता सङ्ग्राम देखेका र भोगेका नेता तथा युवा पुस्ताका कारण समतामूलक समाजको परिकल्पना भने गरेको पाइन्छ । त्यस बखत प्रकाशित विभिन्न दस्तावेजमा समतामूलक राज्यप्रतिको चाहना प्रकट भएको पाइन्छ । गाउँ, देहातका सामन्तका ठूलै हिस्सा त्यस बखतको 'नेपाल' अर्थात् राजधानी काठमाडौं छिरेका थिए । अनि काठमाडौं नै 'नेपाल' भन्ने बुझाइ बदलियो तर व्यवहारमा भने काठमाडौं साँढे नै भइरह्यो र त्यो हेराइ तथा प्रवृत्तिमा अझै परिवर्तन आउन सकेको छैन । राज्यको केन्द्रीकृत मानसिकता र स्वराजप्रतिको बेवास्ताले समावेशी सिद्धान्त 'टीके' प्रवृत्तिमै रुमल्लिइरह्यो । जबसम्म केन्द्रदेखि स्थानीय तहसम्म समाजको विविधता झल्किन सक्दैन तबसम्म समावेशीकरण सिद्धान्त कामयावी बन्दैन । किनभने, केन्द्रको 'कस्मेटिक' सहभागिताले सीमान्तकृत समुदाय र क्षेत्रको विकास सम्भव छैन ।

निर्वाचन हुनु र जातिगत रूपमा केही पहुँचवालालाई समावेश गर्नुले मात्र पनि समावेशीकरण सिद्धान्तको उद्देश्य प्राप्त हुँदैन । यो सिद्धान्तले खासगरी आदिवासी, जनजाति, दलित समुदाय र पछि परेको क्षेत्रलाई राज्यको मूलप्रवाहसँग नजिक्याउने काम गर्छ । तर, हामीकहाँ पछिल्ला दुईवटा संविधानसभा निर्वाचनका बेला राजनीतिक दलहरूले समानुपातिक कोटा वितरण गर्दा जुन शैली अपनाए त्यसले यो सिद्धान्तलाई झनै विकृत तुल्याएको छ ।

पञ्चायती कालमा पनि समावेशीकरणको सवाल कुनै न कुनै रूपमा उठेको थियो । गोरेबहादुर खपाङ्गी, भद्राकुमारी घले, एमएस थापाहरूले 'शेतामगुराली' अर्थात् शेर्पा, तामाङ, मगर, गुरुङ, राई, लिम्बूहरूलाई सशक्त तुल्याउन भनी जातीय मुद्दा उठाएका थिए । तर, २०४६ सालको परिवर्तनपछि निर्माण भएको नेपालको संविधानले सबैलाई सङ्घ/सङ्गठन खोल्ने अधिकार दिएपछि पञ्चायती कालमा दमित जातीय र क्षेत्रीय असमानताका आवाज खुल्लमखुल्ला उठ्न थाल्यो । किनभने, पञ्चायती शासनसत्तामा राजाको प्रत्यक्ष संलग्नतामा क्षत्रीहरूको वर्चस्व थियो भने बाहुन, चल्तापुर्जा नेवार, राई, लिम्बू, गुरुङ, मगरहरू पनि सत्ताको नजिक पुग्न सफल भएका थिए । प्रधानमन्त्रीमा पूर्वको प्रभुत्व रहेको थियो । कर्णाली विकासको नारा उचाले पनि त्यो नारामै सीमित थियो । पञ्चायती कालले राजधानी केन्द्रित केही सम्भ्रान्त जनजाति स्थापित गरी समावेशीकरण सिद्धान्तको मर्म भुलेको थियो ।

निर्दलीय पञ्चायती व्यवस्थाको अन्तसँगै स्वतन्त्र रूपमा आफ्ना कुरा राख्न पाए पनि शासनसत्तामा भने तात्त्विक भिन्नता देखिएन । शासनसत्ताको बागडोर क्षत्रीहरूको हातबाट खोस्न बाहुनहरू सफल भए । बहुदलीय प्रजातन्त्रको आगमनसँगै राजनीतिक दल समर्थित विभिन्न जाति, समुदायका नवसम्भ्रान्तहरू देखिन थाले । तर, नीतिगत रूपमा पिछडा वर्ग, महिला, दलित, आदिवासी, जनजातिबारे दूरगामी प्रभाव पार्ने निर्णय भने हुन सकेन । प्रजातन्त्र र प्रगतिशील पक्षधरहरूले शासन गरेको यस अवधिमा पनि महिला, दलित, आदिवासी, जनजाति, अल्पसङ्ख्यक, तराई र कर्णाली क्षेत्रको विकासमा खासै ध्यान जान सकेन । २०५८/५९ सालतिर मात्र जनजाति प्रतिष्ठान, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग जस्ता संस्थाहरू खडा गरिए । जुन

बेला समावेशीकरणको माग राष्ट्रिय परिदृश्यमा प्रकट भइसकेको थियो । तत्कालीन नेकपा (माओवादी) ले जातीय र क्षेत्रीय असमानताको कुरा उठाएर हिंसात्मक सङ्घर्ष चर्काइरहेको थियो ।

हिंसा अन्त्य र शान्ति बहाली निम्ति २०६३ मङ्सिर ५ गते राज्य पक्ष र तत्कालीन माओवादी विद्रोहीबीच विस्तृत शान्ति सम्झौता सम्पन्न भएसँगै समानुपातिक समावेशीकरणको कुरा जोडतोडले उठ्यो । फलस्वरूप २०६३ माघ १ गते घोषणा भएको अन्तरिम संविधानमा समावेशीकरणले पहिलो पटक संवैधानिक मान्यता पायो । यद्यपि, उक्त संविधानमा तराईका बासिन्दाले असहमति जनाएपछि मधेस आन्दोलन चर्कन पुग्यो । मधेस विद्रोहको माग थियो केन्द्रीकृत राज्यलाई सङ्घीयतामा रूपान्तरण गर्नुपर्ने । सरकारले विद्रोही मधेसवादी शक्तिसित सम्झौता गरी राज्यको सङ्घीयकरण र समानुपातिक समावेशीकरणको अवधारणालाई स्वीकार गरेपछि उक्त कुरा संशोधनमार्फत संविधानमा लिपिबद्ध गरियो र २०६४ चैत २८ गते समावेशीकरण सिद्धान्तको आधारमा संविधानसभा-१ निर्वाचन सम्पन्न हुन पुग्यो । संसारले नै सराहना गरेको ६०१ सदस्यीय (प्रत्यक्ष निर्वाचित-२४०, समानुपातिक-३३५, मन्त्रिपरिषद्बाट मनोनीत-२६) इन्द्रधनुषी संविधानसभा/व्यवस्थापिका गठन भयो । संसारमै यो जतिको समावेशी संविधानसभा आजसम्म गठन भएको कुनै रेकर्ड छैन । तर, विडम्बना कमजोर नेतृत्वका कारण यसले संविधान लेख्न भने सकेन ।

अन्तरिम संविधान र संविधानसभा निर्वाचन ऐनले नै जातीय, क्षेत्रीय र लैङ्गिक समावेशीकरणको अवधारणालाई व्यवस्थित गरेपछि त्यसबाट कसैले पछि हट्न सक्ने कुरै भएन । जहाँजहाँ समावेशीकरणको अवधारणा लागू गर्नू भनी संविधान, ऐन, कानुन र नीति, नियमले तोक्यो तीती ठाउँमा समावेशीकरण गर्न राजनीतिक दलहरू बाध्य भए भने अन्य स्थान तजबिजीमै चलाउन थाले । जसको प्रत्यक्ष उदाहरण मन्त्रिपरिषद् गठनलाई लिन सकिन्छ । २०७२ असोज ३ गते संविधानसभा-२ ले संविधान घोषणा गरेयता तीनवटा सरकार गठन भइसकेको छ । नयाँ संविधानमा समानुपातिक समावेशीकरण सिद्धान्तको आधारमा २५ जना नबढाई मन्त्रिपरिषद् गठन गर्नुपर्ने उल्लेख गरिए पनि कङ्ग्रेस, एमाले र माओवादी केन्द्र नेतृत्वले यसलाई कार्यान्वयन गरी संविधान कार्यान्वयनको जिम्मेवारी वहन गरेको पाइँदैन । समावेशीकरण सिद्धान्तसँगै अघि बढेको गणतान्त्रिक कालका नौवटै मन्त्रिपरिषद् जातीय, क्षेत्रीय र लैङ्गिक रूपमा असमावेशी रहे ।

एकातिर जातीय, क्षेत्रीय र लैङ्गिक समावेशीकरणका कुरा उठ्ने अर्कोतिर नेतृत्वले त्यसको उचित व्यवस्थापनमा मनलाग्दी गर्ने प्रवृत्तिका कारण मुलुक थप ध्रुवीकरणको दिशातर्फ उन्मुख छ । यदि यसको आवश्यकता छैन भने नेतृत्वले यसबारे स्पष्ट पार्न सक्नुपर्छ । आवश्यकता छ भने संविधान, ऐन-कानुनमा व्यवस्था गरे अनुसार त्यसको पालना र कार्यान्वयनमा यताउता गर्ने मनसाय राख्नु हुँदैन । सरोकारवाला पक्षले सङ्घीयता र समावेशीकरणलाई सामेली लोकतन्त्रको विश्वव्यापी लहरको रूपमा ग्रहण गर्दै यसको सही कार्यान्वयन निम्ति लाग्नु नै सबैको हितमा हुनेछ । यसमा देखिएका र देखिन सक्ने कमीकमजोरी र विकृतिलाई हटाउँदै सङ्घीयता र समावेशीकरणको सिद्धान्तमार्फत राष्ट्रियता प्रवर्द्धन गर्नु आजको आवश्यकता हो ।

एकातिर नेपाली समाजको विविधता र अर्कोतिर विश्वव्यापी रूपमा उठिरहेको सामेली लोकतन्त्रको लहर – यी दुवै कुरालाई व्यवस्थित गर्न जातीय, क्षेत्रीय र लैङ्गिक समावेशीकरणको मुद्दाले नेपाली समाज थप विभाजित नहोस् भन्नाका लागि पनि सरकार, संसद् र सङ्गठन (राजनीतिक दल) मा उचित सहभागिता आवश्यक ठानिदैछ । राजनीतिक दलहरूले यसै अनुरूप आफ्ना विधानसमेत परिमार्जन गरी बढिरहेको सन्दर्भमा जातीय, क्षेत्रीय र लैङ्गिक समावेशीकरणबारे अध्ययन गर्नु सान्दर्भिक हुनेछ ।

अध्याय एक

लोकतान्त्रिक अभ्यासमा समावेशीकरणको अवधारणा

राज्यले अख्तियार गर्ने सामाजिक नीतिले नै राजनीतिक स्थायित्व प्रवर्द्धन गर्छ
– ध्रुव कुमार
सोसल इन्क्लुजन, ह्युमन डेभलपमेन्ट एण्ड नेसन विल्डिङ इन नेपाल, २०१३

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको चुरो भनेकै विविध अनुहार बोकेको समाज र तिनलाई व्यवस्थित गर्ने राजनीतिक दलहरू हुन्। बहुलवादी समाज र संस्कृतिलाई नेतृत्व दिने दलहरूले नै हो। यसर्थ दलहरू समावेशी हुन जरुरी छ। राष्ट्रिय चरित्र बोकेको दल स्थापनाको उद्देश्य नै समावेशी रूपमा मुलुकको विविधतालाई समेट्ने हुन्छ, हुनुपर्छ। अन्यथा त्यस्ता दलको नागरिकसँगको नाता टुट्छ।

२०७० मङ्सिर ४ गते सम्पन्न संविधानसभा-२ को निर्वाचन प्रतिस्पर्धाका निम्ति १३० राजनीतिक दल निर्वाचन आयोगमा दर्ता भएकोमा १२० दलले प्रत्यक्ष निर्वाचनमा भाग लिएका थिए। समानुपातिकमा १२२ दलको सहभागिता रहेको थियो। तीमध्ये नेपाली कङ्ग्रेस, नेकपा (एमाले), नेकपा (एमाओवादी), राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (माले), नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा नेपाल लगायतका दलहरू राष्ट्रिय चरित्रका हुन् भने सद्भावना पार्टी, तराई-मधेस-लोकतान्त्रिक पार्टी, मधेसी जनअधिकार फोरम नेपाल, चुरेभावर राष्ट्रिय एकता पार्टी लगायतका दल क्षेत्रीय चरित्रका हुन्। सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट), राष्ट्रिय जनमुक्ति पार्टी, दलित जनजाति पार्टी, नेपाः राष्ट्रिय पार्टी लगायत जातीय रूपमा गठन भएका केही दल पनि निर्वाचनमा सहभागी भएका थिए तर तिनले जनताको मन जितेर राष्ट्रिय स्वरूप ग्रहण गर्न चाहिँ सकेनन्।

राष्ट्रिय चरित्र बोकेका चार प्रमुख राजनीतिक दलमा समावेशीकरणको अवस्था (केन्द्रीय कार्यसमिति, संसद्मा तिनको प्रतिनिधित्व र ती दलको नेतृत्वमा गठन भएका मन्त्रिपरिषद्) लाई यस अध्ययनको क्षेत्र मानिएको छ। ती प्रमुख राजनीतिक दलहरूमा १. नेपाली कङ्ग्रेस, २. नेकपा (एमाले), ३. नेकपा (एमाओवादी) र ४. राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) रहेका छन्। खासगरी चारवटा दलमा अनुसन्धान केन्द्रित गरिए पनि

जिल्लाको हकमा भने जिल्लागत रूपमा प्रभाव भएका अर्थात् स्थानीय दलहरूलाई समेत अनुसन्धाताहरूले समेट्ने प्रयत्न गरेका छन् ।

माथि उल्लिखित चार राजनीतिक दलले विभिन्न निर्वाचनमा जनताबाट प्राप्त गरेको मत, तिनको देशव्यापी उपस्थिति, पहुँच अनि विभिन्न क्षेत्र र समुदायलाई ती दलका केन्द्रीय कार्यसमिति, संसद् र तिनीहरूले सरकार गठन गर्दा समानुपातिक सहभागिता गराएका छन् कि छैनन् भनी यस अध्ययनमा खोजबिन गर्ने प्रयास गरिएको छ । चार प्रमुख राजनीतिक दलका केन्द्रीय कार्यसमितिमा महिला, दलित, जनजाति, मधेसी, मुसलमान, बाहुन, क्षत्री/ठकुरी आदिको उपस्थिति कस्तो छ भनी अध्ययनद्वारा प्रष्ट पार्ने जमर्को गरिएको छ ।

समावेशी संविधान

२०७२ असोज ३ गते संविधानसभा-२ ले नेपालको संविधान घोषणा गऱ्यो । यो संविधानको प्रस्तावनाले समावेशीकरणको सिद्धान्त अङ्गीकार गरेको छ । प्रस्तावनामा भनिएको छ, 'वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गरिनेछ ।'

साथै, संविधानमा राजनीतिक दलहरूको गठन र सञ्चालन सम्बन्धी अलग्गै व्यवस्था गरिएको छ । पहिलो पटक राजनीतिक दलका विभिन्न तहका कार्यकारिणी समितिलाई समावेशी बनाउनुपर्ने संवैधानिक व्यवस्था गरिएको छ । संविधानको धारा २६९(४)(ग) अनुसार दलका विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ ।

राज्यद्वारा गरिने नियुक्ति समावेशी सिद्धान्तको आधारमा गर्न संविधानले निर्देश गरेको छ । धारा २८२ मा राजदूत र विशेष प्रतिनिधि नियुक्तिको व्यवस्था गरिएको छ । उक्त धारामा उल्लेख गरिएको छ, 'राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।' धारा २८३ मा समावेशी सिद्धान्तका आधारमा संवैधानिक अङ्गका पदाधिकारी नियुक्ति गर्नुपर्ने व्यवस्था गरिएको छ । सङ्घीय नेपालको सरकारी सेवालाई समावेशी बनाउने सिद्धान्तलाई संविधानको धारा २८५ ले लिपिबद्ध गरेको छ । उक्त धाराको उपधारा २ मा भनिएको छ, 'सङ्घीय निजामती सेवा लगायत सबै सङ्घीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा सङ्घीय कानुन बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ ।'

यो संविधान घोषणा हुनुपूर्व मन्त्रिपरिषद् गठन गर्दा सम्बन्धित दलका नेताको तजबिजी रहँदै आएकोमा अब त्यसमा बन्देज लागेको छ । संविधानले मन्त्रिपरिषद् सङ्ख्या किटान गरेको छ । मन्त्रिपरिषद् गठन गर्दा समावेशी सिद्धान्त अपनाउन निर्देश गरेको छ । संविधानको धारा ७६ को उपधारा ९ मा लेखिएको छ, 'राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा सङ्घीय संसद्का सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्रीसहित बढीमा २५ जना मन्त्री रहेको मन्त्रिपरिषद् गठन गर्नेछ ।' संविधानको यस्तो व्यवस्थाले प्रधानमन्त्रीलाई एकातिर 'जम्बो' मन्त्रिपरिषद् गठन गर्न रोक लगाएको छ भने अर्कोतिर मन्त्रिपरिषद्मा उपस्थित अनुहारमा विविधता समेटिएको हुनुपर्नेछ ।

महिला सहभागिता न्यून

राष्ट्रिय जनगणना २०६८ अनुसार पुरुषको भन्दा महिलाको सङ्ख्या बढी छ। पुरुष १,२८,४९,०४१ (४८.५० प्रतिशत) र महिला १,३६,४५,४६३ (५१.५० प्रतिशत) छन् । तर, जनसङ्ख्याको अनुपातमा राज्यका हरतहमा 'आधा आकाश' मानिएको महिला सहभागिता निकै न्यून रहेको छ । यस अवस्थालाई मुलुक हाँक्ने राजनीतिक दलका केन्द्रीय कार्यसमिति, संसद र विभिन्न समयमा गठन भएका मन्त्रिपरिषद्मा महिला सहभागिताले प्रष्ट्याउँछ । २०१६ सालमा नेपाली कङ्ग्रेसका नेता बीपी कोइराला नेतृत्वको मन्त्रिपरिषद्मा पहिलो पटक सुदूरपश्चिमकी द्वारिकादेवी ठकुरानी स्वास्थ्य र स्वायत्त शासन उपमन्त्री/सहायकमन्त्री बनेकी थिइन् । त्यसपछि करिब ३० वर्ष पञ्चायती व्यवस्था कायम रहुन्जेल मन्त्रिपरिषद्मा महिलालाई सजावटका रूपमा समावेश गर्नेबाहेक केही भएन । २०४६ सालपछिका प्रतिनिधिसभामा महिलाको सहभागिता कम भए पनि हरेक निर्वाचनमा अलिअलि बढ्दै गएको थियो । (२०४८ सालमा प्रतिनिधिसभाको २०५ सिटमध्ये सात सिटमा महिला निर्वाचित भएका थिए । तीमध्ये पाँच जना नेपाली कङ्ग्रेस र दुई जना एमालेबाट निर्वाचित भएका थिए । २०५० सालमा सम्पन्न काठमाडौं क्षेत्र नम्बर-१ को उपनिर्वाचनमा एमालेकी विद्यादेवी भण्डारी निर्वाचित भएपछि त्यो सङ्ख्या बढेर आठ पुगेको थियो । २०५१ सालको मध्यावधि निर्वाचनमा कुल २०५ सिटमध्ये सात सिटमा मात्र महिलाले जितेका थिए । तीमध्ये चार जना नेपाली कङ्ग्रेस र तीन जना एमालेका थिए । २०५६ सालको निर्वाचनमा चाहिँ २०५ मध्ये ११ स्थानमा विभिन्न दलका महिला उम्मेदवार विजयी भएका थिए । तीमध्ये नेपाली कङ्ग्रेस पाँच, एमाले पाँच र राप्रपाले एक स्थानमा विजय हासिल गरेको थियो ।) नेपाल अधिराज्यको संविधान २०४७ ले प्रतिनिधिसभामा यति नै महिला हुनुपर्छ भन्ने कुनै व्यवस्था गरेको थिएन । तर, उक्त संविधानको धारा ४६ अनुसार राष्ट्रिय सभाको कुल ६ जनामध्ये श्री ५ बाट मनोनीत १० जना, प्रतिनिधिसभाबाट एकल सङ्क्रमणीय मतका आधारमा निर्वाचित ३५ जनामा घटीमा तीन जना महिला हुनुपर्ने र विकास क्षेत्रबाट निर्वाचित १५ जना रहने व्यवस्था रहेको थियो । २०४८ देखि २०५८ सालसम्म गठन भएको राष्ट्रिय सभामा प्रतिनिधिसभाद्वारा समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बमोजिम एकल सङ्क्रमणीय मतका आधारमा १० जना महिला सहभागी भएका थिए । उक्त संविधानले राष्ट्रिय सभामा कम्तीमा तीन जना महिला समावेश गर्ने व्यवस्था गरेको थियो ।

२०६४ चैत २८ गते सम्पन्न संविधानसभा-१ मा महिला प्रतिनिधित्वको सङ्ख्या बढाएर ३३ प्रतिशत पुऱ्याइयो । यद्यपि, संविधानसभाको त्यो उत्साह र समावेशी स्वरूपलाई राजनीतिक दलहरूले आफ्ना केन्द्रीय कार्यसमिति र आफ्नो नेतृत्वमा गठन भएका मन्त्रिपरिषद्मा चाहिँ प्रतिबिम्बित गरेको पाइँदैन ।

२०५४ सालमा नेकपा (एकीकृत मार्क्सवादी-लेनीनवादी) दल सम्मिलित राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेता लोकेन्द्रबहादुर चन्द नेतृत्वको सरकारले गराएको स्थानीय निकाय निर्वाचन ऐनमा गाउँ विकास समिति, नगरपालिका/उप र महानगरपालिकाका वडाहरूमा २० प्रतिशत महिला प्रतिनिधित्वको व्यवस्था गरिएको थियो । त्यस अनुसार लोकतन्त्रको जग मानिने तल्लो तहमा आरक्षित सिटमा निर्वाचित महिलाको सङ्ख्या ३४,४०० सय थियो ।[१]

२०६३ सालमा एमाओवादी शान्ति प्रक्रियामा आइसकेपछि पुनःस्थापित प्रतिनिधिसभामा सहभागी भएको

१ डम्बर खतिवडा र केशव दाहाल (सम्पादक), *उथलपुथलका दुई दशकः प्रजातन्त्रदेखि लोकतन्त्रसम्म,* (इटहरीः वैकल्पिक विचार मञ्च, २०६८, पृ. ४३२)

थियो । उक्त सभामा एमाओवादीलाई एमाले बराबरकै हैसियत प्रदान गरिएको थियो । अर्थात् यी दुवै दलको प्रतिनिधिसभामा ८३/८३ सिट रहेको थियो । एमाओवादीले पुनःस्थापित प्रतिनिधिसभामा आफ्नो भागमा परेको ८३ सिटमध्ये ३१ सिट (३७.३४ प्रतिशत) मा महिला सदस्यलाई पठाएको थियो ।[२]

२०५४ सालमा स्थानीय निकायमा भएको सहभागिता र २०६३ सालमा पुनःस्थापित प्रतिनिधिसभामा बढेको सदस्य सङ्ख्याले महिला सशक्तीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो । यी दुई अभ्यासलाई महिला सहभागिताका सन्दर्भमा कोसेढुङ्गा मान्नुपर्छ ।

संविधानको धारा ८४ मा सङ्घीय प्रतिनिधिसभा (१६५ सदस्य प्रत्यक्ष निर्वाचित र ११० समानुपातिक) मा २७५ सदस्य रहने व्यवस्था गरिएको छ। उक्त संविधानको उपधारा २ मा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुसलमान, पिछडिएको क्षेत्रसमेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ भनी उल्लेख गरिएको छ । त्यसरी उम्मेदवारी दिँदा भौगोलिक र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्नेछ । संविधानमा जनसङ्ख्याको आधारमा भनी किटान गरेकाले अब अन्तरिम संविधान २०६३ ले व्यवस्था गरेको ३३ प्रतिशत होइन, ५१ प्रतिशत महिला संसद्मा उपस्थित गराउनुपर्ने संवैधानिक बाध्यता रहेको छ । संविधानमा जनसङ्ख्याको आधारमा महिला सहभागिताको कुरा उल्लेख भएकाले सर्वोच्च विधायिकामा लिङ्गीय विभेद उन्मूलनमा सफलता हासिल गर्न सकिने विश्वास गर्न सकिन्छ ।

२०६४ चैत २८ गते सम्पन्न संविधानसभा-१ निर्वाचनमा 'पहिलो हुनेले जित्ने (फस्ट पास्ट द पोष्ट) तर्फको २४० सिटमध्ये ३० स्थानमा महिला विजयी भएका थिए । तीमध्ये नेपाली कङ्ग्रेस दुई, एमाले एक, मधेसी जनअधिकार फोरम नेपाल दुई, तराई-मधेस-लोकतान्त्रिक पार्टी एक र एमाओवादीका २४ जना विजयी भएका थिए । समानुपातिक ३३५ सिटमध्ये १६१ जना महिला आरक्षित भएका थिए । यसरी संविधानसभा-१ मा मन्त्रिपरिषद्बाट मनोनीत २६ जनाबाहेक ५७५ जनामध्ये १९१ जना महिला निर्वाचित भएका थिए । संविधानसभा-१ को संरचनाको दाँजोमा संविधानसभा-२ को संरचनामा महिला प्रतिनिधित्व अलिक खुम्चिएको छ ।

२०७० मङ्सिर ४ गते सम्पन्न संविधानसभा निर्वाचन-२ मा प्रत्यक्षतर्फको २४० सिटमा १० जना मात्र महिला उम्मेदवार विजयी भए । तीमध्ये नेपाली कङ्ग्रेस ६, एमाले ३ र एमाओवादी १ जना थिए । समानुपातिक ३३५ सिटमध्ये १६२ स्थानमा महिला सहभागी गराइएका छन् । संविधानसभा–२ अर्थात् व्यवस्थापिकाको ५७५ जनामध्ये १७२ जना महिला रहेका छन् ।

संविधानसभा-१ र २ मा पुगेका ३३ प्रतिशत महिला उपस्थितिको सम्मान गर्न र तिनलाई मन्त्रिपरिषद्देखि विभिन्न निकायमा गरिने नियुक्तिमा सहभागी गराउन कन्जुस्याइँ गरेको देखिन्छ । समावेश गरिहाले पनि सजावटका रूपमा मात्र गरेको पाइन्छ । तर, सकारात्मक पक्ष के छ भने महिलालाई सकभर महत्त्वपूर्ण मन्त्रालय नदिने परम्परा बिस्तारै तोडिन थालेको छ । किनभने, पछिल्लो समय महिलाले उपप्रधानमन्त्री, रक्षामन्त्री जस्ता महत्त्वपूर्ण मन्त्रालयको जिम्मेवारी सम्हालेका छन् ।

---

२ नेपालको अन्तरिम संविधान, २०६३, (काठमाडौँः नेपाल सरकार कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानून किताब व्यवस्था समिति, २०६४ असार, अनुसूची-२, पृ. ८३-९५)

संविधानको धारा ७० ले राष्ट्रपति र उपराष्ट्रपति फरकफरक लिङ्ग वा समुदायको हुनुपर्ने व्यवस्था गरेको छ। भनिएको छ, 'यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरकफरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ।' यो व्यवस्थाले अब राष्ट्रपति र उपराष्ट्रपतिमध्ये एक जना महिला सुनिश्चित गरेको छ।

चार दलको केन्द्रीय कार्यसमितिमा महिला सहभागिता

२०६७ असोज ५ गते काठमाडौंमा सम्पन्न नेपाली कङ्ग्रेसको बाह्रौं महाधिवेशन, २०७१ असार २५ गते काठमाडौंमा सम्पन्न एमालेको नवौं महाधिवेशन, २०६९ माघ २०-३० गतेसम्म हेटौडामा सम्पन्न एमाओवादीको सातौं महाधिवेशन र २०७० जेठ ६ गते काठमाडौंमा सम्पन्न राप्रपाको पाँचौं महाधिवेशनद्वारा गठन भएका केन्द्रीय कार्यसमिति जोड्दा जम्मा ४५० सदस्य हुन्छन्। तीमध्ये पुरुष ३७३ (८२.८८ प्रतिशत) छन् भने महिला ७७ (१७.११ प्रतिशत) मात्र रहेका छन्। यहाँनेर दलहरूले नसोच्ने हो भने महिला सहभागिता र समावेशीकरणको मुद्दा पछाडि पर्ने निश्चित छ।

नेपाली कङ्ग्रेसको ८५ सदस्यीय केन्द्रीय कार्यसमितिमा महिला १७ जना (२० प्रतिशत) मात्र छन्। बाँकी ६८ जना (८० प्रतिशत) पुरुष रहेका छन्। एमाओवादी केन्द्रीय कार्यसमिति १५१ सदस्यीय छ। यसमा जम्मा २० जना मात्र महिला छन्। अर्थात् एमाओवादी केन्द्रीय कार्यसमितिमा ८६.७५ प्रतिशत पुरुष छन् भने महिला १३.२४ प्रतिशत मात्र छन्। एमालेको केन्द्रीय कार्यसमितिमा ११५ जना सदस्य छन् (३४ जना वैकल्पिक केन्द्रीय सदस्यलाई समावेश गरिएको छैन)। तीमध्ये २३ जना (१७.४२ प्रतिशत) मात्र महिला छन्। आफूलाई समावेशीकरणको मसिहा ठान्ने एमाओवादीभन्दा महिला सहभागिताका हिसाबले 'यथास्थितिवादी' र 'असमावेशी' को आरोप खेप्दै आएको कङ्ग्रेस अघि देखिन्छ। एमाओवादी पोलिटब्युरो सदस्य हितराज पाण्डे केन्द्रीय कार्यसमितिमा महिला सहभागिता कम भएको स्वीकार्छन्। भन्छन्, 'केन्द्रमा महिला सङ्ख्या वृद्धि हुँदै जानेछ। किनभने, हाम्रो विधानमा गाउँ/नगर समितिमा ३३ प्रतिशत र जिल्ला समितिमा २५ प्रतिशत महिला अनिवार्य गरिएको छ। यसले गर्दा केही वर्षमै पार्टीको तल्लोदेखि माथिल्लो निकायसम्म जनसङ्ख्याकै अनुपातमा महिला सहभागिता हुनेछ।'[३] राप्रपा केन्द्रीय कार्यसमितिका ९९ सदस्यमध्ये १७ जना (१७.१७ प्रतिशत) महिला छन्।

यी चार दलको केन्द्रीय कार्यसमितिको आँकडाको विश्लेषणबाट के देखिन्छ भने दलहरूको केन्द्रीय कार्यसमितिमा महिला सहभागिता न्यून रहेको छ।

जनजाति सहभागितामा कमजोर कङ्ग्रेस

अब नेपाली कङ्ग्रेस, एमाले, एमाओवादी र राप्रपाको केन्द्रीय कार्यसमितिमा समाविष्ट जनजातिहरूको तथ्याङ्क विश्लेषण गरौं। नेपाली कङ्ग्रेसको ८५ सदस्यीय केन्द्रीय कार्यसमितिमा ११ जना (१२.९४ प्रतिशत), एमालेको ११५ सदस्यीय केन्द्रीय कार्यसमितिमा २१ जना (१८.२६ प्रतिशत), एमाओवादीको १५१ सदस्यीय केन्द्रीय कार्यसमितिमा ३३ जना (२१.८५ प्रतिशत) र राप्रपाको ९९ सदस्यीय केन्द्रीय कार्यसमितिमा १९ जना (१९.१९ प्रतिशत) पहाडे-हिमाली जनजाति अनुहार समेटिएका छन्।

३ २०७१ चैतमा एमाओवादी पोलिटब्युरो सदस्य हितराज पाण्डेसित गरेको कुराकानीमा आधारित

चारवटै दलका केन्द्रीय कार्यसमितिमा प्रतिनिधित्व गर्ने नेवार समुदायलाई जनजाति समूह अन्तर्गत राखिएको छैन । संविधान अनुसार नेवार समुदायलाई आदिवासी जनजाति समूह अन्तर्गत राखेर गणना गर्ने हो भने हरेक दलमा आदिवासी जनजातिको सङ्ख्या केही बढी हुनेछ। त्यस्तै यसमा तराई जनजातिलाई पनि थप्ने हो भने त्यो सङ्ख्या अझै बढ्न सक्छ।

छुत र 'अछुत' को घेरा घटेन

कम्युष्निटहरू मानिसको दुई जात महिला र पुरुष मात्र हुन्छ भन्छन् । उता नेपाली कङ्ग्रेसले २००९ सालमै डीबी परियारलाई पार्टी महामन्त्री बनाएर दलित समुदायलाई मूलधारमा सहभागी गराउने चेष्टा गरेको देखिन्छ। २०१६ सालमा नेपाली कङ्ग्रेसले सरकार सम्हाल्नासाथ काठमाडौंको खुलामञ्चमा दलितहरूसित सहभोजको आयोजना गरी समाजबाट छुत-अछुतको दाग मेटाउन प्रयत्न गरेको थियो । तर, त्यसयताका करिब ६ दशकसम्म कम्युनिष्ट र कङ्ग्रेस पार्टीले आफ्ना केन्द्रीय कार्यसमितिमा दलित सहभागितामा उचित ध्यान दिएको पाइँदैन।

एमाओवादी केन्द्रीय कार्यसमितिमा ४ जना (२.६६ प्रतिशत), नेपाली कङ्ग्रेसमा छ जना (७.०५ प्रतिशत), एमालेमा छ जना (५.२१ प्रतिशत) र राप्रपामा चार जना (४.०४ प्रतिशत) दलित छन् । यसले दलित समावेशीकरण उनीहरूको जनसङ्ख्याको तुलनामा अपुग देखिन्छ। नेपालमा १३ प्रतिशत दलित रहेको आँकडा छ। दलितलाई पनि जनसङ्ख्याका आधारमा समानुपातिक ढङ्गले समावेश गराउनुपर्ने संविधानको प्रावधान पालना गर्न दलहरूले केन्द्रीय कार्यसमितिमा उनीहरूको प्रतिनिधित्व बढाउनु जरुरी छ।

२०३१ सालमा नगेन्द्रप्रसाद रिजालको मन्त्रिपरिषद्मा हिरालाल विश्वकर्मा शिक्षा सहायकमन्त्री भएका थिए । यसअघि दलित समुदायबाट कोही पनि मन्त्री भएका थिएनन् । शुरूशुरूमा दलितलाई सहायकमन्त्री मात्र बनाइएको पाइन्छ । पछिल्लो समय भने दलित नेताले 'क्याबिनेट' मन्त्रीको रूपमा मन्त्रालय सम्हाल्ने अवसर पाएका छन् ।

२०१५ सालमा सम्पन्न पहिलो संसदीय निर्वाचनमा एक जना पनि दलित प्रतिनिधिसभामा निर्वाचित भएका थिएनन् । २०४८ सालमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा बाँके क्षेत्र नं. ३ बाट नेपाली कङ्ग्रेसका कृष्णसिंह परियार विजयी भएका थिए। त्यस निर्वाचनमा उनी एक जना मात्र दलित निर्वाचित भएका थिए। २०५१ र २०५६ सालमा गठन भएको प्रतिनिधिसभामा चाहिँ एक जना पनि दलित पुगेनन् । ६० सदस्यीय राष्ट्रिय सभामा २०४८ देखि २०५८ सालसम्म नौ जना दलित सांसद भए। तीमध्ये एमालेबाट एक जना मात्र तराई दलित रामप्रीत पासवान मनोनीत भएका थिए। उनी राष्ट्रिय सभाका उपाध्यक्षसमेत भए।

२०६४ चैत २८ गते सम्पन्न संविधानसभा-१ निर्वाचनमा पहिलो हुने निर्वाचित हुने अर्थात् प्रत्यक्षतर्फ एमाओवादीका ८ जना दलित उम्मेदवार विजयी भएका थिए। समानुपातिकतर्फ विभिन्न राजनीतिक दलबाट ४० जना दलित निर्वाचित भएका थिए। संविधानसभा-१ मा जम्मा ४८ जना दलित सदस्य थिए। तीमध्ये १४ जना तराई दलित थिए।

२०७० मङ्सिर ४ गते सम्पन्न संविधानसभा निर्वाचन-२ मा 'पहिलो हुने निर्वाचित हुने' तर्फ बाँकेबाट एमालेका दलबहादुर सुनार विजयी भए । प्रत्यक्ष निर्वाचनबाट विजयी हुने उनी एक मात्र दलित नेता थिए। समानुपातिकतर्फ विभिन्न राजनीतिक दलका ३८ जना दलित चुनिएकामा नौ जना तराई दलित थिए।

मधेसी–मुसलमान प्रतिनिधित्व

२०६३ सालको माघे क्रान्तिले मधेसी अस्तित्वलाई बुझ्न र छाम्न काठमाडौंलाई बाध्य पाऱ्यो । आन्दोलनको राप र तापमा संविधानसभा-१ मा मधेस केन्द्रित दलहरूबाट ८३ सदस्य सहभागी हुन पुगे भने अन्य दलका समेत गरी १९६ जना मधेसी संसद्मा पुगे । उनीहरूले राज्यमा आफ्नो पहिचान र पहुँच दुवै नभएको भनी विद्रोह गरेका थिए । त्यसैको जगमा उभिएर केही स्थापित मधेसी नेतृत्वले नेपाली कङ्ग्रेससँगको नाता टुटाए, एमाले र एमाओवादीलाई पत्याएनन् । तिनको एउटै आरोप थियो – यी दलहरू पहाडे बाहुन, क्षत्रीका मात्रै हुन् । वास्तविकता त्यस्तै हो त ? नेपाली कङ्ग्रेस, एमाले, एमाओवादी र राप्रपा केन्द्रीय कार्यसमितिमा मधेसी र मुसलमान कति छन् ?

नेपाली कङ्ग्रेस केन्द्रीय कार्यसमितिमा मधेसी १० जना (११.७६ प्रतिशत) र मुसलमान २ जना (२.३५ प्रतिशत) समेटिएका छन् । एमाले केन्द्रीय कार्यसमितिमा मधेसी १३ जना (९.८४ प्रतिशत) र मुसलमान तीन जना (२.२७ प्रतिशत) छन् । एमाओवादी केन्द्रीय कार्यसमितिमा मधेसी २० जना (१३.२४ प्रतिशत) र मुसलमान एक जना (०.६ प्रतिशत) रहेका छन् । राप्रपा केन्द्रीय कार्यसमितिमा मधेसी १३ जना (१३.१३ प्रतिशत) र मुसलमान एक जना (१.०१ प्रतिशत) रहेका छन् ।

नेपाली कङ्ग्रेस र राप्रपाले पार्टी विधानमै केन्द्रीय कार्यसमितिमा समावेश गर्नुपर्ने जात/जातिको सङ्ख्या तोकेको छ । एमालेले महाधिवेशन/अधिवेशन हलको अवस्थाको आकलन गरी समितिमा विभिन्न जात/जातिलाई समावेश गराउने व्यवस्था गरेको छ । पोलिटब्युरो सदस्य बेदुराम भुसाल भन्छन्, 'केन्द्रीय कमिटीमा समावेशी सङ्ख्याको टुङ्गो सम्बन्धित तहका अधिवेशनहरूले नै गर्छन् । हाम्रो पार्टीको केन्द्रीय कमिटीमा यो जाति, समुदायबाट यति जना राख्ने भनी विधानमा उल्लेख गरिएको छैन । किनभने, त्यसो गर्नु आवश्यक नै देखिएन ।'[४]

एमालेकै अर्का पोलिटब्युरो सदस्य परशुराम मेघी गुरुङका अनुसार केन्द्रीय कार्यसमितिको कुल सदस्य (११५ जना) को ४५ प्रतिशत सिट समावेशीकरणका लागि छुट्याउने नीति रहेको छ । यही ४५ प्रतिशतमध्ये महिला ३३ प्रतिशत, दलित १३ प्रतिशत, आदिवासी जनजाति ३८ प्रतिशत, मुसलमान चार प्रतिशत र पिछडिएको क्षेत्रलाई समावेश गर्ने कुरा विधानमा उल्लेख नभए पनि 'प्राक्टिस' रहेको पोलिटब्युरो सदस्य मेघी गुरुङले बताए ।[५]

एमाओवादीले पनि केन्द्रीय कार्यसमितिमा आदिवासी जनजाति, दलित, मधेसी, मुसलमान र पिछडिएको क्षेत्रबाट प्रतिनिधित्व गराउन विधानमा किटेर सङ्ख्या तोकेको छैन ।

इतिहासको पदचाप पछ्याउँदै

सन् १९४० को दशकमा कङ्ग्रेस र कम्युनिष्ट दलहरू गठन हुँदादेखि नै समावेशीकरणको अभ्यास गर्ने जमर्को गरेको भए पनि त्यो सजावटको रूपमा मात्र छ । २००९ सालमा जनकपुरमा सम्पन्न महाधिवेशन लगत्तै बीपी कोइरालाले नेपाली कङ्ग्रेसको महामन्त्रीमा डीबी परियारलाई मनोनीत गरेका थिए । तर, परियार २०१०/११ सालतिर नेपाली कङ्ग्रेस छाडेर राजातिर लागेको कङ्ग्रेसका पुराना नेताहरू बताउँछन् ।

४ २०७२ असोजमा एमाले पोलिटब्युरो सदस्य वेदुराम भुसालसित गरेको कुराकानीमा आधारित

५ २०७२ असोजमा एमाले पोलिटब्युरो सदस्य परशुराम मेघी गुरुङसित गरेको कुराकानीमा आधारित

२००६ सालमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन हुँदा संस्थापक महासचिवको जिम्मेवारी पुष्पलाल श्रेष्ठले सम्हालेका थिए ।

बीपी कोइरालाले विभिन्न समयमा पार्टी केन्द्रीय नेतृत्वमा परशुनारायण चौधरी (महामन्त्री), रामनारायण मिश्र, महेन्द्रनारायण निधि, शेख इद्रिश, बखानसिंह गुरुङ, योगेन्द्रमान शेरचन, भूदेव राई, बलबहादुर राई, दिवानसिंह राई लगायतका नेताहरूका साथ र समर्थन लिएका थिए । तर, तिनले पार्टी विधानमा समावेशीकरणको नीतिलाई लिपिबद्ध चाहिँ गरेनन् । अहिले भने समावेशीकरणको मुद्दालाई नेपाली कङ्ग्रेसले पार्टी विधानमा समेटेको छ । बीपी कोइरालाको प्रधानमन्त्रित्वमा गठन भएको नेपाली कङ्ग्रेसको एकमना सरकारले डेढ वर्षभन्दा बढी समय काम गर्न पाएन । किनभने, २०१७ पुस १ गते कोइरालाको सरकार र संसदीय व्यवस्थालाई नै सैनिक बलको आडमा अपदस्त गरी राजा महेन्द्रले उनकै प्रत्यक्ष नेतृत्वमा निर्दलीय पञ्चायती व्यवस्था शुरू गरेका थिए ।

त्यसपछि पञ्चायती व्यवस्थाका हर्ताकर्ताहरूले समावेशीकरण नभने पनि सजावटका रूपमा यो अवधारणालाई पछ्याएको आभास हुन्छ । पञ्चायतका विभिन्न तहको निर्वाचनमा जातिगत बाहुल्यका आधारमा उम्मेदवार खडा भएर जितेका छन् । २०३८ वैशाख २७ गते सम्पन्न राष्ट्रिय पञ्चायत सदस्य निर्वाचनमा विजयी हुने ११२ जना सदस्यमध्ये ३१ जना पहाडे-हिमाली जनजाति थिए । पाँच वर्षपछि २०४३ वैशाख २९ गते राष्ट्रिय पञ्चायत सदस्यको अर्को निर्वाचन भएको थियो र उक्त निर्वाचनमा विजयी हुने ११२ जना सदस्यमध्ये २८ जना पहाडे-हिमाली जनजाति थिए ।

त्यस बखत पूर्वबाट पद्मसुन्दर लावती, विष्णु मादेन, परशुराम खापुङ, चम्पक सुनुवार, भूपाल किराँती, छिरिङ तेन्जिङ लामा, सुश्री भद्रकुमारी घले; राजधानी लगायत मध्य भेकबाट जोगमेहेर श्रेष्ठ, बुद्धिमान तामाङ, सत्यमान लामा; पश्चिमबाट श्रीप्रसाद बुढाथोकी, पेमा छिरिङ गुरुङ, ओमकारप्रसाद गौचन, बालाराम घर्ती मगर चुनाव जित्ने जनजातिका चर्चित नेता थिए । यिनले सम्बन्धित जनजाति बाहुल्य क्षेत्रबाट निर्वाचन जिते पनि ती क्षेत्र र जनजातिको विकासमा चाहिँ खासै परिवर्तन हुन सकेन ।

२०४६ सालमा पञ्चायती व्यवस्था ढलेर बहुदलीय व्यवस्था शुरू भए तापनि राजनीतिक दलहरूले जातिगत बहुलता हेरी समावेशीकरणमा ध्यान दिएनन् । छिटपुट उम्मेदवार मात्र दिएको पाइन्छ । थपनाकै रूपमा भए पनि राजनीतिक दलहरूले केन्द्रीय कार्यसमितिमा गैरबाहुन अनुहार समावेश गर्ने परम्परा धानिरहे । २०४६ सालको जनआन्दोनलका कमाण्डर गणेशमान सिंहले २०४८ सालको शुरूमै पार्टी सभापति र सरकार प्रमुखसित भनेका थिए, 'पार्टी र सरकार समावेशी भएन भने एक दिन पार्टीसँग साइनबोर्ड मात्र बाँकी रहनेछ ।'

माओवादी विद्रोह, २०६२/६३ को जनआन्दोलनको उभार र विस्तृत शान्ति सम्झौतापछि भने दुई-चार जना राखेर समावेशीकरणको कोटा पुऱ्याउने दलीय चिन्तनमा ठूलो फेरबदल आयो । अन्तरिम संविधान २०६३ र संविधानसभा ऐनमा नै समावेशीकरणको नीति उल्लेख भएपछि राजनीतिक दलहरू यस अवधारणाबाट उम्किन सक्ने अवस्था रहेन । त्यसपछि २०६४ चैत २८ गते सम्पन्न संविधानसभा-१ निर्वाचनमा जनजाति, महिला, दलित, मधेसी, मुसलमान, पिछडिएको क्षेत्रको उत्साहवर्द्धक उपस्थितिले राजनीतिक दलहरू समावेशी बन्न खोजेको अनुभूति गरायो ।

निर्वाचन आयोगका अनुसार संविधानसभा-१ मा महिला १९१ जना (३३.२२ प्रतिशत), जनजाति

१९२ जना (३७ प्रतिशत), मधेसी १९६ जना (३० प्रतिशत) र दलित ४८ जना (९ प्रतिशत) रहेका थिए । संविधानसभा-२ मा चाहिँ दलितको सङ्ख्या ४८ बाट घटेर ३९ जनामा झरे पनि समानुपातिक समावेशीकरणको अवधारणाबाट राजनीतिक दलहरू पछि फर्केका छैनन् । फर्कन सक्ने स्थिति पनि छैन ।

समावेशी नहुँदाको परिणाम

मूलधारका राजनीतिक दलहरू समावेशी नहुँदा तिनीहरू फैलनुको सट्टा खुम्चिन्छन् । किनभने, मूलधारका दलहरूमा महिला, जनजाति, मधेसी, दलित, मुसलमान लगायत पिछडा क्षेत्र र जातिको उचित प्रतिनिधित्व नहुँदा ती जाति र क्षेत्रको पार्टीप्रति अलगाव बढ्न सक्छ । पार्टी छाडेर क्षेत्र र आ-आफ्ना जातिविशेषको समूह बनाउने गतिविधि वृद्धि हुन थाल्छ । संविधानसभा-१ को पूर्वसन्ध्यामा मूलधारका दलहरूले पहिचानसहित प्रतिनिधित्व नगराएको भन्दै केही मधेसी र जनजाति नेताहरूले विद्रोह गरे । नाम चलेका र शीर्षस्थानमा रहेका नेताहरू पार्टीबाट अलग भई क्षेत्रीय र जातीय पार्टी गठन गरी सक्रिय हुन थाले । नेपाली कङ्ग्रेस प्रवक्ता दिलेन्द्रप्रसाद बडुका शब्दमा, 'मूलधारका दलहरू समावेशी नहुँदा त्यसप्रति विभिन्न समुदाय र क्षेत्रका जनता विकर्षित हुँदै जाने र दलहरू कमजोर बन्ने खतरा रहन्छ । दलको केन्द्रीय कार्यसमिति लगायतका संरचनामा असमाविष्ट समूहको प्रतिनिधित्व नबढाउँदा मानिसको झुकाव क्षेत्रीयता र जातीयतातिर बढ्न सक्छ ।'[६]

नेपाली कङ्ग्रेसबाट महन्थ ठाकुर, विजयकुमार गच्छदार, जेपी गुप्ता जस्ता मधेसबाट केन्द्रमा प्रतिनिधित्व गर्ने नेताहरूले संविधानसभा-१ निर्वाचनको पूर्वसन्ध्यामा पार्टी छाडेर क्षेत्रीय पार्टी गठन गरेका थिए । त्यस्तै एमाले उपाध्यक्ष अशोक राईले विद्रोह गरी जनजातिहरूको पार्टी गठन गरे भने सोही पार्टीका रामचन्द्र झा र उर्मिला अर्याल पार्टी परित्याग गरी एमाओवादी प्रवेश गरे । राजनीतिक दलहरू आन्तरिक रूपमा समावेशी हुन सकेको भए प्रतिनिधित्व प्रणालीमा अहिलेको कैफियत देखिने थिएन । नेताहरू अधिकारप्राप्ति र राज्यसत्तामा पहुँच राख्न सफल भए तर आफूले समावेशीकरणको सिद्धान्त अपनाएको भनी मतदातालाई अनुभूति गराउन चाहिँ चुके । फलस्वरूप, दलहरूको आन्तरिक लोकतन्त्रीकरण प्रभावित हुन पुग्यो । यो नै क्षेत्रीयता र जातीयताको आवाज बढ्नुको एउटा मूल कारण बनेको तर्क गर्दै संविधानविद् डा. बिपीन अधिकारी भन्छन्, 'समावेशीकरणको लडाइँ सडकमा भइरहेको छ । राजनीतिक दलहरू समावेशी हुन सकेको भए त्यो लडाइँ दलभित्रै हुने थियो ।'

---

६ २०७० भदौमा नेपाली कङ्ग्रेसका प्रवक्ता दिलेन्द्रप्रसाद बडुसित गरेको कुराकानीमा आधारित

अध्याय दुई

त्यो बेला केको समावेशीकरण ?

नीतिगत रूपमा नेपालमा राजनीतिक दलहरूको समावेशीकरणको इतिहास एक दशकभन्दा लामो छैन । जबकि राणा शासन विरुद्ध सक्रिय युवाले १९९१-९२ सालदेखि नै राजनीतिक दल खोल्ने प्रयत्न गरेका थिए । जहानियाँ राणा शासनको बिगबिगीमा राजनीतिक दल खोल्नु भनेको जीउज्यानकै बाजी लगाउनुसरह थियो । तैपनि समाज परिवर्तनको उच्च आकाङ्क्षा बाकेका केही शिक्षित युवाले ज्यानको समेत परवाह नगरी नेपाल प्रजापरिषद् खोलेका थिए । पछि प्रजापरिषद्को सभापति (जसलाई प्रेसिडेन्ट भनिन्थ्यो) टंकप्रसाद आचार्य भए । जिउँदो शहीदका रूपमा चिनिएका रामहरि शर्माले आफ्नो *आत्मवृत्तान्त*मा राणा शासनको विरोध र प्रजापरिषद् गठनबारे यसरी स्मरण गरेका छन् : 'टंकप्रसाद आचार्यका पिता बडाहाकिम टीकाप्रसादले भीमफेदीमा होटल खोल्नुभयो । म काठमाडौँमा पढ्दै थिएँ । टंकप्रसाद उतै होटलमा बस्न थाल्नुभयो । त्यहाँ बस्दा दशरथ चन्द, धर्मभक्तसँग उहाँको सम्पर्क भएछ । किनभने उपत्यका आउने-जाने बाटो त्यही मात्रै थियो । धर्मभक्त पनि कलकत्ताबाट यहाँ आउने, दशरथ चन्दसँग पनि त्यसरी नै भेटघाट भएछ । हामीमा पनि अलिअलि बढी चेतना आउन थलेको अवस्था थियो त्यो । पछि हामी सबैको भेटघाट हुन थालेपछि नेपालमा पनि हामीले केही राजनीतिक गतिविधि चालू गर्नुपर्छ भन्ने सोचाइ भयो । यो १९९२ सालतिरको कुरा हो । त्यसपछि १९९३ जेठ २० गते हामीले नेपाल प्रजापरिषद् भन्ने संस्था खोल्यौँ ।'[७] नेपालमा यो नै पहिलो राजनीतिक दलको रूपमा गठन भएको संस्था हो ।

सम्पूर्ण जनअधिकार छिनेर क्रुरताले जरो गाडेका बेला जन्मेको त्यो राजनीतिक सङ्गठनमा संलग्न अनुहारहरू समावेशी चरित्रका बनाउन सक्ने सम्भावनै थिएन । तसर्थ त्यस्तो बन्द जमानामा क्रूर शासकका विरुद्ध गोलबद्ध हुने साहसी युवाले दलीय संरचना समावेशी बनाउन सकेनन् भन्नुको खासै अर्थ रहँदैन । त्यसैले नेपालको पहिलो राजनीतिक सङ्गठनको बनोट समावेशी थियो कि थिएन भन्नुभन्दा पनि त्यसले आफ्नो उद्देश्य पूरा गऱ्यो कि गरेन त्यो चाहिँ महत्त्वपूर्ण हुन्छ ।

---

७ *आत्मवृत्तान्त*, रामहरि शर्मा नेपाल, आत्मवृत्तान्त अभिलेखन सेवा, काठमाडौँ, २०५९ असार, पृ. २७

'काठमाडौँको गुह्येश्वरीमा हुने जमघटकै निष्कर्ष हो नेपाल प्रजापरिषद्को गठन । अब स्कुल खोलेर मात्र हुँदैन, केही गर्ने हो भने एउटा राजनीतिक पार्टी चाहिन्छ भन्ने निष्कर्ष निकालिएको थियो । पार्टी गठन गर्दा धर्मभक्तकहाँ जम्मा भइयो । धर्मभक्तको घर थिएन, उहाँ ओमबहालमा फुपाजुको घरमा बस्नुहुन्थ्यो । टंकप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त, जीवराज शर्मा र म गरी हामी पाँच जना त्यहाँ जम्मा भयौँ । बडा उत्साहसाथ पार्टी खोलियो । नाम नेपाल प्रजापरिषद् राखियो । गीताको किताब समातेर पाँचै जनाले शपथ लियौँ । खासगरी राष्ट्रियता, प्रजातन्त्र र जनजीविका प्रमुख उद्देश्य राखेर पार्टी खोलिएको थियो । नेपालमा संवैधानिक राजाको मातहतमा प्रजातन्त्रको स्थापना गर्ने हाम्रो उद्देश्य हुनेछ, हामीले यही भनेर शपथ लियौँ । त्यही हिसाबले 'माइन्युट' पनि लेख्यौँ । त्यस बखत अध्यक्ष कसैलाई पनि राखिएन । हामीले त टंकप्रसाद आचार्यलाई नै अध्यक्ष ठानेका थियौँ । केही पछि कम्पाउन्डर चन्द्रमान पनि प्रजापरिषद्को सदस्य तोकिनुभयो ।'[८] तर, त्यो बेला केको समावेशीकरणको कुरा गर्नु र ? स्वतन्त्र रूपमा बोल्न त पाइँदैनथ्यो भनी रामहरि शर्माले लेखकसँगको भेटमा बताए ।

मुलुकको पहिलो राजनीतिक दल प्रजापरिषद्को गठन गर्न त्यस बेलाका पढेलेखेका बाहुन, क्षत्री र नेवार युवाको नै भूमिका रहेको थियो । टंकप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त माथेमा, जीवराज शर्मा, रामहरि शर्मा नेपाल र चन्द्रमान नै पार्टी नेतृत्वमा रहेका थिए ।

तालिका १ : १९९३ जेठ २० गते गठित नेपाल प्रजापरिषद्को केन्द्रीय कार्यसमिति

जम्मा ६ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	३
	क्षत्री/ठकुरी	-	१
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**-**	**६**
अध्यक्ष – टंकप्रसाद आचार्य			

पहिलो राजनीतिक दल गठनका बेला केन्द्रीय कार्यसमितिमा समावेश छ सदस्यमध्ये तीन जना (५० प्रतिशत) पहाडे बाहुन, एक जना (१६.६ प्रतिशत) क्षत्री/ठकुरी र दुई जना (३३.३ प्रतिशत) नेवार थिए । गठनपछिका

८ ऐ, पृ. २७-२८

फेरबदलमा चाहिँ विभिन्न क्षेत्र र जातका राजनीति तथा पार्टी गतिविधिमा रुचि राखी जोखिम मोल्न चाहनेहरू पदाधिकारी र सदस्यका रूपमा थपघट भई नै रह्यो । त्यस बेलाका दस्तावेज पढ्दा के स्पष्ट हुन्छ भने नेपाल प्रजापरिषद्ले समावेशीकरणको नीति लिएको थिएन । तसर्थ यस पार्टीले केन्द्रीय कार्यसमितिमा न महिलालाई स्थान दियो न त दलित, जनजाति र मधेसीलाई नै समावेश गऱ्यो । बाहुन, क्षत्री र नेवारहरू नै प्रजापरिषद्को हर्ताकर्ता रहे । तर, पार्टीको पहिलो घोषणापत्रमा 'पिछडिएका जाति' उपशीर्षकमा उल्लेख गरिएको छ, 'परिषद्ले पिछडिएका जातिहरूको स्वार्थमा धक्का लाग्न नदिई उनीहरूको संरक्षण गर्नेछ । उनीहरूलाई उन्नत बनाउन सरकारद्वारा हरकिसिमको मद्दत दिलाउनेछ ।'[९]

राणा शासनको जगजगीका बेला यस्तो प्रगतिशील घोषणापत्र तयार गरी जनतामाझ पुगेको नेपाल प्रजापरिषद्को एकमना सरकार (२०१२ माघ १३-२०१४ असार ३१) भने समावेशी हुन सकेन । प्रजापरिषद्का नेता टंकप्रसाद आचार्यको नेतृत्वमा गठन भएको उक्त मन्त्रिपरिषद्मा महिला, दलित, जनजाति, अपाङ्ग कोहीको पनि प्रतिनिधित्व थिएन । उक्त मन्त्रिपरिषद्मा क्षेत्रीय, जातीय र लिङ्गीय सन्तुलन कायम गर्ने प्रयास भएको पाइँदैन ।

उक्त मन्त्रिपरिषद्मा बालचन्द्र शर्मा, चुडाप्रसाद शर्मा र पशुपतिनाथ घोष प्रजापरिषद्का तर्फबाट मन्त्री भएका थिए भने गुञ्जमान सिंह, पुरेन्द्रविक्रम शाह र अनिरुद्धप्रसाद सिंह स्वतन्त्र हैसियतका मन्त्री थिए । प्रजापरिषद्बाट तीन जना बाहुन, एक जना बङ्गाली थिए भने स्वतन्त्रबाट मन्त्री भएकाहरू क्रमशः नेवार, क्षत्री र मधेसी थिए ।[१०]

तालिका २ : २०१२ माघ १३ गते प्रजापरिषद्का अध्यक्ष टंकप्रसाद आचार्यको अध्यक्षतामा गठित मन्त्रिपरिषद्

जम्मा १८ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	७
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	२
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	१ (बङ्गाली)
जम्मा		**-**	**१८**
प्रधानमन्त्री – टंकप्रसाद आचार्य			

९ सुरेन्द्र केसी, *नेपालमा प्रजापरिषद्को इतिहास*, २०५८, काठमाडौँ : पैरवी प्रकाशन, पृ. १६९

१० *नेपालका मन्त्रीहरू*, (२००७ देखि २०६४ वैशाखसम्म), काठमाडौँ : २०६४ वैशाख, खोजबिन गर्ने तथा छपाउने भैरव रिसाल र राममणि रिसाल

उक्त मन्त्रिपरिषद्मा २०१३ माघ २३ गते ११ जना नयाँ अनुहार थपिए। तीमध्ये दुई जना राणा क्षत्री, चार जना बाहुन, एक जना मधेसी, एक जना तराई जनजाति, दुई जना पहाडे-हिमाली जनजाति र एक जना नेवार थिए। आचार्यको १८ सदस्यीय विस्तारित मन्त्रिपरिषद्मा समेत महिला र दलितले स्थान पाएनन्।

मुलुकको सामाजिक वस्तुस्थिति बुझ्न नसकेका कारण १९९७ सालताकाको जल्दोबल्दो यो पार्टी अहिले राजधानीको कुनै गल्लीमा 'साइनबोर्ड' मात्र झुन्ड्याएर बसेको होला। देशव्यापी त के यसको कुनै निश्चित क्षेत्रमा समेत प्रभाव छैन। त्यसकारण यो पार्टी अहिले समावेशी छ, छैन या भयो, भएन यसबारे धेरैलाई चासो नहुन सक्छ। यद्यपि, राजनीतिक दलहरूमा समावेशीकरणको अवस्थाबारे अनुसन्धान गर्ने सिलसिलामा मुलुकको जेठो राजनीतिक सङ्गठनबारे उल्लेख नगर्दा यो अध्याय अधुरो होला कि भनी यहाँ संक्षिप्त रूपमा प्रकाश पार्ने जमर्को गरिएको हो।

अध्याय तीन

लोकतन्त्र, कङ्ग्रेस र समावेशीकरण

स्थापनाको हिसाबले नेपाली कङ्ग्रेस मुलुकको माहिलो राजनीतिक सङ्गठन हो । नेपाल प्रजापरिषद्का युवा नेताहरू तानाशाही राणा शासन विरुद्ध ज्यानको समेत बाजी थापेर क्रान्तिमा होमिएका थिए । टंकप्रसाद आचार्य, रामहरि शर्मा नेपाल, गणेशमान सिंह, धर्मभक्त, दशरथ चन्द, शुक्रराज शास्त्री, गंगालाल आदि राणाको कालकोठरीमा थुनिएका थिए। तिनैमध्ये धर्मभक्त, दशरथ चन्द, शुक्रराज शास्त्री र गंगाललालाई १९९७ माघमा श्री ३ महाराज जुद्धशमशेर राणाले मृत्युदण्ड दिएका थिए । गणेशमान सिंहलगायत केहीले सर्वस्वहरणसहित आजीवन कारावासको सजायँ पाएका थिए। नेता टंकप्रसाद आचार्य, रामहरि शर्मा नेपाललगायत केही बाहुन भएकाले मृत्युदण्ड पाएनन्, उनीहरूलाई कालकोठरीमा राखिएको थियो । काठमाडौँको केन्द्रीय कारागारमा

नेपाली कङ्ग्रेसको पहिलो कार्यसमिति*

सभापति	टंकप्रसाद आचार्य
कार्यकारी सभापति	विश्वेश्वरप्रसाद कोइराला
मन्त्री	बालचन्द्र शर्मा
प्रकाशन विभाग अध्यक्ष	डा. डिल्लीरमण रेग्मी
सङ्गठन मन्त्री	कृष्णप्रसाद भट्टराई
प्रचार/सङ्गठन निमित्त सदस्य	देवव्रत (डीबी) परियार
सदस्य	डिएन प्रधान
सदस्य	गोपालप्रसाद उपाध्याय भट्टराई
सदस्य	लाक्पाछिरिङ शेर्पा
सदस्य	रुद्रप्रसाद गिरी

* जगत नेपाल, *सदन, सत्ता र सडकमा नेपाली कङ्ग्रेस,* काठमाडौँः २०६२, आउटलाइन

बन्दी बनाइएका गणेशमान सिंह २००२ असारमा जेलको पर्खाल नाघी भारत पस्न सफल भएका थिए। तिनै गणेशमान सिंहलगायत भारतीय भूमिमा रहेका सचेत नेपालीले कलकत्ताको भवानीपुरमा भेला भई २००३ माघ (१२-१३) मा नेपाली राष्ट्रिय कङ्ग्रेस स्थापना गरेका थिए।

बीपी कोइराला, कृष्णप्रसाद भट्टराई, डा. डिल्लीरमण रेग्मी, बालचन्द्र शर्मा लगायतका युवाको प्रयासबाट उक्त राजनीतिक दल गठन भएको थियो। गणेशमान सिंहले कृष्णबहादुर प्रधानको नामबाट महाधिवेशनमा भाग लिएका थिए। उक्त महाधिवेशनले नेपालको जेलमा रहेका प्रजापरिषद्का नेता टंकप्रसाद आचार्यलाई सभापति र बीपी कोइरालालाई कार्यकारी सभापति चयन गरेको थियो। यसको केन्द्रीय कार्यसमितिमा १० सदस्य थिए।

तालिका १ : २००३ माघ (१२–१३) मा सम्पन्न महाधिवेशनपछि गठित नेपाली राष्ट्रिय कङ्ग्रेस केन्द्रीय कार्यसमिति

जम्मा १० सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	६
	क्षत्री/ठकुरी	-	-
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	१
	तराई	-	-
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**–**	**१०**
सभापति – टंकप्रसाद आचार्य, कार्यकारी सभापति – विश्वेश्वरप्रसाद कोइराला			

नेपाली राष्ट्रिय कङ्ग्रेसको केन्द्रीय कार्यसमितिमा एक जना (१० प्रतिशत) जनजाति, एक जना (१० प्रतिशत) दशनामी, एक जना (१० प्रतिशत) नेवार, एक जना (१० प्रतिशत) पहाडे दलित र छ जना (६० प्रतिशत) बाहुन समावेश थिए। यो समितिमा मुसलमान, मधेसी, क्षत्री/ठकुरी र महिला थिएनन्। त्यसपछि नेपाली राष्ट्रिय कङ्ग्रेसको दोस्रो महाधिवेशन २००४ र तेस्रो महाधिवेशन २००५ सालमा सम्पन्न भएका थिए र मातृकाप्रसाद कोइरालाको नेतृत्वमा सङ्गठन बढेको थियो।

मातृकाप्रसाद कोइराला नेतृत्वको नेपाली राष्ट्रिय कङ्ग्रेस र महेन्द्रविक्रम शाहले हाँकेको नेपाल प्रजातन्त्र कङ्ग्रेस एक भई २००६ चैत २७ गते नेपाली कङ्ग्रेसको जन्म भएको हो। दुवै पार्टीको निरन्तरताको हिसाबले २००६ सालमा सम्पन्न एकताको महाधिवेशन चौथौ भए पनि नेपाली कङ्ग्रेसको हिसाबले चाहिँ त्यो नै पहिलो महाधिवेशन थियो।

स्थापनादेखि २०६७ सालसम्मका महाधिवेशन र सभापति

मिति	नाम	सभापति
२००३	नेपाली राष्ट्रिय कङ्ग्रेस	टंकप्रसाद आचार्य
२००४	नेपाली राष्ट्रिय कङ्ग्रेस	कावा डा. डिल्लीरमण रेग्मी
२००५	नेपाली राष्ट्रिय कङ्ग्रेस	कावा मातृकाप्रसाद कोइराला
२००६	नेपाली कङ्ग्रेस	मातृकाप्रसाद कोइराला
२००९	नेपाली कङ्ग्रेस	बीपी कोइराला
२०१२	नेपाली कङ्ग्रेस	सुवर्णशमशेर राणा
२०१४	नेपाली कङ्ग्रेस (विशेष महाधिवेशन)	बीपी कोइराला
२०१७	नेपाली कङ्ग्रेस	बीपी कोइराला
२०३४	नेपाली कङ्ग्रेस (पटना सम्मेलन)	कावा कृष्णप्रसाद भट्टराई
२०४८	नेपाली कङ्ग्रेस	कृष्णप्रसाद भट्टराई
२०५३	नेपाली कङ्ग्रेस	गिरिजाप्रसाद कोइराला
२०५७	नेपाली कङ्ग्रेस	गिरिजाप्रसाद कोइराला
२०६२	नेपाली कङ्ग्रेस	गिरिजाप्रसाद कोइराल
२०६७	नेपाली कङ्ग्रेस	सुशील कोइराला
२०७२	नेपाली कङ्ग्रेस	शेरबहादुर देउवा

तालिका २ : २००६ चैत २७ गते सम्पन्न चौथो महाधिवेशनपछि गठित नेपाली कङ्ग्रेस केन्द्रीय कार्यसमिति

जम्मा ११ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	५
	क्षत्री/ठकुरी	-	४
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	-
जम्मा		**-**	११
सभापति – मातृकाप्रसाद कोइराला			

त्यसमा समावेश चार जना पदाधिकारी र सात जना केन्द्रीय सदस्यमध्ये पाँच जना (४५.४५ प्रतिशत) बाहुन, चार जना (३६.३६ प्रतिशत) क्षत्री/ठकुरी र एक जना (९.०९ प्रतिशत) नेवार र एक जना (९.०९ प्रतिशत) दशनामी थिए। महिला, दलित र तराई मूलका कसैको पनि प्रतिनिधित्व थिएन।

नेपाली कङ्ग्रेसको २००९ जेठमा जनकपुरमा सम्पन्न पाँचौ महाधिवेशनले बीपी कोइरालाको नेतृत्वमा १६ सदस्यीय केन्द्रीय कार्यसमिति चयन गरेको थियो।

तालिका ३ : २००९ जेठमा सम्पन्न पाँचौ महाधिवेशन पछि गठित केन्द्रीय कार्यसमिति

जम्मा १६ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	६
	क्षत्री/ठकुरी	-	४
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	-
	तराई	-	२
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**–**	**१६**
सभापति – विश्वेश्वरप्रसाद कोइराला			

उक्त कार्यसमितिमा एक जना दशनामी (६.६६ प्रतिशत), छ जना बाहुन (४० प्रतिशत), चार जना क्षत्री/ठकुरी (२६.६६ प्रतिशत), एक जना नेवार (६.६६ प्रतिशत), दुई जना तराई जनजाति (१३.३३ प्रतिशत), एक जना मधेसी (६.६६ प्रतिशत) र एक जना पहाडे दलित (६.६६ प्रतिशत) रहेका थिए।

डीबी परियारलाई महामन्त्री र राधाकृष्ण थारु, रामनारायण मिश्र र परशुनारायण चौधरीलाई तराई मूलबाट केन्द्रीय कार्यसमितिमा समावेश गरेर कङ्ग्रेसले समाजको इन्द्रधनुषी विविधतालाई समेट्ने जमर्को गरेको थियो। यसअघि गठन भएको मातृकाप्रसाद कोइराला नेतृत्वको केन्द्रीय कार्यसमिति पदाधिकारीमा चाहिँ क्षत्री/ठकुरी र बाहुनबाहेक अन्य जातलाई समावेश गरिएको थिएन। यी दुवै कार्यसमितिमा महिला एकजना पनि थिएनन्। त्यसै वर्षको अन्त्यतिर उच्च घरानियाँ ऋषिकेश शाहलाई महामन्त्री नियुक्त गरिएको थियो।

२०१२ सालमा वीरगञ्जमा सम्पन्न छैटौं महाधिवेशनले उदारमना, धनीमानी राणा परिवारका सुवर्णशमशेरको सभापतित्वमा १० सदस्यीय केन्द्रीय कार्यसमिति गठन गर्नुका साथै समाजवादी नीति पनि पारित गऱ्यो। चाखलाग्दो कुरा के छ भने कङ्ग्रेसको इतिहासमा बीपी जस्ता समाजवादी नेताहरू हुँदाहुँदै राणा परिवारका सुवर्णशमशेरले वीरगञ्ज महाधिवेशनबाट पार्टीको समाजवादी नीति घोषणा गरेका थिए। यद्यपि, त्यसपछि

पार्टीको समाजवादी नीतिको व्याख्या चाहिँ बीपी कोइराला हुँदै सीके प्रसाईंहरूले गरे । सुवर्ण नेतृत्वको १० सदस्यीय कार्यसमितिमा तराई मूलका एक जना (१० प्रतिशत) र दशनामी दुई जना (२० प्रतिशत) बाहेक सबै क्षत्री/ठकुरी र बाहुन नै थिए ।

तालिका ४ : २०१२ सालमा सम्पन्न छैटौँ महाधिवेशनपछि गठित केन्द्रीय कार्यसमिति

जम्मा १० सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	२
	बाहुन	-	४
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**-**	**१०**
सभापति – सुवर्णशमशेर राणा			

समाजवादी नीति घोषणा गरेको उक्त महाधिवेशनले केन्द्रीय कार्यसमितिमा एक जना पनि दलित, महिला र जनजातिलाई प्रवेश गराएन । महाधिवेशन जातीय, क्षेत्रीय र लिङ्गीय प्रतिनिधित्वलाई बेवास्ता गर्दै आर्थिक मुद्दामा मात्र केन्द्रित भएको प्रष्ट हुन्छ । यहाँ प्रश्न उठ्छ समाजवाद भनेको के आर्थिक सम्पन्नता र राजनीतिक स्वतन्त्रता मात्रै हो ? त्यसमा सामाजिक समानताको विषय उठ्छ कि उठ्दैन ? निश्चय नै सामाजिक सन्तुलनविना समाजवाद फस्टाउन सक्दैन ।

२०१४ सालमा विराटनगरमा सम्पन्न विशेष महाधिवेशनले फेरि बीपी कोइरालाको सभापतित्वमा ११ सदस्यीय केन्द्रीय कार्यसमिति चयन गरेको थियो । त्यसमा सात जना (६३.६३ प्रतिशत) बाहुन, एक जना (९.०९ प्रतिशत) पहाडे दलित, एक जना (९.०९ प्रतिशत) दशनामी, एक जना (९.०९ प्रतिशत) क्षत्री/ठकुरी र एक जना (९.०९ प्रतिशत) नेवार समावेश थिए ।

तालिका ५ : २०१४ सालमा सम्पन्न विशेष महाधिवेशनपछि गठित केन्द्रीय कार्यसमिति

जम्मा ११ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	७
	क्षत्री/ठकुरी	-	१
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	-
जम्मा		**-**	११
सभापति – विश्वेश्वरप्रसाद कोइराला			

२०१७ सालमा काठमाडौँमा सम्पन्न सातौँ महाधिवेशनले पुनः बीपी कोइरालाकै सभापतित्वमा ३१ सदस्यीय केन्द्रीय कार्यसमिति र एक जना कार्यालय मन्त्रीको अलग्गै व्यवस्था गरेको थियो ।

तालिका ६ : २०१७ सालमा सम्पन्न सातौँ महाधिवेशनपछि गठित केन्द्रीय कार्यसमिति

जम्मा ३१ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	१	९
	क्षत्री/ठकुरी	-	६
जनजाति	नेवार	-	६
	पहाडे-हिमाली	-	५
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
जम्मा		**-**	३१
सभापति – विश्वेश्वरप्रसाद कोइराला			

उक्त कार्यसमितिमा रहेका ३१ जनामध्ये एक जना महिलासहित १० जना (३२.२५ प्रतिशत) बाहुन, छ जना (१९.३५ प्रतिशत) क्षत्री/ठकुरी, छ जना (१९.३५ प्रतिशत) नेवार, पाँच जना (१६.१२ प्रतिशत) पहाडे-हिमाली जनजाति, एक जना (३.२२ प्रतिशत) दशनामी, एक जना (३.२२ प्रतिशत) तराई जनजाति र दुई जना (६.४५ प्रतिशत) मधेसी थिए।

नेपाली कङ्ग्रेसको ७० वर्ष लामो इतिहासमा पहाडे बाहुनबाहेक राणा एक जना र क्षत्री एक जना मात्र सभापति निर्वाचित भएका छन्। २०१४ सालको विराटनगर विशेष महाधिवेशनपछि २०१५ फागुनमा सम्पन्न पहिलो संसदीय निर्वाचनमा नेपाली कङ्ग्रेसले १०९ निर्वाचन क्षेत्रमध्ये ७४ स्थानमा विजयी भई दुईतिहाइ सिट हासिल गरेको थियो। कङ्ग्रेस विजयको कारण देशव्यापी पहुँच र उपस्थिति नै थियो। कङ्ग्रेसको सङ्गठन देशैभरि फैलिएको थियो। कम्युनिष्ट पार्टीका पाका नेता कृष्णराज बर्माको (जो २००७ सालको जनक्रान्तिमा प्रत्यक्ष रूपमा नेपाली कङ्ग्रेससँग संलग्न थिए) शब्दमा, 'जनक्रान्ति शुरू गर्दा कङ्ग्रेसको साङ्गठनिक स्वरूप जस्तोसुकै भए पनि आन्दोलनका दौरान विभिन्न जाति र समुदायका मानिस प्रवेश गरे। त्यसमा पहाडे, जनजाति, मधेसी सबै जात र क्षेत्रका मानिस समाहित भए। किनकि, तराई मूलका साहु-महाजनका छोराहरू जो भारतमा अध्ययन गर्थे तिनलाई कङ्ग्रेसमा स्थान मिल्यो। राई, लिम्बू, गुरुङ, मगर चाहिँ कङ्ग्रेसले सशस्त्र क्रान्ति थालेको हुँदा त्यसमा आकर्षित भए। सुदूरपश्चिमका खासगरी ठकुरी/क्षत्री महिलाले कङ्ग्रेसको क्रान्तिलाई साथ दिए। पार्टीमा आबद्ध भए।'[११]

२००८ सालमा नेपाल कम्युनिष्ट पार्टीमा आबद्ध कृष्णराज बर्मा २०१५ सालको आम निर्वाचनमा क्षेत्र नं. ३७, सप्तरी इलाकाबाट उम्मेदवार भई पराजित भएका थिए। उनी उठेको क्षेत्रमा कङ्ग्रेस, कम्युनिष्ट दुवै दलका उम्मेदवार पराजित भएको र स्वतन्त्र उम्मेदवार हरिलाल चौधरीले जितेका थिए। बर्माको बुझाइमा एकातिर क्रान्ति हाँकेको अर्कोतिर आर्थिक रूपमा सम्पन्न नेता/कार्यकर्ता र सबै क्षेत्र, वर्ग र जातलाई उम्मेदवारका रूपमा चयन गरेका कारण त्यस बेला नेपाली कङ्ग्रेसको पक्षमा जनमत गएको थियो। तर, कङ्ग्रेस र कम्युनिष्ट पार्टीका त्यस बेलाका चुनाव घोषणापत्रमा अहिले जस्तो लिखित रूपमा समावेशीकरणको अवधारणा नभएको बर्माले बताए। बर्मा भन्छन्, 'क्षेत्र, जाति, महिला, दलित, मधेसी/तराईवासीलाई समावेश गर्ने कुनै पनि नीतिगत दस्तावेज थिएन।' त्यस बेला आवश्यकताको सिद्धान्तका आधारमा मात्र समावेशीकरण गरिएको उनले बताए।

नेपाली कङ्ग्रेसका पाका नेता रामहरि जोशीका अनुसार २०१५ सालमा सम्पन्न पहिलो आम निर्वाचनमा पार्टीले समावेशीकरण गर्नुपर्छ भन्ने बुझेर उम्मेदवार दिएको थिएन। पार्टीभित्र नीतिगत र संस्थागत रूपमा समावेशीकरणबारे कुनै छलफल र विचार मन्थन हुँदैन थियो। भारतले दबाब नदिँदासम्म तराई मूलका मानिसलाई समावेश गर्नुपर्छ भन्ने सोचाइ नै आउन सकेन। प्रजातन्त्र आएपछि मानिसका दबिएका आवाज खुला भए। भारतले समावेशीकरणको धारणा अनुसार अघि बढ्न संकेत गरिसकेको थियो। यद्यपि, त्यो व्यक्ति व्यक्तिलाई टिपेर पदमा लैजाने दबाबका रूपमा आएको थियो। त्यसबेला दिल्लीको दबाबमा तराई मूलका एक, दुईजनालाई पार्टी केन्द्रीय कार्यसमिति र मन्त्रिपरिषद्मा राखिएको थियो। अहिले धेरै फैलियो। कारण, पार्टी नेतृत्वको दूरदृष्टि भएन। नेपाली कङ्ग्रेसले त्यसमा ध्यान दिन सकेन। कङ्ग्रेस यहींनेर चुक्यो।

११ २०७१ पुस २५ गते नेपाल कम्युनिष्ट पार्टीका नेता कृष्णराज बर्मा (८६) सित गरेको कुराकानीमा आधारित

२०१५ सालको आम निर्वाचनमा उम्मेदवारी दिँदा समावेशीकरण गर्नुपर्छ भन्ने बुझेर दिइएको थिएन । जोजो जनक्रान्तिमा खटेका थिए, जजसलाई नेताहरूले चिनेका थिए तिनैलाई टिकट दिइएको थियो । राणाहरूप्रति जनतामा वितृष्णा रहेकाले र कम्युनिष्टहरू फैलिनसकेकाले अनि जनक्रान्ति हाँकेर नेपालीलाई राणा शाहीको पन्जाबाट मुक्ति दिलाएकाले कङ्ग्रेस उम्मेदवारको पक्षमा जनमत ओइरिनु स्वाभाविक थियो ।[१२]

नीतिगत रूपमा कङ्ग्रेसको विधानमा समावेशीकरणको कुरा नभए पनि पहिलो आम निर्वाचनपछि बीपी कोइरालाको नेतृत्वमा गठन भएको मन्त्रिपरिषद् समावेशी देखिन्थ्यो । २०१६ जेठ १३ गते गठन भएको उक्त मन्त्रिपरिषद्मा प्रधानमन्त्रीसहित आठ जना मन्त्री र १३ जना उपमन्त्री/सहायकमन्त्री थिए ।

तालिका ७ : २०१६ जेठ १३ गते विश्वेश्वरप्रसाद कोइराला नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा २१ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	४
	क्षत्री/ठकुरी	१	४
जनजाति	नेवार	-	३
	पहाडे-हिमाली	-	५
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**-**	२१
प्रधानमन्त्री – विश्वेश्वरप्रसाद कोइराला			

उक्त मन्त्रिपरिषद्मा चार जना (१९.०४ प्रतिशत) बाहुन, एक जना महिलासहित पाँच जना (२३.८० प्रतिशत) क्षत्री/ठकुरी, तीन जना (१४.२८ प्रतिशत) नेवार, दुई जना (९.५२ प्रतिशत) मधेसी, एक जना (३.२२ प्रतिशत) तराई जनजाति, एक जना (३.२२ प्रतिशत) दशनामी र पाँच जना (२३.८० प्रतिशत) पहाडे-हिमाली जनजाति थिए । उक्त मन्त्रिपरिषद्मा क्षत्री/ठकुरी र जनजातिको सङ्ख्या बराबर थियो ।

सुदूरपश्चिमको डडेलधुरा इलाकाबाट विजयी ठकुरी समुदायकी द्वारिकादेवी ठकुरानी स्वास्थ्य र स्वायत्त शासन उपमन्त्री बनेकी थिइन् । उनी नेपालकी पहिलो महिला मन्त्री हुन् । त्यसको ४० वर्षपछि मात्र त्यस क्षेत्रबाट २०५६ सालको प्रतिनिधिसभा निर्वाचनमा कैलाली-१ बाट सुशीला स्वाँर निर्वाचित भइन् । अनि २०५८ सालमा शेरबहादुर देउवा नेतृत्वको मन्त्रिपरिषद्मा महिला, बालबालिका तथा समाज कल्याण राज्यमन्त्री हुन सफल भइन् । तर ४२ वर्षपछि पनि महिलालाई बालबालिका तथा समाज कल्याण मन्त्रालयबाहेक महत्त्वपूर्ण

१२ २०७१ माघ २६ गते नेपाली कङ्ग्रेसका नेता रामहरि जोशी (९०) सित गरेको कुराकानीमा आधारित

मन्त्रालयको जिम्मेवारी चाहिँ दिइएन । बीपी कोइराला जस्ता दूरदृष्टि भएका नेताको प्रधानमन्त्रित्वमा गठन भएको पहिलो निर्वाचित सरकारमा समेत दलित र मुसलमान समुदायलाई समावेश गरिएन ।

२०१७ पुस १ गते राजा महेन्द्रले 'कु' गरी सत्ता कब्जा गरे । त्यसपछि ३० वर्षसम्म निर्दलीय पञ्चायती व्यवस्था कायम रह्यो । त्यस अवधिमा राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाइएको थियो । तर, कुनै दलले प्रवासमा त कुनैले स्वदेशमै लुकीछिपी, गोप्य रूपमा आआफ्ना साङ्गठनिक गतिविधि सञ्चालन गरेका थिए ।

मुलुकमा निर्दलीय पञ्चायती व्यवस्था शुरू भएको १७ वर्षपछि नेपाली कङ्ग्रेसका सभापति बीपी कोइरालाले पटना सम्मेलन गरी कृष्णप्रसाद भट्टराईलाई कार्यवाहक सभापति बनाएका थिए । त्यस बेलासम्म बीपी कोइरालाको स्वास्थ्य निकै गम्भीर अवस्थामा पुगिसकेको थियो । बीपीले जीवनको अन्त्यतिर भट्टराई, गणेशमान सिंह र गिरिजाप्रसाद कोइरालाको जिम्मामा पार्टी छाडेको भनी कार्यकर्तालाई आश्वस्त पारेका थिए । त्यससँगै कङ्ग्रेसमा नेता त्रय (ट्रोइका) को अवधारणा विकसित हुन पुग्यो । ट्रोइकामध्ये एक जना नेवार र दुई जना बाहुन थिए । २०३३ देखि २०४५ सालसम्म सभापति कृष्णप्रसाद भट्टराई, दुई जना महामन्त्री (गिरिजाप्रसाद कोइराला र परशुनारायण चौधरी) र सर्वोच्च नेता गणेशमान सिंहले नेपाली कङ्ग्रेसको नेतृत्व गरे । केन्द्रीय समिति गठन भएन ।

२०३८ सालमा परशुनारायण चौधरी पञ्चायत प्रवेश गरेपछि नेतृत्वमा नेता त्रय (गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला) मात्र बाँकी रहे ।

तालिका ८ : २०४५ सालमा पुनर्गठित केन्द्रीय कार्यसमिति

जम्मा २४ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	१४
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	३
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	१
अन्य		-	-
जम्मा		१	२३
कार्यवाहक सभापति – कृष्णप्रसाद भट्टराई			

२०४५ सालमा कृष्णप्रसाद भट्टराईको सभापतित्वमा पुनर्गठन भएको कार्यसमिति २४ सदस्यीय थियो । गणेशमान सिंहलाई सर्वमान्य नेताका रूपमा सभापतिभन्दा माथिल्लो स्थानमा राखिएको थियो । उक्त कार्यसमितिमा रहेकामध्ये एक जना महिलासहित १५ जना (६२.५ प्रतिशत) बाहुन, तीन जना (१२.५

प्रतिशत) क्षत्री/ठकुरी, एक जना (४.१६ प्रतिशत) मधेसी, तीन जना (१२.५ प्रतिशत) पहाडे-हिमाली जनजाति, एक जना (४.१६ प्रतिशत) नेवार र एक जना (४.१६ प्रतिशत) मुसलमान थिए। (तालिका ८)

गणेशमान, 'ब्राह्मणवाद' र कङ्ग्रेस

२०४६ सालको जनआन्दोलन सफल भएपछि २०४८ वैशाख २९ गते सम्पन्न संसदीय निर्वाचनमा नेपाली कङ्ग्रेसले सामान्य बहुमत ल्यायो। महामन्त्री गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री र कोषाध्यक्ष बेनीबहादुर कार्की राष्ट्रियसभा अध्यक्ष भए। रिक्त महामन्त्री र कोषाध्यक्षमा क्रमशः महेन्द्रनारायण निधि र रामबाबु प्रसाईं (खनुप रुदे) मनोनीत भएका थिए।[१३] भट्टराई नेतृत्वको नेपाली कङ्ग्रेस मात्र होइन महामन्त्री कोइरालाले हाँकेको एकमना सरकारसमेत जातीय र लिङ्गीय हिसाबले समावेशी हुन सकेन। भट्टराईको सभापतित्वमा गठन भएको कार्यसमितिमा एक जना पनि दलितलाई समावेश गरिएको थिएन। २०४८ जेठ १६ गते गठन भएको कोइराला नेतृत्वको १५ सदस्यीय मन्त्रिपरिषद्मा पनि कुनै दलितले स्थान पाएनन्। जनसङ्ख्याको आधारमा महिला र मधेसी निकै थोरै थिए। उक्त मन्त्रिपरिषद्मा एक जना (६.६६ प्रतिशत) मधेसी, एक जना (६.६६ प्रतिशत) नेवार, एक जना (६.६६ प्रतिशत) मुसलमान, एक जना (६.६६ प्रतिशत) पहाडे-हिमाली जनजाति, तीन जना (२० प्रतिशत) क्षत्री/ठकुरी र एक जना महिलासहित आठ जना (५३.३३ प्रतिशत) बाहुन थिए। त्यसपछिका हेरफेरमा पनि प्रधानमन्त्री कोइरालाले मन्त्रिपरिषद्मा दलितलाई समावेश गरेनन्, महिला सङ्ख्या पनि बढाएनन्।

तालिका ९ : २०४८ जेठ १६ गते गिरिजाप्रसाद कोइराला नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा १५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	७
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	१
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	१	१४
प्रधानमन्त्री – गिरिजाप्रसाद कोइराला			

१३ जगत नेपाल, *सदन, सत्ता र सडकमा नेपाली कङ्ग्रेस*, काठमाडौं: २०६२, आउटलाइन

मन्त्रिपरिषद् मात्र असमावेशी भएको होइन नेता त्रयबीच भएको भद्र समझदारी पनि प्रधानमन्त्री कोइरालाले पालना गरेनन् । चुनाव हारेकालाई मनोनीत पदमा नलैजाने नेता त्रयबीच अलिखित सहमति भएको थियो । तर, प्रधानमन्त्री कोइरालाले उक्त सहमति विपरीत आफ्ना नातागोता र निकटस्थलाई मन्त्री लगायत अन्य पदमा नियुक्त गरे । नुवाकोट क्षेत्र-२ बाट प्रतिनिधिसभा निर्वाचनमा पराजित डा. रामशरण महतलाई राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा मनोनीत गरेपछि सर्वोच्च नेता गणेशमान सिंह क्रुद्ध बन्न पुगे । उनले 'ब्राह्मणवाद विरुद्ध जेहाद' छेड्ने घोषणा गरे । २०४८ भदौ ३० गते आइतबार प्रकाशित *देशान्तर* साप्ताहिकमा राजेन्द्र दाहाल लेख्छन्, 'गणेशमान सिंह प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला विरुद्ध झन् बढी आक्रामक र उग्र हुँदै जानुभएको छ । शनिबार (२९ गते) बिहान कङ्ग्रेसी कार्यकर्ता र पत्रकारहरूको जमघटमा उहाँले प्रधानमन्त्री कोइरालामाथि गम्भीर र डरलाग्दा आरोप लगाउनुभयो । उहाँले प्रधानमन्त्री कोइरालामाथि नातावाद, कृपावाद र ब्राह्मणवादलाई काखी च्यापेको आरोप लगाउनुभयो । सात जना राजदूतको नियुक्तिले यो कुरा पुष्टि गरेको छ ।'

गणेशमान सिंहले त्यति बेला सीधै सामाजिक समावेशीकरणमा जोड दिएर यो कुरा उठाएका थिएनन् । उनले निर्वाचन हारेकालाई मनोनीत पदमा नलैजाने त्रय नेताबीचको भद्र समझदारीलाई प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले उल्लङ्घन गरेको र राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा दुर्गेशमान सिंहलाई नियुक्त नगरी चुनाव हारेका डा. रामशरण महतलाई नियुक्त गरेपछि आवेशमा आएर यस्तो प्रतिक्रिया जनाएको भनी त्यस बखत उनका निकटस्थहरू बताउँथे । तर, सिंहको आग्रहलाई पार्टी सभापति कृष्णप्रसाद भट्टराई र प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भविष्यमा यो कुरा उठ्न सक्छ भनी आकलन गर्न नसक्नु चाहिँ ठूलो भूल थियो । किनभने, गणेशमान सिंहले २०४८ सालमा उठाएका मुद्दा (आवेशमै उठाएको भए पनि) लाई स्वीकार गर्न नसक्नुको परिणाम मुलुकले २०५२ सालदेखि नै प्रत्यक्ष रूपमा झेल्नुपऱ्यो र २०६४ सालमा पार्टी लतारिएर समावेशीकरणको मुद्दामा प्रवेश गर्न बाध्य भयो । नेतृत्वको समाजप्रतिको अल्पज्ञानकै कारण पार्टी सामाजिक मुद्दामा पछाडि पऱ्यो ।

प्रा. कमलप्रकाश मल्लले सर्वोच्च नेता गणेशमान सिंहले उठाएको ब्राम्हणवादको सवाललाई आफ्नो पुस्तक *फ्रम लिटरेचर टु कल्चर : सेलेक्टेड राइटिङ्स अन नेपलिज स्टडिज १९८०-२०१०*, सोसल साइन्स बहाः र हिमाल बुक्स, २०१५) अन्तर्गत 'बाहुनवाद मिथ अर रियालिटी' शीर्षक लेखमा उल्लेख गरेका छन् । प्रा. मल्लका अनुसार ब्राह्मणवाद शब्दको गलत व्याख्या हुन पुग्यो । बाहुनहरू भाग्यका भरमा मात्र सर्वोच्च स्थानमा पुग्न सफल नभएको कुरा उनले उल्लेख गरेका छन् । त्यस बेला नेपाली कङ्ग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराई बेलायतमा सम्पन्न 'डेमोक्रेसी एण्ड एथ्निसिटी' सम्बन्धी गोष्ठीमा भाग लिएर फर्कनासाथ नेपाल टेलिभिजनसितको एक कुराकानीमा भनेको कुरा प्रा. मल्लले यसरी उद्धृत गरेका छन्, 'लोकतन्त्र नै सबै प्रकारका 'एथ्निक' समस्याको समाधान हो ।' पूर्वप्रधानमन्त्री भट्टराईले 'एथ्निक' समस्या समाधान गर्ने अचूक औषधी प्रजातन्त्र हो भनेको पनि आज तीन दशक बितिसकेको छ । तैपनि यो समस्या समाधान हुनुको सट्टा झन् बढेको छ ।

त्यसयता नेपाली कङ्ग्रेसको केन्द्रीय कार्यसमिति र उक्त पार्टीको नेतृत्वमा बनेका कुनै पनि सरकार जातीय, भौगोलिक, क्षेत्रीय र लिङ्गीय हिसाबले समावेशी हुन सकेन । कङ्ग्रेसले नेपालमा आफूबाहेक अन्य राजनीतिक दललाई प्रजातान्त्रिक नै देख्दैन । तर, विडम्बना कङ्ग्रेसभित्रै प्रजातान्त्रिक अभ्यास निकै कम

हुन्छ। नेतृत्वको मनपरीका कारण पार्टी धराशयी बनेको आम कार्यकर्ताको आरोप छ। नातावाद, कृपावाद र भाइभतिजावाद चुलिँदो छ।

गिरिजाप्रसाद कोइरालाले नेपाली कङ्ग्रेसको एकमना सरकार हाँकिरहेका बेला २०४८ फागुन (१-३) मा झापाको कलबलगुडीमा सम्पन्न पार्टीको आठौँ महाधिवेशनले कृष्णप्रसाद भट्टराईलाई निर्विरोध सभापति निर्वाचित गरेको थियो।

तालिका १० : २०४८ फागुन ३ गते सम्पन्न ८ औँ महाधिवेशनपछि गठित केन्द्रीय कार्यसमिति

जम्मा २१ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	२	९
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	१	-
	पहाडे-हिमाली	-	३
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	१
अन्य		-	-
जम्मा		३	१८
सभापति – कृष्णप्रसाद भट्टराई			

सर्वमान्य नेता गणेशमान सिंहसहित २२ सदस्यीय केन्द्रीय कार्यसमितिमा दुई जना महिलासहित ११ जना (५० प्रतिशत) बाहुन, तीन जना (१३.६३ प्रतिशत) क्षत्री/ठकुरी, एक जना (४.७६ प्रतिशत) नेवार महिला, एक जना (४.७६ प्रतिशत) मुसलमान, तीन जना (१३.६३ प्रतिशत) पहाडे-हिमाली जनजाति र दुई जना (९.० ९ प्रतिशत) मधेसी रहेका थिए। दलित एक जना पनि थिएनन्।

२०४९ सालमा पुनर्गठन गरिएको २८ सदस्यीय केन्द्रीय कार्यसमितिमा १६ जना (५७.१४ प्रतिशत) बाहुन, तीन जना (१०.७१ प्रतिशत) नेवार, एक जना (३.५७ प्रतिशत) मधेसी, तीन जना (१०.७१ प्रतिशत) पहाडे-हिमाली जनजाति, चार जना (१४.२८ प्रतिशत) क्षत्री/ठकुरी र एक जना (३.५७ प्रतिशत) मुसलमान थिए। कार्यसमितिमा तीन जना महिला थिए। दलित एक जना पनि थिएनन्।

गिरिजाप्रसाद कोइरालाले मन्त्रिपरिषद् गठन गरेको सात महिनामै २०४८ पुसमा हेरफेर गरी विनाकारण छ जना वरिष्ठ मन्त्रीलाई हटाइदिएका थिए। त्यसले पार्टीमा 'छत्तीसे' र 'चौहत्तरे' को गुटबन्दी त खडा गऱ्यो नै। त्यसरी हेरफेर गर्दा पनि कोइरालाले मन्त्रिपरिषद्लाई समावेशी बनाउनेतर्फ ध्यान दिएनन्। २४ सदस्यीय विस्तारित मन्त्रिपरिषद्मा एक जना महिलासहित १३ जना (५४.१६ प्रतिशत) बाहुन, दुई जना (८.३३ प्रतिशत) पहाडे-हिमाली जनजाति, तीन जना (१२.५ प्रतिशत) क्षत्री/ठकुरी, चार जना (१६.६६

प्रतिशत) मधेसी र दुई जना (८.३३ प्रतिशत) नेवार समावेश थिए। दलित, मुसलमान, गुरुङ, मगर लगायतका समुदायबाट कसैलाई पनि मन्त्रिपरिषद्मा समावेश गरिएको थिएन।

२०५१ कात्तिक २९ गते सम्पन्न मध्यावधि निर्वाचनपछि कङ्ग्रेस प्रतिपक्षमा पुग्यो। एमाले अध्यक्ष मनमोहन अधिकारीले अल्पमतको पहिलो कम्युनिष्ट सरकारको नेतृत्व गरे। गठन भएको नौ महिनामा एमाले अल्पमतको सरकारले संसद्को विश्वास गुमाएपछि प्रमुख प्रतिपक्षी दल नेपाली कङ्ग्रेसलाई सत्तामा जाने ढोका पुनः खुल्यो। २०५२ भदौ २७ गते गठन भएको मन्त्रिपरिषद्को नेतृत्व तत्कालीन कङ्ग्रेस संसदीय दलका नेता शेरबहादुर देउवाले गरे। देउवाले इतिहासमै पहिलो पटक 'जम्बो' मन्त्रिपरिषद् (४८ सदस्यीय मिलीजुली) गठन गर्दा पनि समावेशीकरणमा ध्यान दिएनन्। उनको मन्त्रिपरिषद्मा बाहुन एक जना महिलासहित १३ जना, क्षत्री/ठकुरी १४ जना, नेवार दुई जना, पहाडे-हिमाली जनजाति छ जना, तराई जनजाति चार जना, मधेसी सात जना र मुसलमान दुई जना थिए। दशनामी र दलित समुदायबाट कोही पनि समावेश गरिएका थिएनन्। ४८ सदस्यीय मन्त्रिपरिषद्मा एक जना मात्र महिला मन्त्री थिइन्। यसकारण लिङ्गीय हिसाबले पनि देउवाको मन्त्रिपरिषद् असमावेशी थियो।

तालिका ११ : २०५३ वैशाख २८ मा सम्पन्न नवौँ महाधिवेशनपछि गठित केन्द्रीय कार्यसमिति

जम्मा २६ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	२	९
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	१	२
	पहाडे-हिमाली	-	४
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	३
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	३	२३
सभापति – गिरिजाप्रसाद कोइराला			

२०५३ वैशाख २६-२८ गते काठमाडौँमा सम्पन्न नवौँ महाधिवेशनले गिरिजाप्रसाद कोइरालाको सभापतित्वमा २६ सदस्यीय केन्द्रीय कार्यसमिति गठन गरेको थियो। कङ्ग्रेसमा सभापतिको मात्र निर्वाचन हुने परम्परालाई तोड्दै पाँच विकास क्षेत्रबाट पाँच जना केन्द्रीय सदस्य निर्वाचित गर्ने कार्य थालनी त्यसै महाधिवेशनदेखि भएको थियो। उक्त कार्यसमितिमा उपसभापतिमा शैलजा आचार्यसहित ११ जना (४२.३० प्रतिशत) बाहुन, तीन जना (११.५३ प्रतिशत) क्षत्री/ठकुरी, तीन जना (११.५३ प्रतिशत) मधेसी, एक जना (३.८४ प्रतिशत)

तराई जनजाति, एक जना (३.८४ प्रतिशत) मुसलमान, चार जना (१५.३८ प्रतिशत) पहाडे-हिमाली जनजाति र तीन जना (११.५३ प्रतिशत) नेवार संलग्न थिए । तीमध्ये दुई जना बाहुन समुदाय र एक जना नेवार समुदायका महिला थिए । दलित एक जना पनि थिएनन् । उपसभापति पदमा महिला पहिलो पटक पुगेकी थिइन् । (तालिका ११)

उक्त कार्यसमितिमा गणेशमान सिंहलाई पहिलो पटक बेवास्ता गरिएको थियो । त्यसअघिका धेरै कार्यसमितिमा सिंहलाई सर्वोच्च नेताका रूपमा पार्टीमा उच्च स्थान दिने गरिएको थियो । त्यो परम्परालाई कोइरालाले तोडिदिएका थिए । कोइरालाले (२०५३-२०५७ सालसम्म) गठन र पुनर्गठन गरेका कार्यसमिति पनि समावेशी हुन सकेनन् । तिनमा महिला, दलित, मधेसी, जनजाति लगायत अल्पसङ्ख्यकलाई समानुपातिक ढङ्गले समाविष्ट गर्नेतर्फ ध्यान दिएको पाइँदैन ।

२०५४ कात्तिकमा नेपालगन्जमा सम्पन्न महासमिति बैठकमा नेतृत्वको व्यापक आलोचना भएपछि पूर्वसभापति कृष्णप्रसाद भट्टराईबाहेक सबै मनोनीत पदाधिकारी र केन्द्रीय सदस्यले राजीनामा दिए । त्यसपछि गठन भएको सात सदस्यीय कार्यसमितिमा चार जना (५७.१४ प्रतिशत) बाहुन, एक जना (१४.२८ प्रतिशत) क्षत्री/ठकुरी, एक जना (१४.२८ प्रतिशत) पहाडे-हिमाली जनजाति र एक जना (१४.२८ प्रतिशत) तराई जनजाति सहभागी थिए । यिनीहरूमध्ये भट्टराईबाहेक सबै निर्वाचित थिए ।

त्यसै महिनाको १९ गते सभापति कोइरालाद्वारा पुनर्गठन गरिएको केन्द्रीय कार्यसमितिमा पनि ३१ जना नै रहेका थिए । तीमध्ये दुई जना महिलासहित १६ जना (५१.६१ प्रतिशत) बाहुन, पाँच जना (१६.१२ प्रतिशत) क्षत्री/ठकुरी, दुई जना (६.४५ प्रतिशत) नेवार, चार जना (१२.९० प्रतिशत) पहाडे-हिमाली जनजाति, दुई जना (६.४५ प्रतिशत) मधेसी र दुई जना (६.४५ प्रतिशत) तराई जनजाति थिए । त्यसै वर्ष माघ १२ गतेको पुनर्गठनपछिको कार्यसमितिमा पनि ३१ जना नै थिए । तीमध्ये तीन जना महिलासहित १७ जना (५४.८३ प्रतिशत) बाहुन, पाँच जना (१६.१२ प्रतिशत) क्षत्री/ठकुरी, दुई जना (६.४५ प्रतिशत) नेवार, तीन जना (९.६७ प्रतिशत) पहाडे-हिमाली जनजाति, दुई जना (६.४५ प्रतिशत) मधेसी र दुई जना (६.४५ प्रतिशत) तराई जनजाति रहेका थिए ।

२०५५ असोज २० गते सभापति कोइरालाद्वारा पुनर्गठन गरिएको केन्द्रीय कार्यसमितिमा ३१ सै जना रहेका थिए । तीमध्ये तीन जना महिलासहित १७ जना (५४.८३ प्रतिशत) बाहुन, चार जना (१२.९० प्रतिशत) क्षत्री/ठकुरी, तीन जना (९.६७ प्रतिशत) पहाडे-हिमाली जनजाति, दुई जना (६.४५ प्रतिशत) नेवार, दुई जना (६.४५ प्रतिशत) मधेसी र दुई जना (६.४५ प्रतिशत) तराई जनजाति थिए ।

२०५५ वैशाख २ गते गठन भएको गिरिजाप्रसाद कोइराला नेतृत्वको मन्त्रिपरिषद्मा महिला (शैलजा आचार्य) लाई पहिलो पटक उपप्रधान तथा जलस्रोत मन्त्रीको जिम्मेवारी दिइएको थियो । यत्तिकैमा २०५६ सालमा चौथो पटक संसदीय निर्वाचन सम्पन्न भयो । उक्त निर्वाचनमा नेपाली कङ्ग्रेसले पुनः सामान्य बहुमत प्राप्त गऱ्यो । कृष्णप्रसाद भट्टराईलाई भावी प्रधानमन्त्री घोषणा गरी चुनावमा होमिएको कङ्ग्रेसले चुनावपछि भट्टराईकै नेतृत्वमा २०५६ जेठ १७ गते १६ सदस्यीय मन्त्रिपरिषद् गठन गऱ्यो । त्यसको एक महिनापछि उक्त मन्त्रिपरिषद् विस्तार गरी ३२ सदस्यीय बनाइएको थियो ।

उक्त मन्त्रिपरिषद्मा १२ जना (३७.५ प्रतिशत) बाहुन, आठ जना (२५ प्रतिशत) क्षत्री/ठकुरी, दुई जना (६.२५ प्रतिशत) मधेसी, दुई जना (६.२५ प्रतिशत) तराई जनजाति, तीन जना (९.३७ प्रतिशत) नेवार,

चार जना (१२.५ प्रतिशत) पहाडे-हिमाली जनजाति र एक जना (३.१२ प्रतिशत) मुसलमान थिए। तीमध्ये कमला पन्त एक जना मात्र महिला मन्त्री थिइन्। दलित एक जना पनि समावेश थिएनन्।[१४]

भट्टराईलाई गिरिजाप्रसाद कोइराला पक्षधरले पदबाट राजीनामा गर्न बाध्य पारेपछि २०५६ चैत ८ मा गठन भएको गिरिजाप्रसाद कोइराला नेतृत्वको मन्त्रिपरिषद्मा पनि समावेशीकरणको सवाल अघिल्लो सरकारको भन्दा खासै भिन्न हुन सकेन। महिला, मधेसी, जनजाति अनुहारलाई सजावट सामग्रीको रूपमा प्रस्तुत गर्नेबाहेक समानुपातिक समावेशीकरण गर्नेतर्फ खासै ध्यान दिइएन। कङ्ग्रेसले आफ्नो एकमना सरकारमा दलितलाई कहिल्यै पनि ठाउँ दिएन। यहाँसम्म आइपुग्दा कङ्ग्रेसको इतिहासमा यसलाई विडम्बना नै मान्नुपर्छ।

२०५६ साउन १० गते सभापति कोइरालाद्वारा पुनर्गठन गरिएको केन्द्रीय कार्यसमितिमा ३१ जना रहेका थिए। तीमध्ये तीन जना महिलासहित २० जना (६४.५१ प्रतिशत) बाहुन, चार जना (१२.९० प्रतिशत) क्षत्री/ठकुरी, एक जना (३.२२ प्रतिशत) नेवार, तीन जना (९.६७ प्रतिशत) पहाडे-हिमाली जनजाति, दुई जना (६.४५ प्रतिशत) मधेसी र एक जना (३.२२ प्रतिशत) तराई जनजाति थिए।

२०५७ माघ (६-९) मा पोखरामा सम्पन्न दशौं महाधिवेशनदेखि १८ जना केन्द्रीय सदस्यको प्रत्यक्ष निर्वाचन गर्ने गरिएको छ। उक्त महाधिवेशनमा पार्टी सभापति गिरिजाप्रसाद कोइरालासहित १९ जना निर्वाचित भएका थिए।

तालिका १२ : २०५७ माघ ९ गते सम्पन्न दशौं महाधिवेशनपछि निर्वाचित केन्द्रीय कार्यसमिति

जम्मा १९ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	१	१०
	क्षत्री/ठकुरी	-	२
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	१
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	१	१८
सभापति – गिरिजाप्रसाद कोइराला			

१४ *नेपालका मन्त्रीहरू (२००७ देखि २०६४ वैशाखसम्म)*, काठमाडौं: २०६४ वैशाख, खोजबिन गर्ने तथा छपाउने भैरव रिसाल र राममणि रिसाल

तीमध्ये एक जना महिलासहित ११ जना (५७.८९ प्रतिशत) बाहुन, एक जना (५.२६ प्रतिशत) दशनामी, एक जना (५.२६ प्रतिशत) नेवार, दुई जना (१०.५२ प्रतिशत) क्षत्री/ठकुरी, दुई जना (१०.५२ प्रतिशत) मधेसी, एक जना (५.२६ प्रतिशत) पहाडे-हिमाली जनजाति र एक जना (५.२६ प्रतिशत) तराई जनजाति विजयी भएका थिए।

२०५८ जेठ १७ गते गिरिजाप्रसाद कोइरालाको सभापतित्वमा गठन भएको ३६ सदस्यीय केन्द्रीय कार्यसमितिमा तीन जना महिलासहित १९ जना (५२.७७ प्रतिशत) बाहुन, तीन जना (८.३३ प्रतिशत) मधेसी, एक जना (२.७७ प्रतिशत) तराई जनजाति, पाँच जना (१३.८८ प्रतिशत) क्षत्री/ठकुरी, चार जना (११.११ प्रतिशत) पहाडे-हिमाली जनजाति, दुई जना (५.५५ प्रतिशत) नेवार, एक जना (२.७७ प्रतिशत) दशनामी र एक जना (२.७७ प्रतिशत) मुसलमान समावेश थिए।[१५]

तालिका १३ : २०५८ जेठ १७ गते पुनर्गठित केन्द्रीय कार्यसमिति

जम्मा ३६ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	३	१६
	क्षत्री/ठकुरी	-	५
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	४
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	३
मुसलमान		-	१
अन्य		-	-
जम्मा		३	३३
सभापति – गिरिजाप्रसाद कोइराला			

२०५८ साउन ११ गते शेरबहादुर देउवा प्रधानमन्त्री बनेदेखि नै कङ्ग्रेसमा आन्तरिक खटपट चर्किन थाल्यो। कोइरालाहरूले टिकिखान नदिएको आरोप लगाएर २०५९ जेठ ८ गते देउवाले प्रतिनिधि सभा भङ्ग गरी मध्यावधि निर्वाचनमा जाने कदम चालेपछि उनलाई कङ्ग्रेसबाट निष्काशन गरियो। त्यही वर्ष असार पहिलो साता देउवाले नेपाली कङ्ग्रेसबाट अलग्गिएर नेपाली कङ्ग्रेस (प्रजातान्त्रिक) गठन गरे भने गिरिजाप्रसाद कोइरालाले संस्थापन कङ्ग्रेसको नेतृत्व गरिरहे। यी दुवै दलले २०६२ सालमा ११ औँ महाधिवेशन छुट्टाछुट्टै सम्पन्न गरे। कोइरालाले हाँकेको संस्थापन कङ्ग्रेसमा सभापतिसहित १९ जना केन्द्रीय सदस्य निर्वाचित भएकोमा दुई जना (१०.५२ प्रतिशत) मधेसी, तीन जना (१५.७८ प्रतिशत) महिला, दुई जना (१०.५२

१५ जगत नेपाल, *सदन, सत्ता र सडकमा नेपाली कङ्ग्रेस*, काठमाडौँः २०६२, आउटलाइन

प्रतिशत) पहाडे-हिमाली जनजाति र एक जना (५.२६ प्रतिशत) दलित (मानबहादुर विश्वकर्मा/निर्वाचित) थिए। तीनै जना महिला बाहुन समुदायका थिए। उता प्रजातान्त्रिक कङ्ग्रेसले चाहिँ समावेशीकरणको नीति तय गरी 'जमदम' अर्थात् जनजाति, महिला, दलित र मधेसी समुदायलाई नेतृत्व आरक्षण गर्न आरम्भ गऱ्यो। त्यसै अनुसार केन्द्रीय कार्यसमिति गठन भएको थियो।[१६] तर, जनसङ्ख्याको अनुपातमा भने महिलालाई समावेश गरिएन।

२०५८ सालमा देउवा प्रधानमन्त्री भएका बेला राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान गठन गरी समावेशीकरणको सिद्धान्तलाई सरकारले नीतिगत रूपमा आत्मसात् गरेको देखिन्छ।

२०६४ असोज ८ गते नेपाली कङ्ग्रेस (प्रजातान्त्रिक) र नेपाली कङ्ग्रेसबीच एकता भयो। केन्द्रदेखि वडासम्म र सबै भ्रातृ सङ्गठनसमेत दुई चिरामा विभक्त भएका दुई कङ्ग्रेसले संयुक्त रूपमा महासमिति बैठक गरी एक भएको घोषणा गरे। एकीकृत सङ्गठनमा संस्थापनलाई ६० प्रतिशत र प्रजातान्त्रिकलाई ४० प्रतिशत सिट हुनेगरी अघि बढ्ने सहमति नेताहरूले गरे। यसै अनुपातमा केन्द्रदेखि जिल्लासम्मका समिति पुनर्गठन गरिए।

तालिका १४ : २०६४ असोज ८ गते सम्पन्न महासमिति बैठकबाट पार्टी एकीकरण घोषणापछिको कार्यसमिति

जम्मा ६४ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	५	२२
	क्षत्री/ठकुरी	१	१२
जनजाति	नेवार	-	५
	पहाडे-हिमाली	-	८
	तराई	-	२
दलित	पहाडे	-	२
	तराई	-	-
मधेसी		१	४
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	**७**	**५७**
सभापति – गिरिजाप्रसाद कोइराला			

सभापतिसहित ३७ जना संस्थापन पक्ष र २७ जना प्रजातान्त्रिकबाट समावेश गरी कुल ६४ सदस्यीय केन्द्रीय कार्यसमिति निर्माण गरिएको थियो। तीमध्ये पाँच जना महिलासहित बाहुन २७ जना (४२.१८ प्रतिशत), एक जना महिलासहित १३ जना क्षत्री/ठकुरी (२०.३१ प्रतिशत), नेवार पाँच जना (७.८१ प्रतिशत), पहाडे-

१६ २०६२ सालमा सम्पन्न नेपाली कङ्ग्रेस (प्रजातान्त्रिक) र नेपाली कङ्ग्रेसको एघारौँ महाधिवेशनमा प्रस्तुत राजनीतिक प्रस्तावबाट

हिमाली जनजाति आठ जना (१२.५ प्रतिशत), एक जना महिलासहित पाँच जना मधेसी (७.८१ प्रतिशत), दुई जना तराई जनजाति (३.१२ प्रतिशत), दशनामी एक जना (१.५६ प्रतिशत), मुसलमान एक जना (१.५६ प्रतिशत) र पहाडे दलित दुई जना (३.१२ प्रतिशत) थिए। तीमध्ये सात जना महिला थिए।[१७]

समावेशीकरण अवधारणामा आधारित पार्टी विधान

२०६४ असोज ८ गते सम्पन्न नेपाली कङ्ग्रेसको एकता महासमिति बैठक पार्टी इतिहासमा अत्यन्त महत्त्वपूर्ण रह्यो। किनकि, उक्त महासमिति बैठक बसेको करिब सात महिनापछि मुलुकमा संविधानसभा निर्वाचन सम्पन्न हुन पुग्यो। संविधानसभा-१ मा नेपाली कङ्ग्रेसले आफ्नो घोषणापत्रमा समावेशी लोकतन्त्रबाट पछि नहट्ने उल्लेख गरेको थियो। घोषणापत्रमा भनिएको थियो, 'नेपाली कङ्ग्रेस भावी राज्य संरचनामा महिला, उत्पीडित, आदिवासी/जनजाति, मधेसी, दलित, श्रमजीवी साथै समस्त पिछडिएको क्षेत्र लगायत आर्थिक-सामाजिक विकास प्रक्रियामा पछाडि वा बाहिर परेका जाति, समुदाय र वर्ग सबैको राज्य संरचनामा पहुँच हुने समावेशी लोकतन्त्रको निर्माण एवं विकास गर्न चाहन्छ। उनीहरूको सशक्तीकरणका उपाय र अवसरको निर्माण एवं अभिवृद्धि गरी शासन प्रक्रिया र प्रणालीमा समान एवं सार्थक सहभागितालाई सुनिश्चित गर्न प्रतिबद्ध छ। यसका लागि समानुपातिक सहभागिता र समावेशी निर्वाचन प्रणाली, सक्षम, निष्पक्ष र समावेशी प्रशासनयन्त्र, विकेन्द्रित अधिकार, सकारात्मक विभेदको नीतिलाई अवलम्बन गरी सबैमा साधनस्रोत सम्पन्न जनशक्ति निर्माणको व्यवस्था गरिनेछ।'[१८]

नेपाली कङ्ग्रेसले आफ्नो विधान संशोधन पूर्व नै संविधानसभा-१ को निर्वाचनकै बेलादेखि पार्टीलाई समावेशी बनाउने चेस्टा गरेको देखिन्छ। समानुपातिक समावेशीकरण सिद्धान्तको आधारमा निर्वाचनमा उम्मेदवारको चयन गरेको थियो। नेपाली कङ्ग्रेसले 'पहिलो हुनेले जित्ने' (प्रत्यक्ष) तर्फको २४० सिटमध्ये ३७ स्थानमा मात्र विजय प्राप्त गरेको थियो। तीमध्ये ३५ जना पुरुष र २ जना महिला थिए। २१४ जना पुरुष उम्मेदवार र २६ जना मात्र महिला उम्मेदवारले प्रतिस्पर्धा गरेका थिए। २२.७९ प्रतिशत लोकप्रिय मतको आधारमा कङ्ग्रेसले समानुपातिकतर्फ ७३ सिट हात पारेकोमा महिला, दलित, आदिवासी जनजाति, मुसलमान, पिछडिएको क्षेत्र सबैलाई समावेश गरी संविधानसभा-१ मा पठाएको थियो।[१९] निर्वाचन ऐनले नै जातिगत आधारमा सिट किटान गरिदिएकोले राजनीतिक दलहरूले त्यसो नगरी सुखै थिएन। ऐनले समानुपातिकतर्फ दलहरूले उम्मेदवारको बन्दसूची बुझाउँदा महिला र पुरुषको सङ्ख्या ५०-५० प्रतिशत, मधेसी ३१.२ प्रतिशत, दलित १३ प्रतिशत, उत्पीडित जाति/आदिवासी जनजाति ३७.८ प्रतिशत, पिछडिएको क्षेत्र ४ प्रतिशत र अन्यबाट ३०.२ प्रतिशत निर्वाचित हुनुपर्ने बाध्यकारी व्यवस्था गरेको थियो।[२०]

मुलुक गणतन्त्रमा प्रवेश गरेपछि २०६६ मङ्सिर २९ मा नेपाली कङ्ग्रेसको परिमार्जित विधान अनुसार केन्द्रीय कार्यसमितिमा पदेन सदस्यबाहेक सभापतिसहित ८५ जना रहने व्यवस्था छ। विधानले गाउँ/नगर

---

१७ २०६४ असोज ८ गते सम्पन्न नेपाली कङ्ग्रेस महासमितिको बैठक र एकीकरण घोषणापछि बनेको कार्यसमिति

१८ संविधानसभा निर्वाचन-२०६४: *नेपाली कङ्ग्रेसको घोषणापत्र*, केन्द्रीय प्रचारप्रसार समिति, बीपी स्मृति भवन, सानेपा, ललितपुर

१९ *संविधानसभा सदस्य निर्वाचन, २०६४: निर्वाचन परिणाम पुस्तिका*, २०६५, निर्वाचन आयोग, बहादुर भवन, कान्तिपथ, काठमाडौँ, पृ. २६८-२६९

२० संविधानसभा निर्वाचन ऐन, २०६४

समिति, निर्वाचन क्षेत्रीय समिति, जिल्ला समिति र केन्द्रीय कार्यसमिति सबैलाई समावेशी बनाउनुपर्ने व्यवस्था गरेको छ।

समावेशी गाउँ/नगर पार्टी : गाउँ/नगर अधिवेशनले क्रियाशील सदस्यहरूमध्येबाट निर्वाचन क्षेत्रीय अधिवेशनका लागि कम्तीमा दुई जना महिला, एक जना दलित, एक जना आदिवासी जनजाति, एक जना मधेसी वा मुसलमान वा अल्पसङ्ख्यक वा पिछडिएको वर्गसहित नौ जना प्रतिनिधि निर्वाचित गर्ने व्यवस्था गरेको छ। तर, महिला क्रियाशील सदस्य २५ जनाभन्दा बढी भएमा थप एक जना महिला प्रतिनिधि तथा त्यो सङ्ख्या १०० जनाभन्दा बढी भएमा अन्य एक जना महिला प्रतिनिधि पनि थप गर्नुपर्नेछ।[२१]

समावेशी क्षेत्रीय समिति : विधानले हरेक संसदीय निर्वाचन क्षेत्रबाट महाधिवेशन प्रतिनिधि (महासमिति सदस्य) चुनिनुपर्ने व्यवस्था गरेको छ। विधान अनुसार क्षेत्रीय अधिवेशनले आफ्ना सदस्यहरूमध्येबाट केन्द्रीय महाधिवेशनका लागि कम्तीमा दुई जना महिला, एक जना दलित, एक जना आदिवासी जनजाति, एक जना मधेसी/मुसलमान/अल्पसङ्ख्यक/पिछडिएको वर्गसहित ११ जना प्रतिनिधिको निर्वाचन गर्नेछ। क्षेत्रीय सभापतिलाई महाधिवेशनको पदेन सदस्यको हैसियत प्रदान गरिएको छ। उनलाई महाधिवेशन प्रतिनिधिसरह अधिकार हुनेछ।

महासमिति सदस्य : क्षेत्रीय अधिवेशनका सदस्यहरूले महाधिवेशन प्रतिनिधिहरूमध्येबाट महासमितिका लागि कम्तीमा एक जना महिलासहित पाँच जना सदस्य निर्वाचित गर्नुपर्ने हुन्छ।[२२]

समावेशी जिल्ला कार्यसमिति : १ देखि १० निर्वाचन क्षेत्र रहेका जिल्ला कार्यसमिति गठन गर्नुपर्ने भएकाले त्यही अनुरूप समावेशी सङ्ख्या पनि फरकफरक व्यवस्था गरिएको छ कङ्ग्रेस विधानमा। निर्वाचन क्षेत्र हेरी जिल्ला कार्यसमितिको आकार सानो या ठूलो हुन सक्ने व्यवस्था गरिएको छ। जिल्ला कार्यसमिति गठन गर्दा महिला, दलित, आदिवासी जनजाति, मधेसी/मुसलमान/अल्पसङ्ख्यक/पिछडिएको क्षेत्रसहितबाट निर्वाचित गर्नुपर्ने प्रावधान रहेको छ र जिल्ला कार्यसमिति सभापतिले समितिमा मनोनीत गर्ने व्यवस्था गरिएको छ भने महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य जिल्ला कार्यसमितिको पदेन सदस्य हुनेछन्।[२३]

केन्द्रीय कार्यसमितिको बनोट : विधानमा भएको पछिल्लो परिमार्जन र संशोधनले ६३ वर्षपछि नेपाली कङ्ग्रेसको गाउँ/नगर समितिदेखि केन्द्रीय कार्यसमितिसम्म समावेशी अनुहार प्रतिबिम्बित गरेको छ। पदेन सदस्यबाहेक केन्द्रीय कार्यसमितिमा सभापतिसहित ८५ जना रहने व्यवस्था गरेको छ। देशैभरिका महाधिवेशन प्रतिनिधिहरूले चुन्ने २५ जना, १४ अञ्चलबाट निर्वाचित हुने १४ जना, छ जना निर्वाचित महिला तथा एक जना सभापतिबाट मनोनीत गरी सात जना महिला, कम्तीमा दुई जना महिलासहित पाँच

---

२१ *नेपाली कङ्ग्रेस विधान, २०१७* (२०५१, २०५४, २०५७, २०६२, २०६४ र २०६६ मा संशोधन र परिमार्जन गरी मिलाइएको रूपमा), पृ. ९
२२ ऐ,ऐ. पृ. १८
२३ ऐ, पृ. २१-२७

जना दलित तथा एक जना सभापतिबाट मनोनीत गरी छ जना दलित, कम्तीमा दुई जना महिलासहित पाँच जना आदिवासी जनजाति तथा सभापतिबाट मनोनीत एक जना गरी छ जना आदिवासी जनजाति, कम्तीमा दुई जना महिलासहित पाँच जना मधेसी तथा सभापतिबाट मनोनीत एक जना गरी छ जना मधेसी, निर्वाचित एक तथा सभापतिबाट मनोनीत एक जना गरी दुई जना मुसलमान र सभापतिबाट मनोनीत हुने १६ जना गरी केन्द्रीय कार्यसमिति गठन गरिनुपर्नेछ।[२४]

यसैगरी कङ्ग्रेसले ६५ वर्ष उमेर पार गरेका पार्टी समर्थित जेष्ठ राजनीतिज्ञहरूको 'जेष्ठ राजनीतिज्ञ सभा' गठन गर्ने व्यवस्था विधानमा गरेको छ। यो सभा केन्द्रमा केन्द्रीय सभापति र जिल्लामा जिल्ला सभापतिको अध्यक्षतामा गठन हुने उल्लेख छ। यस्तो सभाले पार्टीलाई सल्लाह, सुझाव दिनेछ। साथै अहिले नेपाली कङ्ग्रेस केन्द्रीय कार्यालयमा विभिन्न जाति र पेशागत सङ्घका 'साइनबोर्ड' झुन्डिएका छन्। यसले कङ्ग्रेस समानुपातिक समावेशीकरणको सिद्धान्तमा प्रतिबद्ध रहेको देखाउँछ।

२०१७ सालमा काठमाडौँमा सम्पन्न सातौँ महाधिवेशनका विभिन्न प्रस्तावमध्ये महिला उत्थान सम्बन्धी प्रस्तावमा भनिएको थियो, 'विशेष रूपले सरकारी नियुक्ति र पार्टी सङ्गठनमा पनि महिलालाई विशेष सुविधा प्रदान गर्नेछ।'[२५] पुण्यप्रभादेवीद्वारा प्रस्तावित उक्त प्रस्ताव राधादेवी कँडेल र सिंहध्वजले समर्थन गरेपछि महाधिवेशनबाट पारित भएको थियो। २०१५ सालमा सम्पन्न पहिलो आम निर्वाचनमा नेपाली कङ्ग्रेसले महिला उत्थान निम्ति घोषणापत्रमा भनेको थियो, 'महिला र पिछडिएका वर्गको सबै अधिकारको संरक्षण हुनेछ एवं शिक्षाद्वारा तिनको बौद्धिक विकास गराउने विशेष व्यवस्था गरिनेछ।'[२६] त्यस बेलादेखि अहिलेसम्म आइपुग्दा पार्टी सङ्गठन बल्ल समावेशीकरणतर्फ अघि बढेको छ। तर, पार्टी नेतृत्वमा गठन भएका सरकार भने अझै समावेशी भएको पाइँदैन।

समावेशी पार्टी, असमावेशी सरकार

पछिल्लो पटक परिमार्जित र संशोधित विधान अनुसार नेपाली कङ्ग्रेसका सबै निकाय समावेशी बनाउनुपर्ने व्यवस्था गरिएको छ। तर, समयमा जिल्ला कार्यसमिति र केन्द्रीय कार्यसमिति गठन नहुने र भ्रातृ सङ्गठनका महाधिवेशन अन्योलका कारण पार्टीले अख्तियार गरेको समावेशीकरणको नीति सफलतापूर्वक कार्यान्वयन हुन सकेको छैन। थपिएको एक वर्षको समयावधि पनि सकिनै लाग्दा पार्टीका पूर्व सभापति तथा प्रधानमन्त्री सुशील कोइरालाले केन्द्रीय कार्यसमितिलाई पूर्णता दिए पनि केही जिल्ला कार्यसमिति भने तेह्रौँ महाधिवेशनमा जुटिसक्दा पनि अपूर्ण नै रहेका थिए।

२०६८ सालमा सम्पन्न जनगणनाको आधारमा सबै जात/जाति, वर्ग र क्षेत्रलाई समावेश गरी केन्द्रीय कार्यसमिति गठन गरिएको थियो। २०६७ असोज ५ गते काठमाडौँमा सम्पन्न १२ औँ महाधिवेशनपछिको कार्यसमिति समावेशीकरण सिद्धान्तको आधारमा गठन गरिएको थियो। तर, जनसङ्ख्याको आधारमा भने समानुपातिक थिएन।

---

२४ ऐ. पृ. ३६-३७

२५ राजेश गौतम, २०६६, *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कङ्ग्रेस, भाग, २,* काठमाडौँः कृष्णकुमारी अधिकारी र श्रीराम श्रेष्ठ, पृ. २०४

२६ गगन थापा, प्रताप पौडेल, शंकर तिवारी, २०६७, सङ्कलन तथा सम्पादन, *नेपाली कङ्ग्रेसः ऐतिहासिक दस्तावेजहरू,* काठमाडौँः पब्लिक पोलिसी पाठशाला, प्रा.लि. काठमाडौ, पृ. १२८

तालिका १५ : २०६७ असोज ५ गते सम्पन्न बाह्रौं महाधिवेशनपछि गठित केन्द्रीय कार्यसमिति

जम्मा ८५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	२
	बाहुन	६	२८
	क्षत्री/ठकुरी	२	१४
जनजाति	नेवार	-	४
	पहाडे-हिमाली	४	७
	तराई	१	१
दलित	पहाडे	१	४
	तराई	१	-
मधेसी		२	६
मुसलमान		-	२
अन्य		-	-
जम्मा		**१७**	**६८**
सभापति – सुशील कोइराला			

८५ सदस्यीय कार्यसमितिमा सभापति सुशील कोइरालासहित ३४ जना (४० प्रतिशत) बाहुन, १६ जना (१८.८२ प्रतिशत) क्षत्री/ठकुरी, चार जना (४.७० प्रतिशत) नेवार, आठ जना (९.४१ प्रतिशत) मधेसी, दुई जना (२.३५ प्रतिशत) तराई जनजाति, ११ जना (१२.९४ प्रतिशत) पहाडे-हिमाली जनजाति, दुई जना (२.३५) दशनामी, दुई जना (२.३५) मुसलमान र पाँच जना (५.८८ प्रतिशत) पहाडे दलित तथा एक जना (१.१७ प्रतिशत) तराई दलित समावेश थिए। तीमध्ये विभिन्न जात समूहका १७ जना महिला समावेश गरिएका थिए।[२७]

चेतको अभाव भनूँ या अव्यावहारिक सोचाइका कारण समावेशी कार्यसमिति हाँकिरहेका प्रधानमन्त्री सुशील कोइरालाको प्रधानमन्त्रित्वमा २०७० माघ २७ गते गठन भएको मन्त्रिपरिषद् भने समावेशी हुन सकेन। तर, त्यो नेपाली कङ्ग्रेसको एकमना सरकार चाहिँ थिएन। एमाले, राप्रपा, माले लगायत राजनीतक दलहरू संलग्न गठबन्धन सरकार थियो। कोइराला पार्टीमा महिला, दलित, आदिवासी जनजाति, मुसलमान, मधेसी लगायतलाई समावेश गर्न नीतिगत रूपमा सफल भए पनि उनको नेतृत्वको मन्त्रिपरिषद्मा महिला, दलित, आदिवासी जनजाति, मुसलमान, मधेसी समुदायको यथोचित् सहभागिता गराउन चाहिँ चुके।

२०७० मङ्सिर ४ मा सम्पन्न संविधानसभा-२ को निर्वाचनमा नेपाली कङ्ग्रेसद्वारा जारी गरिएको घोषणापत्रमा समावेशीकरणको नीतिमा जोड दिइएको छ। घोषणापत्रको पृष्ठ २४ मा उल्लेख गरिएको छ, 'विविधताबीचको एकता आम नेपालीको साझा राष्ट्रियता' भन्ने मान्यतासाथ सबै पहिचानलाई सम्मान र सम्बोधन गर्दा नै नेपालको राष्ट्रियता मजबुत र सुन्दर हुन्छ भन्ने ठान्दछ।'[२८]

---

२७ नेपाली कङ्ग्रेस केन्द्रीय कार्यसमितिको पदाधिकारी तथा सदस्यहरूको नामावली (२०६७ असोज ५ गते सम्पन्न बाह्रौं महाधिवेशनपछि गठित)

२८ संविधानसभा निर्वाचन, २०७०, नेपाली कङ्ग्रेसको घोषणापत्र

अध्याय चार

जातीय मुक्ति आन्दोलन र नेपाल कम्युनिष्ट पार्टीको जन्म

पुष्पलाल श्रेष्ठ, निरञ्जन गोविन्द वैद्य, नरबहादुर कर्माचार्य, नारायणविलाश जोशी र दुर्गादेवी (मोतीदेवी श्रेष्ठ) मिलेर २००६ वैशाख १० गते नेपाल कम्युनिष्ट पार्टी स्थापना गरेका थिए । त्यस बखत तिनले 'जातीय आन्दोलनमा नेपाल कम्युनिष्ट पार्टी' भन्ने प्रतिवेदन सार्वजनिक गरेका थिए । ६७ वर्षअघिदेखि हालसम्म नेपालका कम्युनिष्ट पार्टीहरूले जातीय मुक्ति आन्दोलनको नारा घन्काउँदै आएका भए पनि अझै त्यसले त्यो लक्ष्य प्राप्त गरेको छैन । पूर्व सोभियत संघका कम्युनिष्ट नेता भ्लादिमिर ई. लेनिनको विश्वव्यापी प्रसिद्धी फैलिएको र उनले अपनाएको 'जातीय मुक्ति' मार्गलाई संसारभरिका कम्युनिष्टहरूले अनुसरण गर्न थालेको पृष्ठभूमिमा नेपालका केही शिक्षित युवा त्यसतर्फ आकर्षित भई कम्युनिष्ट पार्टी स्थापना गरेका थिए ।

तिनताका नेपाल जहानियाँ राणाहरूको हुकुमी शासनले थिचिएको थियो । जनतालाई 'रैती' भनिन्थ्यो । त्यसमा पनि अझ सर्वसाधारणलाई त 'चुने रैती' भनिन्थ्यो । 'रैती' र तिनका सन्तानको कुनै पनि अधिकार थिएन । सारा अधिकार छिनिएका बेला मुलुकभित्र राजनीतिक सङ्गठन खोल्न सक्ने परिस्थिति थिएन । तसर्थ नेपाल कम्युनिष्ट पार्टीको स्थापना भारतको औद्योगिक नगर कलकत्तामा गर्नुपरेको थियो । त्यसमा भारतीय कम्युनिष्ट पार्टीका नेताहरूको प्रत्यक्ष सहयोग रहेको थियो । साढे ६ दशकअघि स्थापना भएको नेपाल कम्युनिष्ट पार्टी हालसम्म आइपुग्दा धेरै समूहमा विभाजित भइसकेको छ र पनि मुलुकमा यसको उपस्थिति र पहुँच एक नम्बरमा रहेको छ ।

तर, तिनले स्थापना कालदेखि उठाउँदै आएका जनजीविका र राष्ट्रिय मुक्तिको सवाल चाहिँ आजसम्म पूरा गर्न सकेका छैनन् । २०२८ सालको झापा विद्रोह (व्यक्ति हत्याको राजनीति) बाट उदाएको एमाले र २०५२ सालपछि हत्या, हिंसाको जगमा फैलिएर सत्तामा पुगेको एमाओवादी दुवैले पटकपटक सत्ता सम्हालिसकेका भए पनि तिनका घोषणापत्र र नारा भनाइमा मात्र सीमित भए । उल्टै तिनीहरू मार्क्सवादी अर्थशास्त्र र लेनिनवादी जनवादी केन्द्रीय सत्ता कार्यान्वयनको बाटोबाट विमुख भई पुँजीवादी प्रतिस्पर्धा र संसदवादी सत्ताको मोहमा फसे । परिणाम गरिब, निमुखा जनतामा तिनीहरूप्रति विरक्ति र वितृष्णा पैदा हुँदैछ । हरेक

महाधिवेशन र घोषणापत्रमा सामाजिक न्याय र जातीय मुक्तिको कुरालाई जोडदार रूपमा उठाउने नेपालका कम्युनिष्ट पार्टीहरूले सत्तामा पुग्दा भने यी विषय कार्यान्वयनमा खासै दिलचस्पी दिएनन् ।

वर्गीय मुक्तिसँगै जातीय मुक्ति र लिङ्गीय समानताको कुरा गरेर कहिल्यै नथाक्ने वामपन्थीका आफ्नै सङ्गठन र सत्ताको स्वरूप चाहिँ कत्तिको समावेशी होला ? यसबारे यस अध्ययनमा चर्चा गर्ने प्रयास गरिएको छ ।

त्रिभुवन विश्वविद्यालय, इतिहास केन्द्रीय विभागका प्रा. सुरेन्द्र केसीले 'नेपालमा कम्युनिष्ट आन्दोलन' विषयमा विद्यावारिधि गरेका छन् । नेपाली वाम आन्दोलनलाई मिहिन ढङ्गले केलाएका प्रा. केसीका शब्दमा, 'नेपालका वामपन्थीहरूले यहाँको विविधतालाई समेट्ने मनसुवा लिएको देखिन्छ । तर, त्यो कोटामा मात्रै सीमित हुन पुगेको छ ।' दुर्गादेवी उर्फ मोतीदेवी श्रेष्ठलाई नेपाल कम्युनिष्ट पार्टीको संस्थापक सदस्य मान्न सकिने थुप्रै प्रमाण प्रा. केसीले आफ्नो शोधपत्रमा जुटाएका छन् । उनको शोधपत्रका अनुसार नेपाल कम्युनिष्ट पार्टीका पाँच जना संस्थापक सदस्यमध्ये मोतीदेवी महिला थिइन् भने अन्य सबै पुरुष थिए । रमाइलो पक्ष त के भने 'पुष्पलालले नेपाल कम्युनिष्ट पार्टी स्थापनामा अभूतपूर्व निष्ठा प्रस्तुत गरेको भए तापनि पद प्राप्तिको विषयलाई यिनले सर्वथा महत्त्व दिने गरे । पार्टी स्थापना गर्ने बेलामा योग्य व्यक्तिहरू हुँदाहुँदै यिनले तुलनात्मक रूपमा कमजोर र एउटै समुदायका व्यक्ति राखेर कम्युनिष्ट पार्टीको निर्माण गरे ।'[२९] नेपाल कम्युनिष्ट पार्टीका पाँचै जना संस्थापक नेवार समुदायका थिए । पार्टी स्थापनादेखि २००८ सालसम्म पुष्पलाल महासचिव भए ।

२००८ असोज (५-१३) मा नेपाल कम्युनिष्ट पार्टीको पहिलो सम्मेलन कलकत्तामा सम्पन्न भएको थियो । पहिलो सम्मेलनले पार्टीको कार्यनीति, विधान र केन्द्रीय कार्यसमिति विधिवत् छनोट गऱ्यो ।

तालिका १ : २००८ असोज (५–१३) मा सम्पन्न नेकपाको पहिलो सम्मेलनपछिको केन्द्रीय कार्यसमिति

जम्मा १४ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	७
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	१
अन्य		-	१ (भारतीय नागरिक)
	जम्मा	**–**	**१४**
महासचिव – मनमोहन अधिकारी			

नेकपाको पहिलो सम्मेलनले कृष्णराज बर्मा, बासुदेव ढुंगाना, मनमोहन अधिकारी (महासचिव), डा. केशरजङ्ग रायमाझी, कमर शाह, हिक्मतसिंह भण्डारी, केदारप्रसाद उपाध्याय, कमलराज रेग्मी, शम्भुराम

२९ सुरेन्द्र केसी, २०६०, *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास, भाग-२*, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, पृ. ४१ ।

श्रेष्ठ, पुष्पलाल, महेशप्रसाद उपाध्याय, शैलेन्द्रकुमार उपाध्याय, डीपी अधिकारी र अयोध्या सिंह (भारतीय नागरिक) सम्मिलित केन्द्रीय कार्यसमिति गठन गरेको थियो ।[३०] उक्त कार्यसमितिमा रहेका मध्ये बाहुन सात जना (५० प्रतिशत), क्षत्री/ठकुरी चार जना (२८.५७ प्रतिशत), नेवार दुई जना (१४.२८ प्रतिशत), मुसलमान एक जना (७.१४ प्रतिशत) र भारतीय नागरिक एक जना (७.१४ प्रतिशत) थिए । नेपाल कम्युनिष्ट पार्टीको १४ सदस्यीय पहिलो केन्द्रीय कार्यसमितिमा न कुनै महिला सहभागी थिए न त कुनै जनजाति र मधेसी/तराईवासीको नै उपस्थिति थियो । बरु एक जना भारतीय नागरिक सामेल थिए जसलाई पोलिटब्युरो सदस्य बनाइएको थियो । सप्तरीका एक जना मुसलमान थिए – कमर शाह ।[३१]

एमाले उपाध्यक्ष भीम रावलले नेपाल कम्युनिष्ट पार्टीको पहिलो र दोस्रो महाधिवेशनबारे आफ्नो स्नातकोत्तर तहको शोधपत्र (२०४४) मा उल्लेख गरेका छन् । रावलले उक्त शोधपत्रमा नेपाल कम्युनिष्ट पार्टीको पहिलो महाधिवेशन (२०१० माघ १३-१७) र दोस्रो महाधिवेशन (२०१४ जेठ) ले चयन गरेको केन्द्रीय कार्यसमितिमा संलग्नहरूको जातिगत, शैक्षिक र क्षेत्रगत तथ्याङ्क विश्लेषण गरेका छन् । उनका अनुसार पहिलो महाधिवेशनले १७ सदस्यीय केन्द्रीय कार्यसमिति गठन गरी मनमोहन अधिकारीलाई महासचिवमा निर्वाचित गरेको थियो । मनमोहन अधिकारी (महासचिव), पुष्पलाल, शम्भुराम श्रेष्ठ, डीपी अधिकारी, शैलेन्द्रकुमार उपाध्याय, डा. केशरजङ्ग रायमाझी, कमर शाह, कृष्णराज बर्मा, केदार खनाल, तुल्सीलाल अमात्य, धनुषचन्द्र गौतम, नरबहादुर कर्माचार्य, महेशप्रसाद उपाध्याय, मधु सिंह, राधाप्रसाद घिमिरे, विष्णुप्रसाद पराजुली र हिक्मतसिंह भण्डारी सदस्य थिए । उक्त कार्यसमितिमा बाहुन आठ जना (४७.०५ प्रतिशत), क्षत्री/ठकुरी चार जना (२३.५२ प्रतिशत), नेवार चार जना (२३.५२ प्रतिशत) र मुसलमान एक जना (५.८८ प्रतिशत) समावेश थिए।

तालिका २ : २०१० माघ (१३–१७) मा सम्पन्न नेकपाको पहिलो महाधिवेशनपछि गठित केन्द्रीय कार्यसमिति

जम्मा १७ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	८
	क्षत्री/ठकुरी	-	४
जनजाति	नेवार	-	४
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	१
अन्य		-	
	जम्मा	**–**	**१७**
महासचिव – मनमोहन अधिकारी			

३० ऐ., पृ. ख।

३१ ऐ., पृ. ५२।

क्षेत्रगत रूपमा उपत्यकाबाट २३ प्रतिशत, सुदूरपूर्वबाट ४१ प्रतिशत, मध्यपूर्वबाट २३ प्रतिशत, मध्यपश्चिमबाट १२ प्रतिशत र सुदूरपश्चिमबाट शून्य प्रतिशत प्रतिनिधित्व रहेको थियो । ४७ प्रतिशत बाहुन, २३ प्रतिशत क्षत्री/ठकुरी, २३ प्रतिशत नेवार र ६ प्रतिशत मुसलमान समुदाय समावेश गरिएको थियो। तीमध्ये शहरबजारका ७१ प्रतिशत र गाउँका २९ प्रतिशत थिए भने वर्गीय रूपमा ३३ प्रतिशत जमिनदार, ३५ प्रतिशत शहरिया पेट्टी बुर्जुवा, २४ प्रतिशत मध्यम वर्गीय श्रमिक र ६ प्रतिशत निम्नमध्यम वर्गीय श्रमिक थिए।[३२]

सर्वहारा वर्गको मुक्तिका लागि भनी स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय कार्यसमितिमा कुनै पनि महिलालाई समेटिएको थिएन। त्यस्तै वर्षौंदेखि छुवाछुतको पीडा बेहोरिरहेका दलितलाई पनि कुनै स्थान दिएको थिएन । उक्त केन्द्रीय कार्यसमितिको हर्ताकर्ता पनि बाहुन, क्षत्री/ठकुरी र नेवार नै थिए । जमिनदार र शहरिया पेट्टी बुर्जुवाहरूले नै महाधिवेशन, केन्द्रीय कार्यसमिति र पोलिटब्युरो सदस्यमा वर्चस्व कायम राख्नुले नेपाल कम्युनिष्ट पार्टीको स्थापना काल समावेशीकरणको मुद्दामा चुकेको देखिन्छ ।

नेपाल कम्युनिष्ट पार्टीमाथि मातृकाप्रसाद कोइराला नेतृत्वको सरकारले प्रतिबन्ध लगाएपछि २०१३ वैशाखसम्म प्रतिबन्धित अवस्थामा नै गुज्रिनुपऱ्यो । नेपाल प्रजापरिषद्का नेता टंकप्रसाद आचार्य प्रधानमन्त्री भएपछि कम्युनिष्ट पार्टीमाथिको प्रतिबन्ध फुकुवा भएको थियो ।

२०१४ जेठमा काठमाडौँमा सम्पन्न पार्टीको दोस्रो महाधिवेशनले डा. केशरजङ्ग रायमाझीलाई महासचिवमा निर्वाचित गरेपछि वैधानिक राजतन्त्र मान्ने र संसदवादलाई अनुसरण गर्न चाहनेहरूको बोलवाला बढ्न थाल्यो। पुष्पलालहरू छायामा पर्दै गए । तर, पार्टी औपचारिक रूपमा चाहिँ एक नै थियो । पुष्पलाल, तुल्सीलाल अमात्य, डीपी अधिकारी, कमर शाह, शम्भुराम श्रेष्ठ, हिक्मतसिंह भण्डारी, कृष्णराज बर्मा, मोहनविक्रम सिंह, अरविन्दनाथ रिमाल, पिएन राणा, पिबी मल्ल, कमलराज रेग्मी, केदारप्रसाद उपाध्याय, कृष्णलाल श्रेष्ठ, कृष्णप्रसाद अधिकारी र मधु सिंहलाई केन्द्रीय कार्यसमितिमा समावेश गरियो। उक्त कार्यसमितिमा बाहुन पाँच जना (२९.४१ प्रतिशत), क्षत्री/ठकुरी सात जना (४१.१७ प्रतिशत), नेवार चार जना (२३.५२ प्रतिशत) र मुसलमान एक जना (५.८८ प्रतिशत) रहेका थिए[३३] (तालिका ३) ।

नेपाल कम्युनिष्ट पार्टीको पहिलो महाधिवेशनले सुदूरपूर्व मोरङका मध्यम वर्गीय पेट्टी बुर्जुवा बाहुनलाई महासचिव चयन गरेको थियो भने दोस्रो महाधिवेशनले पश्चिम पाल्पाका जमिनदार क्षत्री/ठकुरीलाई महासचिवमा चयन गऱ्यो । पश्चिम नेपाल तनहुँका निम्नमध्यम वर्गीय श्रमिक कृष्णलाल श्रेष्ठ, पाल्पाका गरिब बाहुन कमलराज रेग्मी र मध्यपश्चिम सल्यानका निम्नमध्यम वर्गीय परिवारका ठकुरी पिबी मल्ललाई पहिलो पटक केन्द्रीय कार्यसमितिमा पुऱ्याए पनि सुदूरपश्चिम क्षेत्रलाई भने समेट्न सकेन। नेपाल कम्युनिष्ट पार्टीले दोस्रो महाधिवेशनसम्म आइपुग्दा पनि महिला, दलित र जनजातिलाई सहभागी नगराउनु उदेकलाग्दो विषय हो। तर, २०१० भदौ १७ मा काठमाडौँ नगरमा सम्पन्न प्रत्यक्ष निर्वाचनमा १८ वडामध्ये ६ वटा वडामा नेपाल कम्युनिष्ट पार्टीका उम्मेदवार विजयी भएका थिए। तीमध्ये साधना प्रधान पनि थिइन् । (स्व. साधना प्रधान नेपालको पहिलो वामपन्थी प्रधानमन्त्री मनमोहन अधिकारीकी धर्मपत्नी थिइन् ।) उनले काठमाडौँको वडा नम्बर ८ बाट बालिग मताधिकारका आधारमा चुनाव जितेकी थिइन् । प्रत्यक्ष चुनाव जित्ने हैसियतका

---

३२ भीम रावल, २०६४, *द कम्युनिष्ट मुभमेन्ट इन् नेपालः ओरिजिन एण्ड डेभलपमेन्ट,* काठमाडौँः अछाम-काठमाडौँ सम्पर्क मञ्च, नेकपा (एमाले), २०६४, पृ. १०३-१०४

३३ ऐ., पृ. १०५-१०६

महिला हुँदाहुँदै पनि पार्टी केन्द्रीय कार्यसमितिमा समावेश नगर्नु चाहिँ महिला मुक्तिको आवाज उठाउने कम्युनिष्ट पार्टीलाई सुहाउने कुरो थिएन ।

तालिका ३ : २०१४ जेठमा सम्पन्न नेकपाको दोस्रो महाधिवेशनपछि गठित केन्द्रीय कार्यसमिति

जम्मा १७ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	५
	क्षत्री/ठकुरी	-	७
जनजाति	नेवार	-	४
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	१
अन्य		-	
	जम्मा	**–**	**१७**
महासचिव – डा. केशरजङ्ग रायमाझी			

२०१५ फागुन ७ गते भएको पहिलो संसदीय निर्वाचनमा तुल्सीलाल अमात्य (निर्वाचन क्षेत्र-३, मतः ७,९५९), शेख फर्मान (निर्वाचन क्षेत्र-४९, मतः ४,९८४), हरदयाल महतो (निर्वाचन क्षेत्र-५०, मतः ५,२५०) र कमलराज रेग्मी (निर्वाचन क्षेत्र-९४, मतः ६,५६३) ले जितेका थिए ।[३४] १०९ क्षेत्रमध्ये नेपाल कम्युनिष्ट पार्टीले चार स्थान (८.५१ प्रतिशत) मात्र जितेको थियो । जितेका मध्ये महिला, दलित, जनजाति नभए पनि नेवार, बाहुन, मुसलमान र मधेसी जनजाति थिए । उक्त निर्वाचनमा पार्टीले १०९ स्थानमध्ये ४७ स्थानमा मात्र उम्मेदवार खडा गर्नुले पनि तिनताका नेपाल कम्युनिष्ट पार्टीको विस्तार कम रहेको देखाउँछ । उक्त निर्वाचनमा ३३ स्थान (७०.२ प्रतिशत) नेपाल कम्युनिष्ट पार्टीका उम्मेदवारको जमानत जफत भएको थियो । पार्टीले कुल १२९०४२ (७.२० प्रतिशत) मत पाएको थियो । पाँच जना पोलिटब्युरो सदस्यमध्ये चार जनाले उम्मेदवारी दिएका थिए । तीमध्ये तुल्सीलाल अमात्यले मात्र विजय हासिल गरेका थिए । उम्मेदवार बनेका केन्द्रीय सदस्यहरूमध्ये कमलराज रेग्मी एक जनाले मात्र जितेका थिए । जित्नेमध्ये एक जना पहाड, एक जना उपत्यका र दुई जना तराई/मधेसबाट थिए । महासचिव डा. केशरजङ्ग रायमाझी र पोलिटब्युरो तथा संस्थापक महासचिव पुष्पलालको पराजयले पार्टी कार्यकर्तामाझ व्यापक निराशा सिर्जना हुन पुग्यो ।

आम निर्वाचनमा पराजय भोग्नु पर्दाको पीडा र निराशाले रनाहामा परेको नेपाल कम्युनिष्ट पार्टीका नेता तथा कार्यकर्ताबीच आन्तरिक मतभेद चर्कँदै थियो । यत्तिकैमा २०१७ पुस १ को शाही 'कु'ले पार्टी नेतृत्व

३४ लोकदर्शन पण्डित (संकलक तथा लेखक), २०६३, *नेपालको संसदीय निर्वाचन दर्पण*, काठमाडौँः निर्वाचन आयोग, पृ. १७-२१

अल्पमत र बहुमत खेमामा विभाजित हुन पुग्यो । अल्पमत पक्ष राजाको कदमको तीव्र विरोधमा देखियो भने बहुमत पक्षले राजाको कदमको समर्थन गर्ने चेस्टा बोक्यो । विभिन्न बहानामा पार्टी महाधिवेशन सार्न थालेपछि अल्पमत पक्षले भारतको बनारसमा २०१९ वैशाख (४-१५) मा तेस्रो महाधिवेशन गऱ्यो । नेपाल कम्युनिष्ट पार्टी औपचारिक रूपमा विभाजित हुन पुग्यो ।

उक्त महाधिवेशनमा टिएल अर्थात् तुल्सीलाल र पिएल अर्थात् पुष्पलालका अलगअलग प्रस्ताव आए । टिएलको सर्वसत्तासम्पन्न संसद्को प्रस्ताव र पिएलको विघटित संसद् पुनर्स्थापनाको प्रस्तावमध्ये टिएलको प्रस्ताव पारित भएपछि उनी नै महासचिव बने । यद्यपि, उक्त महाधिवेशनमा मोहनविक्रम सिंहको संविधानसभा निर्वाचन सम्बन्धी प्रस्ताव पनि आएको थियो । २०७१ चैतमा मोहनविक्रम सिंहसँग भएको कुराकानीमा उनले कम्युनिष्टहरूले जातीय मुक्तिलाई वर्गीय मुक्तिकै कसीमा राखेर हेर्ने बताए । सिंहले भने, 'राजनीतिमा संलग्न नै नभएकालाई समानुपातिकको नाउँमा पार्टी सङ्गठनमा स्थान दिनु उचित हुँदैन । वर्गीय मुक्तिले नै जातीय मुक्ति हुन्छ ।' उनले थपे, 'अहिले जस्तो हचुवाको भरमा समानुपातिक समावेशीकरण भन्दै नेताका आसेपासेलाई संविधानसभामा पुऱ्याउन मैले २०१९ सालमा सम्पन्न नेपाल कम्युनिष्ट पार्टीको तेस्रो महाधिवेशनका बेला संविधानसभाको निर्वाचनमा जोड दिएको थिइनँ ।'

तालिका ४ : २०१९ वैशाख ४–१५ गते सम्पन्न नेकपाको तेस्रो महाधिवेशनपछिको केन्द्रीय कार्यसमिति

जम्मा ११ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	४
	क्षत्री/ठकुरी	-	४
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे		
	तराई		
मधेसी		-	-
मुसलमान		-	१
अन्य		-	
	जम्मा	**–**	११
महासचिव – तुल्सीलाल अमात्य			

नेकपाको तेस्रो महाधिवेशनले १७ सदस्यीय केन्द्रीय कार्यसमिति गठन गरेको उल्लेख गरे पनि ११ जनाको मात्र नामावली भेटिएको छ । तिनमा तुल्सीलाल अमात्य (महासचिव), पुष्पलाल, मनमोहन अधिकारी (जेल), हिक्मतसिंह भण्डारी, कृष्णराज बर्मा (जेल), मोहनविक्रम सिंह (जेल) र कमलराज रेग्मी (जेल) को सचिवालय (पोलिटब्युरो) चयन गरेको थियो । वैकल्पिक पोलिटब्युरो सदस्यहरूमा भरतमोहन अधिकारी, पुण्यप्रताप राणा, भरतराज जोशी, जयगोविन्द साह निर्वाचित भए । यो समिति पनि क्षेत्रीय, जातीय, लिङ्गीय र वर्गीय रूपमा समावेशी देखिँदैन ।

तुल्सीलाल र पुष्पलालबीच आन्तरिक किचलो बढेपछि २०२५ सालमा पुष्पलालले गोरखपुरमा तेस्रो सम्मेलन आयोजना गरी छुट्टै अघि बढ्ने र नेकपालाई गति दिने प्रयास गरे। तर, उनी यस पटक पनि सफल भएनन्। किनकि, नेकपाभित्रको आन्तरिक किचलो र विवाद बल्झिने क्रम रोकिनुको सट्टा झन् वृद्धि हुँदै गयो। तेस्रो महाधिवेशनद्वारा महासचिव निर्वाचित तुल्सीलाललाई छाडेर पुष्पलालले थालेको यो अभियान पनि विवादमुक्त रहेन। मोहनविक्रम सिंह, मनमोहन अधिकारीहरूले २०२७ सालमै पुष्पलाललाई असहयोग गरी अघि बढिसकेका थिए। उनीहरूले २०३१ भदौ ३०-असोज ७ मा बनारसमा नेकपाको चौथो महाधिवेशन गरी केन्द्रीय 'न्युक्लियस' गठन गरे। त्यसको महासचिवमा मोहनविक्रम सिंह चुनिए। १३ सदस्यीय केन्द्रीय कार्यसमिति बन्यो। तीमध्ये नौ जना पूर्ण र चार जना वैकल्पिक सदस्य थिए। महासचिव मोहनविक्रम सिंह, निर्मल लामा, भक्तबहादुर श्रेष्ठ, जय गोविन्द साह, खम्बसिंह कुँवर पोटिलब्युरो सदस्य र चित्रबहादुर केसी, खिमानसिंह गुरुङ, रघुविराम आचार्य र सूर्यनाथ यादव केन्द्रीय सदस्य रहेका थिए।

तालिका ५ : २०३१ भदौ ३०–असोज ७ गते सम्पन्न नेकपाको चौथो महाधिवेशनपछिको केन्द्रीय कार्यसमिति

जम्मा ९ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	१
	क्षत्री/ठकुरी	-	३
दलित	पहाडे	-	-
	तराई	-	-
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	२
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
जम्मा		**–**	९
महासचिव – मोहनविक्रम सिंह			

चौथो महाधिवेशनले निर्वाचित गरेका नौ जना पूर्ण सदस्यमध्ये एक जना (११.११ प्रतिशत) बाहुन, तीन जना (३३.३३ प्रतिशत) क्षत्री/ठकुरी, एक जना (११.११ प्रतिशत) नेवार, दुई जना (२२.२२ प्रतिशत) पहाडे-हिमाली जनजाति र दुई जना (२२.२२ प्रतिशत) मधेसी थिए।

नेपाल कम्युनिष्ट पार्टीभित्र हुर्केको व्यक्तिवादी चरित्र र फुटपरस्त चिन्तनका कारण पार्टी दिग्भ्रमित भइरहेको थियो। पार्टी कार्यकर्ता अन्योलमा थिए। त्यसै बेला पूर्व झापामा क्रियाशील युवा कार्यकर्ताहरूले भारतीय कम्युनिष्ट पार्टी र त्यसका नेता चारू मजुमदारको प्रभावमा परी स्थानीय भेकबाट सशस्त्र क्रान्ति गर्ने भनी झापामा व्यक्ति हत्या गर्न थाले। यो २०२८ सालको कुरा हो। 'सामन्तको सफाय' भन्दै हत्या, हिंसामा उत्रेको उक्त समूहले २०३२ सालमा अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी कोअर्डिनेसन कमिटी (माले)

गठन गऱ्यो । त्यसले २०३५ साउनमा नेकपा (माले) गठन गरेको घटना नेपाल कम्युनिष्ट पार्टीको विस्तारमा कोसेढुङ्गा साबित भयो । उक्त सम्मेलनले पार्टीको महासचिवमा सीपी मैनाली (बाहुन), पोलिटब्युरो सदस्यमा माधवकुमार नेपाल (बाहुन), जीवराज आश्रित (बाहुन), अमृत बोहोरा (वैकल्पिक पोलिटब्युरो/क्षत्री) लाई चयन गरेको थियो । त्यसैगरी केन्द्रीय सदस्यहरूमा रत्नकुमार बान्तवा (पहाडे-हिमाली जनजाति), रामचन्द्र यादव (मधेसी), मदन भण्डारी (बाहुन), प्रदीप नेपाल (बाहुन), झलनाथ खनाल (बाहुन), मणिलाल राई (पहाडे-हिमाली जनजाति) र गोविन्द न्यौपाने (बाहुन) चयन भएका थिए । कार्यसमितिमा बाहुन, क्षत्री/ठकुरी, पहाडे-हिमाली जनजाति र मधेसीको सहभागिता रहे पनि महिला, दलित र मुसलमान समुदायले स्थान पाएनन् । मालेले २०३१ भदौमा बनारसमा सम्पन्न नेकपाको चौथो महाधिवेशनलाई मान्यता दिएन ।

नेपाली वाम आन्दोलनमा टुटफुट र गालीगलौज परम्परा नै बनिसकेको थियो । यो रोगबाट माले पनि अपवाद रहन सकेन । २०३९ सालमा महासचिव सीपी मैनालीलाई कारबाही गरी हटाउनेसम्मको काम भयो र पनि मालेका नेता/कार्यकर्ताहरूले पार्टीलाई गाउँ तहसम्म पुऱ्याउन सफल भए । पञ्चायती चुनाव उपयोग गर्ने नीतिले तिनलाई जनतासँग नजिकिन मद्दत गऱ्यो । फैलिँदै र झाँगिँदै गएको अवस्थामा नेपाल कम्युनिष्ट पार्टीको तेस्रो महाधिवेशनकै निरन्तरता मान्दै मालेले २०४६ भदौ (९-१४) मा पार्टीको चौथो महाधिवेशन आयोजना गऱ्यो । यसरी नेकपाको तेस्रो महाधिवेशन भएको १२ वर्षपछि पहिलो समूह (चौम) ले चौथो महाधिवेशन गऱ्यो भने दोस्रो समूह (माले) ले २७ वर्षपछि नेकपा (माले) को चौथो महाधिवेशन गऱ्यो । उक्त महाधिवेशनले मदन भण्डारी (महासचिव), सीपी मैनाली, झलनाथ खनाल, जीवराज आश्रित, माधवकुमार नेपाल र अमृतकुमार बोहोरालाई (पोलिटब्युरो) चयन गरेको थियो भने केन्द्रीय सदस्यहरूमा अशोक राई, ईश्वर पोखरेल, खड्गप्रसाद शर्मा ओली, प्रदीप नेपाल, वामदेव गौतम, मुकुन्द न्यौपाने, मोदनाथ पश्रित, मोहनचन्द्र अधिकारी, युवराज ज्ञवाली, राधाकृष्ण मैनाली र त्रिलोचन ढकाल रहेका थिए ।

तालिका ६ : २०४६ भदौ ९-१४ गते सम्पन्न मालेको चौथो महाधिवेशनपछिको केन्द्रीय कार्यसमिति

जम्मा १७ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	१५
	क्षत्री/ठकुरी	-	१
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	१
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	-
जम्मा		**-**	**१७**
महासचिव – मदन भण्डारी			

उक्त कार्यसमितिमा बाहुन १५ जना (८८.२३ प्रतिशत), क्षत्री/ठकुरी एक जना (५.८८ प्रतिशत) र पहाडे-हिमाली जनजाति एक जना (५.८८ प्रतिशत) समावेश थिए। १७ सदस्यीय माले केन्द्रीय कार्यसमितिमा न कुनै महिला थिए, न मधेसी, न दलित र मुसलमान नै थिए। कार्यसमितिमा एक जना क्षत्री र एक जना पहाडे-हिमाली जनजातिबाहेक बाँकी सबै पहाडे बाहुन रहेका थिए।

माले आफ्नो ढङ्गले महाधिवेशन गरी बढिरहेको थियो भने त्योभन्दा १५ वर्षअघि नै चौथो महाधिवेशन गरेको मोहनविक्रम सिंह, मनमोहन अधिकारी, निर्मल लामाहरू चाहिँ महाधिवेशनको पाँच वर्ष पनि बित्न नपाउँदै फुटको संघारमा पुगिसकेका थिए। त्यस क्रममा २०३५ सालमा नै पार्टी महासचिव मोहनविक्रम सिंहलाई यौन दुर्व्यवहार गरेको आरोपमा अनुशासनको कारबाही गरी पार्टी महासचिव तथा अन्य जिम्मेवारीबाट समेत मुक्त गरिएको कुरा प्रा. सुरेन्द्र केसीले नेपाल कम्युनिष्ट पार्टीको इतिहास भाग २, पृष्ठ ११५ मा उल्लेख गरेका छन्। त्यसपछि महासचिवमा पोलिटब्युरो निर्मल लामा (वीरबहादुर) आए। तर, लामा पनि उक्त पदमा धेरै समय टिक्न सकेनन्। पञ्चायती निर्वाचनमा सहभागी हुने नीति अवलम्बन गरेको आरोपमा उनलाई पनि २०३६ सालमा कारबाही गरी महासचिवमा भक्तबहादुर श्रेष्ठ (शेरसिंह) लाई ल्याइयो।

मोहनविक्रम सिंह र निर्मल लामालाई कारबाही गरिएपछि र २०४० सालमा महासचिव भक्तबहादुर श्रेष्ठ पनि पक्राउ परेपछि नेकपाभित्र झनै अन्योल बढ्यो। नेकपा (चौम) भित्र मोहनविक्रम सिंह, निर्मल लामा र मोहन वैद्य 'किरण'हरू बीचको मतान्तर बढ्न थाल्यो। २०४० कात्तिकमा भारतको गोरखपुरमा सम्पन्न चौमको तेस्रो राष्ट्रिय सम्मेलनपछि निर्मल लामा समूह पार्टीबाट अलग हुन पुग्यो। यो चौमको पहिलो फुट थियो। त्यही सम्मेलनले पार्टीको नाम नेकपा (मशाल) राख्ने निर्णय गरेको थियो। नवगठित मशालमा पनि 'किरण' र एमबी सिंहबीच अन्तरद्वन्द्व चर्किन थाल्यो। विवाद बढिरहेकै बेला २०४१ मङ्सिरमा भारतको अयोध्यामा नेकपा (मशाल) ले पाँचौ महाधिवेशन सम्पन्न गऱ्यो। उक्त महाधिवेशनमा एमबी सिंहको 'व्यक्तिवादी अराजकतावादी' समूह विरुद्ध 'किरण'हरूको 'मध्यपन्थी अवसरवादी' समूहको बोलवाला देखियो। मोहन वैद्य 'किरण' महासचिवमा निर्वाचित भए। मोहनविक्रम सिंह समूहले २०४२ चैत (२५-२८) मा राष्ट्रिय सम्मेलन गरी नेकपा (मसाल) गठन गरे र त्यसको महासचिव मोहनविक्रम सिंह बने।

२०४३ सालको सेक्टर काण्ड (नेकपा मशालका महासचिव किरणको निर्देशनमा केही प्रहरी सेक्टरमा भएको असफल कारबाही) पछि नेकपा (मशाल) का महासचिवमाथि पार्टी नेता तथा कार्यकर्ताले असफल कारबाही गर्न निर्देश गरेको भनी आरोप लगाउन थाले। त्यसै आरोपका कारण 'किरण' महासचिवबाट पछि हट्न बाध्य भए। त्यसपछि नेकपा (मशाल) का महासचिवमा पुष्पकमल दाहाल 'प्रचण्ड' स्थापित भए। यसरी चौम तीन फ्याक हुँदा मुलुकमा बहुदलीय व्यवस्थाका लागि चलेको आन्दोलनले उत्कर्ष लिँदै थियो।

यसैबीच नेपाली कङ्ग्रेसले २०४६ माघ (५-७) काठमाडौँ क्षेत्रपाटीस्थित सर्वोच्च नेता गणेशमान सिंहको निवासमा भारतीय नेताहरूलाई समेत निम्त्याएर जनआन्दोलन घोषणाको तयारी गरिरहँदा विभिन्न वाम घटकले आन्दोलनमा मोर्चाबन्दी गरी सहभागी हुन चाहेपछि गणेशमान सिंहले वामपन्थीहरूसित मिलेर प्रजातन्त्र पुनर्स्थापनाको लडाइँ गर्ने उद्घोष गरे। त्यही माघ २ गते नेकपा (मार्क्सवादी) की नेतृ सहाना प्रधानको अध्यक्षतामा सात वाम सम्मिलित वाममोर्चा गठन भयो। मोर्चामा अन्य वाम घटकसँगै माले पनि सहभागी भयो र संयुक्त जनआन्दोलन सफल भइसकेपछि गठन भएको नेपाली कङ्ग्रेसका सभापति कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारमा मालेका झलनाथ खनाल, नेकपा (मार्क्सवादी) की श्रीमती सहाना

प्रधान र नेकपा (मानन्धर) का नीलाम्बर आचार्य मन्त्री भए । नेपाल कम्युनिष्ट पार्टीका सदस्यहरू पहिलो पटक मन्त्रिपरिषद्मा पुगे ।

संयुक्त राष्ट्रिय जनआन्दोलनमा नेकपा (मसाल), नेकपा (मशाल), सर्वहारा श्रमिक सङ्गठन लगायत साना वामपन्थी दलहरू सहभागी थिए । त्यसलाई परिचालन गर्न एउटा समिति बनेको थियो । उक्त समितिको प्रवक्ता डा. बाबुराम भट्टराई तोकिएका थिए । २०४६ सालको जनआन्दोलनमा होमिएको संयुक्त राष्ट्रिय जनआन्दोलनमा संलग्न वाम घटकहरू चाहिँ आन्दोलनलाई नेपाली कङ्ग्रेस र वाममोर्चाले झैं बिसाउने पक्षमा थिएनन् । जनआन्दोलनलाई थप चर्काउने पक्षमा थिए । नेकपा (मशाल) का महासचिव 'प्रचण्ड' चाहिँ पार्टी एकीकरण अभियानमा सक्रिय थिए ।

'प्रचण्ड' ले नेतृत्व गरेको मशाल, निर्मल लामा समूहको (चौम), रूपलाल विश्वकर्मा समूहको (सर्वहारा श्रमिक सङ्गठन), डा. बाबुराम भट्टराईको विद्रोही मसाल र रूपचन्द्र विष्टको 'थाहा' आन्दोलनमा रहेकाहरूलाई समेटेर २०४७ सालमा नेकपा (एकता केन्द्र) स्थापना भयो । यता माले र मार्क्सवादीबीच एकता भई नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेननवादी) अर्थात् एमाले गठन भयो ।

अध्याय पाँच

एमालेमा 'बाहुनवादी' वर्चस्व

जनआन्दोलन सफल भएको नौ महिनापछि २०४७ पुस २२ गते नेकपा (माले) र नेकपा (मार्क्सवादी) एक भई नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनीनवादी) बन्न पुग्यो । मनमोहन अधिकारी (अध्यक्ष), मदन भण्डारी (महासचिव) र पोलिटब्युरो सदस्यहरू- सीपी मैनाली, जीवराज आश्रित, झलनाथ खनाल, माधवकुमार नेपाल, बलराम उपाध्याय, भरतमोहन अधिकारी, सहाना प्रधान र सिद्धिलाल सिंह थिए । केन्द्रीय सङ्गठन समिति सदस्यहरूमा अमृतकुमार बोहोरा, अशोककुमार राई, ईश्वर पोखरेल, कमल कोइराला, केशरमणि पोखरेल, खड्गप्रसाद शर्मा ओली, गोविन्दराज ज्ञवाली, नरबहादुर खाँड, वाचस्पति देवकोटा, वामदेव गौतम, विष्णु पौडेल, मुकुन्द न्यौपाने, मोदनाथ प्रश्रित, मोहनचन्द्र अधिकारी, युवराज ज्ञवाली, राधाकृष्ण मैनाली र सुरेन्द्र पाण्डे थिए ।[३५] सहाना प्रधान नेपाल कम्युनिष्ट पार्टीको इतिहासमा पोलिटब्युरो सदस्य बन्ने पहिलो महिला भइन् । पोलिटब्युरो र केन्द्रीय सङ्गठन समितिमा यस पटक पनि पहाडे बाहुनहरूकै हालीमुहाली रह्यो ।

२०४८ सालमा सम्पन्न आम निर्वाचनमा नेपाली कङ्ग्रेसले प्रतिनिधिसभाको २०५ स्थानमध्ये ११० स्थानमा विजय हासिल गरी साधारण बहुमत पायो भने बलियो प्रतिपक्षीको रूपमा एमाले ६९ सिटसहित संसदमा उपस्थित भयो । निर्वाचनमा वाक्पटुताका धनी महासचिव मदन भण्डारीले नेपाली कङ्ग्रेसका सभापति तथा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई पराजित गर्दै काठमाडौंका दुईटा क्षेत्रबाट विजय हासिल गरेपछि भण्डारीको पहुँच एकाएक राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा फैलिन पुग्यो । साथै, नेपाल कम्युनिष्ट पार्टीका अन्य सबै घटकलाई छायामा पार्दै एमाले मूलधारको वामपन्थी पार्टीका रूपमा उदायो ।

२०४९ भदौ (१४-२०) काठमाडौंमा सम्पन्न एमालेको पाँचौ महाधिवेशनमा मदन भण्डारी महासचिवमा भारी मतले निर्वाचित भए । उनीद्वारा प्रस्तावित 'जनताको बहुदलीय जनवाद' सम्बन्धी राजनीतिक प्रस्ताव अनुमोदन भयो । माघ २० मा घोषणा गरिएको ३५ सदस्यीय केन्द्रीय कार्यसमिति सदस्यमध्ये २३ जना

---

३५ सुरेन्द्र केसी, २०६०, *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास, भाग-२*, काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, पृ. ९९

(६५.७१ प्रतिशत) बाहुन, पाँच जना (१४.२८ प्रतिशत) नेवार, दुई जना (५.७१ प्रतिशत) पहाडे-हिमाली जनजाति, दुई जना (५.७१ प्रतिशत) क्षत्री/ठकुरी, दुई जना (५.७१ प्रतिशत) मधेसी र एक जना (२.८५ प्रतिशत) मुसलमानलाई समावेश गरिएको थियो । तीमध्ये एक जना (२.८५ प्रतिशत) मात्र महिला थिइन् । दलितलाई समावेश गरिएको थिएन । ११ सदस्यीय स्थायी समिति वा पोलिटब्युरो पनि गठन गरिएको थियो । त्यसमा मनमोहन अधिकारी (अध्यक्ष), मदन भण्डारी (महासचिव) र पोलिटब्युरो सदस्यहरू सीपी मैनाली, माधवकुमार नेपाल, केपी शर्मा ओली, भरतमोहन अधिकारी, सहाना प्रधान, वामदेव गौतम, राधाकृष्ण मैनाली, जीवराज आश्रित र अमृतकुमार बोहोरा थिए ।[३६]

तालिका १ : २०४९ भदौ १४-२० गते सम्पन्न एमाले पाँचौँ महाधिवेशनपछिको केन्द्रीय कार्यसमिति

जम्मा ३५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	२३
	क्षत्री/ठकुरी	-	२
जनजाति	नेवार	१	४
	पहाडे-हिमाली	-	२
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	१	**३४**
अध्यक्ष – मनमोहन अधिकारी, महासचिव – मदन भण्डारी			

दुःखको कुरा लोकप्रिय नेता तथा एमाले महासचिव मदनकुमार भण्डारीको २०५० जेठ ३ गते चितवनको दासढुङ्गामा जीप दुर्घटनामा परी निधन भयो । २०५१ सालमा सम्पन्न मध्यावधि निर्वाचनमा ८८ सिट ल्याएर एमाले संसदमा सबैभन्दा ठूलो दल बन्यो । २०५१ मङ्सिर १४ गते पार्टी अध्यक्ष मनमोहन अधिकारीको प्रधानमन्त्रित्वमा अल्पमतको एकमना सरकार गठन भयो । नेपालको इतिहासमा निर्वाचनको माध्यमबाट पहिलो पटक कम्युनिष्टको सरकार गठन हुनपुग्यो । जनजीविका, जातीय मुक्ति र महिला मुक्तिको चर्को नारा दिने कम्युनिष्ट पार्टी नेतृत्वको सरकारले पनि समावेशी मन्त्रिपरिषद् गठन गर्न भने सकेन । १५ सदस्यीय उक्त मन्त्रिपरिषद्मा महिला र दलित एक जना पनि समावेश थिएनन् ।

३६ ऐ, पृ. १०८

तालिका २ : २०५१ मङ्सिर १४ गते गठित एमाले नेतृत्वको मन्त्रिपरिषद्

जम्मा १५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	९
	क्षत्री/ठकुरी	-	२
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	२
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	**-**	**१५**
प्रधानमन्त्री – मनमोहन अधिकारी			

उक्त मन्त्रिपरिषद्मा बाहुन नौ जना (६० प्रतिशत), क्षत्री/ठकुरी दुई जना (१३.३३ प्रतिशत), नेवार एक जना (६.६६ प्रतिशत), पहाडे-हिमाली जनजाति दुई जना (१३.३३ प्रतिशत) र मुसलमान एक जना (६.६६ प्रतिशत) रहेका थिए।[३७]

एसियामै पहिलो निर्वाचित वामपन्थी सरकारले केही लोककल्याणकारी कार्यक्रम ल्याए पनि मुलुकको विविधता सम्बोधन हुनेगरी जातीय, क्षेत्रीय र लिङ्गीय रूपमा समावेशी मन्त्रिपरिषद् गठन गर्न भने चुक्यो। नौ महिनापछि यो सरकारको अवशानसँगै नेपाली कङ्ग्रेसका नेता शेरबहादुर देउवाको प्रधानमन्त्रित्वमा मिलीजुली सरकार गठन हुन पुग्यो। यत्तिकैमा नेपाल कम्युनिष्ट पार्टीको एक घटकले माओवादका नाममा हिंसात्मक विद्रोह गर्ने तानाबाना बुन्यो। आतङ्क सिर्जना गरी समाजलाई डर-त्रासको छायामा कैद गरेपछि करिब एक दशकसम्म मुलुकले हिंसा र प्रतिहिंसाको दुष्चक्र बेहोर्नुपऱ्यो।

संसदमा प्रतिपक्षमा रहेको एमालेको २०५४ माघ (१२-१८) मा नेपालगञ्जमा छैटौं महाधिवेशन सम्पन्न भयो। महाधिवेशनको पूर्वसन्ध्यामा बसेको केन्द्रीय कार्यसमिति बैठकमा पार्टीभित्रको सङ्घर्षले चरम रूप लियो। महासचिव माधवकुमार नेपालको पक्षमा १८ पदाधिकारी र पोलिटब्युरो सदस्य वामदेव गौतमको पक्षमा १४ जना पदाधिकारी देखिए भने दुई जना तटस्थ बसे। महाधिवेशन स्थलमा कुटाकुट भयो। यसरी एमालेको छैटौं महाधिवेशनबाट अलग्गिएर वामदेव गौतम पक्षधरले फेरि नेकपा (माले) गठन गऱ्यो। यस महाधिवेशनले ३० सदस्यीय केन्द्रीय कार्यसमिति गठन गऱ्यो।

३७ *नेपालका मन्त्रीहरू (२००७ देखि २०६४ वैशाखसम्म)*, काठमाडौंः खोजबिन गर्ने तथा छपाउने भैरव रिसाल र राममणि रिसाल, पृ. ५०

तालिका ३ : २०५४ माघ १२–१८ गते सम्पन्न एमालेको छैटौँ महाधिवेशनपछिको केन्द्रीय कार्यसमिति

जम्मा ३० सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	२२
	क्षत्री/ठकुरी	-	४
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	२
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**–**	**३०**
महासचिव – माधवकुमार नेपाल			

तीमध्ये २२ जना (७३.३३ प्रतिशत) बाहुन, चार जना (१३.३३ प्रतिशत) क्षत्री/ठकुरी, दुई जना (६.६६ प्रतिशत) पहाडे-हिमाली जनजाति, एक जना (३.३३ प्रतिशत) नेवार र एक जना (३.३३ प्रतिशत) मधेसी थिए। त्यसमा महिला, दलित, मुसलमान र अन्य पिछडिएका जातजातिबाट एक जना पनि समेटिएनन्। छ जनाको स्थायी समितिमा पाँच जना बाहुन र एक जना क्षत्री थिए। आठ जनाको सचिवालयमा छ जना बाहुन, एक जना क्षत्री र एक जना पहाडे-हिमाली जनजाति थिए।

यसै महाधिवेशनपछि एमाले विधिवत् विभाजित भई माले गठन भएको थियो। यी दुई दलको घर झगडा र गालीगलौजमै करिब चार वर्ष बित्यो। वामदेव गौतम पक्षधर एमालेमा पुनः समाहित भएपछि सातौँ महाधिवेशन २०५९ माघ (१८-२३) मा जनकपुरमा सम्पन्न भयो। यसले ५५ जनाको केन्द्रीय कार्यसमिति (४३ जना पूर्ण र १२ जना वैकल्पिक) निर्वाचित गऱ्यो।

वैकल्पिक केन्द्रीय सदस्यलाई पूर्ण केन्द्रीय सदस्य बन्ने ढोका खुले पनि उनीहरूले केन्द्रीय सदस्यका रूपमा भोटिङ अधिकार पाउँदैनन्। त्यसैले केन्द्रीय कमिटी कत्तिको समावेशी छ भनी हेर्दा त्यस्ता सदस्यको गणना गरिएको छैन। केन्द्रीय सदस्यमध्ये चार जना (९.३० प्रतिशत) पहाडे-हिमाली जनजाति, २७ जना (६२.७९ प्रतिशत) बाहुन, छ जना (१३.९५ प्रतिशत) नेवार, पाँच जना (११.६२ प्रतिशत) क्षत्री/ठकुरी र एक जना (२.३२ प्रतिशत) मधेसी निर्वाचित भएका थिए। तीमध्ये चार जना (९.३० प्रतिशत) महिला थिए। दलित, मुसलमान लगायतलाई भने केन्द्रीय कमिटीमा प्रतिनिधित्व गराइएन। समितिमा पहाडे बाहुनहरूकै वर्चस्व स्थापित हुन पुग्यो। १५ सदस्यीय स्थायी समिति/पोलिटब्युरो (दुई जना वैकल्पिकसहित) मा एक जना नेवार, एक जना क्षत्री र एक जना पहाडे-हिमाली जनजातिबाहेक १२ जना बाहुन नै थिए। तीमध्ये एक जना मात्र महिला थिइन्।

तालिका ४ : २०५९ माघ १८–२३ गते सम्पन्न एमाले सातौँ महाधिवेशनपछिको केन्द्रीय कार्यसमिति

जम्मा ५५ सदस्य (४३ जना पूर्ण र १२ जना वैकल्पिक)			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	३	२४
	क्षत्री/ठकुरी	-	५
दलित	पहाडे	-	-
	तराई	-	-
जनजाति	नेवार	१	५
	पहाडे-हिमाली	-	४
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
जम्मा		४	३९
महासचिव – माधवकुमार नेपाल			

हिंसात्मक विद्रोह गरिरहेको माओवादी शान्ति प्रक्रियामा आएर संविधानसभा-१ मा सबैभन्दा ठूलो दल बनी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वमा सरकार गठन भएपछि एमालेको आठौँ महाधिवेशन सम्पन्न भएको थियो । २०६५ फागुन (५-१५) मा पश्चिम नेपालको बुटवलमा सम्पन्न महाधिवेशनबाट झलनाथ खनाल अध्यक्षमा निर्वाचित भए । २०५० सालदेखि १४ वर्षसम्म महासचिव रहेका माधवकुमार नेपाल पराजित भए । यस महाधिवेशनले महासचिवको साटो अध्यक्ष शक्तिशाली हुने व्यवस्था गरेको थियो । बहुपदमा निर्वाचन गरिएको थियो । ११८ सदस्यीय केन्द्रीय कमिटीमा ८१ जना पूर्ण सदस्य थिए भने बाँकी वैकल्पिक सदस्य थिए ।

केन्द्रीय कमिटीको पूर्ण सदस्यमध्ये तीन महिलासहित ४३ जना (५३.०८ प्रतिशत) बाहुन, दुई जना महिलासहित सात जना (८.६४ प्रतिशत) नेवार, चार जना महिलासहित १० जना (१२.३४ प्रतिशत) क्षत्री/ठकुरी, एक जना (१.२३ प्रतिशत) तराई दलित, दुई जना (२.४६ प्रतिशत) पहाडे दलित, तीन जना महिलासहित १० जना (१२.३४ प्रतिशत) पहाडे-हिमाली जनजाति, दुई जना (२.४६ प्रतिशत) तराई जनजाति, पाँच जना (६.१७ प्रतिशत) मधेसी र एक जना (१.२३ प्रतिशत) मुसलमान रहेका थिए । दश जनाको स्थायी समितिमा दशै जना बाहुन थिए । तीमध्ये एक जना महिला थिइन् । पच्चीस जनाको पोलिटब्युरोमा दुई जना क्षत्री, एक जना दलित, एक जना पहाडे-हिमाली जनजाति र एक जना नेवार (महिला) बाहेक सबै बाहुन थिए ।

२०७० मङ्सिर ४ मा सम्पन्न संविधानसभा-२ को निर्वाचनमा एमालेले सम्मानजनक दोस्रो स्थान हासिल गरेपछि फेरि वाम मूलधारको नेतृत्वदायी भूमिकामा पुग्यो । नवौँ महाधिवेशन २०७१ (१९-२५) असारमा काठमाडौँमा सम्पन्न भयो । केपी शर्मा ओली र माधवकुमार नेपालबीचको कडा प्रतिस्पर्धामा माधवकुमार नेपालको प्यानल पराजित भएपछि पार्टी हाँक्ने अभिभारा केपी शर्मा ओलीको काँधमा आएको छ । यस

महाधिवेशनले अध्यक्ष, पाँच जना उपाध्यक्ष, महासचिव दुई, उपमहासचिव ५, सचिवसहित ११५ जना पूर्ण र ४४ जना वैकल्पिक गरी १५९ सदस्यीय केन्द्रीय कमिटी गठन गऱ्यो । कमिटीमा विभिन्न जातजाति, लिङ्ग, क्षेत्र र वर्गका मानिसको सहभागिता रहेको छ। यस पार्टीले १७ जना (पूर्ण) र पाँच जना (वैकल्पिक) गरी २२ जना महिलालाई केन्द्रमा सहभागी गराउने नीति लिएको छ। १२ जना (पूर्ण) र छ जना (वैकल्पिक) गरी १८ जना पहाडे-हिमाली जनजाति, पाँच जना (पूर्ण) र तीन जना (वैकल्पिक) गरी आठ जना दलितलाई केन्द्रमा पुऱ्याएको छ। तर, दलित भित्रका 'ब्राह्मण' मानिने विश्वकर्माहरू नै केन्द्रीय कमिटीमा अधिक छन् । त्यसैगरी नौ जना (पूर्ण) र चार जना (वैकल्पिक) गरी १३ जना मधेसीलाई एमालेको केन्द्रीय कमिटीको ढोका खुला भएको छ भने तीन जना (पूर्ण) र एक जना (वैकल्पिक) गरी चार जना मुसलमानले केन्द्रीय कमिटी पुग्ने अवसर पाएका छन् । पिछडिएको क्षेत्रबाट दुई जना (पूर्ण) र एक जना (वैकल्पिक) गरी तीन जना र ट्रेड युनियनबाट दुई जना (पूर्ण) र एक जना (वैकल्पिक) गरी तीन जनाले वर्गीय रूपमा प्रतिनिधित्व पाएका छन् । एमाले केद्रीय कमिटी जातीय, क्षेत्रीय, लिङ्गीय र वर्गीय हिसाबले समावेशीकरणतर्फ उन्मुख छ । एमालेलाई लाग्दै आएको 'ब्राह्मणवादी' को आरोप केही मत्थर भएको छ । तर, स्थायी समिति र पोलिटब्युरोमा भने अझै बाहुनहरू नै निर्णायक छन् ।

छब्बीस सदस्यीय स्थायी कमिटीमा एक महिलासहित १८ जना बाहुन, एक जना नेवार महिला, दुई जना पहाडे-हिमाली जनजाति, तीन जना क्षत्री/ठकुरी, एक जना दलित र एक जना मधेसी रहेका छन् । त्यस्तै ६५ सदस्यीय पोलिटब्युरोमध्ये १५ जना बैकल्पिक छन् । पूर्ण ५० जनामध्ये दुई जना महिलासहित ३२ जना बाहुन रहेका छन् ।

तालिका ५ : २०७१ असार (१९–२५) **मा सम्पन्न एमालेको नवौँ महाधिवेशनपछिको केन्द्रीय कार्यसमिति**

जम्मा १५९ सदस्य (११५ जना पूर्ण र ४४ जना वैकल्पिक)			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	३	-
	बाहुन	८	३८
	क्षत्री/ठकुरी	२	१४
जनजाति	नेवार	२	५
	पहाडे-हिमाली	६	१५
	तराई	-	५
दलित	पहाडे	-	६
	तराई	-	१
मधेसी		१	६
मुसलमान		-	३
अन्य		-	-
	जम्मा	२२	९३
अध्यक्ष – केपी शर्मा ओली			

उक्त केन्द्रीय कमिटीमा आठ जना महिलासहित ४६ जना (४० प्रतिशत) बाहुन, एकजना महिलासहित छ जना (५.२१ प्रतिशत) मधेसी, पाँच जना (४.३४ प्रतिशत) तराई जनजाति, दुई महिलासहित सात जना

(६.०८ प्रतिशत) नेवार, छ महिलासहित २१ जना (१८.२६ प्रतिशत) पहाडे-हिमाली जनजाति, छ जना (५.२१ प्रतिशत) पहाडे दलित, एक जना (०.८६ प्रतिशत) तराई दलित, तीन जना (२.६० प्रतिशत) मुसलमान, दुई जना महिलासहित १७ जना (१४.७८ प्रतिशत) क्षत्री/ठकुरी, तीन जना गिरी महिला (२.६० प्रतिशत) समावेश गरिएको छ।[३८]

एमालेले संविधानसभा-२ को निर्वाचन घोषणापत्र-२०७० मा सबै जातजाति, क्षेत्र, वर्ग र लिङ्गलाई राज्यका सबै तहमा समानुपातिक ढङ्गले समावेश गर्दै लैजाने उल्लेख गरेको छ। पार्टी विधान अनुसार नै एमालेले समावेशीकरणको नीति अघि सार्दै समावेशी लोकतन्त्रमा जोड दिएको छ। निर्वाचन घोषणापत्रमा भनिएको छ, 'राज्यका सबै अङ्गमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुसलमान, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति र अल्पसङ्ख्यकहरूको समावेशी समानुपातिक प्रतिनिधित्वको सिद्धान्तलाई आत्मसात गरिने छ। यस सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्ने ठोस योजना अगाडि बढाइनेछ।'[३९]

साथै, एमालेले आफ्नो विधानको धारा-६६ मा पार्टीको निर्वाचन विधि र समावेशीकरणको नीतिबारे उल्लेख गरेको छ। धारा-६६ (३) 'सबै तहका पार्टी कमिटी र महाधिवेशन, अधिवेशनका प्रतिनिधिहरूको निर्वाचनको लागि आम रूपमा भूगोल, खुला र समावेशी गरी तीन क्षेत्र तोकिने छन्।' त्यसै धाराको (४) मा भनिएको छ, 'सबै तहका निर्वाचित पार्टी कमिटीहरू स्थानीय विशेषता अनुरूप समावेशी चरित्रका हुनेछन् र तिनमा न्यूनतम ३३ प्रतिशत महिला सदस्य रहनेछन्। महिला प्रतिनिधित्वको स्वरूप पनि समावेशी चरित्रको हुनुपर्ने छ। न्यूनतम योग्यता र मापदण्ड नपुगेको अवस्थामा भने महिला सदस्यहरूको स्थान खालि रहनेछ। त्यसैगरी सबै तहका पार्टी कमिटीहरूमा दलित समुदायको समावेशी प्रतिनिधित्व हुनुपर्नेछ।' त्यसै धाराको उपधारा (५) र (६) मा क्रमशः यस्तो व्यवस्था गरिएको छ, 'समावेशीताको आधार सामान्यतया सम्बन्धित समुदायको पार्टी सदस्य सङ्ख्यालाई बनाइनेछ। पार्टीका सबै तहका आरक्षित स्थानमा बढीमा दुई कार्यकाल मात्र रहन पाइनेछ। कार्यकालको गणना आठौँ राष्ट्रिय महाधिवेशनदेखि गरिनेछ।'

---

३८ www.cpnuml.org

३९ www.cpnuml.org

अध्याय छ

माओवादी विद्रोह र जातीय मुक्ति मोर्चा

२०४७ मङ्सिरमा चितवनको माडीमा सम्पन्न नेकपा (एकता केन्द्र) को एकताको छैटौँ महाधिवेशनले २३ सदस्यीय केन्द्रीय कार्यसमिति, आठ सदस्यीय पोलिटब्युरो र सात सदस्यीय सल्लाहकार परिषद् गठन गरेको थियो । केन्द्रीय सदस्यहरूको पूरै नामावली नपाइए पनि उपलब्ध २१ जनाको जातीय बनोट यस्तो थियो : नौ जना बाहुन, तीन जना क्षत्री/ठकुरी, दुई जना नेवार, पाँच जना पहाडे-हिमाली जनजाति, एक जना पहाडे दलित र एक जना मधेसी मूलका थिए । आठ जना पोलिटब्युरो सदस्यको नामावली यसप्रकार छ ।

तालिका १ : २०४७ मङ्सिरमा सम्पन्न नेकपा (एकता केन्द्र) को छैटौँ महाधिवेशनपछि गठित पोलिटब्युरो

जम्मा : ८ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	४
	क्षत्री/ठकुरी	-	-
दलित	पहाडे	-	१
	तराई	-	-
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	२
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	-
जम्मा		**-**	**८**
महासचिव – पुष्पकमल दाहाल 'प्रचण्ड'			

तीमध्ये पुष्पकमल दाहाल 'प्रचण्ड', मोहन वैद्य 'किरण', डा. बाबुराम भट्टराई 'जितवीर', चन्द्रपकाश गजुरेल 'गौरव' बाहुन समुदायका थिए भने निर्मल लामा (वीरबहादुर, वाङ्दी लामा) र शशी शेरचन (सोनाम) पहाडे-हिमाली जनजाति थिए। नारायणकाजी श्रेष्ठ 'प्रकाश' नेवार थिए। रूपलाल विश्वकर्मा 'माने' पहाडे दलित थिए। त्यसपछि पनि एकता केन्द्रभित्र विवाद र किचलो साम्य भएन। अन्ततः नेकपा (एकता केन्द्र) को विभाजनसँगै माओवादीको उदय हुन पुग्यो। २०५१ जेठ (१६-२१) मा चितवनमा सम्पन्न नेकपा (एकता केन्द्र) को सम्मेलनले अल्पमत पक्षलाई कारबाही गरी पार्टीबाट हटाउनुका साथै नेकपा (माओवादी) गठन गऱ्यो। त्यो नै नेकपा (माओवादी) को पहिलो सम्मेलन हुन पुग्यो। उक्त सम्मेलनले महासचिवमा पुष्पकमल दाहाल 'प्रचण्ड' लाई निर्वाचित गऱ्यो। अनि माओवाद स्थापना गर्ने भन्दै 'जनयुद्ध' का नाममा विभिन्न दल समर्थित नेता तथा कार्यकर्तामाथि सशस्त्र आक्रमणको योजना बनायो। चितवन सम्मेलनले गठन गरेको नेकपा (माओवादी) को पहिलो केन्द्रीय कार्यसमिति यस्तो थियो :

पुष्पकमल दाहाल 'प्रचण्ड' (महासचिव), पोलिटब्युरो सदस्यहरू मोहन वैद्य 'किरण', डा. बाबुराम भट्टराई 'जितवीर/लालध्वज', सीपी गजुरेल 'गौरव', रामबहादुर थापा 'बादल' र सुरेश वाग्ले 'वासु' (वैकल्पिक पोलिटब्युरो सदस्य) थिए। केन्द्रीय कार्यसमिति सदस्यहरूमा पोष्टबहादुर बोगटी 'दिवाकर', देव गुरुङ 'कान्छाबहादुर', हरिबोल गजुरेल 'शीतलकुमार', यानकुमार गौतम 'आलोक', रामवृक्ष यादव, नारायण शर्मा र वैकल्पिक केन्द्रीय सदस्यहरूमा पम्फा भुषाल 'हिमानी', लोकेन्द्र विष्ट मगर र दण्डपाणि न्यौपाने 'दीपेन्द्र शर्मा' समावेश थिए।[४०] १५ सदस्यीय केन्द्रीय कार्यसमिति सदस्यमध्ये तीन जना वैकल्पिक भएकाले तिनलाई विश्लेषणमा गणना गरिएको छैन।

तालिका २ : २०५१ जेठ (१६-२१) मा सम्पन्न राष्ट्रिय सम्मेलनबाट गठित नेकपा (माओवादी) को पहिलो केन्द्रीय कार्यसमिति

जम्मा : १५ सदस्य (तीन जना वैकल्पिक)			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	८
	क्षत्री/ठकुरी	-	१
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	२
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
जम्मा		**-**	१२
महासचिव – पुष्पकमल दाहाल 'प्रचण्ड'			

४० सुरेन्द्र केसी, २०६५, *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास, भाग-३*, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौँ, पृ. १८४-१८५

उक्त कार्यसमितिमा बाहुन आठ जना (५३.३३ प्रतिशत), क्षत्री/ठकुरी एक जना (८.३३ प्रतिशत), मधेसी एक जना (८.३३ प्रतिशत) र पहाडे-हिमाली जनजाति दुई जना (१६.६६ प्रतिशत) समावेश थिए।

त्यसपछि माओवादीले २०५२ फागुन १ गतेबाट 'दीर्घकालीन जनयुद्ध' भन्दै राज्य विरुद्ध सशस्त्र आक्रमण र हमला शुरू गऱ्यो। माओवादीको हिंसात्मक कारबाहीले विश्राम नपाउँदासम्म अर्थात् २०६३ सालसम्मको करिब एक दशक लामो द्वन्द्वमा करिब १७ हजार नेपालीको ज्यान गयो। अन्ततः माओवादी हिंसाकै राप र तापका कारण २४० वर्षदेखिको राजतन्त्रको अन्त्य हुनुका साथै राज्यमा समावेशीकरणको मुद्दाले स्थान पायो। निश्चय नै रगत लतपतिएको इतिहाससँगै नेपालीले राजतन्त्रको अन्त्य र समावेशीकरणको मुद्दाको उठानकर्ताका रूपमा माओवादीलाई भुल्ने छैनन्। माओवादी 'जनयुद्धकाल' मै विभिन्न जातीय र क्षेत्रीय मोर्चाहरू गठन गरी जनजाति, मधेसी, दलित, महिला र पिछडिएको क्षेत्रका जनतालाई सशस्त्र विद्रोहतर्फ आकर्षित गर्न सफल भयो।

मुलुकभित्र हिंसात्मक गतिविधिलाई तेज बनाइरहेको माओवादीले चितवनमा पहिलो राष्ट्रिय सम्मेलन गरेको छ वर्षपछि २०५७ माघमा भारत, पन्जाबको भटिन्डामा दोस्रो राष्ट्रिय सम्मेलनको आयोजना गऱ्यो। त्यसै सम्मेलनले प्रचण्डको महासचिव पदलाई अध्यक्षमा पदोन्नति गऱ्यो भने पार्टीको पथप्रदर्शक सिद्धान्तका रूपमा 'मार्क्सवाद-लेनिनवाद माओवाद र प्रचण्डपथ' अङ्गीकार गर्ने निर्णय गऱ्यो। यसरी 'प्रचण्ड' लाई झन् शक्तिशाली बनायो र 'महान् अग्रगामी छलाङ' मार्ने नीति अघि सार्‍यो। सम्पूर्ण शक्तिलाई राज्य विरुद्ध सशस्त्र युद्धमा उभ्याउने निर्णय गऱ्यो। उक्त सम्मेलनले ५५ सदस्यीय केन्द्रीय कार्यसमितिअन्तर्गत पाँच सदस्यीय स्थायी समिति र ११ पूर्ण र छ वैकल्पिक गरी १७ सदस्यीय पोलिटब्युरोसमेत चयन गऱ्यो।

तालिका ३ : २०५७ माघमा सम्पन्न दोस्रो राष्ट्रिय सम्मेलनबाट गठन भएको नेकपा (माओवादी) को केन्द्रीय कार्यसमिति

जम्मा : ५५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	२	२५
	क्षत्री/ठकुरी	-	१३
जनजाति	नेवार	१	२
	पहाडे-हिमाली	१	८
	तराई	-	१
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	४	५१
अध्यक्ष – पुष्पकमल दाहाल 'प्रचण्ड'			

पाँच जना स्थायी समिति सदस्यमा तीन जना बाहुन, एक जना क्षत्री/ठकुरी र एक जना पहाडे-हिमाली

जनजाति थिए भने १७ जना पोलिटब्युरोमध्ये सात जना बाहुन थिए। तीन जना पहाडे-हिमाली जनजाति, पाँच जना क्षत्री/ठकुरी र दुई जना नेवार थिए। केन्द्रीय कार्यसमितिमा चाहिँ दुई महिलासहित २७ जना (४९.०९ प्रतिशत) बाहुन, एक महिलासहित नौ जना (१६.३६ प्रतिशत) पहाडे-हिमाली जनजाति, १३ जना (२३.६३ प्रतिशत) क्षत्री/ठकुरी, एक जना (१.८१ प्रतिशत) पहाडे दलित, एक जना (१.८१ प्रतिशत) मधेसी, एक जना (१.८१ प्रतिशत) तराई जनजाति र एक महिलासहित तीन जना (५.४५ प्रतिशत) नेवार रहेका थिए।[४१]

माओवादीको २०६१ भदौमा भारतमा सम्पन्न स्थायी समिति बैठकले त्यसअघिका सबै वैकल्पिक पोलिटब्युरो सदस्यलाई पूर्णकालीन पोलिटब्युरो सदस्य बनाउनुका साथै छ जनालाई वैकल्पिक पोलिटब्युरो सदस्यमा मनोनीत गऱ्यो। साथै, ४६ जना नयाँ अनुहारलाई केन्द्रीय कार्यसमितिमा मनोनीत गरी ९५ सदस्यीय केन्द्रीय कार्यसमिति गठन गऱ्यो।

तालिका ४ : २०६१ भदौमा गठित माओवादी केन्द्रीय कार्यसमिति

जम्मा : ९५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	३	३६
	क्षत्री/ठकुरी	-	१७
जनजाति	नेवार	१	६
	पहाडे-हिमाली	५	१८
	तराई	-	३
दलित	पहाडे	-	२
	तराई	-	१
मधेसी		-	३
मुसलमान		-	-
अन्य		-	-
जम्मा		९	**८६**
अध्यक्ष – पुष्पकमल दाहाल 'प्रचण्ड'			

समितिका सदस्यमध्ये बाहुन तीन जना महिलासहित ३९ जना (४१.०५ प्रतिशत), क्षत्री/ठकुरी १७ जना (१७.८९ प्रतिशत), नेवार सात जना (७.३६ प्रतिशत), पहाडे-हिमाली जनजाति २३ जना (२४.२१ प्रतिशत), मधेसी तीन जना (३.१५ प्रतिशत), तराई जनजाति तीन जना (३.१५ प्रतिशत), पहाडे दलित दुई जना (२.१० प्रतिशत) र तराई दलित एक जना (१.०५ प्रतिशत) थिए।

यत्तिकैमा अध्यक्ष 'प्रचण्ड' र नेता डा. बाबुराम भट्टराईबीचको मनमुटाव पराकाष्ठमा पुग्यो। त्यसै बेला

४१ सुरेन्द्र केसी, २०६५, *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास, भाग-३*, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौँ, पृ. १८७-१८८

चर्चित चुनवाङ बैठक (२०६२ असोज-कात्तिक) सम्पन्न भयो । बैठकले केन्द्रीय कार्यसमिति विघटन गर्नुका साथै संसदवादी राजनीतिक दलहरूसित मिलेर निरङ्कुश राजतन्त्र विरोधी आन्दोलनलाई थप सशक्त पार्ने र संविधानसभा निर्वाचन, लोकतन्त्र, गणतन्त्र हुँदै समावेशी नेपाल निर्माण गर्ने दिशामा बढ्ने निर्णय गरेको थियो । साथै, स्थायी समिति र पोलिटब्युरो प्रणालीसमेत खारेज गऱ्यो । चुनवाङ बैठकले सातौँ महाधिवेशन आयोजक समिति गठन गरेको थियो जसमा ३३ सदस्य थिए ।

तालिका ५ : २०६२ असोज–कात्तिकमा सम्पन्न चुनवाङ बैठकपछि गठित माओवादीको सातौँ महाधिवेशन आयोजक समिति

जम्मा : ३३ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	१३
	क्षत्री/ठकुरी	-	८
जनजाति	नेवार	१	१
	पहाडे-हिमाली	-	७
	तराई	-	-
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	२	**३१**
अध्यक्ष – पुष्पकमल दाहाल 'प्रचण्ड'			

उक्त महाधिवेशन आयोजक समितिमा एक जना महिलासहित १४ जना (४२.४२ प्रतिशत) बाहुन, आठ जना (२४.२४ प्रतिशत) क्षत्री/ठकुरी, एक जना महिलासहित दुई जना (६.०६ प्रतिशत) नेवार, सात जना (२१.२१ प्रतिशत) पहाडे-हिमाली जनजाति, एक जना (३.०३ प्रतिशत) मधेसी र एक जना (३.०३ प्रतिशत) पहाडे दलित थिए ।

२०६३ (मङ्सिर २६-पुस ५) भक्तपुर गेस्टहाउसमा बसेको केन्द्रीय कार्यसमिति बैठकले ११ सदस्यीय केन्द्रीय सचिवालयसहित ३६ सदस्यीय केन्द्रीय कार्यसमिति गठन गरेको घोषणा गऱ्यो । (तालिका ६)

उक्त कार्यसमितिमा एक महिलासहित १८ जना (५० प्रतिशत) बाहुन, छ जना (१६.६६ प्रतिशत) पहाडे-हिमाली जनजाति, आठ जना (२२.२२ प्रतिशत) क्षत्री/ठकुरी, एकजना (२.७७ प्रतिशत) दलित, एक जना (२.७७ प्रतिशत) मधेसी र एक जना महिलासहित दुई जना (५.५५ प्रतिशत) नेवार थिए ।[४२]

माओवादीको केन्द्रीय कार्यसमिति थपघट भइरहने हुनाले जातीय, क्षेत्रीय तथा लिङ्गीय प्रतिनिधित्व पनि बेलाबेलामा फेरबदल भइरह्यो । त्यसो गर्दा पार्टीको समावेशी स्वरूप पनि फेरबदल हुने गरेको छ ।

४२ सुरेन्द्र केसी, २०६५, *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास, भाग-३*, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौँ, पृ. १८९-१९१

तालिका ६ : २०६३ पुस ५ मा भक्तपुर गेस्टहाउसमा सम्पन्न बैठकबाट गठित नेकपा (माओवादी) केन्द्रीय कार्यसमिति

जम्मा : ३६ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	१७
	क्षत्री/ठकुरी	-	८
दलित	पहाडे	-	१
	तराई	-	-
जनजाति	नेवार	१	१
	पहाडे-हिमाली	-	६
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	२	३४
अध्यक्ष – पुष्पकमल दाहाल 'प्रचण्ड'			

त्यसपछि पार्टी शान्ति प्रक्रियामा आयो र संविधानसभामार्फत अघि बढ्यो । २०६५ कात्तिकमा भक्तपुरको खरिपाटी बैठकका बेला कायम रहेको केन्द्रीय कार्यसमिति यसप्रकार छ ।

तालिका ७ : २०६५ कात्तिकमा खरिपाटी बैठकका बेला कायम रहेको माओवादी केन्द्रीय कार्यसमिति

जम्मा : ३५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	१८
	क्षत्री/ठकुरी	-	६
जनजाति	नेवार	१	१
	पहाडे-हिमाली	-	७
	तराई	-	-
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	२	३३
अध्यक्ष – पुष्पकमल दाहाल 'प्रचण्ड'			

उक्त कार्यसमितिमा एक जना महिलासहित १९ जना (५४.२८ प्रतिशत) बाहुन, छ जना (१७.१४ प्रतिशत) क्षत्री/ठकुरी, एक जना महिलासहित दुई जना (५.७१ प्रतिशत) नेवार, सात जना (२० प्रतिशत) पहाडे-हिमाली जनजाति र एक जना (२.८५ प्रतिशत) पहाडे दलित समावेश थिए।

२०६४ फागुनमा सार्वजनिक गरिएको माओवादीको निर्वाचन घोषणापत्र (प्रतिबद्धतापत्र) को बुँदा नम्बर ११ को 'समानुपातिक प्रतिनिधित्व र विशेष अधिकार'अन्तर्गत भनिएको छ, 'समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय, अन्य विभेद र असमानताको अन्त्य गर्न र लोकतन्त्रलाई अझ बढी जनमुखी र प्रभावकारी बनाउन राज्यका सबै अङ्ग र जनप्रतिनिधि संस्थाहरूमा महिला, दलित, उत्पीडित जाति/जनजाति, उत्पीडित क्षेत्र/दुर्गम क्षेत्र, मधेस, अल्पसङ्ख्यक समुदाय (मुसलमानलगायत) आदिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनेछ। सबभन्दा तीव्र उत्पीडनमा परेका महिला, दलित र मुसलमान समुदायलाई ऐतिहासिक उत्पीडनको क्षतिपूर्तिस्वरूप निश्चित अवधिसम्म थप विशेष अधिकारको व्यवस्था गरिनेछ।'[४३]

माओवादीकै जोडबलका कारण संविधानसभाका लागि मिश्रित निर्वाचन प्रणाली अपनाइयो। ३३ प्रतिशत महिलासहित दलित, जनजाति, मधेसी, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यकहरूलाई जनसङ्ख्याका आधारमा संविधानसभामा लैजान समावेशीकरणको नीति लिइयो। परिणामस्वरूप, ६०१ सदस्यीय संविधानसभा-१ (२४० प्रत्यक्ष, ३३५ समानुपातिक र २६ मन्त्रिपरिषद्बाट मनोनीत) को बनोट 'इन्द्रधनुष' जस्तै बन्न पुग्यो। समावेशी प्रतिनिधित्वले सबैतिर प्रशंसा पायो।

यसै आधारमा आम मतदातासमक्ष गएकाले २०६४ चैत २८ गते सम्पन्न संविधानसभा निर्वाचन-१ मा माओवादी प्रत्यक्ष निर्वाचनतर्फका २४० मध्ये १२० स्थानमा विजय हासिल गरी सबैभन्दा ठूलो दलका रूपमा संविधानसभाभित्र प्रवेश गऱ्यो र अध्यक्ष 'प्रचण्ड' को नेतृत्वमा सरकार गठन भयो।

समानुपातिक समावेशी नीतिको प्रखर पक्षपाती भएर पनि सरकार गठन गर्दा माओवादी अध्यक्ष 'प्रचण्ड' ले जात/जाति, क्षेत्र र वर्गलाई समावेश गराउन चाहिँ चुके। २०६५ भदौमा गठन भएको अध्यक्ष 'प्रचण्ड' नेतृत्वको (एमाले र मधेसी जनअधिकार फोरम नेपाल सम्मिलित) मन्त्रिपरिषद्मा २४ सदस्य थिए। त्यसमा एमाओवादी ११ जना, एमाले छ जना, फोरम चार जना र अन्य साना दलका तीन जना सहभागी थिए। तीमध्ये एक महिलासहित आठ जना (३३.३३ प्रतिशत) बाहुन, एक जना (४.१६ प्रतिशत) क्षत्री/ठकुरी, चार जना (१६.१६ प्रतिशत) पहाडे-हिमाली जनजाति, दुई महिलासहित तीन जना (१२.५ प्रतिशत) नेवार र एक महिलासहित आठ जना (३३.३३ प्रतिशत) मधेसी थिए। उक्त मन्त्रिपरिषद्मा दलित, मुसलमान र पिछडिएको क्षेत्रबाट कोही पनि सहभागी थिएनन्।

२०६५ पुस २८ गते माओवादी र नेकपा (एकता केन्द्र मसाल) बीच पार्टी एकीकरण भएपछि गठन भएको १३८ सदस्यीय नेकपा (एमाओवादी) केन्द्रीय कार्यसमिति यसप्रकार छ।

उक्त कार्यसमितिमा बाहुन चार जना महिलासहित ५६ जना (४०.५७ प्रतिशत), क्षत्री/ठकुरी एक जना महिलासहित २३ जना (१६.६६ प्रतिशत), नेवार तीन जना महिलासहित १२ जना (८.६९ प्रतिशत), पहाडे-हिमाली जनजाति पाँच महिलासहित ३३ जना (२३.९१ प्रतिशत), मधेसी छ जना (४.३४ प्रतिशत), तराई

४३ नेकपा (माओवादी) द्वारा संविधानसभा चुनाव, २०६४ मा जारी गरेको प्रतिबद्धतापत्र, पृ. १७

जनजाति तीन जना (२.१७ प्रतिशत), पहाडे दलित तीन जना (२.१७ प्रतिशत), तराई दलित एक जना (०.७२ प्रतिशत) र मुसलमान एक जना (०.७२ प्रतिशत) समावेश थिए।

तालिका ८ : २०६५ पुसमा नेकपा (माओवादी) र नेकपा (एकता केन्द्र मसाल) बीच एकीकरणपछि गठित केन्द्रीय कार्यसमिति

जम्मा : १३८ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	४	५२
	क्षत्री/ठकुरी	१	२२
जनजाति	नेवार	३	९
	पहाडे-हिमाली	५	२८
	तराई	-	३
दलित	पहाडे	-	३
	तराई	-	१
मधेसी		-	६
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	**१३**	**१२५**
अध्यक्ष – पुष्पकमल दाहाल 'प्रचण्ड'			

२०६९ असारमा एमाओवादी फुटेर मोहन वैद्य 'किरण' को टोलीले अलग्गै भेला गरी नेकपा-माओवादी गठन गर्न पुग्यो। एमाओवादीले २०६९ माघ २०-२९ मा हेटौडामा पार्टीको सातौँ महाधिवेशन सम्पन्न गऱ्यो। उक्त महाधिवेशनपछि १५१ सदस्यीय केन्द्रीय कार्यसमिति गठन गरिएको थियो।

एमाओवादीको उक्त कार्यसमितिमा नौ महिलासहित ५७ जना (३७.७४ प्रतिशत) बाहुन, तीन महिलासहित २८ जना (१८.५४ प्रतिशत) क्षत्री/ठकुरी, तीन महिलासहित आठ जना (५.२९ प्रतिशत) नेवार, चार महिलासहित ३१ जना (२०.५२ प्रतिशत) पहाडे-हिमाली जनजाति, दुई महिलासहित १७ जना (११.२५ प्रतिशत) मधेसी, एक महिलासहित पाँच जना (३.३१ प्रतिशत) तराई जनजाति, एक महिलासहित तीन जना (१.९८ प्रतिशत) पहाडे दलित, एक जना (०.६६ प्रतिशत) तराई दलित र एक जना (०.६६ प्रतिशत) मुसलमान समावेश थिए।[४४]

सत्र सदस्यीय स्थायी समितिमा आठ जना बाहुन, चार जना पहाडे-हिमाली जनजाति, चार जना क्षत्री/ठकुरी र एक जना नेवार रहेका छन् भने महिला, मधेसी, मुसलमान, दलित र अन्य पिछडिएको क्षेत्रको सहभागिता पाइँदैन। एकाउन्न सदस्यीय पोलिटब्युरोमध्ये तीन महिलासहित २३ जना बाहुन, क्षत्री/ठकुरी आठ जना, दुई महिलासहित चार जना नेवार, दुई महिलासहित ११ जना पहाडे-हिमाली जनजाति, एक जना पहाडे दलित र चार जना मधेसी रहेका थिए।

४४ एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) केन्द्रीय समिति सचिवालयबाट प्राप्त केन्द्रीय समिति सम्बन्धी सूचीपत्रबाट

तालिका ९ : २०६९ माघ २०-२९ मा हेटौडामा सम्पन्न एमाओवादीको सातौं महाधिवेशनपछि गठित केन्द्रीय कार्यसमिति

जम्मा : १५१ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	९	४८
	क्षत्री/ठकुरी	३	२५
जनजाति	नेवार	३	५
	पहाडे-हिमाली	४	२७
	तराई	१	४
दलित	पहाडे	१	२
	तराई	-	१
मधेसी		२	१५
मुसलमान		-	१
अन्य		-	-
जम्मा		२३	१२८
अध्यक्ष – पुष्पकमल दाहाल 'प्रचण्ड'			

चाखलाग्दो पक्ष के छ भने एमाओवादी केन्द्रीय कार्यसमितिमा दशनामी समुदायबाट यति बेलासम्म एक जना पनि पुग्न सकेका छैनन् अर्थात् उक्त समुदायलाई समावेश गरिएको छैन ।

बाध्यकारी व्यवस्था

यसअघि सम्पन्न दुईवटा संविधानसभा निर्वाचनमा मिश्रित निर्वाचन प्रणालीसहित समानुपातिक समावेशी नीतिका आधारमा समानुपातिकतर्फको बन्दसूची निर्वाचन आयोगलाई बुझाउनुपर्ने निर्वाचन ऐन-२०६४ मा व्यवस्था भएपछि राजनीतिक दलहरू समावेशी नभई सुखै पाएनन् । त्यसै अनुसार यिनीहरूले आआफ्ना पार्टी विधानमा समावेशीकरणको प्रावधान राखेका छन् । संविधानसभा-१ र २ मा जारी घोषणापत्रमा पनि समावेशीकरणको सिद्धान्तलाई आत्मसात् गरेका छन् । तर, समावेशीकरण मुद्दाको प्रखर वक्ता एमाओवादीको केन्द्रीय कार्यसमितिभन्दा जातीय, क्षेत्रीय, वर्गीय र लिङ्गीय रूपमा एमाले र नेपाली कङ्ग्रेस समावेशी भएको तथ्यले पुष्टि गर्छ । यी तीनवटै प्रमुख दलका केन्द्रीय सभापति अर्थात् अध्यक्ष बाहुन, क्षत्री नै रहेका छन् भने एमाले महासचिव र नेपाली कङ्ग्रेस महामन्त्रीमा पनि बाहुन नै निर्वाचित भएका छन् ।

संविधानसभा-१ पछि राष्ट्रपतिमा नेपाली कङ्ग्रेसले मधेसीलाई स्थान दियो भने सभामुख अर्थात् संविधानसभा अध्यक्षमा एमालेले जनजातिलाई स्थान दियो । उपसभामुखमा एमाओवादीले जनजाति महिलालाई स्थान दियो । (तर, यो अनुसन्धानको अन्तिम चरणमा पुग्दा सभामुखमा एमाओवादीकी ओन्सरी घर्तीमगर, राष्ट्रपतिमा एमालेकी विद्यादेवी भण्डारी र उपराष्ट्रपतिमा एमाओवादीकै नन्दबहादुर पुन निर्वाचित भएका छन् ।)

जनआन्दोलन-२ सफल भएर एमाओवादी शान्ति प्रक्रियामा आइसकेपछि पुनःस्थापित प्रतिनिधिसभामा

सशक्त रूपमा प्रवेश गरेको थियो । उक्त सभामा नेपाली कङ्ग्रेस सबैभन्दा ठूलो दल थियो भने तत्कालीन नेकपा (माओवादी) लाई एमाले बराबरको हैसियत प्रदान गरिएको थियो ।

पुनःस्थापित प्रतिनिधिसभामा नेकपा (एमाओवादी) ले आफूले पाएको ८३ मध्ये ३१ सिटमा महिलालाई मनोनीत गरेको थियो । एकैचोटि यतिधेरै महिला सांसद मनोनीत भएको इतिहासमै पहिलो थियो । यसबाट नेकपा एमाओवादीको लिङ्गीय समावेशीकरणप्रतिको रुझान प्रष्ट देखिएको र संविधानसभा-१ को निर्वाचनमा अभूतपूर्व सफलता मिलेको थियो ।

एमाले र नेपाली कङ्ग्रेसको केन्द्रीय सभापति/अध्यक्ष लगायत अधिकांश पद निर्वाचन र समानुपातिक समावेशीकरण सिद्धान्तको आधारमा चयन हुने व्यवस्था छ भने एमाओवादीमा अझै प्रत्यक्ष निर्वाचनको व्यवस्था गरिएको पाइँदैन ।

राजनीतिक दलहरू नीतिगत रूपमै पार्टी सङ्गठन र प्रशासनमा समावेशीकरण सिद्धान्तप्रति प्रतिबद्ध देखिए पनि राष्ट्रको प्रशासनको मुख्य बागडोर सम्हाल्ने मन्त्रिपरिषद् गठनका बेला चाहिँ चुक्ने गरेका छन् ।

अध्याय सात

राप्रपाको समावेशीकरण सोच

२०४६ सालको जनआन्दोलन सफल भएपछि निर्दलीय संस्कार बोकेका पूर्वपञ्चहरू निकै अत्तालिएका थिए। तिनलाई नेपाली कङ्ग्रेस र वाममोर्चा समर्थित कार्यकर्ताले 'मण्डले' भनी खेदो खनेका कारण शुरूमा त सार्वजनिक हुनै अप्ठेरो पऱ्यो। कङ्ग्रेस र कम्युनिष्ट निकट पञ्चहरू चाहिँ मातृ पार्टीमै फर्किए। बिस्तारै आन्दोलनको राप र ताप सेलाउँदै गयो र निर्दलीय पञ्चायती व्यवस्थामा हालीमुहाली गरेका पूर्वपञ्चहरू सङ्गठित हुन थाले। तर, राजाको प्रत्यक्ष छहारीमा गुट, उपगुट र घात-अन्तर्घातको राजनीतिमा अभ्यस्त पञ्च महारथिहरूबीच एकता र मेल हुने कुरै भएन। परिणाम, २०४७ सालमा राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) र राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) दुइटा दल जन्मिए र पहिलो प्रतिनिधिसभा निर्वाचन (२०४८ वैशाख २९) मा भाग लिए। उक्त निर्वाचनमा राप्रपा (चन्द) तीन सिट जित्न सफल भयो भने राप्रपा (थापा) ले एक सिट मात्र हात पारेको थियो।[४५] निर्वाचनमा लज्जाजनक हार बेहोर्नुपरेकाले त्यसको महिना दिन पनि नपुग्दै यी दुइटा दल मिलाएर २०४८ जेठ १५ गते तिनीहरूले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) स्थापना गरे।

दलीयभन्दा पनि व्यक्तिवादी चरित्र हाबी हुने निर्दलीय पञ्चायती व्यवस्थामा रमाएकाहरूलाई राजनीतिक दल खोलेर त्यसलाई संस्थागत गर्नु कम्ती चुनौतीपूर्ण थिएन। तर, तिनले त्यो चुनौतीलाई कुशलतापूर्वक निर्वाह गरेको मान्नुपर्छ। किनभने, अहिले राप्रपा राष्ट्रिय पार्टीका रूपमा सङ्गठित भइसकेको छ।

२०६४ सालमा सम्पन्न चौथो महाधिवेशनपछि पार्टीबाट अलग्गिएर पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाले राष्ट्रिय जनशक्ति पार्टी गठन गरे। अन्ततः त्यो सफल नभएपछि राप्रपा र जनशक्ति मिलेर २०७० जेठ (३-६) मा एकता महाधिवेशन भन्दै पाँचौँ महाधिवेशन सम्पन्न गऱ्यो। त्यसको अध्यक्षमा सूर्यबहादुर थापा निर्वाचित भए पनि उनको निधन भइसकेकाले राप्रपा अध्यक्षको जिम्मेवारी पशुपतिशमशेर राणाको काँधमा आयो र अहिले राप्रपा र कमल थापा नेतृत्वको राप्रपा-नेपाल एक भई राप्रपा निर्माण भएको छ। यसको हालसालै सम्पन्न महाधिवेशनबाट कमल थापा अध्यक्षमा निर्वाचित भएका छन्।

---

४५ लोकदर्शन पण्डित, २०६३, (सङ्कलक तथा लेखक), *नेपालको संसदीय निर्वाचन दर्पण,* काठमाडौँः निर्वाचन आयोग, पृ. ८८

२०५१ सालको मध्यावधि निर्वाचनमा राप्रपा २०५ मध्ये २० सिट जित्न सफल भयो । त्यसपछि नेकपा एमाले र नेपाली कङ्ग्रेसको सहारामा लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापा पालैपालो प्रधानमन्त्री बन्न सफल भएपछि राप्रपाको विस्तार तलैसम्म पुग्यो ।

२०५० सालमा सम्पन्न राप्रपाको पहिलो महाधिवेशनमा समावेशीकरणको मुद्दा उठेको थिएन । २०५४ सालमा वीरगन्जमा सम्पन्न दोस्रो महाधिवेशनमा भने समावेशीकरण सम्बन्धी विभिन्न कार्यपत्र प्रस्तुत गरिएको थियो । त्यस बेला राप्रपाले पिछडिएका वर्ग र समूहलाई उठाउने र महिला वर्गको विकास गर्ने अवधारणालाई नीतिगत रूपमा अघि सारेको थियो । तराईवासी, महिला र जनजाति समस्या सम्बन्धी छुट्टाछुट्टै कार्यपत्र महाधिवेशनबाट पारित गरिएको थियो । ती कार्यपत्रले महिला, मधेसी र जनजातिलाई राज्यको मूलधारमा समाहित गर्ने कुरामा जोड दिएको थियो । यसरी हेर्दा नेकपा (माओवादी) ले यिनै मुद्दालाई पक्रेर सशस्त्र युद्ध थालेको दुई वर्षपछि नै राप्रपा नेतृत्वमा मुलुकको वस्तुस्थिति र गति कता जाँदैछ भन्ने चेत पलाएको देखिन्छ । समावेशीकरणको यस मुद्दालाई एमाले र नेपाली कङ्ग्रेसले झन्डै एक दशकपछि मात्र अवलम्बन गरे ।

२०५४ कात्तिक २७-मङ्सिर १ सम्म वीरगन्जमा सम्पन्न राप्रपाको दोस्रो महाधिवेशनले अध्यक्ष र दुई महिलासहित २१ जना केन्द्रीय कार्यसमिति सदस्य निर्वाचित गरेको थियो । अध्यक्षले १८ जना मनोनीत गरेपछि ३९ जनाको केन्द्रीय कार्यसमिति गठन भएको थियो । तीमध्ये दुई महिलासहित १० जना (३९ प्रतिशत) क्षत्री/ठकुरी, सात जना (१७.५४ प्रतिशत) बाहुन, नौ जना (२३.०७ प्रतिशत) पहाडे-हिमाली जनजाति, एक महिलासहित नौ जना (२३.०७ प्रतिशत) मधेसी, दुई जना (५.१२ प्रतिशत) नेवार र दुई जना (५.१२ प्रतिशत) मुसलमान थिए । पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापा अध्यक्षमा निर्वाचित भएका थिए ।

२०५९ मङ्सिर (२६-२८) मा पोखरामा सम्पन्न तेस्रो महाधिवेशनले पशुपतिशमशेर राणाको अध्यक्षतामा ३५ सदस्यीय केन्द्रीय कार्यसमिति गठन गरेको थियो । तीमध्ये दुई महिलासहित १२ जना (३४.२८ प्रतिशत) क्षत्री/ठकुरी, एक महिलासहित चार जना (११.४२ प्रतिशत) नेवार, सात जना (२० प्रतिशत) पहाडे-हिमाली जनजाति, आठ जना (२२.८५ प्रतिशत) बाहुन र एक महिलासहित चार जना (११.४२ प्रतिशत) मधेसी थिए । महिलाका लागि आरक्षित कोटाअन्तर्गत चार जना महिलाले केन्द्रीय कार्यसमितिमा अवसर पाएका थिए ।[४६] दलित, मुसलमानलगायत पछाडि परेका जातजातिको प्रतिनिधित्व थिएन ।

राप्रपाले आफ्नो चौथो केन्द्रीय महाधिवेशन २०६४ मङ्सिर (२३-२५) मा काठमाडौँमा सम्पन्न गऱ्यो । उक्त महाधिवेशनले मोहनशमशेरका नाति, विजयशमशेरका छोरा पशुपतिशमशेरलाई पुनः अध्यक्षमा निर्वाचित गरेपछि सूर्यबहादुर थापा समूह राप्रपाबाट अलग्गिएर राष्ट्रिय जनशक्ति पार्टी स्थापना गर्न पुग्यो । राप्रपाको मूलधार चाहिँ राणाकै नेतृत्वमा रहिरह्यो । उक्त महाधिवेशनले निर्वाचित गरेका २६ सदस्यमध्ये १२ जना (४६.१५ प्रतिशत) क्षत्री/ठकुरी, दुई जना (७.६९ प्रतिशत) नेवार, चार जना (१५.३८ प्रतिशत) बाहुन, चार जना (१५.३८ प्रतिशत) मधेसी, तीन जना (११.५३ प्रतिशत) पहाडे-हिमाली जनजाति र एक जना (३.८४ प्रतिशत) दशनामी रहेका थिए । तीमध्ये पाँच जना महिला थिए । निर्दलीय संस्कारमा हुर्केर पनि राप्रपा दलीय साङ्गठनिक स्वरूपलाई समावेशी बनाउन लागिपरेको छ ।

२०६४ सालमा विभाजित राप्रपा छ वर्षपछि पुनः एकीकृत भयो । संविधानसभा-२ हुनुभन्दा छ महिनाअघि

---

४६ दस्तावेजः राष्ट्रिय प्रजातन्त्र पार्टी तृतीय केन्द्रीय महाधिवेशन पोखरा, २०५९, काठमाडौँः राप्रपा केन्द्रीय कार्यालय, २०६०

राप्रपा र राष्ट्रिय जनशक्ति पार्टीले संयुक्त रूपमा एकताको महाधिवेशन आयोजना गरे । २०७० जेठ (३-६) मा काठमाडौँमा आयोजित राप्रपाको पाँचौँ महाधिवेशनले सूर्यबहादुर थापाको नेतृत्वमा ९९ सदस्यीय केन्द्रीय कार्यसमिति चयन गरेको थियो । पूर्वप्रधानमन्त्री तथा राप्रपा अध्यक्ष थापाको २०७२ वैशाख २ गते निधन भएपछि उक्त पदमा पशुपतिशमशेर राणा नियुक्त भए भने कार्यसमितिमा सबै उही अनुहार रहेका छन् ।

तालिका १ : २०७० जेठ (३–६) मा सम्पन्न राप्रपाको पाँचौँ महाधिवेशनपछि बनेको केन्द्रीय कार्यसमिति

जम्मा : ९९ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	२
	बाहुन	६	१६
	क्षत्री/ठकुरी	२	३१
जनजाति	नेवार	१	४
	पहाडे-हिमाली	३	१७
	तराई	१	४
दलित	पहाडे	१	३
	तराई	-	-
मधेसी		२	५
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	**१६**	**८३**
अध्यक्ष – पशुपतिशमशेर राणा			

उक्त केन्द्रीय कार्यसमितिमा छ महिलासहित २२ जना (२२.२२ प्रतिशत) बाहुन, दुई महिलासहित ३३ जना (३३.३३ प्रतिशत) क्षत्री/ठकुरी, दुई जना (२.०२ प्रतिशत) दशनामी, एक महिलासहित पाँच जना (५.०५ प्रतिशत) नेवार, तीन महिलासहित २० जना (२०.२० प्रतिशत) पहाडे-हिमाली जनजाति, दुई महिलासहित सात जना (७.०७ प्रतिशत) मधेसी, एक महिलासहित पाँच जना तराई (५.०५ प्रतिशत) जनजाति, एक महिलासहित चार जना (४.०४ प्रतिशत) पहाडे दलित र एक जना (१.०१ प्रतिशत) मुसलमान समावेश गरिएका छन् ।

राप्रपाका संस्थापक नेता स्व. राजेश्वर देवकोटाका अनुसार नेपालमा २०४६ सालपछि अलिअलि सुनिएको समावेशीकरणको विषय नक्कल गरिएको हो । यहाँको होइन । अन्यत्रका समाजशास्त्रीहरूले यसबारे उल्लेख गरे, यहाँ आयात गरियो । पाका राजनीतिज्ञ देवकोटाले भने, 'मूलतः राजनीतिक सङ्गठन समावेशी नै हुन्छन् । समावेशी भएन भने त त्यो जातीय सङ्गठन भइहाल्छ नि । समावेशी नभई राजनीतिक पार्टी नै बन्दैन ।' उनका अनुसार समावेशीकरण बहकिएको राजनीतिको सन्दर्भ मात्र हो । यसले नेपाली राष्ट्रियतालाई बलियो पार्दैन । आरक्षणले आत्मनिर्भर र स्वावलम्बी बनाउनुको सट्टा परावलम्बी बनाउँछ ।[४७]

४७ २०७१ माघ १५ गते राप्रपा नेता राजेश्वर देवकोटासित गरेको कुराकानीमा आधारित

अध्याय आठ

समावेशीकरणको लक्ष्य समतामूलक समाज

यस अध्ययनमा समेटिएका प्रमुख चार राजनीतिक दलमा स्थापनादेखि हालसम्म सभापति/अध्यक्ष र महामन्त्री/महासचिव एकाधबाहेक बाहुन, क्षत्री/ठकुरी समुदाय इतरका छैनन्। अहिले पनि नेपाली कङ्ग्रेस, एमाले, एमाओवादी र राप्रपाका सभापति/अध्यक्ष बाहुन, क्षत्री/ठकुरी समुदायकै छन्। तत्कालीन नेपाली कङ्ग्रेस सभापति स्व. सुशील कोइराला थिए। २०७२ फागुनमा सम्पन्न महाधिवेशनले सभापतिमा शेरबहादुर देउवालाई निर्वाचित गरेको छ। एमाले अध्यक्ष केपी शर्मा ओली, एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र राप्रपा अध्यक्ष कमल थापा रहेका छन्। राप्रपाको स्थापनादेखि हालसम्म सबै अध्यक्ष क्षत्री/ठकुरी समुदायबाट मात्र भएका छन्। नेपाली कङ्ग्रेसको सभापति बाहुन र क्षत्री/ठकुरी इतर समुदायमा जानै सकेको छैन। एमाले र एमाओवादीमा चाहिँ बाहुन समुदायबाहेक अन्य समुदायका नेता पार्टी अध्यक्ष बनेका छैनन्। स्थापनादेखि हालसम्म प्रमुख राजनीतिक दलका सभापति या अध्यक्ष बाहुन र क्षत्री/ठकुरीबाहेकका समुदायबाट हुन नसकेको इतिहासले गणतान्त्रिक कालमा पनि निरन्तरता पाइरहेको छ। प्रमुख राजनीतिक दलहरू बाहुन र क्षत्री/ठकुरीकै प्रभुत्वमा सञ्चालित छन्। यो अवस्था कहिलेसम्म रहने हो भन्न सकिँदैन।

राज्यको मूल प्रवाहमा आउन नसकेका जनजाति, दलित, महिला, मधेसी, मुसलमान र तराई जनजातिलाई मूल प्रवाहमा ल्याउने उद्देश्यले उठाइएको समावेशीकरणको मुद्दालाई विभिन्न दलका नेतृत्वले आफूखुशी प्रयोग गरेका छन्। संविधानसभा-१ र २ मा समानुपातिक कोटामा नेताहरूले मनपर्दी आफ्ना नातागोता र आसेपासेलाई पठाएर यो सिद्धान्तको खिल्ली उडाए। निर्वाचन जित्न नसक्ने र अमेरिका, बेलायतलगायतका मुलुकबाट अध्ययन गरी फर्केका उच्च घरानियाँहरूलाई समानुपातिक समावेशी कोटाअन्तर्गत संविधानसभा-१ र २ मा सदस्य तथा सांसद बनाए। केही सिट त पैसमा पनि बिक्री वितरण गरेको पुष्टि भयो। तसर्थ किनारामा परेका समुदाय कुन कुन हुन् भनी स्पष्ट नतोकी समानुपातिक समावेशीकरणको अवधारणालाई हचुवाको भरमा दुरुपयोग गर्दै जाने हो भने यो सिद्धान्त नै विकृत हुन धेरै समय लाग्ने छैन।

कुन दलको सभापति/अध्यक्ष को ?

राजनीतिक दल	सभापति
नेपाली कङ्ग्रेस	शेरबहादुर देउवा
एमाले	केपी शर्मा ओली
एमाओवादी	पुष्पकमल दाहाल 'प्रचण्ड'
राप्रपा	कमल थापा

पार्टी प्रमुख क्षत्री, बाहुनहरूको जिम्मेवारीबाट बाहिर नगए जस्तै केन्द्रीय कार्यसमिति र कम्युनिष्ट पार्टीका स्थायी समिति र पोलिटब्युरोमा पनि बाहुन, क्षत्रीहरूकै हालीमुहाली रहँदै आएको छ । तथ्य मात्र होइन सत्यको खोजी गर्दा पनि बाहुन, क्षत्री समुदायकै वर्चस्व रहेको पुष्टि हुन्छ । प्रमुख चार दलका केन्द्रीय कार्यसमितिमा जातिगत बनोटबारे तुलनात्मक अध्ययनले के देखाउँछ, त्यो हेरौं अब ।

तालिका १: २०७२ भदौ मसान्तसम्म कायम प्रमुख चार राजनीतिक दलका केन्द्रीय कार्यसमितिमा जातिगत बनोट

जात	कङ्ग्रेस (प्रतिशत)	एमाले (प्रतिशत)	एमाओवादी (प्रतिशत)	राप्रपा (प्रतिशत)
दशनामी	२ (२.३५)	३ (२.६०)	०	२ (२.०२)
बाहुन	३४ (४०)	४६ (४०)	५७ (३७.७४)	२२(२२.२२)
क्षत्री/ठकुरी	१६ (१८.८२)	१६ (१३.९१)	२८ (१८.५४)	३३(३३.३३)
नेवार	४ (४.७०)	७ (६.०८)	८ (५.२९)	५ (५.०५)
पहाडे-हिमाली जनजाति	११ (१२.९४)	२१ (१८.२६)	३१ (२०.५२)	२० (२०.२०)
तराई जनजाति	२ (२.३५)	५ (४.३४)	५ (३.३१)	५ (५.०५)
पहाडे दलित	५ (५.८८)	६ (५.२१)	३ (१.९८)	४(४.०४)
तराई दलित	१ (१.१७)	१ (०.८६)	१ (०.६६)	०
मधेसी	८ (९.४१)	७ (६.०८)	१७ (११.२५)	७ (७.०७)
मुसलमान	२(२.३५)	३ (२.६०)	१ (०.६६)	१ (१.०१)
अन्य	-	-	-	-
जम्मा	८५ (९९.९७)	११५ (९९.९४)	१५१ (९९.९५)	९९ (९९.९९)

अनौठो कुरा त सबैभन्दा कम बाहुन २२.२२ प्रतिशत राप्रपा केन्द्रीय समितिमा रहेका छन् भने सबैभन्दा अधिक एमाले र कङ्ग्रेसमा ४० प्रतिशत रहेका छन् । सबैभन्दा बढी क्षत्रीहरू ३३.३३ प्रतिशत राप्रपा केन्द्रीय कार्यसमितिमा रहेका छन् । राप्रपालाई 'क्षत्री' हरूको पार्टी भनी लाग्ने गरेको आरोप सत्यको नजिक देखिन्छ । जनजातिको सहभागितामा सबैभन्दा कमजोर नेपाली कङ्ग्रेस छ जसमा पहाडे-हिमाली जनजाति १२.९४ प्रतिशत मात्र छन् । केन्द्रीय कार्यसमितिमा पहाडे-हिमाली जनजातिको सबैभन्दा बढी प्रतिनिधित्व भएको पार्टी एमाओवादी नै थियो । यस पार्टीको केन्द्रीय कार्यसमितिमा

२०.५२ प्रतिशत सदस्य पहाडे-हिमाली जनजाति थिए । तर, जनसङ्ख्याको आधारमा भने उनीहरूको प्रतिशत कमै हो ।

नेवार समुदायलाई जनजातिमा समावेश गरिएको भए पनि यस अध्ययनमा अलग्गै जातिका रूपमा गणना गरिएको छ। केन्द्रीय कार्यसमितिमा सबैभन्दा बढी नेवारलाई समावेश गर्ने पार्टी एमाले हो। एमालेको केन्द्रीय कार्यसमितिका ६.०८ प्रतिशत नेवार छन् । । दलितको सबैभन्दा बढी (७.०५ प्रतिशत) प्रतिनिधित्व भएको दल नेपाली कङ्ग्रेस हो । एमाओवादीको कार्यसमितिमा दलित २.६४ प्रतिशत मात्र छन् । तराई जनजाति समावेश गर्ने सन्दर्भमा चाहिँ राप्रपा र एमाले अघि छन् । यिनीहरूका केन्द्रीय समितिमा क्रमशः ५.०५ र ४.३४ प्रतिशत तराई जनजाति रहेका छन् ।

एमालेको केन्द्रीय कार्यसमितिमा २.२७ प्रतिशत मुसलमान छन् । अल्पसङ्ख्यक मुसलमान समुदायलाई समावेश गर्ने सवालमा एमाओवादी सबैभन्दा कमजोर छ । एमाओवादीको केन्द्रीय कार्यसमितिमा ०.६६ प्रतिशत सदस्य मात्र मुसलमान छन् । मधेसीको समावेशीकरणमा एमाओवादी र नेपाली कङ्ग्रेस अघि छन् । यी दुई दलका केन्द्रीय कार्यसमितिमा क्रमशः ११.२५ र ९.४१ प्रतिशत मधेसी रहेका छन् ।

खस आर्य समूहअन्तर्गत राखिएका दशनामी (गिरि, पुरी, भारती) नेपाली कङ्ग्रेस केन्द्रीय कार्यसमितिमा २.३५, एमाले केन्द्रीय कमिटीमा २.२७ र राप्रपा केन्द्रीय कार्यसमितिमा २.०२ प्रतिशत छन् । एमाओवादीको केन्द्रीय कार्यसमितिमा तिनले ठाउँ पाएका छैनन् ।

२०६४ चैत २८ गते सम्पन्न संविधानसभा-१ निर्वाचनअघि पनि राजनीतिक दलहरूले समुदायगत बाहुल्य भएको क्षेत्र हेरी उम्मेदवार उठाउने गर्थे । तर, संविधानसभा-१ निर्वाचन यता भने अन्तरिम संविधान, २०६३ र संविधानसभा ऐन अनुसार महिला र केही जातिविशेषका लागि ऐनमै सिट सङ्ख्याको व्यवस्था गरियो । यसले गर्दा राजनीतिक दलहरू निर्वाचनमा उठाउने उम्मेदवारहरूका साथै आफ्ना पार्टी सङ्गठनका विभिन्न निकायमा लिङ्गीय, जातीय र क्षेत्रीय रूपले समावेशीकरण गर्न बाध्य भए । ऐन, कानुनमा भएको यस्तो व्यवस्थाले गर्दा दलहरूले आफ्ना विधान संशोधन गरी दललाई समावेशी बनाउने प्रयास गरेका छन् । यो सकारात्मक कुरा हो । तर, राज्यका विभिन्न निकाय र राजनीतिक दलमा सधैँ समावेशीकरणको नीति अनुसरण गरिरहने हो कि केही निश्चित अवधि तोकेर गर्ने हो भन्ने बहस पनि उठेको छ । यसतर्फ आवश्यक ध्यान जानु उचित हुन्छ ।

पछिल्लो समय सकारात्मक विभेद वा आरक्षणको सवालमा राज्य र राजनीतिक दलहरू सकारात्मक ढङ्गले बढिरहेको प्रष्ट देखिन्छ । एक दशकअघि आवश्यकता हेरी समावेशीकरणको अवधारणा चलेको भए पनि पछिल्लो समय पार्टीहरूले विधानतः समावेशीकरणको नीतिमा जोड दिएका छन् । यसले सहभागिता र समतामूलक राज्य निर्माणमा सहयोग पुग्ने विश्वास गर्न सकिन्छ ।

अध्याय नौ

विधायिकाको रूपरेखा

नेपालमा राजतन्त्रसहितको र गणतन्त्रात्मक गरी दुई प्रकारका विधायिका गठन भएका छन् । निर्दलीय पञ्चायती व्यवस्थामा एक सदनात्मक विधायिका अर्थात् राष्ट्रिय पञ्चायत गठन भएको थियो । पहिलो पटक २०१५ सालमा राजतन्त्रसहितको संसदीय व्यवस्थाअन्तर्गत निर्वाचन भएको थियो । २०१७ पुस १ गते राजाले संसद् र सरकारलाई बलात् अपदस्त गरेपछि करिब ३० वर्ष पञ्चायती व्यवस्था कायम रह्यो । २०४६ र २०६४ सालमा प्रजातन्त्र पुनर्बहालीसँगै संसदीय व्यवस्था कायम हुन पुग्यो । संसदीय काल-१ र २ दुवैमा दुई सदनात्मक व्यवस्थापिका गठन गर्ने संवैधानिक व्यवस्था रह्यो ।

२०६५ सालमा मुलुक गणातन्त्रिक भएपछि संविधानसभा र संसद्को निर्वाचन दुई पटक सम्पन्न भयो । ६०१ सदस्य रहेको संविधानसभाले विधायिकाको कामको जिम्मेवारीसमेत पायो । यस अवधिमा दुवै पटक एक सदनात्मक व्यवस्थापिका गठन गरियो । तर, संविधानसभाले २०७२ असोज ३ गते संविधान घोषणा गरेपछिको व्यवस्थापिका भने दुई सदनात्मक नै रहने व्यवस्था गरेको छ ।

पहिलो व्यवस्थापिका : अल्पायुमै खारेज

पहिलो व्यवस्थापिका २०१५ सालमा गठन भएको थियो । उक्त व्यवस्थापिका दुई सदनात्मक थियो । जनताद्वारा प्रत्यक्ष निर्वाचित सभालाई प्रतिनिधिसभा र माथिल्लो सभालाई महासभा भनिन्थ्यो । प्रतिनिधिसभा १०९ सदस्यीय र महासभा ३६ सदस्यीय हुने संवैधानिक व्यवस्था थियो । दुवै हाउसको कुल सदस्य सङ्ख्या १४५ थियो ।

नेपाली कङ्ग्रेस : प्रतिनिधिसभाको १०९ सिटमध्ये नेपाली कङ्ग्रेसले ७४ स्थानमा विजय हासिल गरेको थियो । तीमध्ये २३ जना बाहुन, एक जना महिलासहित २३ जना क्षत्री/ठकुरी, दुई जना नेवार, १५ जना पहाडे-हिमाली जनजाति, चार जना तराई जनजाति, छ जना मधेसी र एक जना दशनामी निर्वाचित भएका थिए ।

३६ सदस्यीय महासभामा कङ्ग्रेसबाट १३ जना निर्वाचित भएका थिए । तीमध्ये तीन जना बाहुन, तीन जना क्षत्री/ठकुरी, तीन जना नेवार, दुई जना पहाडे-हिमाली जनजाति र दुई जना दशनामी थिए । कङ्ग्रेसका

पूर्वसांसद पुरुषोत्तम बस्नेतका अनुसार दशनामीमध्ये प्रेम चैतन्य भारतीय साधु थिए जो धेरै समयदेखि कास्कीमा बस्दै आएका थिए।

राजाबाट मनोनीत : त्यस बखत महासभाको आधा सङ्ख्या राजाबाट मनोनीत हुने व्यवस्था थियो। राजाबाट मनोनीत भएकामध्ये छ जना बाहुन, एक जना महिलासहित चार जना क्षत्री/ठकुरी, तीन जना नेवार, एक जना नेवार दलित, दुई जना पहाडे-हिमाली जनजाति, एक जना मुसलमान र एक जना बङ्गाली थिए।

नेपाल राष्ट्रवादी गोरखा परिषद् : भरतशमशेर राणा नेतृत्वको यस दलले प्रतिनिधिसभामा १९ स्थानमा विजय हासिल गर्दै प्रमुख प्रतिपक्षको भूमिका निर्वाह गरेको थियो। तीमध्ये सात जना बाहुन, सात जना क्षत्री/ठकुरी, तीन जना पहाडे-हिमाली जनजाति, एक जना तराई जनजाति र एक जना मधेसी निर्वाचित भएका थिए। यस दलबाट महासभामा निर्वाचित तीन जनामध्ये दुई जना क्षत्री/ठकुरी र एक जना बाहुन थिए।

नेपाल कम्युनिष्ट पार्टी : यस पार्टीबाट प्रतिनिधिसभामा एक जना मुसलमान, एक जना मधेसी, एक जना नेवार र एक जना पहाडे बाहुन निर्वाचित भएका थिए। महासभामा एक जना नेवार छानिएका थिए।

संयुक्त प्रजातन्त्र पार्टी : यस पार्टीबाट एक जना क्षत्री/ठकुरी र एक जना नेवार निर्वाचित भएका थिए। महासभामा एक जना बाहुन निर्वाचित भएका थिए।

नेपाल प्रजापरिषद् (**घन कोदालो**) : यस दलबाट एक जना क्षत्री/ठकुरी र एक जना मुसलमान निर्वाचित भएका थिए।

नेपाल प्रजापरिषद् (**हलो**) : यस दलबाट एक जना मात्र मधेसी उम्मेदवार विजयी भएका थिए।

स्वतन्त्र : स्वतन्त्र रूपमा दुई जना तराई जनजाति, एक जना क्षत्री/ठकुरी र एक जना नेवार निर्वाचित भएका थिए।

राष्ट्रिय पञ्चायतमा क्षत्रीको वर्चस्व

२०१७-२०४६ सालसम्म कायम पञ्चायती व्यवस्थामा एक सदनात्मक व्यवस्थापिका गठन हुने प्रावधान थियो। २०२० वैशाख १ गते राष्ट्रिय पञ्चायतको पहिलो अधिवेशन भएको थियो। त्यसमा राजाबाट मनोनीत १६ जना र अञ्चल तथा वर्गीय सङ्गठनहरूबाट निर्वाचित १०९ जना गरी जम्मा १२५ जना राष्ट्रिय पञ्चायत सदस्य छानिएका थिए। तीमध्ये ३३ जना बाहुन, दुई जना महिलासहित ३४ जना क्षत्री/ठकुरी, एक जना दशनामी, एक जना मुसलमान, १९ जना नेवार, एक जना महिलासहित २१ जना पहाडे-हिमाली जनजाति, १३ जना मधेसी, दुई जना तराई जनजाति र एक जना पहाडे दलित थिए।

राष्ट्रिय पञ्चायत सदस्यको सङ्ख्या सधैँ एकनासको रहेन। समय समयमा फेरबदल भइरह्यो। २०३७

सालमा सम्पन्न जनमत सङ्ग्रहपछि संविधानमा तेस्रो संशोधन गरी बालिग मताधिकारका आधारमा राष्ट्रिय पञ्चायत सदस्यको प्रत्यक्ष निर्वाचन गर्ने व्यवस्था गरियो । त्यसको सङ्ख्या १४० थियो । ७५ जिल्लाबाट ११२ जना प्रत्यक्ष निर्वाचित हुन्थे भने २८ जना राजाले मनोनीत गर्थे ।

२०३८ वैशाख २७ गते सम्पन्न निर्वाचनमा निर्वाचित ११२ रापंसमध्ये एक महिलासहित १५ जना बाहुन, ४३ जना क्षत्री/ठकुरी, एक महिलासहित २२ जना पहाडे-हिमाली जनजाति, नौ जना नेवार, नौ जना मधेसी, ११ जना तराई जनजाति, दुई जना मुसलमान र एक जना दशनामी थिए । तीमध्ये दुई जना मात्र महिला (एक जना बाहुन र एक जना पहाडे-हिमाली जनजाति) थिए ।

२०४३ वैशाख २९, जेठ ५ र १२ गते तीन चरणमा सम्पन्न निर्वाचनमा निर्वाचित ११२ रापंसमध्ये २२ जना बाहुन, दुई महिलासहित ४६ जना क्षत्री/ठकुरी, २१ जना पहाडे-हिमाली जनजाति, सात जना नेवार, एक महिलासहित १० जना मधेसी र चार जना तराई जनजाति थिए ।

डेढ दशकको दोस्रो संसदीय काल

२०४८-२०५९ जेठसम्म व्यवस्थापिकामा २६५ जना सदस्य थिए । तीमध्ये २०५ जना प्रत्यक्ष निर्वाचित सभालाई प्रतिनिधिसभा भनिन्थ्यो । राष्ट्रिय सभा अर्थात् माथिल्लो सभा ६५ सदस्यीय थियो । तर, यो परम्परा २०६३ सालमा माओवादी शान्ति प्रक्रियामा आएपछि भङ्ग हुन पुग्यो । प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा विघटन गरिएको संसद् २०६३ वैशाख ११ गते राजा ज्ञानेन्द्रले पुनःस्थापित गरे । त्यही संसद्लाई उपयोग गरी सात दल र माओवादीले सोही वर्ष माघ १ गते अन्तरिम संविधान घोषणा गरेपछि संसद् सदस्यको सङ्ख्या ३३० पुऱ्याइएको थियो । त्यो एक सदनात्मक थियो ।

२०४८ वैशाख २९ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा विभिन्न राजनीतिक दलबाट २०५ जना सदस्य निर्वाचित भएका थिए । उक्त निर्वाचनमा आठ राजनीतिक दलसहित स्वतन्त्र उम्मेदवारले जित हात पारेका थिए ।

दलगत उपस्थिति: एक झलक

राजनीतिक दल	खस आर्य						जनजाति						दलित				मधेसी		मुसलमान		जम्मा		
	दशनामी		बाहुन		क्षत्री/ठकुरी		नेवार		गैरनेवार				पहाडे		तराई								
									पहाडे-हिमाली		तराई												
	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	जम्मा
कङ्ग्रेस	–	–	३	३९	१	२५	१	५	–	९	–	९	–	१	–	–	–	१४	–	३	५	१०५	११०
एमाले	–	–	–	२८	–	९	१	५	१	१७	–	५	–	–	–	–	–	२	–	१	२	६५	६७
सं. जनमोर्चा	–	–	–	२	–	१	–	–	–	६	–	–	–	–	–	–	–	–	–	–	–	९	९
सद्भावना पार्टी	–	–	–	–	–	–	–	–	–	–	–	२	–	–	–	–	–	३	–	१	–	६	६
राप्रपा (चन्द)	–	–	–	२	–	१	–	–	–	–	–	–	–	–	–	–	–	–	–	–	–	३	३
नेकपा (प्रजातन्त्रवादी)	–	–	–	–	–	–	–	१	–	–	–	१	–	–	–	–	–	–	–	–	–	२	२
नेमकिपा	–					१			१		–		–	–	–	–	–		–			२	२
राप्रपा (थापा)						१																१	१
स्वतन्त्र												१						१		१		३	३
जम्मा																							२०३

उपनिर्वाचन–२०४८ माघ २६

यस निर्वाचनमा एमालेबाट एक जना नेवार र नेपाली कङ्ग्रेसबाट पनि एक जना बाहुन विजयी भएका थिए।

२०५० माघ २५ मा सम्पन्न निर्वाचनमा एमालेकी एक जना बाहुन समुदायकी महिला चुनिएकी थिइन् भने नेपाली कङ्ग्रेसका बाहुन उम्मेदवारले विजय हासिल गरेका थिए।

२०५१ सालमा सम्पन्न मध्यावधि निर्वाचनः सत्तारुढ नेपाली कङ्ग्रेसभित्रको रडाकोका कारण २०५१ कात्तिक २९ गते मध्यावधि निर्वाचन सम्पन्न भएको थियो। उक्त निर्वाचनमा पाँच राजनीतिक दलसहित स्वतन्त्र उम्मेदवार विजयी भएका थिए।

दलगत उपस्थितिः एक झलक

राजनीतिक दल	खस आर्य						जनजाति						दलित				मधेसी		मुसलमान		जम्मा		
	दशनामी		बाहुन		क्षत्री/ठकुरी		नेवार		गैरनेवार				पहाडे		तराई								
									पहाडे-हिमाली		तराई												
	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	जम्मा
कङ्ग्रेस	-	१	३	३४	१	१६	-	१	-	८	-	५	-	-	-	-	-	१३	-	१	४	७९	८३
एमाले	-	-	१	४५	-	११	२	७	-	१२	-	७	-	-	-	-	-	२	-	१	३	८५	८८
राप्रपा	-	-	-	३	-	८	-	-	-	३	-	१	-	-	-	-	-	४	-	१	-	२०	२०
नेमकिपा	-	-	-	-	-	२	-	२	-	-	-	-	-	-	-	-	-	-	-	-	-	४	४
सद्भावना पार्टी	-	-	-	-	-	२	-	२	-	-	-	-	-	-	-	-	-	२	-	१	-	३	३
स्वतन्त्र	-	-	-	२	-	२	-	-	-	२	-	१	-	-	-	-	-	-	-	-	७	१९८	२०५
जम्मा	**-**	**१**	**४**	**८४**	**१**	**४१**	**२**	**१२**	**-**	**२५**	**-**	**१४**	**-**	**-**	**-**	**-**	**-**	**१७**	**-**	**४**	**७**	**१९८**	**२०५**

उपनिर्वाचन–२०५३ : यस निर्वाचनमा विजयी एमालेका तीन उम्मेदवारमध्ये दुई जना बाहुन र एक जना मधेसी थिए। नेपाली कङ्ग्रेसबाट विजयी दुई जनामा एक जना मुसलमान र एक जना क्षत्री/ठकुरी थिए।

२०५६ सालमा सम्पन्न निर्वाचन : हङ पार्लियामेन्टको तीतो अनुभवपछि २०५६ वैशाख २० र जेठ ३ गते गरी दुई चरणमा निर्वाचन सम्पन्न भएको थियो। उक्त निर्वाचनमा सात राजनीतिक दलका २०५ उम्मेदवार विजयी भएका थिए।

दलगत उपस्थिति : एक झलक

राजनीतिक दल	खस आर्य						जनजाति						दलित				मधेसी		मुसलमान		जम्मा		
	दशनामी		बाहुन		क्षत्री/ठकुरी		नेवार		गैरनेवार				पहाडे		तराई								
									पहाडे-हिमाली		तराई												
	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	जम्मा
कङ्ग्रेस	-	२	३	४१	१	२३	-	६	-	१२	-	८	-	-	-	-	१	१२	-	२	५	१०६	१११
एमाले	-	-	४	२४	-	१६	१	३	-	१३	-	२	-	-	-	-	-	८	-		५	६६	७१
राप्रपा	-	-	-		-	५	-	२	-	१	-		-	-	-	-	१	२	-		१	१०	११
सद्भावना पार्टी	-	-	-	-	-		-		-	-	-	-	-	-	-	-	-	-	-	-	-	४	४
राजमो	-	-	-	३	-	१	-		-	१	-		-	-	-	-	-		-		-		५
संजमो	-	-	-	१	-		-	-	-		-		-	-	-	-	-	-	-	-		१	१
नेमकिपा	-							१	-		-		-	-	-	-	-		-			१	१
जम्मा																					११	१८८	१९९

उपनिर्वाचन–२०५६ मङ्सिर २३

यस निर्वाचनमा नेपाली कङ्ग्रेस समर्थित ३ जना बाहुनले जितेका थिए ।

दशक लामो राष्ट्रिय सभाको बनोट

२०४७ सालको संविधान अनुसार राजा, प्रतिनिधिसभा र राष्ट्रिय सभा मिलेर संसद् बन्थ्यो । जनताद्वारा प्रत्यक्ष निर्वाचित सभालाई प्रतिनिधिसभा र राजाबाट मनोनीत तथा एकल सङ्क्रमणीय मतका आधारमा निर्वाचित गरी कुल ६० जनाको राष्ट्रिय सभा गठन हुने व्यवस्था थियो । राष्ट्रिय सभामा दुई/दुई वर्षमा एकतिहाइ अर्थात् २० जना सदस्य रिक्त हुने र एकल सङ्क्रमणीय निर्वाचन विधिद्वारा उक्त पद पूर्ति हुँदै जाने व्यवस्था गरिएकाले त्यो कहिल्यै खाली नहुने स्थायी सभा थियो । कम्तिमा तीन जना महिला सदस्य हुनुपर्ने संवैधानिक प्रावधान थियो ।

पहिलो पटक श्री ५ बाट मनोनीत १० जनामध्ये चार जना बाहुन, दुई जना मधेसी, दुई जना पहाडे-हिमाली जनजाति र दुई जना क्षत्री/ठकुरी थिए ।

नेपाली कङ्ग्रेसबाट दुई जना महिलासहित १३ जना बाहुन, एक जना पहाडे दलित, पाँच जना पहाडे-हिमाली जनजाति, चार जना नेवार, दुई जना मधेसी, चार जना क्षत्री/ठकुरी, एक जना मुसलमान र एक जना तराई जनजाति समावेश गरिएका थिए ।

एमालेबाट एक महिलासहित चार जना नेवार, एक जना पहाडे दलित, एक जना पहाडे-हिमाली जनजाति, तीन जना क्षत्री/ठकुरी, दुई जना तराई जनजाति र पाँच जना बाहुन समावेश थिए ।

संयुक्त जनमोर्चा, नेपालका दुई जना बाहुन र नेपाल सद्भावना पार्टीका एक जना मधेसी समावेश थिए ।

२०५० सालमा पदमुक्त भएका २० जनामा कङ्ग्रेसका नौ जना, राजाबाट मनोनीत तीन जना, एमालेका सात जना र संयुक्त जनमोर्चाका एकजना थिए । राजाले मनोनीत गरेका तीन जनामा एकजना बाहुन, एकजना मधेसी र एक जना पहाडे दलित थिए । महिलातर्फ नेपाली कङ्ग्रेसकी एक जना बाहुन समुदायकी महिलाले प्रतिनिधित्व गर्ने अवसर पाइन् । नेपाली कङ्ग्रेसबाट चार जना क्षत्री/ठकुरी, पाँच जना बाहुन, दुई जना मधेसी र एक जना नेवार निर्वाचित भएका थिए । नेकपा एमालेका तीन जना बाहुन र चार जना क्षत्री/ठकुरी लगायत अन्य जातका थिए । स्वतन्त्र रूपमा एक जना निर्वाचित भएका थिए ।

२०५२ सालमा पदावधि सकिएका २० जनामा कङ्ग्रेसका ११ जना, राजाबाट मनोनीत चार जना, एमालेका चार जना र संयुक्त जनमोर्चाका एक जना थिए । रिक्त पदमा राजाबाट मनोनीत भएकामध्ये दुई जना पहाडे-हिमाली जनजाति, एक जना तराई जनजाति र एक जना बाहुन समुदायकी महिला थिइन् ।

महिलातर्फ कङ्ग्रेसकी एक जना नेवार समुदायकी महिलाले निर्वाचन जितेकी थिइन् । चार जना नेवार, एक जना क्षत्री/ठकुरी, दुई जना बाहुन, एक जना पहाडे दलित र एक जना मधेसीले निर्वाचन जितेका थिए । एमालेबाट नेवार एक जना, बाहुन महिला एक जना, पहाडे-हिमाली जनजाति एक जना र मधेसी एक जनाले जितेका थिए । राप्रपाका दुई जना बाहुन राष्ट्रिय सभा सदस्य चुनिएका थिए ।

२०५४ सालमा पदावधि सकिएका सदस्यहरूमा कङ्ग्रेसका ११ जना, एमालेका पाँच जना, नेपाल सद्भावना पार्टीका एक जना र राजाबाट मनोनीत तीन जना थिए । राजाले दुई जना बाहुन र एक जना पहाडे-हिमाली जनजातिलाई मनोनीत गरेका थिए । महिलातर्फ राप्रपाकी एक जना क्षत्री/ठकुरी महिला निर्वाचित

भएकी थिइन् । एमालेका एक महिलासहित सात जना बाहुन र एक जना नेवार निर्वाचित भएका थिए । कङ्ग्रेसका दुई जना बाहुन, एक जना मधेसी, दुई जना पहाडे-हिमाली जनजाति र एक जना नेवार निर्वाचित भएका थिए । राप्रपाका एक जना मुसलमान र एक जना पहाडे-हिमाली जनजाति निर्वाचित भएका थिए ।

२०५६ सालमा राजाले दुई जना बाहुन र एक जना पहाडे दलितलाई मनोनीत गरेका थिए । कङ्ग्रेसबाट एक जना महिलासहित चार जना बाहुन, एक जना पहाडे-हिमाली जनजाति, एक जना मधेसी र एक जना दशनामी निर्वाचित भए । एमालेबाट एक महिलासहित पाँच जना बाहुन, तीन जना क्षत्री/ठकुरी र एक जना पहाडे दलित चुनिए । नेपाल सद्भावना पार्टीका एक जना मधेसी निर्वाचित भए ।

सुभासचन्द्र नेम्वाङ प्रतिनिधिसभामा निर्वाचित भएकाले र केशरबहादुर विष्टले २०५५ फागुन २८ गते राजीनामा दिएकाले रिक्त भएको स्थानमा कङ्ग्रेसका योगप्रसाद उपाध्याय र एमालेकी श्रीमती थममाया थापामगर निर्वाचित भए । ईश्वर पोखरेल र प्रदीप नेपाल प्रतिनिधिसभामा निर्वाचित भई रिक्त हुन पुगेको स्थानमा एमालेकी श्रीमती गौरा कोइराला र कङ्ग्रेसका विजुलकुमार विश्वकर्मा निर्वाचित भएका थिए ।

२०५८ सालमा राजाले एक जना नेवार, एक जना क्षत्री/ठकुरी र एक जना शेर्पा महिलालाई राष्ट्रिय सभामा मनोनीत गरेका थिए । निर्वाचित १६ जनामा कङ्ग्रेसका एक नेवार महिलासहित आठ जना रहेका थिए । तीमध्ये मधेसी एक जना, बाहुन तीन जना, पहाडे-हिमाली जनजाति दुई जना र क्षत्री/ठकरी एक जना थिए । एमालेबाट चार जना बाहुन, एक जना नेवार, एक जना क्षत्री/ठकुरी, एक जना तराई दलित र एक जना पहाडे-हिमाली जनजाति महिला समावेश थिए । राप्रपाका एक जना क्षत्री/ठकुरी थिए ।

त्यसपछि राजाले 'कु' गरेपछि संसद् खारेजीमा परेकाले राष्ट्रिय सभाका लागि एकतिहाइ सदस्यको निर्वाचन हुन सकेन । अन्तमा अन्तरिम संसद् गठनका बेला राष्ट्रिय सभामा बहाल रहेका १४ जनालाई स्थान दिइएको थियो ।

अन्तरिम संसद्–२०६३ र समावेशीकरण

२०६३ वैशाख ११ गते विघटित प्रतिनिधिसभा पुनःस्थापित भएको थियो । माओवादी शान्ति प्रक्रियामा आएपछि त्यही वर्ष माघ १ मा अन्तरिम संविधान घोषणा भएको थियो । उक्त संविधान अनुसार ३३० जनाको अन्तरिम संसद् गठन गरिएको थियो । पुनःस्थापित प्रतिनिधिसभा/राष्ट्रिय सभामा कायम रहेका सांसद (राजाको प्रतिगमनमा लागेका बाहेक), माओवादीका ७३ जना, नेपाली कङ्ग्रेसका थप १० र नेपाली कङ्ग्रेस प्रजातान्त्रिकका छ जना, एमालेका १० जना, माओवादीका थप १० जना, जनमोर्चा नेपालका तीन जना, नेपाल मजदुर किसान पार्टीका तीन जना, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का तीन जना र संयुक्त वाममोर्चाका तीन जना गरी ३२९ जनाको अन्तरिम संसद् गठन गरिएको थियो । राजाको प्रतिगमनको पक्षमा लागेकाले एक जनालाई संसद् सदस्यबाट हटाइएको थियो ।

नेपाली कङ्ग्रेस : यस दलबाट दशनामी तीन जना, बाहुन पाँच महिलासहित ५१ जना, क्षत्री/ठकुरी दुई महिलासहित २६ जना, नेवार दुई महिलासहित १० जना, पहाडे-हिमाली जनजाति १४ जना, मधेसी दुई महिलासहित १८ जना, तराई जनजाति आठ जना, पहाडे दलित एक जना र मुसलमान दुई जना समावेश रहेका थिए ।

एमाले : यस दलबाट बाहुन पाँच महिलासहित ३१ जना, क्षत्री/ठकुरी १५ जना, नेवार एक महिलासहित पाँच जना, पहाडे-हिमाली जनजाति तीन महिलासहित १७ जना, मधेसी एक महिलासहित नौ जना, तराई जनजाति एक महिलासहित तीन जना, पहाडे दलित एक जना, तराई दलित एक जना र मुसलमान एक जना थिए।

माओवादी : बाहुन सात महिलासहित १५ जना, क्षत्री/ठकुरी चार महिलासहित नौ जना, नेवार चार महिलासहित आठ जना, पहाडे-हिमाली जनजाति आठ महिलासहित २० जना, मधेसी दुई महिलासहित आठ जना, तराई जनजाति तीन महिलासहित ११ जना, पहाडे दलित तीन महिलासहित नौ जना, तराई दलित दुई जना र एक जना मुसलमान थिए।

राप्रपा : क्षत्री/ठकुरी चार जना, नेवार एक जना र एक महिलासहित दुई जना मधेसी थिए।

राष्ट्रिय जनमोर्चा : यस दलबाट क्षत्री/ठकुरी एक जना, बाहुन तीन जना र पहाडे-हिमाली जनजाति एक जना समावेश थिए।

नेपाल मजदुर किसान पार्टी : एक जना नेवार महिलासहित तीन जना र एक जना क्षत्री/ठकुरी समावेश थिए।

नेपाल सद्भावना पार्टी : यस दलबाट मधेसी तीन जना सहभागी थिए।

सद्भावना पार्टी (आ) : यस दलबाट मधेसी एक महिलासहित दुई जना र तराई जनजाति महिला एक जना सहभागी थिए।

संयुक्त जनमोर्चा : यस दलबाट बाहुन एक जना, पहाडे-हिमाली जनजाति एक जना, नेवार महिला एक जना र मुसलमान एक जना समावेश थिए।

संयक्त वाममोर्चा : यस समूहबाट बाहुन दुई जना र मधेसी एक जना समावेश थिए।

इन्द्रधनुषी संविधानसभा

संविधानसभा-१

२०६४ चैत २८ गते संविधानसभा निर्वाचन सम्पन्न भएको थियो। प्रत्यक्ष निर्वाचित २४०, समानुपातिक ३३५ र मन्त्रिपरिषद्बाट मनोनीत २६ गरी ६०१ सदस्यीय संविधानसभाले चार वर्षमा पनि संविधान लेख्न सकेन। एमाओवादी नेता तथा प्रधानमन्त्री बाबुराम भट्टराईले उक्त सभाको समय थप गर्ने पहल गर्नुको सट्टा भङ्ग गरिदिए।

माओवादी : २४० सिटका लागि भएको निर्वाचनमा यस दलले १२० स्थानमा विजय हासिल गरेको थियो । तीमध्ये नौ जना महिलासहित ३० जना बाहुन, सात जना महिलासहित २५ जना क्षत्री/ठकुरी, एक जना महिलासहित सात जना नेवार, तीन जना महिलासहित ३० जना पहाडे-हिमाली जनजाति, एक जना महिलासहित आठ जना मधेसी, एक जना महिलासहित १२ जना तराई जनजाति, दुई जना महिलासहित सात जना पहाडे दलित र एक जना तराई दलित थिए ।

समानुपातिकका १०० जनामध्ये १२ महिलासहित २२ जना बाहुन, चार महिलासहित सात जना क्षत्री/ठकुरी, दुई महिलासहित पाँच जना नेवार, १३ महिलासहित २८ जना पहाडे-हिमाली जनजाति, पाँच महिलासहित नौ जना मधेसी, चार महिलासहित ११ जना तराई जनजाति, पाँच महिलासहित ११ जना पहाडे दलित, दुई महिलासहित तीन जना तराई दलित र दुई महिलासहित चार जना मुसलमान समावेश थिए ।

नेपाली कङ्ग्रेस : यस दलबाट जितेका ३७ जनामध्ये दुई महिलासहित १२ जना बाहुन, आठ जना क्षत्री/ठकुरी, तीन जना नेवार, छ जना पहाडे-हिमाली जनजाति, छ जना मधेसी, एक जना तराई जनजाति र एक जना मुसलमान थिए ।

समानुपातिकतर्फका ७३ जनामध्ये सात महिलासहित १२ जना बाहुन, पाँच महिलासहित १० जना क्षत्री/ठकुरी, आठ महिलासहित १६ जना पहाडे-हिमाली जनजाति, दुई महिलासहित पाँच जना नेवार, छ महिलासहित ११ जना मधेसी, तीन महिलासहित छ जना तराई जनजाति, चार महिलासहित सात जना पहाडे दलित, एक जना मुसलमान महिला, एक जना तराई दलित र एक जना दशनामी समावेश गरिएका थिए ।

एमाले : यस दलबाट प्रत्यक्ष निर्वाचनमा निर्वाचित भएका ३३ मा एक महिलासहित १३ जना बाहुन, पाँच जना क्षत्री/ठकुरी, १० जना पहाडे-हिमाली जनजाति, दुई जना मधेसी, दुई जना तराई जनजाति र एक जना मुसलमान समुदायका थिए ।

समानुपातिकतर्फका ७० जनामध्ये छ महिलासहित १४ जना बाहुन, तीन महिलासहित आठ जना क्षत्री/ठकुरी, एक महिलासहित तीन जना नेवार, ११ महिलासहित १८ जना पहाडे-हिमाली जनजाति, पाँच महिलासहित नौ जना मधेसी, एक महिलासहित चार जना तराई जनजाति, तीन महिलासहित सात जना पहाडे दलित, दुई महिलासहित चार जना तराई दलित र एक महिलासहित तीन जना मुसलमान समावेश थिए ।

मधेसी जनअधिकार फोरम, नेपाल : यस दलबाट प्रत्यक्षतर्फ विजयी ३० जनामा एक जना क्षत्री/ठकुरी, एक महिलासहित १९ जना मधेसी, सात जना तराई जनजाति र एक जना महिलासहित तीन जना मुसलमान थिए ।

समानुपातिकतर्फका २२ सिटमा एक जना क्षत्री/ठकुरी, सात महिलासहित १५ जना मधेसी, एक महिलासहित तीन जना तराई जनजाति, दुई जना तराई दलित महिला र एक जना मुसलमान समावेश थिए ।

तराई-मधेस लोकतान्त्रिक पार्टी : यस दलबाट प्रत्यक्षतर्फको निर्वाचनमा विजयी नौ मध्ये एक महिलासहित सात जना मधेसी र दुई जना तराई जनजाति थिए ।

समानुपातिकतर्फका ११ सिटमा दुई महिलासहित आठ जना मधेसी, एक जना तराई जनजाति महिला, एक जना तराई दलित महिला र एक जना मुसलमान थिए ।

सद्भावना पार्टी : यस दलबाट प्रत्यक्षतर्फ जितेका चारमध्ये तीन जना मधेसी र एक जना तराई जनजाति थिए। समानुपातिकतर्फका पाँच सिटमा मधेसी तीन जना र तराई जनजाति दुई जना समावेश गरिएका थिए।

राष्ट्रिय जनमोर्चा, नेपाल : यस दलबाट प्रत्यक्षतर्फ एक जना क्षत्री/ठकुरीले निर्वाचन जितेका थिए। समानुपातिकतर्फका तीन सिटमा एक जना पहाडे दलित, एक जना बाहुन र एक जना पहाडे-हिमाली जनजाति महिला सहभागी थिए।

जनमोर्चा, नेपाल : यस दलबाट प्रत्यक्षतर्फ एक जना पहाडे-हिमाली जनजाति र एक जना बाहुन निर्वाचित भएका थिए। समानुपातिकतर्फका पाँच सिटमा पहाडे दलित एक जना, पहाडे-हिमाली जनजाति महिला एक जना, एक महिलासहित दुई जना बाहुन र एक जना मधेसी थिए।

नेपाल मजदुर किसान पार्टी : यस दलबाट प्रत्यक्षतर्फ दुई जना नेवारले निर्वाचन जितेका थिए भने समानुपातिकमा एक जना नेवार महिला र एक जना बाहुन छानिएका थिए।

समानुपातिकमा मात्र सिट प्राप्त गर्ने दल

राप्रपा : यस दलले प्राप्त गरेको आठ सिटमा एक महिलासहित तीन जना क्षत्री/ठकुरी, एक महिलासहित दुई जना पहाडे-हिमाली जनजाति, एक जना तराई जनजाति महिला, एक जना तराई दलित र एक जना मुसलमान सहभागी थिए।

माले : यस दलले पाएको आठ सिटमा एक जना क्षत्री/ठकुरी महिला, एक जना पहाडे-हिमाली जनजाति, एक जना पहाडे दलित महिला, एक जना मधेसी, एक महिलासहित दुई जना तराई जनजाति र एक महिलासहित दुई जना बाहुन समावेश थिए।

नेकपा (संयुक्त) : यस दलको भागमा परेको पाँच सिटमा दुई जना बाहुन, एक महिला क्षत्री/ठकुरी, एक जना मधेसी महिला र एक जना नेवार थिए।

राप्रपा, नेपाल : यस दलबाट एक जना महिलासहित दुई जना पहाडे-हिमाली जनजाति, एक जना मधेसी र एक जना क्षत्री/ठकुरी महिला सहभागी थिए।

राष्ट्रिय जनशक्ति पार्टी : यस दलबाट एक जना बाहुन, एक जना तराई जनजाति महिला र एक जना पहाडे-हिमाली जनजाति समेटिएका थिए।

सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च : यस दलले एक जना पहाडे-हिमाली जनजाति र एक जना तराई जनजाति महिलालाई आफूले प्राप्त गरेको कोटामा संविधानसभामा पठाएको थियो।

नेपाल सद्भावना पार्टी (**आनन्दीदेवी**) : यस दलले पाएको दुई सिटमा एक जना दशनामी महिला र अर्का एक जना मधेसीलाई पठाएको थियो ।

राष्ट्रिय जनमुक्ति पार्टी : यस दलको भागमा परेको दुई जनामा एक जना पहाडे-हिमाली जनजाति महिला र पुरुष सहभागी थिए ।

दलित जनजाति पार्टी : यस दलका एक जना तराई दलित संविधानसभामा सहभागी थिए ।

नेपाली जनता दल : यस दलको भागमा परेको दुई सिटमा एक महिलासहित दुई जना मधेसी सहभागी थिए ।

नेपाः राष्ट्रिय पार्टी : यस दलका एक जना नेवार संविधानसभामा सहभागी भए ।

नेकपा (**एकीकृत**) : यस दलका एक जना पहाडे-हिमाली जनजाति र एक जना बाहुन समुदायकी महिला सहभागी थिए ।

समाजवादी प्रजातान्त्रिक जनता पार्टी, नेपाल : यस दलका एक जना क्षत्री/ठकुरी संविधानसभामा सहभागी भएका थिए ।

चुरे भावर राष्ट्रिय एकता पार्टी : यस दलका एक जना बाहुन संविधानसभामा पुगेका थिए ।

नेपाल लोकतान्त्रिक समाजवादी दल : यस दलबाट एक जना तराई जनजाति महिला संविधानसभामा सहभागी बनेकी थिइन् ।

नेपाल परिवार दल : यस दलका एक जना बाहुन संविधानसभा सदस्य बनेका थिए ।

स्वतन्त्र : एक जना मुसलमान सदरुल मियाँ हक र अर्का एक जना ज्यान अभियोगका आरोपी मधेसी बवन सिंह निर्वाचन जितेर संविधानसभा सदस्यमा निर्वाचित भएका थिए ।

मन्त्रिपरिषद्बाट मनोनीत २६ जना

मन्त्रिपरिषद्ले अन्तरिम संविधान अनुसार २०६५ भदौमा संविधानसभामा २६ जना सदस्य नियुक्त गरेको थियो । ती २६ जना विभिन्न पार्टीबाट सिफारिस भएका थिए ।

माओवादी : एक पुरुषसहित चार जना पहाडे-हिमाली जनजाति, एक जना पहाडे दलित, दुई जना तराई जनजाति, दुई जना क्षत्री/ठकुरी र एक जना नेवार थिए ।

नेपाली कङ्ग्रेस : एक महिलासहित चार जना बाहुन र एक जना मुसलमानलाई समावेश गरिएको थियो ।

नेपाल मजदुर किसान पार्टी : यस दलबाट एक जना क्षत्री/ठकुरी सहभागी भएका थिए ।

एमाले : यस दलबाट एक जना पहाडे-हिमाली जनजाति, एक महिलासहित दुई जना तराई जनजाति र एक महिलासहित दुई जना नेवार मनोनीत भएका थिए ।

मधेसी जनअधिकार फोरम, नेपाल : यस दलबाट एक जना तराई जनजाति नियुक्त भएका थिए ।

तमलोपा : यस दलबाट एक जना मधेसी नियुक्त भएका थिए ।

जनमोर्चा : यस दलबाट एक जना नेवारलाई सहभागी गराइएको थियो ।

माले : यस दलबाट एक जना मधेसीले मौका पाएका थिए ।

नेपाल सद्भावना पार्टी (**आनन्दीदेवी**) : यस दलबाट एक जना मधेसी मनोनीत भएका थिए ।

संविधानसभा–२

संविधानसभा-१ ले संविधान लेख्न नसकी भङ्ग भएपछि २०७० मङ्सिर ४ गते संविधानसभा-२ को निर्वाचन भयो । उक्त निर्वाचनले संविधानसभा-१ को बनोटमा ठूलो फेरबदल ल्याइदियो । संविधानसभा-१ मा एमाओवादी सबैभन्दा ठूलो दल थियो भने संविधानसभा-२ मा नेपाली कङ्ग्रेस सबैभन्दा ठूलो दल बन्न पुग्यो । एमाओवादी तेस्रो शक्तिमा खुम्चियो ।

नेपाली कङ्ग्रेस : यस दलले प्रत्यक्षतर्फ जितेको १०५ सिटमा दुई महिलासहित ३० जना बाहुन, ३१ जना क्षत्री/ठकुरी, सात जना नेवार, एक महिलासहित १० जना पहाडे-हिमाली जनजाति, तीन महिलासहित १४ जना मधेसी, दुई महिलासहित १० जना तराई जनजाति र दुई जना मुसलमान थिए ।

समानुपातिक तर्फको ९१ सिटमा नौ महिलासहित १८ जना बाहुन, पाँच महिलासहित नौ जना क्षत्री/ठकुरी, छ महिलासहित नौ जना नेवार, नौ महिलासहित २० जना पहाडे-हिमाली जनजाति, छ महिलासहित १० जना मधेसी, चार महिलासहित १० जना तराई जनजाति, चार महिलासहित १० जना पहाडे दलित, दुई महिलासहित चार जना मुसलमान र एक जना दशनामी समावेश थिए ।

एमाले : यस दलबाट प्रत्यक्षतर्फ निर्वाचित ९१ जनामा ३८ जना बाहुन, १६ जना क्षत्री/ठकुरी, चार जना नेवार, एक महिलासहित १९ जना पहाडे-हिमाली जनजाति, तीन जना मधेसी, एक महिलासहित सात जना तराई जनजाति, एक जना पहाडे दलित, एक महिलासहित दुई जना दशनामी र एक जना मुसलमान थिए ।

समानुपातिक तर्फको ८४ सिटमध्ये सात महिलासहित १७ जना बाहुन, पाँच महिलासहित नौ जना क्षत्री/ठकुरी, चार महिलासहित सात जना नेवार, १० महिलासहित २० जना पहाडे-हिमाली जनजाति, छ महिलासहित ११ जना मधेसी, तीन महिलासहित सात जना तराई जनजाति, चार महिलासहित आठ जना पहाडे दलित, एक महिलासहित दुई जना तराई दलित, एक महिलासहित दुई जना मुसलमान र एक जना दशनामी महिला समावेश थिए।

एमाओवादी : यस दलबाट प्रत्यक्षतर्फ निर्वाचित २६ जनामध्ये सात जना बाहुन, पाँच जना क्षत्री/ठकुरी, दुई जना नेवार, एक महिलासहित तीन जना पहाडे-हिमाली जनजाति, दुई जना मधेसी र सात जना तराई जनजाति थिए।

समानुपातिकतर्फ प्राप्त ५४ सिटमा चार महिलासहित १० जना बाहुन, पाँच महिलासहित सात जना क्षत्री/ठकुरी, एक जना नेवार महिला, पाँच महिलासहित १३ जना पहाडे-हिमाली जनजाति, पाँच महिलासहित १० जना मधेसी, एक महिलासहित दुई जना तराई जनजाति, चार महिलासहित छ जना पहाडे दलित, एक महिलासहित दुई जना तराई दलित, एक महिलासहित दुई जना मुसलमान र एक जना दशनामी समावेश थिए।

तमलोपा : यस दलबाट प्रत्यक्ष निर्वाचित चारै जना मधेसी थिए। समानुपातिकतर्फ प्राप्त सात सिटमा दुई महिलासहित तीन जना मधेसी, एक जना मुसलमान, एक महिलासहित तीन जना तराई जनजाति समावेश थिए।

मजफो (लोकतान्त्रिक) : यस दलबाट प्रत्यक्ष निर्वाचित चार जनामा तीन जना तराई जनजाति र एक जना मुसलमान थिए। समानुपातिकतर्फ प्राप्त सिटमा दुई महिलासहित तीन जना तराई जनजाति, एक महिलासहित तीन जना मधेसी, एक जना तराई दलित महिला, दुई जना बाहुन र एक जना क्षत्री/ठकुरी महिला समावेश थिए।

राप्रपा : यस दलबाट प्रत्यक्ष निर्वाचित तीन जनामध्ये दुई जना क्षत्री/ठकुरी र एक जना बाहुन थिए। समानुपातिकतर्फ दुई जना क्षत्री/ठकुरी, दुई जना बाहुन महिला, दुई जना पहाडे-हिमाली जनजाति, एक जना नेवार महिला, एक जना मुसलमान, एक जना मधेसी महिला र एक जना तराई दलित महिला थिए।

मजफो, नेपाल : यस दलबाट दुई जना मधेसी प्रत्यक्ष निर्वाचित भएका थिए भने समानुपातिकका आठ सदस्यमध्ये एक महिलासहित चार जना मधेसी, एक महिलासहित दुई जना तराई जनजाति, एक जना मुसलमान महिला र एक जना महिलासहित दुई जना बाहुन समावेश थिए।

सद्भावना पार्टी : यस दलबाट एक जना मधेसी मात्र प्रत्यक्ष निर्वाचित भएका थिए। समानुपातिकतर्फको पाँच सदस्यमध्ये दुई महिलासहित चार जना मधेसी र एक जना तराई जनजाति थिए।

नेमकिपा : यस दलबाट प्रत्यक्ष निर्वाचनमा एक जना नेवार निर्वाचित भएका थिए। समानुपातिकतर्फको तीन सिटमा एक जना नेवार, एक जना बाहुन र एक जना पहाडे-हिमाली जनजाति महिला चुनिएका थिए।

तराई–मधेस सद्भावना पार्टी, नेपाल : यस दलबाट प्रत्यक्ष निर्वाचनमा एक जना मधेसी निर्वाचित भएका थिए। समानुपातिकमा एक महिलासहित दुई जना मधेसी सहभागी थिए।

स्वतन्त्र : स्वतन्त्र रूपमा एक जना मुसलमान र एक जना मधेसी निर्वाचित भएका थिए।

समानुपातिकमा मात्र सिट प्राप्त गर्ने दलहरू

राप्रपा, नेपाल : यस दलले पाएको २४ सिटमा तीन जना बाहुन महिला, एक महिलासहित चार जना क्षत्री/ठकुरी, एक महिलासहित चार जना नेवार, दुई महिलासहित पाँच जना पहाडे-हिमाली जनजाति, एक जना दशनामी, एक महिलासहित चार जना मधेसी, एक महिलासहित दुई जना पहाडे दलित र एक जना तराई जनजाति महिला चुनिएका थिए।

माले : यस दलबाट एक जना बाहुन, एक जना क्षत्री/ठकुरी महिला, एक जना पहाडे-हिमाली जनजाति, एक जना पहाडे दलित महिला र एक जना तराई जनजाति समेटिएका थिए।

सङ्घीय समाजवादी पार्टी, नेपाल : एक जना मधेसी महिला, एक जना पहाडे दलित, एक जना मुसलमान, एक जना बाहुन महिला र एक जना पहाडे-हिमाली जनजाति समावेश थिए।

राष्ट्रिय जनमोर्चा : एक जना क्षत्री/ठकुरी, एक जना बाहुन महिला र एक जना पहाडे-हिमाली जनजाति महिला समावेश थिए।

नेकपा (संयुक्त) : एक जना बाहुन, एक जना तराई जनजाति महिला र एक जना क्षत्री/ठकुरी महिला समावेश थिए।

राष्ट्रिय मधेस समाजवादी पार्टी : एक जना क्षत्री/ठकुरी महिला र दुई जना मधेसीलाई संविधानसभामा पठाएको थियो।

नेपाल परिवार दल : एक जना बाहुन र एक जना तराई जनजाति महिला समावेश गरिएको थियो।

राष्ट्रिय जनमुक्ति पार्टी : यस दलबाट एक जना पहाडे-हिमाली जनजाति र एक जना पहाडे दलित महिला समावेश थिए।

दलित जनजाति पार्टी : यस दलबाट एक जना तराई दलित र एक जना पहाडे-हिमाली जनजाति महिला समावेश भएका थिए।

तराई मधेस सद्भावना पार्टी, नेपाल : यस दलबाट एक महिलासहित दुई जना मधेसी सहभागी थिए।

थरुहट तराई पार्टी, नेपाल : एक तराई जनजाति महिलासहित दुई जना समावेश थिए।

सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट) : यस दलबाट एक जना तराई जनजाति महिला समावेश थिइन्।

समाजवादी जनता पार्टी : यस दलका एक जना क्षत्री/ठकुरी समावेश थिए।

नेपाली जनता दल : यस दलबाट एक जना मधेसी समावेश थिए।

मधेसी जनअधिकार फोरम (गणतान्त्रिक) : यस दलबाट एक जना मधेसी महिला समावेश भएकी थिइन्।

नेपाः राष्ट्रिय पार्टी : यस दलबाट एक जना नेवार संविधानसभामा पुगेका थिए। उनी संविधानसभाका जेठा सदस्य लक्ष्मण राजवंशी हुन्। हालसालै उनलाई पार्टीले कारबाही गरी सांसदबाट हटाएको छ।

सङ्घीय सद्भावना पार्टी : यस दलबाट एक जना मधेसी महिलालाई संविधानसभामा पठाइएको थियो। उनी पार्टी अध्यक्ष अनिल झाकी श्रीमती डिम्पल कुमारी हुन्।

खम्बुवान राष्ट्रिय मोर्चा, नेपाल : यस दलका एक जना पहाडे-हिमाली जनजाति संविधानसभामा पुगेका थिए।

अखण्ड नेपाल पार्टी : यस दलका एक जना क्षत्री/ठकुरी संविधानसभामा पुगेका थिए।

जनजागरण पार्टी, नेपाल : यस दलका एक जना बाहुन संविधानसभा सदस्यमा आरक्षित हुन पुगेका थिए।

मधेस समता पार्टी, नेपाल : यस दलका एक जना पहाडे-हिमाली जनजाति संविधानसभामा पुगेका थिए।

मन्त्रिपरिषदबाट नियुक्त २३ जना

अन्तरिम संविधान अनुसार संविधानसभाका लागि मन्त्रिपरिषदले नियुक्त गर्नुपर्ने २६ मध्ये २०७१ भदौसम्म २३ जना मात्र नियुक्त भएका थिए। २०७२ असोज ३ गते संविधान घोषणा गर्दासम्म संविधानसभा सदस्यको पूर्ण सङ्ख्या पुगेको थिएन। मन्त्रिपरिषद्ले नियुक्त गर्ने सदस्यको सिफारिश गर्ने अनौपचारिक अधिकार विभिन्न दललाई दिइएकोले दलीय भागबन्डा नमिल्दा संविधानसभा-२ ले पूर्णता (६०१ सदस्य) बिना नै संविधान घोषणा गरेको थियो।

नेपाली कङ्ग्रेस : यस दलबाट दुई जना बाहुन, दुई जना क्षत्री/ठकुरी, दुई जना तराई जनजाति, एक जना नेवार, एक जना मधेसी र एक जना पहाडे-हिमाली जनजाति सिफारिस भएका थिए।

एमाले : यस दलबाट ३ जना बाहुन, एक महिलासहित दुई जना नेवार, एक जना क्षत्री/ठकुरी महिला, एक जना पहाडे-हिमाली जनजाति, एक जना मधेसी र एक जना तराई जनजाति सिफारिस भएका थिए।

एमाओवादी : यस दलबाट एक महिलासहित दुई जना क्षत्री/ठकुरी, एक जना बाहुन र एक जना नेवार सिफारिस भएका थिए।

राप्रपा, नेपाल : यस दलबाट कमल थापाका विवादास्पद छवि भएका भाइ गणेश थापा सिफारिस भएका थिए।

२०१५–२०७० सालसम्म निर्वाचनमा भाग लिने राजनीतिक दल

क. २०१५ साल : यस निर्वाचनमा जम्मा नौवटा राजनीतिक दलले भाग लिएकोमा छवटा दलले मात्र प्रतिनिधिसभामा प्रवेश पाएका थिए।

ख. २०४८ साल : यस निर्वाचनमा जम्मा २० राजनीतिक दलले भाग लिएका थिए। तीमध्ये आठवटा दलले मात्र प्रतिनिधिसभामा आफ्नो सिट सुरक्षित गरेका थिए।

ग. २०५१ साल : यस निर्वाचनमा जम्मा २४ राजनीतिक दलले भाग लिएका थिए। तीमध्ये पाँच दल मात्र प्रतिनिधिसभामा आफ्नो सिट सुरक्षित राख्न सफल भएका थिए।

घ. २०५६ साल : यस निर्वाचनमा जम्मा ४० राजनीतिक दल सहभागी थिए। तीमध्ये सात दलका उम्मेदवार मात्र निर्वाचन जित्न सफल भएका थिए।

ङ. संविधानसभा-१ : चैत २८ गते प्रत्यक्षतर्फ २४० स्थानका लागि सम्पन्न निर्वाचनमा ५४ राजनीतिक दलले भाग लिएका थिए। तीमध्ये जम्मा नौ दल मात्र संविधानसभामा पुग्न सफल भएका थिए। समानुपातिकतर्फ भने ५५ राजनीतिक दल सहभागी थिए।

च. संविधानसभा-२ : मङ्सिर ४ गते प्रत्यक्षतर्फ २४० स्थानका लागि सम्पन्न निर्वाचनमा १२० राजनीतिक दलले भाग लिएका थिए। तीमध्ये १० राजनीतिक दलका उम्मेदवार मात्र संविधानसभा/व्यवस्थापिकामा पुग्न सफल भएका थिए। समानुपातिकतर्फ चाहिँ १२२ दल सहभागी थिए।

अध्याय दश

२००७ देखि २०७० सालसम्म गठन भएका मन्त्रिपरिषद्[४८]

१. २००७ देखि २०१५ सालसम्मका मन्त्रिपरिषद्

२००७ फागुन ७ गते राणाशासनको पतनपछि सर्वसाधारणका छोराछोरीले पनि मन्त्री र प्रधानमन्त्री हुने अवसर पाए । (त्यसअघि राणा र त्योभन्दा अघि चौतारिया, भारदार र पुरोहितहरूले मात्र त्यो अवसर पाउँथे ।) त्यस अवधिमा बनेका सरकारमध्ये एउटा परामर्श दातृ सरकार थियो ।

तालिका १ : २००७ फागुन ७ मा गठित राणा-कङ्ग्रेस मन्त्रिपरिषद्

जम्मा : १० सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	२
	क्षत्री/ठकुरी	-	६
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
जम्मा		**-**	**१०**
प्राइममिनिष्टर – श्री ३ मोहनशमशेर जबरा			

४८ यस अध्ययनमा मन्त्रिपरिषद् भन्नाले सहायक, उप, राज्य, मन्त्री, उपप्रधानमन्त्री र प्रधानमन्त्री सबैलाई जनाइएको छ।

१० सदस्यीय उक्त मन्त्रिपरिषद्मा श्री ३ महाराज मोहनशमशेर प्राइममिनिष्टर थिए भने नेपाली कङ्ग्रेसका नेता बीपी कोइरालाले गृहमन्त्रालय सम्हाल्ने अवसर पाए । नेपाली कङ्ग्रेसका सभापति तथा जनक्रान्तिका कमान्डर मातृकाप्रसाद कोइराला भने सरकारमा सामेल थिएनन् । एक जना नेवार, एक जना मधेसी, दुई जना बाहुन र छ जना क्षत्री/ठकुरी उक्त मन्त्रिपरिषद्मा सहभागी थिए ।

२००८ सालमा एक पटक मात्र पुनर्गठन गरिएको उक्त मन्त्रिपरिषद्मा १० सदस्य नै रहेका थिए र जातीय बनोट पनि उही रहेको थियो । खालि मर्यादाक्रममा बीपी कोइराला र सुवर्णशमशेर जबरालाई क्रमशः प्राइममिनिष्टर पछि दोस्रो र तेस्रो स्थानमा राखिएको थियो । पाका नेताहरूका अनुसार आन्दोनलकारी शक्तिको माग र दबाब अनुसार त्यसो गर्नुपरेको थियो ।

तालिका २ : २००८ मङ्सिर १ मा कङ्ग्रेस सभापति मातृकाप्रसाद कोइराला नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : १४ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	२
	क्षत्री/ठकुरी	-	६
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	२
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**-**	१४
प्रधानमन्त्री – मातृकाप्रसाद कोइराला			

१४ सदस्यीय उक्त मन्त्रिपरिषद्मा दुई जना बाहुन, छ जना क्षत्री/ठकुरी, दुई जना मधेसी, दुई जना नेवार र दुई जना पहाडे-हिमाली जनजाति सहभागी थिए ।

तालिका ३ : २००९ साउन ३० मा श्री ५ त्रिभुवनको नेतृत्वमा गठित परामर्श दातृ सरकार

जम्मा : ७ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	-
	क्षत्री/ठकुरी	-	६
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**-**	**७**
अध्यक्ष – श्री ५ त्रिभुवन			

राजा त्रिभुवनको नेतृत्वको सरकारमा कुनै पनि बाहुन सहभागी थिएनन् । आधुनिक नेपालको इतिहासमा बाहुनमुक्त पहिलो सरकार थियो यो । यो सरकार करिब एक वर्ष चल्यो । सरकारमा पाँच जना क्षत्री/ठकुरी र एक जना नेवार थिए । यसबाट राजाहरू राज्य सञ्चालनमा क्षत्री/ठकुरी र नेवारहरूप्रति बढी नै विश्वस्त रहेको प्रष्ट हुन्छ ।

तालिका ४ : २०१० असार ४ मा मातृकाप्रसाद कोइराला नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : ५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	१
	क्षत्री/ठकुरी	-	१
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	१
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**-**	**५**
प्रधानमन्त्री – मातृकाप्रसाद कोइराला			

यो मन्त्रिपरिषद् २०१० फागुन ७ गते एक पटक पुनर्गठन गरियो । पुनर्गठनपछि तीन जना बाहुन, दुई जना क्षत्री/ठकुरी, एक जना पहाडे-हिमाली जनजाति र एक जना मधेसी सहभागी हुन पुगे ।

२०१२ वैशाख १ गते राजा महेन्द्रले आफ्नै अध्यक्षतामा शाही सल्लाहकार गठन गरे । उक्त सल्लाहकारमा प्रिन्सिपल, डेपुटी प्रिन्सिपल एड्भाइजरका साथै तीन जना एड्भाइजर मनोनीत गरेका थिए । तीमध्ये एक जना नेवार, दुई जना क्षत्री/ठकुरी, एक जना बाहुन र एक जना मधेसी थिए ।

त्यसपछि सोही वर्ष माघ १३ गते नेपाल प्रजापरिषद्का अध्यक्ष टङ्कप्रसाद आचार्यको नेतृत्वमा शुरुमा ७ सदस्यीय मन्त्रिपरिषद् गठन भएको थियो ।

तालिका ५ : २०१२ माघ १३ मा टंकप्रासाद आचार्य नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : ७ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	३
	क्षत्री/ठकुर	-	१
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	१ (बङ्गाली)
जम्मा		**–**	**७**
प्रधानमन्त्री – टंकप्रसाद आचार्य			

उक्त मन्त्रिपरिषद्मा तीन जना बाहुन, एक जना क्षत्री/ठकुरी, एक जना नेवार, एक जना मधेसी र एक जना बङ्गाली पशुपतिनाथ घोष सहभागी थिए । सोही माघ २३ गते आचार्य मन्त्रिपरिषद्मा ११ जना नयाँ अनुहार थपिएपछिको जातीय बनोट यस्तो थियो ।

तालिका ६ : २०१२ माघ २३ मा पुनर्गठित आचार्य मन्त्रिपरिषद्

जम्मा : १८ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	७
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	२
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	१ (बङ्गाली)
	जम्मा	**-**	**१८**
प्रधानमन्त्री – टंकप्रसाद आचार्य			

राजदरबारमा सेवा पुऱ्याएका बाहुन, क्षत्री/ठकुरी र नेवारहरूले नै मन्त्रिपरिषद्मा प्रभुत्व जमाउने प्रचलन भएका बेला तराई जनजाति छिमानन्द महतो पहिलो पटक स्थानीय प्रशासन उपमन्त्री भएका थिए।

२०१४ साउन ११ गते केआई सिंह (कुँवर इन्द्रजित सिंह) नेतृत्वमा ११ सदस्यीय मन्त्रिपरिषद् गठन भयो।

तालिका ७ : २०१४ साउन ११ मा केआई सिंह नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : ११ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	२
	क्षत्री/ठकुरी	-	६
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	१
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**-**	**११**
प्रधानमन्त्री – कुँवर इन्द्रजि सिंह			

यो मन्त्रिपरिषद्मा महाकवि लक्ष्मीप्रसाद देवकोटालाई शिक्षामन्त्रीको जिम्मेवारी दिइएको थियो । यो सरकार गठन भएको करिब एक वर्षपछि नेपाली कङ्ग्रेसका नेता सुवर्णशमशेर जबराको नेतृत्वमा चुनावी सरकार गठन गरिएको थियो । उक्त चुनावी सरकारमा तीन जना क्षत्री/ठकुरी, दुई जना बाहुन र एक जना पहाडे-हिमाली जनजाति समावेश थिए ।

२. पहिलो जननिर्वाचित सरकार अर्थात् बहुदल काल–१

२०१५ फागुनमा सम्पन्न पहिलो संसदीय निर्वाचनमा १०९ स्थान रहेकोमा नेपाली कङ्ग्रेसले ७४ स्थानमा विजय हासिल गरेको थियो । १९ स्थानमा विजय हात पारी भरतशमशेर राणाको गोरखा परिषद् प्रमुख प्रतिपक्षी दल बनेको थियो । जनप्रतिनिधि चुन्न सम्पन्न यो निर्वाचन नेपालको पहिलो महानिर्वाचन थियो । यो निर्वाचन गर्न झन्डै एक महिना लागेको थियो र निर्वाचन सम्पन्न भएको करिब डेढ महिनापछि मात्र राजा महेन्द्रले संसद्मा दुईतिहाइ मत प्राप्त नेपाली कङ्ग्रेसलाई सरकार बनाउन आह्वान गरेका थिए । त्यसपछि नेपाली कङ्ग्रेसका नेता बीपी कोइरालाको नेतृत्वमा २१ सदस्यीय समावेशी मन्त्रिपरिषद् गठन भएको थियो । सुदूरपश्चिमकी ठकुरी परिवारकी द्वारिकादेवी ठकुरानी नेपालको पहिलो महिला मन्त्री बनिन् । निर्वाचन जितेर उनले बीपी कोइरालाको मन्त्रिपरिषद्मा स्वास्थ्य र स्वायत्त शासन उपमन्त्रीको जिम्मेवारी सम्हाल्ने अवसर पाएकी थिइन् । दलित र मुसलमान समुदायको प्रतिनिधित्व नगरिए पनि मन्त्रिपरिषद् समावेशी स्वरूपकै थियो । यो नेपाली कङ्ग्रेसको एकमना सरकार थियो ।

तालिका ८ : २०१६ जेठ १३ मा विश्वेश्वरप्रसाद कोइराला नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : २१ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	४
	क्षत्री/ठकुरी	१	४
जनजाति	नेवार	-	३
	पहाडे-हिमाली	-	५
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
जम्मा		१	२०
प्रधानमन्त्री – विश्वेश्वरप्रसाद कोइराला			

त्यसै वर्ष असार १६ गते पुनर्गठन गरिएको उक्त मन्त्रिपरिषद् सदस्यहरू यथावत् नै थिए । केही मन्त्रीलाई बढोत्तरी गरी नयाँ जिम्मेवारी मात्र दिइएको थियो ।

३. निर्दलको ३० वर्ष

२०१७ पुस १ गते राजा महेन्द्रले जननिर्वाचित संसद् र सरकार दुवैलाई भङ्ग गरी निर्दलीय पञ्चायती व्यवस्था लागू गरेका थिए। सैनिक बल प्रयोग गरी निर्वाचित सरकार र संसद्का प्रतिनिधिहरूलाई पक्राउ गरी जेलमा थुनेर पञ्चायती व्यवस्था लागू गरिएको थियो। देशको हावा, पानी र माटो सुहाउँदो भनी झ्याली पिटाइएको त्यो व्यवस्था ३० वर्ष चलेको थियो।

'कु' गरेको १२ दिनपछि राजा महेन्द्रले आफ्नै अध्यक्षतामा नौ सदस्यीय मन्त्रिपरिषद् गठन गरेका थिए।

तालिका ९ : २०१७ पुस १३ मा राजा महेन्द्रको अध्यक्षतामा गठित मन्त्रिपरिषद्

जम्मा : १० सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	०
	क्षत्री/ठकुरी	-	४
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	२
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
जम्मा		**-**	**१०**
अध्यक्ष – श्री ५ महेन्द्र			

उक्त मन्त्रिपरिषद्मा एक जना दशनामी, चार जना क्षत्री/ठकुरी, दुई जना मधेसी, दुई जना पहाडे-हिमाली जनजाति र एक जना नेवार थिए। बाहुनविहीन यो मन्त्रिपरिषद् झन्डै एक वर्षपछि पुनर्गठन गरिएको थियो। २०१८ मङ्सिर २९ गते एक जना क्षत्री/ठकुरी, एक जना बाहुन र एक जना मधेसीलाई थप गरिएको थियो। थपिएकामध्ये दुई जनालाई राष्ट्रिय निर्देशन मन्त्रीका रूपमा विना विभाग नियुक्त गरिएको थियो।

२०१९ असार १८ गते राजा महेन्द्रले आफ्नै अध्यक्षतामा फेरि मन्त्रिपरिषद् गठन गरे। उक्त मन्त्रिपरिषद्मा उपाध्यक्ष डा. तुलसी गिरी नियुक्त भएका थिए।

तालिका १० : २०१९ असार १८ मा राजा महेन्द्रको अध्यक्षतामा गठित मन्त्रिपरिषद्

जम्मा : १७ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	२
	क्षत्री/ठकुरी	-	६
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	३
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	३
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**-**	**१७**
अध्यक्ष – श्री ५ महेन्द्र			

१७ सदस्यीय उक्त मन्त्रिपरिषद्मा ६ जना क्षत्री/ठकुरी, एकजना दशनामी, दुई जना बाहुन, दुई जना नेवार, तीन जना पहाडे-हिमाली जनजाति र तीन जना मधेसी मूलका मन्त्रीहरू समावेश थिए।

त्यसपछि २०१९ चैत २० गते मन्त्रिपरिषद् अध्यक्षमा डा. तुलसी गिरीलाई चयन गरी राजा महेन्द्र मन्त्रिपरिषद्बाट बाहिर बस्दै नयाँ मन्त्रिपरिषद् गठन गर्न पुगे।

तालिका ११ : २०१९ चैत २० मा डा. तुलसी गिरीको अध्यक्षतामा गठित मन्त्रिपरिषद्

जम्मा : १४ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	५
	क्षत्री/ठकुरी	-	२
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	२
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**-**	**१४**
अध्यक्ष – डा. तुलसी गिरी			

यस मन्त्रिपरिषद्मा पनि बाहुन, क्षत्री/ठकुरी, नेवार र मधेसीकै वर्चस्व थियो । २०२० फागुन २० गते डा. तुलसी गिरी मन्त्रिपरिषद् अध्यक्ष र सूर्यबहादुर थापा उपाध्यक्षमा नियुक्त भए ।

२०२० चैत २७ गते राजा महेन्द्रकै अध्यक्षतामा पुनः १६ सदस्यीय मन्त्रिपरिषद् गठन भयो । उक्त मन्त्रिपरिषद्मा सात जना मन्त्री र आठ जना सहायकमन्त्री रहेका थिए ।

तालिका १२ : २०२० चैत २७ मा राजा महेन्द्रको अध्यक्षतामा गठित मन्त्रिपरिषद्

जम्मा : १६ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	५
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	-	३
	पहाडे-हिमाली	-	२
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
जम्मा		**-**	**१६**
अध्यक्ष – श्री ५ महेन्द्र			

यस मन्त्रिपरिषद्मा पनि बाहुन, क्षत्री/ठकुरी र नेवारहरूकै वर्चस्व रह्यो ।

२०२१ माघ १३ गते राजा महेन्द्रले आफूले लिँदै आएको मन्त्रिपरिषद् अध्यक्ष पदमा सूर्यबहादुर थापालाई मनोनीत गरे । सूर्यबहादुर थापाको राजनीतिमा अभ्युदय यसै दिनदेखि भएको मान्न सकिन्छ । त्यसपछि थापा जीवनभर आफूलाई राजनीतिको सर्वोच्च स्थानमा राख्न सफल भए । राजाले मन्त्रिपरिषद् अध्यक्ष छाडे पनि मन्त्री छान्न अध्यक्ष सूर्यबहादुर थापा स्वतन्त्र थिएनन् । राजाले जे भन्यो त्यही गर्नुपर्थ्यो त्यस बेला ।

तालिका १३ : २०२१ माघ १३ मा सूर्यबहादुर थापाको अध्यक्षतामा गठित मन्त्रिपरिषद्

जम्मा : १२ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	४
	क्षत्री/ठकुरी	-	२
जनजाति	नेवार	-	३
	पहाडे-हिमाली	-	२
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**-**	१२
अध्यक्ष – सूर्यबहादुर थापा			

रापंसको अवधि समाप्त भए पनि सोही मन्त्रिपरिषद्मा २०२१ फागुन ३ गते खड्गबहादुर सिंह मन्त्री पदमा पुनः नियुक्त भएका थिए । सोही वर्ष सोही महिना १४ गते मन्त्रिपरिषद् उपाध्यक्षमा कीर्तिनिधि विष्ट पुनः नियुक्त भए ।

२०२२ असार २ गते सूर्यबहादुर थापाको अध्यक्षतामा मन्त्रिपरिषद् गठन भएको थियो ।

तालिका १४ : २०२२ असार २ मा सूर्यबहादुर थापाको अध्यक्षतामा गठित मन्त्रिपरिषद्

जम्मा : १२ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	४
	क्षत्री/ठकुरी	-	२
जनजाति	नेवार	-	३
	पहाडे-हिमाली	-	२
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**-**	१२
अध्यक्ष – सूर्यबहादुर थापा			

२०२२ माघ ८ गते गठन भएको मन्त्रिपरिषद्मा भने सूर्यबहादुर थापा रहेनन् । उनले सम्हालेको मन्त्रिपरिषद् अध्यक्ष पुनः राजा महेन्द्रले नै लिए र उपाध्यक्षमा कीर्तिनिधि विष्टलाई मनोनीत गरे ।

तालिका १५ : २०२२ माघ ८ मा राजा महेन्द्रको अध्यक्षतामा गठित मन्त्रिपरिषद्

जम्मा : ३ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	२
	क्षत्री/ठकुरी	-	१
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**-**	**३**
अध्यक्ष – श्री ५ महेन्द्र			

तीन सदस्यीय उक्त मन्त्रिपरिषद्मा दुई जना बाहुन र एक जना क्षत्री/ठकुरी रहेका थिए । यद्यपि, आफूलाई अध्यक्ष नतोके पनि उपाध्यक्षले अध्यक्षको निर्देशन बमोजिम काम गर्नुपर्ने भएकाले राजा स्वतःअध्यक्ष रहेको पुष्टि हुन्छ ।

२०२३ साउन १६ गते फेरि सूर्यबहादुर थापाकै अध्यक्षतामा मन्त्रिपरिषद् गठन भयो । १२ सदस्यीय उक्त मन्त्रिपरिषद्मा पनि प्रायः पुरानै अनुहार थिए । तर, मन्त्री पदमा पहिलो पटक नियुक्त मधेसी मूलका वेदानन्द झालाई गृह पञ्चायत मन्त्रीको जिम्मेवारी तोकिएको थियो । (तालिका १६)

यो मन्त्रिपरिषद् २०२३ माघ १४ गते पुनः परिवर्तन भयो । यसमा प्रधानमन्त्री सूर्यबहादुर थापा र उपप्रधानमन्त्री कीर्तिनिधि विष्ट दुई जना मात्र नियुक्त भए । यसै मन्त्रिपरिषद्मा फागुन २१ गते वेदानन्द झालाई गृह पञ्चायत मन्त्रीमा पुनः नियुक्त गरियो ।

२०२३ चैत १५ गते सूर्यबहादुर थापा प्रधानमन्त्री नियुक्त भए भने उपप्रधानमन्त्री कीर्तिनिधि विष्ट चाहिँ खोसुवामा परे । चार सदस्यीय यो मन्त्रिपरिषद्मा एक जना क्षत्री/ठकुरी, एक जना पहाडे-हिमाली जनजाति र दुई जना नेवार सदस्य नियुक्त भए । बाहुन समुदायले यो मन्त्रिपरिषद्मा कुनै पनि पद पाएनन् ।

तालिका १६ : २०२३ साउन १६ मा सूर्यबहादुर थापाको नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : १२ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	३
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	२
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**-**	१२
अध्यक्ष – सूर्यबहादुर थापा			

२०२४ जेठ १५ गते फेरि सूर्यबहादुर थापाकै नेतृत्वमा मन्त्रिपरिषद् गठन गरियो । २२ सदस्यीय उक्त मन्त्रिपरिषद्को जातिगत बनोट यसप्रकार छ।

तालिका १७ : २०२४ जेठ १५ मा सूर्यबहादुर थापाको नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : २२ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	४
	क्षत्री/ठकुरी	-	८
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	५
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	१ (मारवाडी)
	जम्मा	**-**	२२
अध्यक्ष – सूर्यबहादुर थापा			

यस मन्त्रिपरिषद्मा उपप्रधानमन्त्रीको जिम्मेवारी कीर्तिनिधि विष्टलाई दिइएको थियो भने गृह पञ्चायत मन्त्रीको जिम्मेवारी गेहेन्द्रबहादुर राजभण्डारी र रक्षाको जिम्मेवारी गिरीप्रसाद बुढाथोकीलाई दिइएको थियो। यिनीहरूले यो जिम्मेवारी पाएको पहिलो पटक भने होइन । विश्वनाथ अग्रवाल यो मन्त्रिपरिषद्मा गृह पञ्चायत सहायकमन्त्री बनेका थिए।

२०२५ असोज १० गते गठन भएको १४ सदस्यीय मन्त्रिपरिषद् यसप्रकार रहेको छ।

तालिका १८ : २०२५ असोज १० मा सूर्यबहादुर थापा नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : १४ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	३
	क्षत्री/ठकुरी	-	६
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	२
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	१ (मारवाडी)
	जम्मा	**-**	**१४**
प्रधानमन्त्री – सूर्यबहादुर थापा			

तालिका १९ : २०२५ चैत २५ मा कीर्तिनिधि विष्टको नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : १६ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	४
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	४
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**-**	**१६**
प्रधानमन्त्री – कीर्तिनिधि विष्ट			

तालिका २० : २०२६ चैत ३१ मा राजा महेन्द्रको अध्यक्षतामा गठित मन्त्रिपरिषद्

जम्मा : ९ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	३
	क्षत्री/ठकुरी	-	१
जनजाति	नेवार	-	३
	पहाडे-हिमाली	-	१
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**-**	९
अध्यक्ष – श्री ५ महेन्द्र			

तालिका २१ : २०२८ वैशाख १ मा कीर्तिनिधि विष्टको अध्यक्षतामा गठित मन्त्रिपरिषद्

जम्मा : १४ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	६
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	१
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**-**	१४
प्रधानमन्त्री – कीर्तिनिधि विष्ट			

तालिका २२ : २०२८ भदौ १३ मा कीर्तिनिधि विष्टको अध्यक्षतामा गठित मन्त्रिपरिषद्

जम्मा : १७ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	६
	क्षत्री/ठकुरी	-	६
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	२
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**–**	**१७**
प्रधानमन्त्री- कीर्तिनिधि विष्ट			

तालिका २३ : २०२९ वैशाख ४ मा कीर्तिनिधि विष्टको अध्यक्षतामा गठित मन्त्रिपरिषद्

जम्मा : २२ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	५
	क्षत्री/ठकुरी	१	७
जनजाति	नेवार	-	३
	पहाडे-हिमाली	-	३
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	१	२१
प्रधानमन्त्री – कीर्तिनिधि विष्ट			

उक्त मन्त्रिपरिषद्मा श्रीमती कमल शाहलाई स्वास्थ्य सहायक मन्त्रीमा नियुक्त गरिएको थियो । उनी द्वारिकादेवी ठकुरानीपछि मन्त्री हुने दोस्रो महिला थिइन् ।

२०३० सालमा मुलुकको केन्द्रीय शासन/प्रशासनको केन्द्रबिन्दु सिंहदरबारमा आगलागी भएपछि कीर्तिनिधि विष्टले प्रधानमन्त्री पदबाट राजीनामा दिए । त्यसपछि नगेन्द्रप्रसाद रिजालको नेतृत्वमा नयाँ सरकार गठन गरिएको थियो ।

तालिका २४ : २०३० साउन १ मा नगेन्द्रप्रसाद रिजालको अध्यक्षतामा गठित मन्त्रिपरिषद्

जम्मा : १६ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	४
	क्षत्री/ठकुरी	१	६
जनजाति	नेवार	-	३
	पहाडे-हिमाली	-	१
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	१	१५
प्रधानमन्त्री – नगेन्द्रप्रसाद रिजाल			

२०३० चैत १६ गते हेरफेर, थपघट गरी गठन गरिएको रिजाल मन्त्रिपरिषद् यसप्रकार रहेको छ ।

तालिका २५ : २०३० चैत १६ मा पुनर्गठित रिजाल नेतृत्वको मन्त्रिपरिषद्

जम्मा : २१ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	४
	क्षत्री/ठकुरी	१	८
जनजाति	नेवार	-	३
	पहाडे-हिमाली	-	४
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	१	२०
प्रधानमन्त्री – नगेन्द्रप्रसाद रिजाल			

तालिका २६ : २०३१ कात्तिक १५ मा रिजाल नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : १८ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	३
	क्षत्री/ठकुरी	१	५
जनजाति	नेवार	-	३
	पहाडे-हिमाली	-	४
	तराई	-	१
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	१	**१७**
प्रधानमन्त्री – नगेन्द्रप्रसाद रिजाल			

नगेन्द्रप्रसाद रिजालको प्रधानमन्त्रित्वमा गठन भएको यस मन्त्रिपरिषद्मा पहिलो पटक दलितलाई समावेश गरिएको थियो । हीरालाल विश्वकर्मा शिक्षा सहायक मन्त्री भएका थिए ।

तालिका २७ : २०३२ मङ्सिर १५ मा डा. तुलसी गिरीको अध्यक्षतामा गठित मन्त्रिपरिषद्

जम्मा : १५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	२
	क्षत्री/ठकुरी	१	३
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	३
	तराई	-	१
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	१	**१४**
प्रधानमन्त्री – डा. तुलसी गिरी			

तालिका २८ : २०३३ भदौ १७ मा डा. गिरीको प्रधानमन्त्रित्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : १८ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	३
	क्षत्री/ठकुरी	-	५
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	४
	तराई	-	१
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	**–**	**१८**
प्रधानमन्त्री – डा. तुलसी गिरी			

डा. गिरीको मन्त्रिपरिषद्मा पहिलो पटक मुसलमान समुदायका सदस्य नियुक्त भएका थिए । शमशूल हक जलविद्युत् सहायक मन्त्री नियुक्त भएका थिए ।

२०३४ जेठ ४ गते गठित मन्त्रिपरिषद्का सदस्यहरूको जातीय बनोट यसप्रकार छः

तालिका २९ : २०३४ जेठ ४ मा डा. गिरीको अध्यक्षतामा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : २१ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	३
	क्षत्री/ठकुरी	-	७
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	५
	तराई	-	२
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	**–**	**२१**
प्रधानमन्त्री – डा. तुलसी गिरी			

तालिका ३० : २०३४ भदौ २७ मा कीर्तिनिधि विष्टको अध्यक्षतामा गठित मन्त्रिपरिषद्

जम्मा : २५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	५
	क्षत्री/ठकुरी	-	११
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	३
	तराई	-	१
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	**-**	**२५**
प्रधानमन्त्री – कीर्तिनिधि विष्ट			

तालिका ३१ : २०३६ वैशाख १ मा विष्टको अध्यक्षतामा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : २४ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	५
	क्षत्री/ठकुरी	-	४
जनजाति	नेवार	-	४
	पहाडे-हिमाली	१	४
	तराई	-	१
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		-	३
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	१	२३
प्रधानमन्त्री – कीर्तिनिधि विष्ट			

२०३६ जेठ १६ गते सूर्यबहादुर थापालाई प्रधानमन्त्री नियुक्त गरेको दुई दिनपछि मन्त्रिपरिषद् गठन भएको थियो। थापा नेतृत्वको यही मन्त्रिपरिषद्ले 'बहुदल कि सुधारिएको पञ्चायती व्यवस्था' भन्ने विषयमा जनमत सङ्ग्रह सम्पन्न गरेको थियो।

तालिका ३२ : २०३६ जेठ १८ मा सूर्यबहादुर थापाको अध्यक्षतामा गठित मन्त्रिपरिषद्

जम्मा : २८ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	१
	क्षत्री/ठकुरी	१	१०
जनजाति	नेवार	-	४
	पहाडे-हिमाली	-	७
	तराई	-	१
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		-	३
मुसलमान		-	
अन्य		-	-
	जम्मा	१	२७
प्रधानमन्त्री – सूर्यबहादुर थापा			

तालिका ३३ : २०३७ जेठ १९ मा थापाको अध्यक्षतामा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : २३ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	२
	क्षत्री/ठकुरी	-	८
जनजाति	नेवार	-	४
	पहाडे-हिमाली	१	५
	तराई	-	-
दलित	पहाडे	-	
	तराई	-	-
मधेसी		-	३
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	१	२२
प्रधानमन्त्री – सूर्यबहादुर थापा			

तालिका ३४ : २०३८ असार २ मा सूर्यबहादुर थापा नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : २८ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	६
	क्षत्री/ठकुरी	-	१०
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	१	६
	तराई	-	२
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	१	२७
प्रधानमन्त्री – सूर्यबहादुर थापा			

थापाको २८ सदस्यीय उक्त मन्त्रिपरिषद्मा १० जना क्षत्री/ठकुरीहरू थिए । दलित र मुसलमान समुदायबाट एक जना पनि समावेश गरिएका थिएनन् ।

तालिका ३५ : २०३९ असोज २४ मा पुनःगठित थापा मन्त्रिपरिषद्

जम्मा : ३५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	६
	क्षत्री/ठकुरी	-	१४
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	१	९
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	१
	जम्मा	१	३४
प्रधानमन्त्री – सूर्यबहादुर थापा			

यो मन्त्रिपरिषद् नै पञ्चायती व्यवस्थाको सबैभन्दा ठूलो (३५ सदस्यीय) आकारको मन्त्रिपरिषद् थियो ।

तालिका ३६ : २०४० असार २९ मा लोकेन्द्रबहादुर चन्दको अध्यक्षतामा गठित मन्त्रिपरिषद्

जम्मा : २१ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	२
	क्षत्री/ठकुरी	-	१०
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	५
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	१	२०
प्रधानमन्त्री – लोकेन्द्रबहादुर चन्द			

सुदूरपश्चिमकी ठकुरी समुदायकी द्वारिकादेवी ठकुरानी स्वास्थ्य उपमन्त्री भएको २४ वर्षपछि पश्चिमकी बाहुन समुदायकी अर्की महिला श्रीमती विद्यादेवी देवकोटा स्वास्थ्य सहायक मन्त्री बनिन् ।

तालिका ३७ : २०४१ असोज १ मा पुनर्गठित चन्द मन्त्रिपरिषद्

जम्मा : २६ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	१	३
	क्षत्री/ठकुरी	-	७
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	४
	तराई	-	५
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	१	२५
प्रधानमन्त्री – लोकेन्द्रबहादुर चन्द			

सहायक मन्त्री भएको १० वर्षपछि हीरालाल विश्वकर्मा बल्लतल्ल आपूर्ति राज्यमन्त्रीमा बढुवा हुन पुगे । आपूर्ति मन्त्री नभएकाले विश्वकर्मालाई 'क्याबिनेट मिनिस्टर' को समेत हैसियत प्राप्त भएको थियो ।

तालिका ३८ : २०४२ जेठ १ मा पुनर्गठित चन्द मन्त्रिपरिषद्

जम्मा : २७ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	१	३
	क्षत्री/ठकुरी	-	७
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	६
	तराई	-	४
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	१	२६
प्रधानमन्त्री – लोकेन्द्रबहादुर चन्द			

यो मन्त्रिपरिषद्मा रणधीर सुब्बा ३६ वर्षपछि पुनः मन्त्री नियुक्त भए । २०१५ सालको सुवर्णशमशेर जबरा नेतृत्वको चुनावी सरकारमा शिक्षा, स्थानीय स्वायत्त शासन, स्वास्थ्य, कानुन, संसदीय प्रबन्ध तथा उद्योग वाणिज्य मन्त्री भएका सुब्बालाई यस पटक परराष्ट्र, शिक्षा तथा संस्कृति मन्त्रालयको जिम्मेवारी सुम्पिएको थियो ।

तालिका ३९ : २०४२ चैत ८ मा नगेन्द्रप्रसाद रिजालको नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : ११ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	६
	क्षत्री/ठकुरी	-	-
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	१
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**-**	**११**
प्रधानमन्त्री – नगेन्द्रप्रसाद रिजाल			

नगेन्द्रप्रसाद रिजालको नेतृत्वमा गठन भएको यो चुनावी मन्त्रिपरिषद्मा एक जना पनि क्षत्री/ठकुरी समावेश थिएनन् ।

तालिका ४० : २०४३ असार २ मा मरीचमान सिंह श्रेष्ठको नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : १७ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	३
	क्षत्री/ठकुरी	१	७
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	२
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**१**	**१६**
प्रधानमन्त्री – मरीचमान सिंह श्रेष्ठ			

तालिका ४१ : २०४४ फागुन २६ मा श्रेष्ठको नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : ३३ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	६
	क्षत्री/ठकुरी	२	१०
जनजाति	नेवार	-	४
	पहाडे-हिमाली	-	७
	तराई	-	२
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	२	३१
प्रधानमन्त्री – मरीचमान सिंह श्रेष्ठ			

यस मन्त्रिपरिषद्मा मुसलमान समुदायका सदस्य (डा. मोहम्मद मोहसिन) लाई पहिलो पटक क्याबिनेट मन्त्री बनाइएको थियो ।

तालिका ४२ : २०४५ कात्तिक १५ मा श्रेष्ठको नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : २५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	१
	क्षत्री/ठकुरी	१	१०
जनजाति	नेवार	-	४
	पहाडे-हिमाली	-	५
	तराई	-	२
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	१	२४
प्रधानमन्त्री – मरीचमान सिंह श्रेष्ठ			

तालिका ४३ : २०४६ भदौ १४ मा श्रेष्ठको नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : ३१ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	८
	क्षत्री/ठकुरी	१	९
जनजाति	नेवार	-	४
	पहाडे-हिमाली	-	५
	तराई	-	२
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	१	**३०**
प्रधानमन्त्री – मरीचमान सिंह श्रेष्ठ			

तालिका ४४ : २०४६ चैत १९ मा श्रेष्ठको नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : २६ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	४
	क्षत्री/ठकुरी	१	८
जनजाति	नेवार	-	४
	पहाडे-हिमाली	-	४
	तराई	-	२
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	१	**२५**
प्रधानमन्त्री – मरीचमान सिंह श्रेष्ठ			

२०४६ फागुन ७ गतेदेखि नेपाली कङ्ग्रेस र संयुक्त वाममोर्चाले निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गरी संसदीय बहुदलीय व्यवस्था पुनःस्थापनाका लागि गरेको जनआन्दोलन उत्कर्षमा पुग्दै थियो । यसअघि नै भारतले लगाएको आर्थिक नाकाबन्दीका कारण जनजीवन थप कष्टपूर्ण बनेको थियो । २०४६ चैत २४

गते जनआन्दोलन उत्कर्षमा पुगेको दिन मरीचमान सिंह श्रेष्ठको मन्त्रिपरिषद् विघटन गरी राजा वीरेन्द्रले लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा सानो आकारको मन्त्रिपरिषद् गठन गरी आन्दोलनरत पक्षसँग वार्ता गर्न जिम्मेवारी सुम्पेका थिए। यो नै पञ्चायती व्यवस्थाको अन्तिम सरकार थियो। उक्त मन्त्रिपरिषद्मा प्रधानमन्त्री चन्दसहित तीन जना क्षत्री/ठकुरी र एक जना बाहुन सम्मिलित थिए।

तालिका ४५ : २०४६ चैत २४ मा लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : ४ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	१
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	-	४
प्रधानमन्त्री – लोकेन्द्रबहादुर चन्द			

४. बहुदल काल–२

२०४६ चैत २६ गते राति पञ्चायती व्यवस्था विघटन गरी बहुदलीय व्यवस्था घोषणा गरिएको थियो। त्यसपछि नेपाली कङ्ग्रेस र संयुक्त वाममोर्चा तथा राजाका प्रतिनिधि सम्मिलित मन्त्रिपरिषद् गठन भएको थियो। नेपाली कङ्ग्रेसका कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रित्वमा गठन भएको उक्त मन्त्रिपरिषद्लाई मूलतः दुइटा जिम्मेवारी तोकिएको थियो। एक, संविधान निर्माण गर्ने। दुई, संसदीय निर्वाचन सम्पन्न गर्ने। यस अतिरिक्त मुलुकको दैनिक प्रशासन र भारतसितको असहज परिस्थिति निराकरण गर्नुपर्ने चुनौती पनि तत्कालीन सरकारलाई थियो। भट्टराई सरकारले तोकिएकै समयमा सबै जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरेको थियो।

तालिका ४६ : २०४७ वैशाख ६ मा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : ११ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	६
	क्षत्री/ठकुरी	-	१
जनजाति	नेवार	१	२
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	१	१०
प्रधानमन्त्री – कृष्णप्रसाद भट्टराई			

तालिका ४७ : २०४८ जेठ १५ मा गिरिजाप्रसाद कोइराला नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : १५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	६
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	१
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	१	१४
प्रधानमन्त्री – गिरिजाप्रसाद कोइराला			

गिरिजाप्रसाद कोइराला नेतृत्वको नेपाली कङ्ग्रेसको एकमना सरकारमा दलित, मधेसी, कसैलाई पनि सहभागी गराइएन ।

तालिका ४८ : २०४८ पुस १५ मा कोइरालाको नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : २५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	११
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	-	३
	पहाडे-हिमाली	-	२
	तराई	-	२
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	१
अन्य		-	-
	जम्मा :	१	२४
प्रधानमन्त्री – गिरिजाप्रसाद कोइराला			

२५ सदस्यीय उक्त मन्त्रिपरिषद्मा पनि दलित समुदायबाट एक जना पनि समावेश गरिएन । महिलालाई पनि सजावटको रूपमा मात्र राखियो । एक जनाभन्दा बढी महिलालाई मन्त्री बनाउने नयाँ सोचाइ आएन ।

नेपाली कङ्ग्रेसको आन्तरिक कलहका कारण प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सामान्य बहुमतको पार्टीको सरकार भङ्ग गरी मध्यावधि निर्वाचनको घोषणा गरे । त्यसै अनुसार २०५१ कात्तिक २९ गते प्रतिनिधि सभाका लागि सम्पन्न मध्यावधि निर्वाचनमा तत्कालीन प्रमुख प्रतिपक्षी एमाले संसद्मा ठूलो दलका रूपमा चुनिएपछि नेपाली कङ्ग्रेस प्रतिपक्षमा पुग्यो । त्यसपछि एमाले अध्यक्ष मनमोहन अधिकारीको अगुवाइमा अल्पमतको सरकार गठन भयो । नेपालको पहिलो वामपन्थी (निर्वाचित) सरकार पनि समावेशी हुन सकेन । (तालिका ४९)

१५ सदस्यीय उक्त मन्त्रिपरिषद्मा एकदेखि आठ नम्बरसम्म पहाडे बाहुन मन्त्री थिए । मन्त्रिपरिषद्मा महिला, दलित, मधेसी कोही थिएनन् । एक जना नेवार, एक जना मुसलमान र दुई जना पहाडे-हिमाली जनजाति समावेश थिए । नौ महिनापछि उक्त सरकार पतन भएपछि संसदीय राजनीतिमा विकृति र विसङ्गतिको डङ्गुर लाग्यो ।

तालिका ४९ : २०५१ मङ्सिर १४ मा एमाले अध्यक्ष मनमोहन अधिकारीको नेतृत्मा गठित मन्त्रिपरिषद्

जम्मा : १५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	९
	क्षत्री/ठकुरी	-	२
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	२
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	**–**	**१५**
प्रधानमन्त्री – मनमोहन अधिकारी			

२०५२ भदौ १२ गते सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायको बेन्चले प्रधानमन्त्री मनमोहन अधिकारीमाथि संसद्मा अविश्वास प्रस्ताव आइसकेको र त्यसमा उनी अल्पमतमा पर्ने स्पष्ट भइसकेपछि संसद् विघटन गरी निर्वाचनमा जाने घोषणा गरेकाले उक्त कुरा बदर गरी संसद् कायम रहेको फैसला गरेको थियो । त्यसपछि चुनावी माहोल बिथोलिएर राजनीति पुनः संसद्मै फर्केको थियो । अनि नेपाली कङ्ग्रेस संसदीय दलका नेता शेरबहादुर देउवा प्रधानमन्त्री हुन पुगे ।

तालिका ५० : २०५२ भदौ २७ मा शेरबहादुर देउवा नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : ५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	१
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**–**	**५**
प्रधानमन्त्री – शेरबहादुर देउवा			

तालिका ५१ : २०५२ असोज ६ मा देउवा नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : २६ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	७
	क्षत्री/ठकुरी	-	८
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	५
	तराई	-	२
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	३
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	**-**	**२६**
प्रधानमन्त्री – शेरबहादुर देउवा			

तालिका ५२ : २०५२ मङ्सिर २७ मा देउवा नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : ४५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	११
	क्षत्री/ठकुरी	-	१४
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	६
	तराई	-	४
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	६
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	१	४४
प्रधानमन्त्री – शेरबहादुर देउवा			

उक्त मन्त्रिपरिषद्मा प्रधानमन्त्री देउवाले मन्त्रीहरू थप गरेका थिए ।

तालिका ५३ : २०५३ जेठ ४ मा देउवा मन्त्रिपरिषद्मा गरिएको हेरफेर, थप र कार्यविभाजन

जम्मा : ४९ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	१२
	क्षत्री/ठकुरी	-	१५
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	६
	तराई	-	४
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	७
मुसलमान		-	२
अन्य		-	-
	जम्मा	१	**४८**
प्रधानमन्त्री – शेरबहादुर देउवा			

तालिका ५४ : २०५३ जेठ २८ मा देउवा मन्त्रिपरिषद्मा गरिएको हेरफेर, थप र कार्यविभाजन

जम्मा : ५८ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	१४
	क्षत्री/ठकुरी	-	१९
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	६
	तराई	-	४
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१०
मुसलमान		-	२
अन्य		-	-
	जम्मा	१	**५७**
प्रधानमन्त्री – शेरबहादुर देउवा			

देउवाले गठन गरेको ५८ सदस्यीय यो मन्त्रिपरिषद् अहिलेसम्मको सबैभन्दा ठूलो मन्त्रिपरिषद् हो ।

तालिका ५५ : २०५३ पुस २४ मा देउवा नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : ५३ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	१०
	क्षत्री/ठकुरी	-	१८
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	६
	तराई	-	४
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१०
मुसलमान		-	२
अन्य		-	-
	जम्मा	१	५२
प्रधानमन्त्री – शेरबहादुर देउवा			

तालिका ५६ : २०५३ फागुन २९ मा लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : ८ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	३
	क्षत्री/ठकुरी	-	२
जनजाति	नेवार	१	-
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	१	७
प्रधानमन्त्री – लोकेन्द्रबहादुर चन्द			

तालिका ५७ : २०५३ चैत १२ मा चन्द नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : ३४ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	१३
	क्षत्री/ठकुरी	-	६
जनजाति	नेवार	१	२
	पहाडे-हिमाली	-	४
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	५
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	२	३२
प्रधानमन्त्री – लोकेन्द्रबहादुर चन्द			

तालिका ५८ : २०५४ जेठ २९ मा चन्द नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : ६ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	-
	क्षत्री/ठकुरी	-	२
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	१
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	**–**	**६**
प्रधानमन्त्री – लोकेन्द्रबहादुर चन्द			

तालिका ५९ : २०५४ असार १६ मा चन्द नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : १० सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	-
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	१
	तराई	-	२
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	**-**	**१०**
प्रधानमन्त्री – लोकेन्द्रबहादुर चन्द			

तालिका ६० : २०५४ भदौ १३ मा चन्द नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : ९ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	१
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	२
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	**-**	९
प्रधानमन्त्री – लोकेन्द्रबहादुर चन्द			

तालिका ६१ : २०५४ असोज ६ मा चन्द नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : १४ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	३
	क्षत्री/ठकुरी	-	४
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	३
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	**–**	**१४**
प्रधानमन्त्री – लोकेन्द्रबहादुर चन्द			

२०५४ असोज २१ गते सूर्यबहादुर थापाको नेतृत्वमा नेपाली कङ्ग्रेस लगायत अन्य दल सम्मिलित मन्त्रिपरिषद् गठन हुन पुग्यो । यसअघि गठन भएको चन्द मन्त्रिपरिषद् एमाले लगायत दलहरूको समर्थनमा बनेको थियो । पञ्चायती व्यवस्थाको पतन भएको एक दशक पनि नबित्दै एमाले र कङ्ग्रेसले चर्चित पूर्वपञ्च तथा पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापालाई पालैपालो सत्तामा पुऱ्याएका थिए ।

तालिका ६२ : २०५४ असोज २१ मा सूर्यबहादुर थापाको नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : ६ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	३
	क्षत्री/ठकुरी	-	२
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**–**	**६**
प्रधानमन्त्री – सूर्यबहादुर थापा			

तालिका ६३ : २०५४ असोज २७ मा थापा नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : १९ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	३
	क्षत्री/ठकुरी	-	६
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	३
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	५
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	**-**	**१९**
प्रधानमन्त्री – सूर्यबहादुर थापा			

२०५४ कात्तिक ११ गते प्रधानमन्त्री थापाले मन्त्रिपरिषद् सदस्यहरूको मर्यादाक्रम हेरफेर मात्र गरेका थिए। मन्त्रिपरिषद् चाहिँ उही नै थियो। उक्त मन्त्रिपरिषद्मा २०५४ मङ्सिर १८ मा हेरफेर तथा थप र कार्यविभाजन गरिएको थियो।

तालिका ६४ : २०५४ मङ्सिर १८ मा थापा नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : ४७ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	९
	क्षत्री/ठकुरी	१	१३
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	७
	तराई	-	४
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१०
मुसलमान		-	२
अन्य		-	-
	जम्मा	**१**	**४६**
प्रधानमन्त्री – सूर्यबहादुर थापा			

४७ सदस्यीय मन्त्रिपरिषद् गठन गर्दासमेत प्रधानमन्त्री सूर्यबहादुर थापाले एक जना पनि दलितलाई समावेश गरेननू ।

त्यसपछि २०५५ वैशाख २ गते गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार गठन हुन पुग्यो । उक्त दिन कोइरालाले आफू (बाहुन) सहित शैलजा आचार्य (बाहुन) र डा. रामशरण महत (क्षत्री) सम्मिलित तीन सदस्यीय मन्त्रिपरिषद् गठन गरी कार्यविभाजन तोकेका थिए ।

तालिका ६५ : २०५५ वैशाख २ मा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : ३ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	१
	क्षत्री/ठकुरी	-	१
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	-
जम्मा		१	२
प्रधानमन्त्री – गिरिजाप्रसाद कोइराला			

तालिका ६६ : २०५५ वैशाख ८ मा कोइराला नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : २७ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	२	१०
	क्षत्री/ठकुरी	१	६
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	२
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	३
मुसलमान		-	-
अन्य		-	-
जम्मा		३	२४
प्रधानमन्त्री-गिरिजाप्रसाद कोइराला			

सरकारमा तत्कालीन नेकपा (माले) सहभागी भएपछि २०५५ भदौ १० गते कोइरालाले मन्त्रिपरिषद्मा हेरफेर, थप र कार्यविभाजन गरेका थिए।

तालिका ६७ : २०५५ भदौ १० मा कोइराला नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : ३२ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	११
	क्षत्री/ठकुरी	१	६
जनजाति	नेवार	-	३
	पहाडे-हिमाली	-	३
	तराई	-	३
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	३
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	२	**३०**
प्रधानमन्त्री – गिरिजाप्रसाद कोइराला			

एमालेसितको सत्ता साझेदारीमा २०५५ पुस १० गते गिरिजाप्रसाद कोइरालाले पुनः मन्त्रिपरिषद् गठन गरी प्रतिनिधि सभा निर्वाचन सम्पन्न गरेका थिए। ११ सदस्यीय उक्त मन्त्रिपरिषद्मा एक जना पनि दलित, महिला समावेश गरिएको थिएन।

तालिका ६८ : २०५५ पुस १० मा कोइराला नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : ११ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	५
	क्षत्री/ठकुरी	-	३
दलित	पहाडे	-	-
	तराई	-	-
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	१
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**–**	११
प्रधानमन्त्री – गिरिजाप्रसाद कोइराला			

२०५६ वैशाख २० र जेठ ३ गते गरी दुई चरणमा सम्पन्न संसदीय निर्वाचनमा पुनः नेपाली कङ्ग्रेसले सामान्य बहुमत प्राप्त गरी सरकार निर्माणका लागि सहज अवस्था पैदा भएको थियो । पूर्वघोषणा अनुसार प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले कृष्णप्रसाद भट्टराईलाई प्रधानमन्त्रीका लागि प्रस्ताव गरेपछि भट्टराई संसदीय दलको नेता तथा प्रधानमन्त्री भएका थिए । २०५६ जेठ १७ गते भट्टराई मन्त्रिपरिषद् गठन हुन पुग्यो ।

तालिका ६९ : २०५६ जेठ १७ मा कृष्णप्रसाद भट्टराई नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : १६ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	६
	क्षत्री/ठकुरी	-	५
दलित	पहाडे	-	-
	तराई	-	-
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	-
	तराई	-	१
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**–**	**१६**
प्रधानमन्त्री – कृष्णप्रसाद भट्टराई			

१६ सदस्यीय भट्टराई मन्त्रिपरिषद्मा कुनै पनि महिला, दलित, पहाडे-हिमाली जनजातिलाई समावेश गरिएन । मन्त्रिपरिषद्मा पहाडे बाहुन र क्षत्री/ठकुरीहरूकै बोलवाला थियो । (तालिका ७०)

यस मन्त्रिपरिषद्मा २०५६ माघ १८ गते रामचन्द्र पौडेललाई उपप्रधानमन्त्री नियुक्त गरी सूचना तथा सञ्चार मन्त्रालयको समेत जिम्मेवारी दिइएको थियो । यसो गर्दा ३३ सदस्यीय उक्त मन्त्रिपरिषद्मा बाहुनको सङ्ख्या १२ पुगेको थियो ।

भट्टराई नेतृत्वको नेपाली कङ्ग्रेसको सरकार आन्तरिक कलहका कारण पतन भएपछि गिरिजाप्रसाद कोइराला पुनः प्रधानमन्त्री बने । २०५६ चैत ७ गते प्रधानमन्त्री भट्टराईले प्रतिनिधिसभामा मार्मिक भाषण गर्दै आफू प्रधानमन्त्री पदबाट राजीनामा दिन सोही साँझ महाराजाधिराजसमक्ष जाने घोषणा गरेका थिए । उनको भाषणको आशय थियो, 'नेपालमा किन कुनै पनि प्रधानमन्त्रीले पूरा कार्यकाल काम गर्न पाउँदैन ?' यसको उत्तर अहिलेसम्म पनि नेपालीले पाउन सकेका छैनन् ।

तालिका ७० : २०५६ असार १६ मा पुनर्गठित भट्टराई मन्त्रिपरिषद्

जम्मा : ३२ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	१०
	क्षत्री/ठकुरी	-	९
जनजाति	नेवार	-	३
	पहाडे-हिमाली	-	४
	तराई	-	२
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	१	३१
प्रधानमन्त्री – कृष्णप्रसाद भट्टराई			

२०५६ चैत ८ गते गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा गठन भएको २५ सदस्यीय मन्त्रिपरिषद्मा एक जना पनि दलित समावेश थिएनन् ।

तालिका ७१ : २०५६ चैत ८ मा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : २५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	११
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	३
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	३
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	१	२४
प्रधानमन्त्री – गिरिजाप्रसाद कोइराला			

तालिका ७२ : २०५७ वैशाख ६ मा पुनर्गठित कोइराला मन्त्रिपरिषद्

जम्मा : ११ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	५
	क्षत्री/ठकुरी	-	२
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	१
	तराई	-	
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	१	**१०**
प्रधानमन्त्री – गिरिजाप्रसाद कोइराला			

तालिका ७३ : २०५७ माघ २५ मा पुनर्गठित कोइराला मन्त्रिपरिषद्

जम्मा : ३७ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	१	१६
	क्षत्री/ठकुरी	-	५
जनजाति	नेवार	-	३
	पहाडे-हिमाली	-	६
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	३
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	१	**३६**
प्रधानमन्त्री – गिरिजाप्रसाद कोइराला			

तालिका ७४ : २०५८ साउन ११ मा शेरबहादुर देउवाको नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : १३ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	
	बाहुन	-	३
	क्षत्री/ठकुरी	-	५
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	१
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा		१३
प्रधानमन्त्री – शेरबहादुर देउवा			

तालिका ७५ : २०५८ कात्तिक २ मा पुनर्गठित देउवा मन्त्रिपरिषद्

जम्मा : ४१ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	
	बाहुन	१	१०
	क्षत्री/ठकुरी	१	१३
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	५
	तराई	-	३
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	६
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	२	३९
प्रधानमन्त्री – शेरबहादुर देउवा			

५. राजा ज्ञानेन्द्रको सक्रिय शासन

२०५९ असोज १८ गते राजा ज्ञानेन्द्रले प्रधानमन्त्री शेरबहादुर देउवाले तोकेको समयमा प्रतिनिधिसभा निर्वाचन सम्पन्न गर्न नसकेकाले 'असक्षम' भएको आरोप लगाउँदै पदबाट बर्खास्त गरी शक्ति आफ्नै हातमा

लिएका थिए । यो एक प्रकारले संवैधानिक राजाले गरेको 'सफ्ट कु' नै थियो । शक्ति हातमा लिएको एक हप्तापछि ज्ञानेन्द्रले लोकेन्द्रबहादुर चन्द नेतृत्वमा मन्त्रिपरिषद् गठन गरेका थिए ।

तालिका ७६ : २०५९ असोज २५ मा लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : ९ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	१
	क्षत्री/ठकुरी	१	३
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	१
	तराई	-	२
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	१	**८**
प्रधानमन्त्री – लोकेन्द्रबहादुर चन्द			

तालिका ७७ : २०५९ मङ्सिर २ मा पुनर्गठित चन्द मन्त्रिपरिषद्

जम्मा : २२ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	८
	क्षत्री/ठकुरी	१	३
जनजाति	नेवार	-	३
	पहाडे-हिमाली	-	३
	तराई	-	२
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	१	२१
प्रधानमन्त्री – लोकेन्द्रबहादुर चन्द			

२०६० जेठ २१ गते लोकेन्द्रबहादुर चन्दको मन्त्रिपरिषद् विघटन गरी सूर्यबहादुर थापालाई प्रधानमन्त्री मनोनीत गरेका थिए पूर्वराजा ज्ञानेन्द्र शाहले । थापाले प्रधानमन्त्री नियुक्त भएको एक हप्तापछि मात्र मन्त्रिपरिषद् गठन गरेका थिए ।

तालिका ७८ : २०६० जेठ २८ मा सूर्यबहादुर थापा नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : ७ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	१
	क्षत्री/ठकुरी	-	३
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	
	तराई	-	
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		१	१
मुसलमान		-	-
अन्य		-	-
जम्मा		१	६
प्रधानमन्त्री – सूर्यबहादुर थापा			

२०६० साउन १९ गते थापाको उक्त मन्त्रिपरिषद्मा कार्य विभाजन गरिए पनि सङ्ख्या र जातीय बनोट उही नै थियो । सोही वर्ष फागुन २० गते डा. भेषबहादुर थापालाई परराष्ट्र मन्त्रीको जिम्मेवारी दिइएको थियो ।

तिनै राजा ज्ञानेन्द्रले दुई वर्षअघि 'असक्षम' करार गरी पदमुक्त गरेका नेपाली कङ्ग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवालाई २०६१ जेठ २० गते फेरि प्रधानमन्त्री नियुक्त गरेका थिए । गिरिजाप्रसाद कोइराला लगायतका राजनीतिक दलहरू भने राजाको प्रतिगमन विरुद्धको आन्दोलनमा सडक सङ्घर्षमा थिए । एमाले प्रतिगमन विरुद्धको सडक सङ्घर्ष त्यागी 'प्रतिगमन आधा सच्चियो' भन्दै देउवा सरकारमा सहभागी हुन पुग्यो । देउवाले जेठ २८ गते आफूसहित एक जना नेवार र एक जना मधेसी सम्मिलित सानो आकारको मन्त्रिपरिषद् गठन गरेका थिए ।

तालिका ७९ : २०६१ जेठ २८ मा नेपाली कङ्ग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवा नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : ३ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	-
	क्षत्री/ठकुरी	१	
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	
	तराई	-	-
मधेसी			१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा		**३**
प्रधानमन्त्री – शेरबहादुर देउवा			

तालिका ८० : २०६१ असार २१ मा पुनर्गठित देउवा मन्त्रिपरिषद्

जम्मा : ३१ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	९
	क्षत्री/ठकुरी	१	५
जनजाति	नेवार	१	३
	पहाडे-हिमाली	१	३
	तराई	-	३
दलित	पहाडे	-	२
	तराई	-	-
मधेसी			२
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	**३**	**२८**
प्रधानमन्त्री – शेरबहादुर देउवा			

प्रधानमन्त्री देउवाले राप्रपा नेतृ तथा आफ्नै सासू श्रीमती प्रतिभा राणालाई विज्ञान तथा प्रविधि राज्यमन्त्री बनाएका थिए ।

२०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले 'कू-देता' गरी शक्ति आफ्नो हातमा लिए र भोलिपल्ट आफू अनुकूलको मन्त्रिपरिषद् गठन गरे ।

तालिका ८१ : २०६१ माघ २० मा तत्कालीन राजा ज्ञानेन्द्र शाहको अध्यक्षतमा गठित मन्त्रिपरिषद्

जम्मा : ११ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	३
	क्षत्री/ठकुरी	-	४
जनजाति	नेवार	१	१
	पहाडे-हिमाली	-	१
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी			१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	१	१०
अध्यक्ष – श्री ५ ज्ञानेन्द्र			

उक्त मन्त्रिपरिषद्मा २०६१ फागुन ३ गते डा. तुलसी गिरी र कीर्तीनिधि विष्टलाई उपाध्यक्षमा मनोनीत गरेपछि मन्त्रिपरिषद् सदस्य सङ्ख्या १३ पुगेको थियो । उनीहरूमध्ये एक जना दशनामी सम्प्रदाय र एक जना बाहुन समुदायका हुन् । राजा ज्ञानेन्द्रले २०६२ असार ३० गते उक्त मन्त्रिपरिषद्मा हेरफेर, थप र कार्य विभाजन गरेका थिए ।

तालिका ८२ : २०६२ असार ३० मा पुनर्गठित ज्ञानेन्द्र नेतृत्वको मन्त्रिपरिषद्

जम्मा : २५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	५
	क्षत्री/ठकुरी	-	७
जनजाति	नेवार	१	३
	पहाडे-हिमाली	१	३
	तराई	-	१
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	२	२३
अध्यक्ष – श्री ५ ज्ञानेन्द्र			

तालिका ८३ : २०६२ मङ्सिर २२ मा पुनर्गठित ज्ञानेन्द्र नेतृत्वको मन्त्रिपरिषद्

जम्मा : ३६ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	१	७
	क्षत्री/ठकुरी	१	८
जनजाति	नेवार		३
	पहाडे-हिमाली	१	५
	तराई	-	३
दलित	पहाडे	-	३
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	१
अन्य		-	
	जम्मा	३	३३
अध्यक्ष – श्री ५ ज्ञानेन्द्र			

प्रतिगमन विरुद्ध तत्कालीन संसदवादी राजनीतिक दल र विद्रोही माओवादीले संयुक्त रूपमा थालेको जनआन्दोलन उत्कर्षमा पुगेपछि राजा ज्ञानेन्द्रले बाध्य भई २०५८ सालमा विघटन गरिएको प्रतिनिधिसभा २०६३ वैशाख ११ गते पुनःस्थापना गरिदिएका थिए। नेपाली कङ्ग्रेसका सभापति तथा जनआन्दोलन-२ का कमान्डर गिरिजाप्रसाद कोइरालाको एक मात्र अडान विघटित प्रतिनिधिसभा पुनःस्थापना थियो। कोइराला पुनःस्थापित प्रतिनिधि सभामार्फत राजाको अधिकार कटौती र माओवादीसित वार्ता गर्न चाहन्थे। सोही वैशाख १९ गते गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सात सदस्यीय मन्त्रिपरिषद् गठन गरिएको थियो।

तालिका ८४ : २०६३ वैशाख १९ मा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : ७ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	३
	क्षत्री/ठकुरी	-	१
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	-
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	१
मुसलमान		-	-
अन्य		-	-
	जम्मा		**७**
प्रधानमन्त्री – गिरिजाप्रसाद कोइराला			

२०६३ जेठ ४ गते बसेको प्रतिनिधिसभा बैठकमा सरकारले राजाको अधिकार कटौती सम्बन्धी प्रस्ताव लगेपछि सर्वसम्मतिले उक्त प्रस्ताव पारित भएको थियो । नेपाली 'म्याग्नाकार्टा' को नामले चर्चित उक्त घोषणापछि राजाका धेरै अधिकार खोसिएका थिए । तर, पनि राजतन्त्र उन्मूलन चाहिँ भएको थिएन । संसद्ले आफ्नो अधिकार कटौती गरेको चार दिनपछि ज्ञानेन्द्रले प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषद्मा हेरफेर, थप र कार्यविभाजन गरेका थिए ।

तालिका ८५ : २०६३ जेठ ८ मा पुनर्गठित कोइराला मन्त्रिपरिषद्

जम्मा : १८ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	७
	क्षत्री/ठकुरी	-	१
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	२
	तराई	-	१
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		१	२
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	२	१६
प्रधानमन्त्री – गिरिजाप्रसाद कोइराला			

कोइरालाले आफ्नो मन्त्रिपरिषद्मा यस पटक चाहिँ एक जना दलितलाई समावेश गरेका थिए । तर, उनले मुसलमान समुदायलाई भने यस पटक पनि समेटेनन् ।

सोही जेठ २८ गते प्रधानमन्त्री कोइरालाले अमिक शेरचनलाई उपप्रधान, स्वास्थ्य तथा जनसङ्ख्या, हृदयेश त्रिपाठीलाई उद्योग, वाणिज्य तथा आपूर्ति र ज्ञानेन्द्रबहादुर कार्कीलाई जलस्रोत राज्यमन्त्री नियुक्त गरेका थिए ।

तालिका ८६ : २०६३ चैत १८ मा पुनर्गठित कोइराला मन्त्रिपरिषद्

जम्मा : २२ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	५
	क्षत्री/ठकुरी	-	५
जनजाति	नेवार	२	-
	पहाडे-हिमाली	-	४
	तराई	-	-
दलित	पहाडे	-	२
	तराई	-	-
मधेसी		-	४
मुसलमान		-	-
अन्य		-	-
जम्मा		२	२०
प्रधानमन्त्री – गिरिजाप्रसाद कोइराला			

२०६४ वैशाख १६ गते प्रधानमन्त्री कोइरालाले एक जना बाहुनलाई मन्त्रिपरिषद्मा थपेका थिए । उनको मन्त्रिपरिषद्मा यस पटक दुई जना विश्वकर्मा सहभागी थिए । यद्यपि, तिनीहरू नेपाली कङ्ग्रेसबाट नभई एमाले र एमाओवादीबाट समावेश गरिएका थिए ।

६. गणतान्त्रिक काल

२०६४ चैत २८ गते संविधानसभा-१ निर्वाचन सम्पन्न भयो । उक्त निर्वाचनले ६०१ सदस्यीय संविधानसभाको गठन गरेको थियो । त्यस सभाले २०६५ जेठ १५ गते नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गर्दै राजा ज्ञानेन्द्रलाई १५ दिनभित्र नारायणहिटी राजदरबार त्याग्न निर्देशन दिएको थियो । ज्ञानेन्द्रले २०६५ जेठ २९ गते नारायणहिटी राजदरबारमा एक पत्रकार सम्मेलन गरी आफ्ना पुर्खाले जनताको नासोका रूपमा लिएको श्रीपेच जनतालाई नै फर्काएको घोषणा गर्दै नारायणहिटी परित्याग गरेका थिए । त्यसपछि मुलुक विधिवत रूपमा गणतन्त्रमा प्रवेश गरेको थियो । अनि एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' गणतन्त्र नेपालको पहिलो निर्वाचित प्रधानमन्त्री बने ।

तालिका ८७ : २०६५ भदौ ६ मा एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : ९ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	२
	क्षत्री/ठकुरी	-	१
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	२
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		१	२
मुसलमान		-	-
अन्य		-	-
जम्मा		१	**८**
प्रधानमन्त्री – पुष्पकमल दाहाल 'प्रचण्ड'			

तालिका ८८ : २०६५ भदौ १५ मा पुनर्गठित प्रचण्ड मन्त्रिपरिषद्

जम्मा : २४ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	७
	क्षत्री/ठकुरी	-	१
जनजाति	नेवार	२	१
	पहाडे-हिमाली	-	४
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		१	६
मुसलमान		-	-
अन्य		-	-
जम्मा		४	२०
प्रधानमन्त्री – पुष्पकमल दाहाल 'प्रचण्ड'			

२४ सदस्यीय उक्त मन्त्रिपरिषद्मा महिला चार जना भए पनि दलित र मुसलमान समुदायलाई सहभागी गराइएको थिएन । प्रचण्ड सरकार ढलेपछि २०६६ जेठ ११ गते एमालेका वरिष्ठ नेता माधवकुमार नेपालको नेतृत्वमा नयाँ सरकार गठन भएको थियो । उक्त सरकार नेपाली कङ्ग्रेसको सहयोगमा बनेको थियो ।

तालिका ८९ : २०६६ जेठ ११ मा एमाले नेता माधवकुमार नेपाल नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : ३ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	२
	क्षत्री/ठकुरी	-	-
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	
	तराई	-	-
मधेसी			-
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	१	२
प्रधानमन्त्री – माधवकुमार नेपाल			

तालिका ९० : २०६६ जेठ २१ मा नेपाल नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : ११ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	२	३
	क्षत्री/ठकुरी	-	२
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	१
	तराई	-	२
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	२	९
प्रधानमन्त्री – माधवकुमार नेपाल			

तालिका ९१ : २०६६ असार ३ मा पुनर्गठित नेपाल नेतृत्वको मन्त्रिपरिषद्

जम्मा : १८ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	४
	क्षत्री/ठकुरी	-	५
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	२
	तराई	-	१
दलित	पहाडे	-	२
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	२
अन्य		-	-
	जम्मा	-	**१८**
प्रधानमन्त्री – माधवकुमार नेपाल			

माधवकुमार नेपाल नेतृत्वको सरकार असफल भएपछि तत्कालीन एमाले अध्यक्ष झलनाथ खनालको नेतृत्वमा अर्को सरकार बनेको थियो । उक्त सरकार एमाओवादीको समर्थनमा बनेको थियो ।

तालिका ९२ : २०६७ माघ २४ मा एमाले अध्यक्ष झलनाथ खनाल नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : ३ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	२
	क्षत्री/ठकुरी	-	-
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**–**	**३**
प्रधानमन्त्री – झलनाथ खनाल			

तालिका ९३ : २०६७ फागुन २९ मा पुनर्गठित खनाल मन्त्रिपरिषद्

जम्मा : ७ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	२
	क्षत्री/ठकुरी	-	२
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	१
	तराई	-	-
दलित	पहाडे	-	१
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**–**	**७**
प्रधानमन्त्री – झलनाथ खनाल			

तालिका ९४ : २०६७ चैत २८ मा पुनर्गठित खनाल मन्त्रिपरिषद्

जम्मा : २० सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	२	५
	क्षत्री/ठकुरी	-	४
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	३
	तराई	१	-
दलित	पहाडे	-	२
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	**३**	**१७**
प्रधानमन्त्री – झलनाथ खनाल			

तालिका ९५ : २०६८ वैशाख २१ मा पुनर्गठित खनाल मन्त्रिपरिषद्

जम्मा : २० सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	३
	क्षत्री/ठकुरी	१	२
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	१	२
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	१
मधेसी		-	५
मुसलमान		-	२
अन्य		-	-
	जम्मा	**३**	**१७**
प्रधानमन्त्री – झलनाथ खनाल			

तालिका ९६ : २०६८ साउन १६ मा पुनर्गठित खनाल मन्त्रिपरिषद्

जम्मा : ३५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	३	८
	क्षत्री/ठकुरी	१	४
जनजाति	नेवार	१	३
	पहाडे-हिमाली	२	२
	तराई	१	-
दलित	पहाडे	-	२
	तराई	-	१
मधेसी			६
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	**८**	**२७**
प्रधानमन्त्री – झलनाथ खनाल			

२०६८ साउन २९ गते प्रधानमन्त्री झलनाथ खनालले पदबाट राजीनामा गरेपछि भदौ ११ गते मधेसी दलहरूको सहयोगमा एमाओवादी नेता डा. बाबुराम भट्टराई प्रधानमन्त्री चुनिएका थिए।

तालिका ९७ : २०६८ भदौ ११ मा एमाओवादी नेता बाबुराम भट्टराईको नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : २ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	१
	क्षत्री/ठकुरी	-	-
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	-
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	-
	जम्मा		२
प्रधानमन्त्री – बाबुराम भट्टराई			

तालिका ९८ : २०६८ भदौ १८ मा भट्टराई नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : १५ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	१
	बाहुन	-	२
	क्षत्री/ठकुरी	-	-
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	१	१
	तराई	-	१
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	७
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	१	१४
प्रधानमन्त्री – बाबुराम भट्टराई			

मधेसी मोर्चासितको सम्झौतामा मन्त्रिपरिषद् गठन भएकाले महत्त्वपूर्ण मन्त्रालयसहित मन्त्रिपरिषद्मा मधेसीहरूको सङ्ख्या बढी हुने नै भयो ।

तालिका ९९ : २०६८ भदौ २९ मा भट्टराई नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : २१ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	३
	क्षत्री/ठकुरी	-	२
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	१	२
	तराई	-	५
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी			६
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	१	२०
प्रधानमन्त्री – बाबुराम भट्टराई			

तालिका १०० : २०६८ कात्तिक २२ मा भट्टराई नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : ४६ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	१	-
	बाहुन	३	४
	क्षत्री/ठकुरी	१	२
जनजाति	नेवार		२
	पहाडे-हिमाली	१	५
	तराई	२	५
दलित	पहाडे	-	१
	तराई	-	१
मधेसी		२	१५
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	१०	३६
प्रधानमन्त्री – बाबुराम भट्टराई			

तालिका १०१ : २०६८ कात्तिक २७ मा भट्टराई नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : ४९ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	१	
	बाहुन	३	४
	क्षत्री/ठकुरी	१	२
जनजाति	नेवार		२
	पहाडे-हिमाली	१	५
	तराई	२	५
दलित	पहाडे	-	१
	तराई	-	१
मधेसी		३	१७
मुसलमान		-	१
अन्य		-	-
	जम्मा	११	**३८**
प्रधानमन्त्री – बाबुराम भट्टराई			

अहिलेसम्म सबैभन्दा बढी महिला मन्त्री (११ जना) भट्टराई मन्त्रिपरिषद्मा समावेश भएको पाइन्छ।

तालिका १०२ : २०६९ वैशाख २३ मा भट्टराई नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : १३ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	३
	क्षत्री/ठकुरी	-	२
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	२
	तराई	-	२
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	३
मुसलमान		-	-
अन्य		-	-
	जम्मा		१३
प्रधानमन्त्री – बाबुराम भट्टराई			

तालिका १०३ : २०६९ जेठ ३ मा भट्टराई नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : २० सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	६
	क्षत्री/ठकुरी	-	२
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	३
	तराई	-	२
दलित	पहाडे	-	
	तराई	-	
मधेसी		-	४
मुसलमान		-	-
अन्य		-	-
जम्मा		१	१९
प्रधानमन्त्री – बाबुराम भट्टराई			

तालिका १०४ : २०६९ जेठ ७ मा भट्टराई नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : २३ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	८
	क्षत्री/ठकुरी	-	२
जनजाति	नेवार	-	२
	पहाडे-हिमाली	-	३
	तराई	-	२
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी			५
मुसलमान		-	-
अन्य		-	-
जम्मा		१	२२
प्रधानमन्त्री – बाबुराम भट्टराई			

संविधानसभा-१ ले चार वर्ष गुजार्दा पनि संविधान लेख्न सकेन । पटकपटक सरकार परिवर्तन भइरहे । पालैपालो कम्युनिष्टका चारजना प्रधानमन्त्री हुन पुगे । तैपनि संविधान लेख्न भने सकेनन् । उल्टै २०६९ जेठ १४ गते संविधानसभा भङ्ग गरी अर्को संविधानसभा निर्वाचनमा अघि बढेका तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले निर्वाचन सम्पन्न गर्न नसक्ने स्थिति भएपछि सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश

खिलराज रेग्मीको अध्यक्षतामा चुनावी सरकार गठन गर्न प्रमुख राजनीतिक दलहरू सहमत भएका थिए। तर, यसले शक्ति सन्तुलन र पृथकीकरणको सिद्धान्त बिग्रने बहस प्रशस्तै उठेको थियो।

अन्ततः सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा २०६९ चैत १ गते गठन गरिएको मन्त्रिपरिषद्ले संविधानसभा-२ को निर्वाचन सम्पन्न गरेको थियो। २०७० मङ्सिर ४ गते संविधानसभा-२ निर्वाचन भएको थियो।

तालिका १०५ : २०६९ चैत १ मा खिलराज रेग्मीको अध्यक्षतामा गठित मन्त्रिपरिषद्

जम्मा : ३ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	३
	क्षत्री/ठकुरी	-	-
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	
अन्य		-	-
	जम्मा		**३**
अध्यक्ष – खिलराज रेग्मी			

तालिका १०६ : २०६९ चैत ५ मा रेग्मीको अध्यक्षतामा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : ११ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	६
	क्षत्री/ठकुरी	-	-
जनजाति	नेवार	१	१
	पहाडे-हिमाली	-	१
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	२
मुसलमान		-	-
अन्य		-	-
	जम्मा	१	**१०**
अध्यक्ष – खिलराज रेग्मी			

नेपाली कङ्ग्रेस संविधानसभा-२ को सबैभन्दा ठूलो दल बनेपछि २०७० माघ २७ गते सभापति सुशील कोइरालाको नेतृत्वमा एमाले सम्मिलित सरकार गठन भएको थियो ।

तालिका १०७ : २०७० माघ २७ मा सुशील कोइराला नेतृत्वमा गठित मन्त्रिपरिषद्

जम्मा : २ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	-	१
	क्षत्री/ठकुरी	-	१
जनजाति	नेवार	-	-
	पहाडे-हिमाली	-	-
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		-	-
मुसलमान		-	-
अन्य		-	-
	जम्मा		२
प्रधानमन्त्री – सुशील कोइराला			

तालिका १०८ : २०७० फागुन १४ मा कोइराला नेतृत्वमा पुनर्गठित मन्त्रिपरिषद्

जम्मा : २१ सदस्य			
जात/जाति		**महिला**	**पुरुष**
खस आर्य	दशनामी	-	-
	बाहुन	१	९
	क्षत्री/ठकुरी	-	५
जनजाति	नेवार	-	१
	पहाडे-हिमाली	-	२
	तराई	-	-
दलित	पहाडे	-	-
	तराई	-	-
मधेसी		१	२
मुसलमान		-	
अन्य		-	
	जम्मा	२	१९
प्रधानमन्त्री – सुशील कोइराला			

नेपाली कङ्ग्रेस सभापति सुशील कोइराला नेतृत्वमा गठन भएको उक्त मन्त्रिपरिषद्मा दशनामी, तराई जनजाति, दलित र मुसलमान समुदायका कुनै पनि सदस्य समावेश थिएनन् । यो सरकारले संविधान लेखन कार्यमा सहज वातावरण निर्माण गर्न सफल भएकाले २०७२ असोज ३ गते संविधानसभाले संविधान लेखन कार्य सम्पन्न गऱ्यो ।

अन्त्यमा यो पनि

२००७ देखि २०७० सालसम्म २० जना प्रधानमन्त्री भए । राणा, कोइराला, आचार्य, कुवँर, थापा, विष्ट, रिजाल, गिरी, चन्द, श्रेष्ठ, भट्टराई, अधिकारी, देउवा, दाहाल, नेपाल, खनाल र रेग्मी थरका मानिस प्रधानमन्त्री भए । २००७-२०१५ सालसम्म एक जना पनि महिला मन्त्री भएनन् भने यस अवधिमा ८९ जना पुरुषले मन्त्री बन्ने अवसर पाए । त्यस्तै बहुदल काल-१ अर्थात् पहिलो जननिर्वाचित मन्त्रिपरिषद्मा एक जना महिला मन्त्री थिइन् भने २० जना मन्त्री थिए । ३० वर्षे पञ्चायत कालभरि जम्मा १९ जना महिलाले मन्त्री हुने अवसर पाए भने ६९१ जना पुरुषले मन्त्री पद सम्हालेका थिए ।

बहुदल काल-२ अर्थात् २०४६-२०६४ सालसम्म ३८ जना महिला मन्त्री बने भने ८५३ जना पुरुष मन्त्री पदमा आसीन हुन पुगे । गणतान्त्रिक काल अर्थात् २०६५-२०७० सालसम्म २८ जना महिला र २४१ जना पुरुषले मन्त्री पद सम्हाल्ने अवसर पाए । (यसमा मन्त्री भन्नाले प्रधानमन्त्रीदेखि सहायक मन्त्रीसम्मलाई बुझ्नुपर्छ ।) २००७-२०७० सालसम्म जम्मा ८६ जना महिला मन्त्री भए भने १८९४ जना पुरुषले मन्त्रालय सम्हाल्ने मौका पाए ।

खण्ड १ : परिशिष्ट

यस अध्ययनले समेटेका विभिन्न समयमा गठित मन्त्रिपरिषद्को समावेशीकरण अवस्था झल्काउने चित्रात्मक प्रतिनिधित्व यस खण्डमा देखाउने प्रयास गरिएको छ।

प्रथमतः २००७ देखि २०७० सालसम्म गठन, पुनर्गठन वा परिवर्तन हुनुअघिसम्म कति दिन मन्त्रिपरिषद् कायम रह्यो त्यसैको आधारमा हरेक मन्त्रिपरिषद्मा रहेका मन्त्रीहरूले जम्मा कति दिन काम गर्न पाए भनी तिनीहरूकै सङ्ख्याले सम्बन्धित मन्त्रिपरिषद् सदस्यको जम्मा सङ्ख्यालाई गुणन गरी हिसाब निकालिएको छ। त्यसपछि २००७ देखि २०७० सालसम्मका सबै मन्त्रिपरिषद् सदस्यले जम्मा कति दिन काम गरे त्यसको पनि हिसाब गरिएको छ। अनि हरेक मन्त्रिपरिषद्मा रहेका जात/जाति तथा धार्मिक समुदायका सदस्यले कति दिन काम गरे भन्ने तथ्याङ्क निकालिएको छ। अन्त्यमा, मन्त्रिपरिषद्मा समावेश समूहगत अवधिलाई सोही मन्त्रिपरिषद्को जम्मा सङ्ख्याले भाग गरी मन्त्रिपरिषद्मा समावेश जात/जाति र धार्मिक समुदाय सदस्यले काम गरेको दिन प्रतिशतमा निकालिएको छ।

यसो गर्दा हट्न लागेको मन्त्रिपरिषद्को अन्तिम दिनलाई गणना नगरीकन नयाँ मन्त्रिपरिषद्को शुरूआती दिनलाई गणना गरिएको कुरामा ध्यान दिइएको छ। यस अतिरिक्त गणना गरिएका सबै मन्त्रालय उत्तिकै महत्त्वका छन् भनी अनुमान गरिएको छ। साथै, कुनै मन्त्रालय बढी महत्त्वपूर्ण र कुनै कम महत्त्वपूर्ण भनी फरक छुट्ट्याइएको छैन।

२००७ देखि २०७० सालसम्मका मन्त्रिपरिषद्
०
२०
४०
६०
८०
१००
मोहनशमशेर जबरा
मातृकाप्रसाद कोइराला १
त्रिभुवन
मातृकाप्रसाद कोइराला २
टंकप्रसाद आचार्य
के आई सिंह
बीपी कोइराला
महेन्द्र १
तुलसी गिरी १
महेन्द्र २
सूर्यबहादुर थापा १
महेन्द्र ३
सूर्यबहादुर थापा २
कीर्तिनिधि बिष्ट १
महेन्द्र ४
कीर्तिनिधि बिष्ट २
नगेन्द्रप्रसाद रिजाल १
तुलसी गिरी २
कीर्तिनिधि बिष्ट ३
सूर्यबहादुर थापा ३
लोकेन्द्रबहादुर चन्द १
नगेन्द्रप्रसाद रिजाल २
मरीचमान सिंह श्रेष्ठ
कृष्णप्रसाद भट्टराई १
गिरिजाप्रसाद कोइराला १
मनमोहन अधिकारी
शेरबहादुर देउवा १
लोकेन्द्रबहादुर चन्द २
सूर्यबहादुर थापा ४
गिरिजाप्रसाद कोइराला २
कृष्णप्रसाद भट्टराई २
गिरिजाप्रसाद कोइराला ३
शेरबहादुर देउवा २
लोकेन्द्रबहादुर चन्द ३
सूर्यबहादुर थापा ५
शेरबहादुर देउवा ३
सुवोध कोइराला
गिरिजाप्रसाद कोइराला ४
पुष्पकमल दाहाल
माधवकुमार नेपाल
झलनाथ खनाल
बाबुराम भट्टराई
सिंहदरबार स्मारी
सुशील कोइराला
अन्य
मुसलमान
मधेसी
दलित
जनजाति
खस

२००७ देखि २०१५ सालसम्मका मन्त्रिपरिषद्



बहुदल काल-१ (वि.सं. २०१६-२०१७)



निर्दलको ३० वर्ष (वि.सं. २०१७–२०४६)



बहुदल काल–२ (वि.सं. २०४७–२०५९)



राजा ज्ञानेन्द्रको सक्रिय शासन (वि.सं २०५९–२०६३)



गणतान्त्रिक काल (वि.सं. २०६३–२०७०)



एक पटकभन्दा बढी प्रधानमन्त्री/मन्त्रिपरिषद् अध्यक्ष भएका



नगेन्द्रप्रसाद रिजाल



लोकेन्द्रबहादुर चन्द



कृष्णप्रसाद भट्टराई



गिरिजाप्रसाद कोइराला



शेरबहादुर देउवा



सन्दर्भ सामग्री

एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को विधान-२०६९, (सातौं केन्द्रीय समितिको प्रथम राष्ट्रिय सम्मेलन २०७१ द्वारा गरिएको संशोधनसहित), काठमाडौंः केन्द्रीय प्रकाशन विभाग, एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी), २०७२।

कुमार ध्रुव, २०१३, *इन्क्लुजन, ह्युमन डेभलपमेन्ट एण्ड नेशन विल्डिङ इन् नेपाल,* काठमाडौंः बज्र बुक्स।

कुमार, ध्रुव, २०१०, *इलेक्टोरल भ्वाइलेन्स एण्ड भोलाटिलिटी इन् नेपाल,* काठमाडौंः बज्र पब्लिकेसन्स।

कुमार, ध्रुव, सम्पादक, २०००, *डोमेस्टिक कन्फ्लीक्ट एण्ड क्राइसिस अफ् गभर्नेविलिटी इन् नेपाल,* काठमाडौंः सिनास, त्रिवि, कीर्तिपुर।

केसी, सुरेन्द्र, *नेपाल प्रजापरिषद्को इतिहास* (२००७-२०१७), काठमाडौंः पैरवी प्रकाशन।

केसी, सुरेन्द्र, २०५६, *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास पहिलो भाग,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार।

केसी, सुरेन्द्र, २०६०, *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास भाग २*, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार।

केसी, सुरेन्द्र, २०६५, *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास भाग ३*, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार।

कोइराला, विश्वेश्वरप्रसाद, २०५५, *आत्मवृत्तान्त,* ललितपुरः जगदम्बा प्रा.लि., संकलक, गणेशराज शर्मा।

कोइराला, विश्वेश्वरप्रसाद २०५४, *जेल जर्नल (दिनपञ्जी),* ललितपुरः जगदम्बा प्रकाशन।

खतिवडा, डम्बर र केशव दाहाल, सम्पादन, २०६८, *उथलपुथलका दुई दशकः प्रजातन्त्रदेखि लोकतन्त्रसम्म,* इटहरीः वैकल्पिक विचार मञ्च।

गहतराज, भि. के., ओमप्रकाश, २०६१, *मोहनलाल कपालीः एक संघर्षशील छवि,* काठमाडौंः दलित गैरसरकारी संस्था महासंघ र दलित सशक्तीकरण तथा समावेशीकरण परियोजना।

गुरुङ, ओम, मुक्त एस. तामाङ र मार्क टुरिन, २०१४, सम्पादक, *पर्सपेक्टिभ्स अन सोसल इन्क्लुजन एण्ड एक्सक्लुजन इन नेपाल,* काठमाडौंः समाजशास्त्र/मानवशास्त्र, केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर।

गेल्नर, एन्., डेविड, जोना प्याफ जार्निका, जोन ह्वेल्पटन, सम्पादक, २००८, *न्यासनालिजम् एण्ड एथ्निसिटी इन् नेपाल,* काठमाडौंः बज्र पब्लिकेसन्स।

गौतम, राजेश, २०५५, *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कङ्ग्रेस,* काठमाडौंः श्रीराम श्रेष्ठ र कृष्णमुरारी अधिकारी।

गौतम, राजेश, २०६६, *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कङ्ग्रेस, भाग-२*, काठमाडौंः कृष्णमुरारी अधिकारी र श्रीराम श्रेष्ठ।

ढकाल, घनेन्द्र पुरुष, रेवतीरमण सुवेदी, २०५९, *इतिहास पुरुषहरूका दृष्टिमा गणेशमान सिंह,* काठमाडौंः गणेशमान सिंह फाउन्डेसन।

थापा, गगन, प्रताप पौडेल, शंकर तिवारी, २०६७, (संकलन तथा सम्पादन), *नेपाली कङ्ग्रेसः ऐतिहासिक दस्तावेजहरू,* काठमाडौंः पब्लिक पोलिसी पाठशाला प्रा.लि. ।

दर्नाल, सुभाष, सम्पादक, २०६६, *संविधानमा दलित सभासद संवाद,* काठमाडौंः जागरण मिडिया सेन्टर, र दलित अध्ययन केन्द्र, ललितपुर ।

दाहाल, राजेन्द्र, ध्रुव सिम्खडा, सम्पादक, २०६६, *संविधान-यात्रा, भाग-१ र २, ललितपुरः* हिमाल मिडिया प्रा.लि. ।

नेपाल, जगत, २०६२, सदन, सत्ता र सडकमा नेपाली कङ्ग्रेस, काठमाडौंः आउटलाइन ।

नेपालको अन्तरिम संविधान, २०६३, काठमाडौंः कानुन किताब व्यवस्था समिति ।

नेपाली कङ्ग्रेस विधान, २०१७ (२०५१, २०५४, २०५७, २०६२, २०६४ र २०६६ मा संशोधन र परिमार्जन गरी मिलाइएको रूपमा), ललितपुरः नेपाली कङ्ग्रेस केन्द्रीय कार्यालय, बीपी स्मृति भवन, बीपी नगर, सानेपा, २०७२ ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनीनवादी)को विधान, २०४९ (नवौं राष्ट्रिय महाधिवेशन, २०७१ को संशोधनसहित), काठमाडौंः नेकपा (एमाले) केन्द्रीय सचिवालय, बल्खु ।

नेपाली कङ्ग्रेस, एमाले, एमाओवादी र राप्रपाका संविधानसभा १ र २ का घोषणापत्र ।

नेपालका मन्त्रीहरू (परिमार्जित दोस्रो संस्करण), २००७-२०६४ वैशाखसम्म मन्त्री भएका व्यक्तिहरूको नामावली, खोजीनीति गर्ने-भैरव रिसाल र राममणि रिसाल ।

नेपाल राजपत्र (२०६५-२०७० सालसम्म) ।

पण्डित, लोकदर्शन, लेखक तथा संकलक, २०६३, *नेपालको संसदीय निर्वाचन दर्पण,* काठमाडौंः निर्वाचन आयोग ।

फुयाल, राजेन्द्र, २०७०, *संविधानसभाः निर्वाचनदेखि अवसानसम्म,* काठमाडौंः सांग्रिला पुस्तक प्रा.लि. ।

बराल, ठाकुरप्रसाद, टेकप्रसाद ढुंगाना, जीवराज बुढाथोकी, सम्पादन समूह, २०६९, *संविधानसभा दर्पण, २०६५-२०६९,* काठमाडौंः व्यवस्थापिका-संसद सचिवालय, संसद भवन, सिंहदरबार ।

मल्ल पी, कमल, २०१५, *फ्रम लिटिरेचर टु कल्चर, सेलेक्टेड राइटिङ्स अन नेप्लिज स्टडिज, १९८०-२०१०,* काठमाडौंः सोसल साइन्स बहाः र हिमाल किताब ।

रावल, भीम, २००७, *द कम्युनिष्ट मुभमेन्ट इन् नेपालः ओरिजिन एण्ड डेभलपमेन्ट,* काठमाडौंः अछाम-काठमाडौं सम्पर्क मञ्च, एमाले ।

राष्ट्रिय प्रजातन्त्र पार्टी विधान, २०४८, (२०५०, २०५४, २०५९, २०६४ र २०७० सालमा सम्पन्न महाधिवेशनबाट परिमार्जनसहित पारित भएको, २०७० ।

रिसाल, भैरव र राममणि रिसाल, *खोजीनीति गर्ने, २०६१ नेपालका मन्त्रीहरू (२००७ सालदेखि २०६४ साल वैशाखसम्म मन्त्री भएका व्यक्तिहरूको नामावली)* ।

शर्मा नेपाल, रामहरि, २०५९, *आत्मवृत्तान्त,* काठमाडौंः आत्मवृत्तान्त अभिलेखन सेवा ।

संविधानसभा सदस्य निर्वाचन, २०६४ निर्वाचन परिणाम पुस्तिका, काठमाडौंः निर्वाचन आयोग, २०६५ ।

संविधानसभाका महिला सदस्यहरू, नेपालको संविधान निर्माणमा महिलाको योगदान सम्बन्धी अध्ययन, २०६८, काठमाडौंः महिला सभासद समूह (ककस) र नेपाल कानुन समाज ।

सिम्खडा, ध्रुवः २०७०. 'प्रमुख राजनीतिक दलः कुन कति समावेशी ?' *कान्तिपुर,* भदौ २२, काठमाडौंः कान्तिपुर पब्लिकेसन्स ।

हाछेथु, कृष्ण, २००२, *पार्टी बिल्डिङ इन नेपाल,* काठमाडौंः मण्डला बुक प्वइन्ट ।

खण्ड दुई

केन्द्र र जिल्लाको समावेशीकरण अवस्था

राजनीतिक दल जातीय र लिङ्गीय रूपमा समावेशी छन्/छैनन् भनी बुझ्न तिनको केन्द्रीय समिति/कमिटीलाई मात्र हेरेर पुग्दैन । जिल्ला समिति/कमिटीको बनोट पनि अध्ययन गर्नुपर्ने हुन्छ । यसै सिलसिलामा सोसल साइन्स बहाःले चार प्रमुख राजनीतिक दलको हिमाल, पहाड र तराईका १० जिल्लाको स्थलगत अध्ययन सम्पन्न गरेको छ । नेपाली कङ्ग्रेस, एमाले, एमाओवादी र राप्रपाको केन्द्र र जिल्ला तह कतिको समावेशी छन् भनी तुलनात्मक अध्ययन गर्ने जमर्को गरिएको छ ।

यस अध्ययनले यी जिल्लामा राजनीतिक दलहरूभित्र समावेशीकरणको अवस्थालाई तुलनात्मक रूपमा प्रस्तुत गर्ने जमर्को गरेको छ । तराईका जिल्लामा मधेसी समुदायको प्रतिनिधित्व बढी छ भने हिमाली भेकका जिल्लामा आदिवासी जनजाति र पहाडी क्षेत्रमा क्षत्री, बाहुन, सन्यासी लगायतको प्रतिनिधित्व बढी रहेको पाइन्छ । किनभने जुन क्षेत्रमा जुन जाति, समुदाय बढी बसेका छन् तिनलाई बेवास्ता गर्न कठिन हुने सामाजिक अवस्थाका कारण जिल्लाहरूमा समावेशीकरणको तथ्याङ्क फरकफरक देखिएको हो । फरक भौगोलिक र फरक जातीय बनोटका कारण अध्ययनमा समेटिएका जिल्लाहरूको तथ्याङ्क पनि फरक आउनु स्वाभाविक हो । यद्यपि, महिला र दलितको हकमा भने बहिष्करण र विभेद निकै बढी रहेकाले उनीहरू नगण्य रूपमा मात्र समावेश हुने गर्थे ।

२०६४ सालमा सम्पन्न संविधानसभा-१ निर्वाचन अघिसम्म राजनीतिक दलहरूमा नीतिगत रूपमा विविधतालाई समेट्ने कुनै प्रयास भएको पाइँदैन । २०४७ सालको संविधानमा ६० सदस्यीय राष्ट्रिय सभामा तीन जना महिलालाई आरक्षण गर्ने व्यवस्था गरिएको थियो । पार्टी विधानमा समावेशीकरणको कुरा उल्लेख नगरिए पनि जातीय बहुलता हेरी दलको स्थानीय एकाइ र विभिन्न निर्वाचनमा उम्मेदवार दिन भने राजनीतिक दलहरू पछि पर्दैनथे । काठमाडौँमा नेवार समुदाय, पूर्वी पहाडमा राई/लिम्बू, मधेसमा मधेसी, मध्य पहाडमा तामाङ, पश्चिममा गुरुङ र घर्ती मगरहरूलाई पार्टी सङ्गठनदेखि विभिन्न निर्वाचनमा उम्मेदवार बनाएको इतिहास छ । महिलालाई कोषाध्यक्ष बनाउने र सहभागिताको नाममा 'कस्मेटिक' प्रतिनिधित्व गराउन कुनै पनि राजनीतिक दल पछि पर्दैनथे । यसले केन्द्रदेखि जिल्ला तहसम्मै परम्पराको रूप धारण गरेको थियो ।

तर, पछिल्लो समय संविधान र ऐन, नियमले नै बाध्य पारेपछि राजनीतिक दलहरूले 'कस्मेटिक' खालको समावेशीकरणको परम्परामा सुधार गरेका छन् । अन्तरिम संविधान-२०६३ र संविधानसभा सदस्य निर्वाचन ऐन-२०६४ ले विभिन्न जातजाति, अल्पसङ्ख्यक, लिङ्गीय र क्षेत्रीय समावेशीकरणलाई मध्यनजर गरी निर्वाचनमा उम्मेदवार बनाउन निर्देश गरेपछि दलहरू समावेशी बन्न थालेका हुन् ।

अहिले मूलधारका राजनीतिक दलहरूले विधानमै समावेशीकरणको व्यवस्था गरेका छन् । केन्द्रदेखि

जिल्लासम्म समावेशी पार्टी सङ्गठनको अवधारणा अघि सारेका छन्। दलका स्थानीय अधिवेशन र महाधिवेशन पदाधिकारीहरू समावेशीकरणको अवधारणाअन्तर्गत चुनिने व्यवस्था गरेका छन् । वडादेखि केन्द्रसम्मै समावेशी आधारमा पार्टीका निकाय गठन हुन थालेका छन्। साङ्गठनिक समावेशीकरणले राजनीतिक दलहरू सबै क्षेत्र, जातजाति, धर्म सम्प्रदाय, भाषाभाषी र लिङ्गबीच लोकप्रिय बन्ने नेताहरूले विश्वास लिएका छन्। यति हुँदाहुँदै पनि लिङ्गीय र जातजातिको सङ्ख्याको आधारमा समावेशीकरण हुन सकेको छैन । नेपाली कङ्ग्रेस, एमाले, एमाओवादी र राप्रपामा स्थापना कालदेखि अहिलेसम्म केन्द्रीय सभापति/अध्यक्ष बन्ने अवसर बाहुन, क्षत्रीबाहेकले प्राप्त गरेका छैनन् । बाह्रौं महाधिवेशनसम्म आइपुग्दा नेपाली कङ्ग्रेसमा दुई जना क्षत्रीबाहेक अरू सबै बाहुन सभापति बनेका छन् भने नवौं महाधिवेशन सम्पन्न गरिसकेको एमालेमा बाहुनबाहेक अन्य कुनै पनि जाति अध्यक्ष बनेका छैनन्। एमाओवादीमा पनि बाहुनबाहेक अन्य जातिकाले आजसम्म अध्यक्ष बन्ने मौका पाएका छैनन् । राप्रपामा भने स्थापनादेखि अहिलेसम्मै क्षत्री मात्र अध्यक्ष बनेका छन् । तर, यी दलका जिल्ला सभापति/अध्यक्ष भने विभिन्न जातिकाहरूले सम्हालेको पाइन्छ र २०६४ सालपछि समावेशी जिल्ला समिति बनेका छन्।

मनाङमा कङ्ग्रेस, एमाले, एमाओवादी र राप्रपा समावेशी बन्दै गएको अध्येता प्रदीप पोखरेलले उल्लेख गरेका छन् । २०४६ सालको सत्ता परिवर्तनपछि पञ्चायती व्यवस्था समर्थित गण्डकी अञ्चलकी महिला सङ्गठनकी सभापति चिउडी लामा नेपाली कङ्ग्रेसमा आबद्ध भइन्। उनको दाबीलाई पत्याउने हो भने उनी पञ्चायत कालमा पनि भित्री तवरले नेपाली कङ्ग्रेलाई नै सहयोग हुने काम गर्थिन्। कोमल घलेकी बहिनी मोहनकुमारी घले लगायतका महिला नेपाली कङ्ग्रेसमा देखा पर्न थाले । धारापानी गाउँ विकास समितिका गम्भीरजंग वि.क. नेपाली कङ्ग्रेसमा आबद्ध भए। यद्यपि, पार्टीमा गुरुङ र घलेकै बाहुल्यता रहेको अध्येता पोखरेलले उल्लेख गरेका छन्।

अध्येता पोखरेलका अनुसार मनाङको पुरानो र बलियो सङ्गठन भएको पार्टी राप्रपा हो। २०३७ सालको जनतम सङ्ग्रहका बेला उपल्लो मनाङबाट बहुदल पक्ष धरलाई एक भोट पनि खसेको थिएन। राजा महेन्द्रले उपल्लो भेगका मनाङीहरूलाई समुद्रपार व्यापार गर्न राहदानी र बाहिरबाट ल्याएको सामान (१० हजार मूल्य बराबरको) मा कर तिर्न नपर्ने व्यवस्था मिलाइदिएका थिए। यस सुविधाले मनाङीको जीवनस्तरमा ठूलो परिवर्तन ल्याएको हो। त्यसैले यस क्षेत्रमा राजा र पञ्चायती शासनप्रति समर्थन बढेको हो। पञ्चायत कालमा तल्लो मनाङ र नार-फू क्षेत्रमा विकासका काम सम्पन्न भएका थिए। त्यसैले पञ्चायतप्रति उनीहरूको सम्मान र समर्थन थियो। २०४६ सालको सत्ता परिवर्तनपछि सक्रिय पञ्चहरू मिलेर राष्ट्रिय प्रजातन्त्र पार्टी गठन गरे। शुरूमा यसको नेतृत्व शेरबहादुर गुरुङले सम्हाले। उपल्लो मनाङका धोर्जे गुरुङ निकै सक्रिय नेताका रूपमा उदाए। २०५४-२०५८ सालसम्म उनैले पार्टीको नेतृत्व सम्हाले। महाधिवेशन प्रतिनिधिमा शान्ता परियार र नविना परियार रहेका छन्। पार्टीमा गुरुङको बाहुल्यता रहेको छ।

माओवादी पार्टीले राजतन्त्रको अन्त्य गरी गणतन्त्र स्थापनाका लागि २०५२ फागुन १ देखि (१३ फेब्रुअरी १९९६) ११ वर्ष लामो सशस्त्र विद्रोह गरेको थियो। विद्रोह थाल्नुअघि गणेशबहादुर गुरुङले यस पार्टीलाई दुइटा राइफल उपलब्ध गराएका हुन्। उक्त हतियार लिन एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र रामबहादुर थापा 'बादल' मनाङ गएका थिए। एउटा राइफल मनाङबाट ल्याउँदा ल्याउँदै बाटोमै बिग्रियो। माओवादीले त्यही नबिग्रिएको राइफलबाट आफ्ना लडाकूलाई हतियार चलाउने तालिम दिएको थियो।

स्वतन्त्र तिब्बतका पक्षमा सशस्त्र विद्रोह गरेका खम्पाहरू २०१७ साल (सन् १९६०) मा मनाङ आइपुगेका थिए । उनीहरूसँग अत्याधुनिक हतियार थिए । गणेशबहादुरले माओवादीलाई खम्पाबाट प्राप्त हतियार उपलब्ध गराएका थिए । पछि गणेशबहादुर र डिल्लीजंग गुरुङ दुवै जना एमाओवादी केन्द्रीय सल्लाहकार सदस्य भए । धारापानी गाविसस्थित ओडार गाउँका देव गुरुङ पार्टीको केन्द्रीय समितिमा थिए । जिल्ला कार्यसमिति सदस्यहरूमा गुरुङसहित परियार पनि रहेका छन् ।

२०५० सालमा मनाङमा जनमोर्चा नेपालका कार्यकर्ताहरूले स्थानीय तहमा विद्रोह गरी एमाले गठन गरेको अध्येता प्रदीप पोखरेलले आफ्नो अध्ययनमा उल्लेख गरेका छन् । पार्टी स्थापना भएपछि स्याङ्जा निवासी भीमबहादुर कार्कीले पार्टीको जिम्मेवारी (सचिव पद) सम्हालेका थिए । २०७१ सालमा भएको पार्टीको महाधिवेशनपछि मनबहादुर गुरुङले अध्यक्षको जिम्मेवारी सम्हालेका छन् । उपसचिव मनबहादुर परियार रहेका छन् । कार्यसमिति सदस्यहरूमा जुनुमाया गुरुङ, मेघधन गुरुङ, रत्नकुमारी गुरुङ, धनकुमारी गुरुङ, भीमबहादुर श्रेष्ठ रहेका छन् । अन्य पार्टीको तुलनामा एमाले मनाङ बढी समावेशी छ ।

कङ्ग्रेस, एमाले, एमाओवादी र राप्रपाको केन्द्रीय सभापति/अध्यक्ष क्षत्री, बाहुनहरू रहे पनि मनाङ जिल्ला समिति सभापति/अध्यक्षमा चाहिँ गुरुङ जातिको मात्र वर्चस्व रहेको छ ।

मनाङबाट राजनीतिक समावेशीकरणको इतिहास पच्छ्याउँदै महोत्तरी पुग्दा अर्का अध्येता लक्ष्मी साहले राजनीतिक दलहरू समावेशी हुँदै गएको उल्लेख गरेका छन् ।

महोत्तरीमा २०३४ सालताका महेश्वरप्रसाद सिंहको नेतृत्वमा नेपाली कङ्ग्रेसको १३ सदस्यीय जिल्ला कार्यसमिति बनेको थियो जुन बेला पार्टी प्रतिबन्धित थियो । त्यस बेलाको कार्यसमितिमा महिलामा पन्नादेवी भुमिहार थिइन् । दलित र जनजातिका कोही पनि समावेश गरिएका थिएनन् । उनीपछि कामेश्वर पाण्डेको पोल्टामा नेतृत्व पुग्यो । उनको पालामा जनजातिका वसन्त गुरुङबाहेक दलित, महिलाको प्रतिनिधित्व रहेको थिएन । २०३६ सालमा गठित गणेश नेपाली भुमिहार नेतृत्वको २१ सदस्यीय कार्यसमितिमा महिला र दलितको प्रतिनिधित्व भएको देखिँदैन । यो कार्यकालमा जनजातिका वसन्त गुरुङको मात्र प्रतिनिधित्व भएको देखिन्छ । नेपालीपछि नरेन्द्र मिश्रको सभापतित्वमा गठित जिल्ला कार्यसमिति पनि समावेशी थिएन । पार्टीको एघारौँ महाधिवेशनपछि जिल्लाको नेतृत्व सम्हालेका महेन्द्रकुमार राय यादवको नेतृत्वमा ४२ सदस्यीय कार्यसमिति बन्यो । तर, पार्टी समावेशी सिद्धान्ततर्फ गएदेखि भने जिल्ला अधिवेशन भएको छैन ।

सोही समयमा महोत्तरीमा तेजनारायण सिंहको नेतृत्वमा ५१ सदस्यीय एमाले जिल्ला कार्यसमिति गठन भएको थियो जसमा महिला रञ्जना माझी, शारदा दाहाल, कल्याणी बस्नेत, मधेसी जनजातिका रामदयाल मण्डल थिए । त्यसपछि महेश्वर रायले पार्टीको नेतृत्व लिए । अनि कालीचरण साह पार्टी प्रमुख भए । उनी पछि अहिले जामुन मण्डल छन् । उनको नेतृत्वमा ६१ सदस्यीय जिल्ला कमिटी छ । रामदयाल मण्डलका अनुसार पाँच हजार हाराहारी सङ्गठित सदस्य रहेको ६१ सदस्यीय जिल्ला कमिटीमा १२ जना महिला, १० जना दलित र आठ जना तराई जनजाति छन् ।

एमाओवादी महोत्तरीमा तीन हजार क्रियाशील सदस्य रहेको पार्टी स्रोत बताउँछ । एमाओवादी महोत्तरीमा नेतृत्वको किचलो छ । शुरूमा यसको नेतृत्व महादेव यादवले सम्हालेका थिए । २०७१ सालमा तुलसी ढुंगानाको नेतृत्वमा ४७ सदस्यीय जिल्ला कमिटी निर्माण भयो । यसमा दलित, जनजाति र महिला

दुई/दुई जना अर्थात् ०.०६/०.०६ प्रतिशत छन् । तामाङ (०.१३ प्रतिशत), थारू र मगर एक/एक जना (०.०३/०.०३ प्रतिशत) रहेका छन् ।

महोत्तरीमा २०४७ सालमा दुर्गाप्रसाद उपाध्यायको नेतृत्वमा राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) को गठन भयो । त्यसपछि २०५१ सालको मध्यावधि निर्वाचनमा विजयी भएका पूर्व उपसभामुख रामविलास यादव पार्टी अध्यक्ष भए । अनि क्रमशः गणेश यादव, चन्देश्वर यादव, मुनेश्वर यादव अध्यक्ष भए । यतिको नेतृत्व फेरबदल भए पनि महिला, जनजाति, दलितको सहभागिता थिएन । राम विलासको निधनपछि उनकी पत्नी शान्तिदेवी यादवले एक कार्यकाल नेतृत्व गरिन् । २०६९ चैत १८ मा भएको अधिवेशनले नेपाली कङ्ग्रेस परित्याग गरी राप्रपा (थापा) मा प्रवेश गरेका राजेश्वर यादवको नेतृत्वमा ३५ सदस्यीय जिल्ला कार्यसमिति गठन गरेको छ । दुई हजार क्रियाशील सदस्य रहेको यस पार्टीको जिल्ला कार्यसमितिमा तीन जना महिला, दुई जना दलित, आदिवासी र जनजाति (थारू) तीन जना रहेको अध्येता लक्ष्मी साहले उल्लेख गरेका छन् ।

अर्की अध्येता सीता मादेम्वाले सुनसरीमा दलीय समावेशीकरणको इतिहास उत्खनन् गरेकी छन् भने ओखलढुङ्गा जिल्लाको समावेशीकरणबारे अध्येता भानुभक्त निरौलाले खोजबिन गरेका छन् ।

संविधानसभा-२ को निर्वाचनमा तत्कालीन एमाले ओखलढुङ्गा जिल्ला अध्यक्ष यज्ञराज सुनुवारले पार्टीबाट टिकट पाएर जितेपछि उपाध्यक्ष रहेका मोहनबहादुर श्रेष्ठको संयोजकत्वमा ५५ सदस्सीय नवौं जिल्ला अधिवेशन तयारी समिति गठन भएको देखिन्छ । तीमध्ये ७.२७ प्रतिशत दलित, ९.०९ प्रतिशत महिला, २५.४५ प्रतिशत जनजाति, अल्पसङ्ख्यकको तर्फबाट सुनुवार ३.६३ प्रतिशतको प्रतिनिधित्व रहेको देखिन्छ भने अन्यमा ५४.५४ प्रतिशतको सहभागिता देखिन्छ ।

जिल्लागत कमिटीमा प्रतिनिधित्व गर्ने जनजातिहरूमा राई, मगर, तामाङ र गुरुङ रहेका छन् भने बाहुन/क्षत्रीहरूमा भट्टराई, बुढाथोकी, कटुवाल, खड्का, पौडेल, फुयाल, कार्की, दाहाल, सुवेदी लगायतका जात रहेका छन् ।

पार्टीमा समावेशीकरणको अवस्थालाई अध्ययन गर्दा २०४७ सालपछि जिल्लाको नेतृत्वमा जनजातिको प्रतिनिधित्व बलियो हुँदै आएको, दलित र महिलाको प्रतिनिधित्वमा पनि वृद्धि हुँदै आएको अध्येता निरौलाले उल्लेख गरेका छन् । पार्टीले सकारात्मक विभेदको नीति अवलम्बन गरेपछि समुदायमा पछि परेका वर्ग अग्रस्थानमा ल्याउन सहयोगी भूमिका खेलेको छ भन्छन् एमाले नेताहरू । समावेशीकरणले स्थानीय स्तरदेखि नै जागरण पैदा गरेको उनीहरू बताउँछन् । शुरूशुरूमा कमिटीहरूमा स्थान दिएर कार्यक्षेत्रमा गई खट्न वा समय दिन नसक्ने समस्या रहे पनि पछिल्लो समय दलित, जनजातिमा त्यो समस्या हटेको तर महिलामा अझै केही समस्या रहेको नेताहरूले बताए । महिला सदस्यहरूले परिवारको व्यवस्थापनको कारण देखाउँदै पार्टीको काममा कम सक्रियता देखाउने गरेको नेतृत्वमा रहेकाहरूको अनुभव छ ।

समानुपातिक प्रणाली गलत नभए पनि पार्टीका शीर्षस्थ नेताहरूले गलत रूपमा प्रयोग गरेको जिल्लास्तरीय नेताहरूको बुझाइ छ । उनीहरू समानुपातिक प्रतिनिधित्व पैसामा बिक्ने गरेकाले प्रणालीको मर्म विपरीत भएको तर्क गर्छन् ।

नेपाली कङ्ग्रेसको बाह्रौं महाधिवेशनका बेला संस्थापन पक्षका प्रेमराज राईलाई सभापति र प्रजातान्त्रिकका गोमा केसीलाई सह-सभापतिको जिम्मेवारी दिइएको थियो । नेपाली कङ्ग्रेस ओखलढुङ्गाको इतिहासमा महिला पार्टी सभापति भएको अहिलेसम्म यो नै पहिलो हो । पार्टी एकीकरण पछिको बाह्रौं जिल्ला अधिवेशन

(२०६७) ले प्रदीपकुमार सुनुवारको सभापतित्वमा २५ सदस्यीय कार्यसमिति (मनोनीतसहित) चयन गऱ्यो। सुनुवारको कार्यसमितिमा क्षत्री/बाहुन ४५ प्रतिशत, जनजाति ४४ प्रतिशत, अल्पसङ्ख्यक ३ प्रतिशत, दलित ६ प्रतिशत रहेका छन्। नेपाली कङ्ग्रेसले बाह्रौं महाधिवेशनपछि मात्रै समावेशी सिद्धान्त अवलम्बन गरेको पाइन्छ। तथापि, यो पर्याप्त भने भेटिएन।

दश वर्षको रक्तपातपूर्ण हिंसामा होमिएको एमाओवादीले संविधानसभाको पहिलो शृङ्खलाको अन्त्यसँगै पार्टी विभाजनको पीडा सहनुपऱ्यो। वैद्यहरूले पार्टी विभाजन गरेपछि संविधानसभा-२ को निर्वाचनमा होमिएको एमाओवादी संविधानसभामा कमजोर उपस्थितिका बाबजुद आफ्नो सङ्गठन सुदृढीकरण अभियानमा होमियो। हेडक्वार्टर आदेशका भरमा चल्दै आएको यो पार्टीले जनताले थाहा पाउने गरी र कार्यकर्ताबाट नै नेतृत्व चुन्ने लक्ष्यसाथ पछिल्लो पटक २०७१ सालमा जिल्ला-जिल्लामा अधिवेशन गऱ्यो। फलस्वरूप, उक्त अधिवेशनले ओखलढुङ्गा जिल्लामा बाबुराम गौतमको अध्यक्षतामा ५१ सदस्यीय जिल्ला कमिटी चयन गऱ्यो।

समावेशीकरणको नारा उठाएको र आफूलाई सबैभन्दा बढी समावेशी ठान्ने एमाओवादीमा सबैभन्दा बढी क्षत्री/बाहुनको ६४.७० प्रतिशत प्रतिनिधित्व रहेको छ। जनजाति २३.५२ प्रतिशत, अल्पसङ्ख्यक (सुनुवार) ३.९२ प्रतिशत र दलित ५.८८ प्रतिशत प्रतिनिधित्व रहेको अध्येता निरौलाले आफ्नो अनुसन्धानमा उल्लेख गरेका छन्।

दशै जिल्लाको राजनीतिक समावेशीकरणको विगत-आगतलाई यसै पुस्तकको जिल्लागत समावेशीकरण खण्डअन्तर्गत प्रस्तुत गरिएको छ।

राजनीतिक दलहरूको केन्द्रीय र जिल्ला समिति/कमिटीहरूको समावेशी इतिहास खोतल्दा केन्द्रभन्दा जिल्ला समावेशी रहेको पाइन्छ। किनकि, जिल्लामा, केन्द्रमा सभापति/अध्यक्षमा एकछत्र राज गरेका बाहुन, क्षत्रीहरूको पुनरावृत्ति केही कम भएको तथ्याङ्कले देखाउँछ। जातीय र लिङ्गीय हिसाबले चाहिँ केन्द्रीय समिति र जिल्ला समिति/कमिटीहरूमा प्रतिनिधित्व प्रतिशत करिब उस्तै रहेको देखिन्छ। संविधानसभा-१ को निर्वाचनका बेलादेखि मूलधारका राजनीतिक दलहरूले आफ्ना विधानलाई समानुपातिक समावेशी बनाउने प्रयास गरेको पाइन्छ। त्यसयता तिनका सबै तहका समिति समावेशीकरणतर्फ उन्मुख देखिन्छन्। केही दलले जातीय, क्षेत्रीय र लिङ्गीय रूपमा पार्टी केन्द्रदेखि वडासम्म कोटा नै तोकेर समावेशीकरणको अभ्यास थाल्नुलाई सकारात्मक रूपमा लिन सकिन्छ।

तर, समावेशीकरणमा देखिएका विकृति र विसङ्गतिलाई समयमै सच्याउँदै नलैजाने हो भने यसले भविष्यमा यस सिद्धान्तप्रति नै प्रश्नचिन्ह नलगाउला भन्न सकिँदैन। समावेशीकरणको नाउँमा ठूलाठालु जातिको मात्र पहुँच हुने, समावेशी कोटालाई नेताको तजबिजीमा वितरण गर्ने अनि एउटै व्यक्तिले पटकपटक विभिन्न पदमा अवसर हत्याउने परिपाटीमा सुधार हुन सकेन भने समावेशीकरण सिद्धान्तले सामेली लोकतन्त्रको उद्देश्य पूरा गर्न सक्ने छैन।

सुनसरीमा समावेशीकरण

सीता मादेम्बा

सुनसरी जिल्लाका प्रमुख राजनीतिक दलका नगर, क्षेत्र र जिल्ला कार्यसमितिमा जातीय र लैङ्गिक विविधता बढ्दैछ । २०६२/६३ सालको जनआन्दोलनपछि पार्टीमा समावेशीकरणको मुद्दा उठेको पाइन्छ । तर, पटकपटक भएको पार्टी विभाजन र विभिन्न राजनीतिक उतारचढावका कारण राजनीतिक दलहरूले बैठक पुस्तिका लगायत आफ्ना दस्तावेज राख्न सकेका छैनन् । त्यसकारण दलहरू कति समावेशी थिए भनी केलाउन निकै कठिन छ । तर, प्राप्त तथ्याङ्क हेर्दा पछिल्लो समय भरसक कार्यसमितिलाई समावेशी बनाउने प्रयास दलहरूले गरेको देखिन्छ ।

राष्ट्रिय दलहरूले पिछडिएको समुदायका विभिन्न समस्या उठाएका छन् । तर, यस दिसामा खासै कुनै प्रभावकारी कार्यक्रम लागू भएका छैनन् । साधारणतया २०४६ सालपछिको आमनिर्वाचनदेखि तेस्रो आमनिर्वाचसम्म आइपुग्दा यी समस्याले पहिलेको दाँजोमा चुनावी घोषणापत्रमा बढी स्थान पाएका छन् । तर, यी औपचारिकता पूरा गर्न मात्र राखिएको भान हुन्छ ।

२०६२/६३ सालपछि जातीय अधिकार र समावेशीकरणको मुद्दा चर्को रूपमा उठ्यो । अन्तरिम संविधान, २०६३ मा दल दर्ता गर्दा 'राजनीतिक दलहरूले विभिन्न तहका कार्यकारी समितिमा महिला, दलित लगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरूसमेत रहने सामावेशी व्यवस्था गरेको हुनुपर्छ' भनिएको छ । २०६२/६३ सालपछि गठन भएका राजनीतिक दलहरूले जातीय पहिचान र समावेशीकरणको कुरा बढी उठाएका छन् । नगर, निर्वाचन क्षेत्र कमिटी र जिल्ला कार्यसमितिमा पनि उनीहरूको नेतृत्व प्रतिबिम्बित हुन्छ । जसरी ठूला दलको नेतृत्वमा बाहुन/क्षत्री जातका मानिस मात्र रहेको आरोप लागेको छ तर तथ्य केलाउँदा नवगठित मधेसवादी दल, सङ्घीय समाजवादी पार्टी र सङ्घीय लिम्बूवान पार्टी नेपाल पनि यो आरोपबाट मुक्त हुन सकेका छैनन् । यस अध्ययनमा सुनसरीमा क्रियाशील चार राजनीतिक दलका कार्यसमितिमा समावेशीकरणको अवस्था केलाउन खोजिएको छ ।

सुनसरीको विद्यमान अवस्था

पूर्वाञ्चलअन्तर्गत सुनसरी जिल्ला कोशी अञ्चलमा पर्छ । यस जिल्लाको पूर्वमा मोरङ, पश्चिममा सप्तरी र उदयपुर जिल्ला, उत्तरमा धनकुटा र दक्षिणमा भारतको विहार प्रान्त पर्छन् । जिल्लाको क्षेत्रफल १२ सय ५७ वर्ग किलोमिटर छ । २०६८ सालको जनगणना अनुसार ७ लाख ६३ हजार ४ सय ८७ जनसङ्ख्या रहेको छ । तीमध्ये पुरुष ३ लाख ७१ हजार २ सय २९ र महिला ३ लाख ९२ हजार २ सय ५८ जना छन् । सुनसरीमा ११२ जातिको बसोबास छ ।[१]

१ जिल्ला पार्श्वचित्र, प्रकाशक सुनसरी जिल्ला विकास समिति, २०७० ।

तीमध्ये सबैभन्दा बढी थारू (१२ प्रतिशत) को बसोबास छ । मुसलमान (१२ प्रतिशत), क्षत्री (९ प्रतिशत), बाहुन (८ प्रतिशत), राई (७ प्रतिशत), यादव (४ प्रतिशत), कोइरी/कुसवा (४ प्रतिशत) नेवार (४ प्रतिशत), मुसहर (३ प्रतिशत), लिम्बू (३ प्रतिशत) र झागड/धागर (३ प्रतिशत) छन् । २० हजारभन्दा बढी सङ्ख्या भएका जातिको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १ : कुन जाति कति ?

क्र.सं.	जाति	पुरुष	महिला	जम्मा	प्रतिशत
१	थारू	४३,६६९	४७,८३१	९१,५००	१२ %
२	मुसलमान	४३,६१०	४४,५६३	८८,१७३	१२ %
३	क्षत्री	३३,८६३	३७,६५६	७१,४२८	९%
४	बाहुन	२९,३७५	३१,६३७	६१,०१२	८ %
५	राई	२३,१८०	२७,३३६	५०,५१६	७ %
६	यादव	१६,९६८	१५,४३९	३२,४०७	४ %
७	कोइरी/कुसवा	१५,६००	१४,३३७	३०,५३७	४ %
८	नेवार	१३,७४९	१५,२९१	२९,०४०	४ %
९	मुसहर	१२,९३३	१२,८५४	२५,७८७	३ %
१०	लिम्बू	११,०५०	१३,२०६	२४,२५६	३ %
११	झागड/धागर	११,०५७	१२,१०७	२३,१६४	३ %

स्रोतः नेसनल पपुलेसन एण्ड हाउजिङ सेन्सस २०११ (कास्ट, एथ्निसिटी एण्ड ल्याङ्ग्वेज)

जिल्लामा औसत आयु ६१.८७ वर्ष र आर्थिक सूचकाङ्क ०.६१४ रहेको छ । तराईमा औलो रोगको उन्मूलनसँगै विभिन्न ठाउँबाट मानिस बसोबासका निम्ति सुनसरीमा आएको पाइन्छ । २०२१ सालमा भूमिसुधार लागु भएपछि बस्ती बसाईंसराई योजना शुरू भयो । २०२८ मा झोडा ऐन र २०२९ सालमा झोडा नियमावली बनेपछि पूर्वी पहाडका सुकुम्बासीहरू सुनसरी बसोबासका लागि बसाइँ सरेर आएको धरानका पूर्वपञ्च बम देवानले बताए । सरकारसँग खालि जमिन नभएका कारण सुनसरीको झोडा अर्थात् जङ्गल फँडानी गरेर बस्ती बसाइएको थियो । सुनसरीको सिम्लेमुनि लालझोडा, अहिलेका हासपोसामा ६४ बिघा पञ्चायन झोडा र भरौल दक्षिण, सिङ्गिया पश्चिम र चक्रघट्टी पूर्व गल्फडिया झोडा थिए । सङ्खुवासभा, चैनपुर खत्री गाउँनिवासी भालुखोरे नामले परिचित खत्रीको नेतृत्वमा लालझोडा फाँडियो । त्यहाँ भोजपुर, खोटाङ र सङ्खुवासभाका क्षत्री, बाहुन अनि राईहरू बसाइँ सरेर आए । गल्फडिया झोडा बिसे मुहसरको नेतृत्वमा फाँडिएको थियो । त्यहाँ झागड, मुसहर र थारूहरूको बस्ती बसालियो । ६४ बिघा पञ्चायन झोडा फँडानीको नेतृत्व क्याप्टेन नरबहादुर लिम्बू र गोविन्दराज सिजापती वियोगीले गरेका थिए । देवानका अनुसार पञ्चायनमा तेह्रथुम, धनकुटा, ताप्लेजुङ र पाँचथरका लिम्बू र राईहरू बसोबासका निम्ति झरे ।

२०१० सालमा धरानमा ब्रिटिस गोर्खा भर्तीकेन्द्र स्थापना भएपछि दार्जीलिङबाट प्रवासी नेपालीका साथै राई, लिम्बूहरूको बसोबास शुरू भएको बताइन्छ ।

पञ्चायत काल

सुनसरी कुनै बेला मोरङ जिल्लामा पर्थ्यो । सुनसरीको पश्चिमतिरका गाउँ विकास समिति लौकही, कुसाहा, मधुवन सप्तरी जिल्लामा पर्थे । २०१९ सालमा ७५ जिल्ला विभाजन गरेपछि सुनसरी खोलाको नाममा सुनसरी जिल्ला नामकरण गरियो । सुन बराबर अन्न उब्जने भएका कारण यसलाई सुनसरी भनिएको हो भन्ने सुनिन्छ ।

पञ्चायत कालमा राजनीतिक दलहरूलाई खुला रूपमा राजनीति गर्न बन्देज लगाइएको थियो । २०३८ सालमा सम्पन्न राष्ट्रिय पञ्चायत निर्वाचनमा सुनसरीबाट दिलबहादुर श्रेष्ठ र श्यामप्रसाद गुप्ता विजयी भएका थिए । २०४३ सालमा भएको राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचनमा दिलबहादुर श्रेष्ठ र कृष्णकुमार राई विजयी भए ।

प्रजातन्त्र पुनर्बहालीदेखि संविधानसभा–२ सम्मको अवस्था

प्रजातन्त्र पुनर्बहालीसँगै सबै राजनीतिक दल खुला राजनीतिमा आए । विभिन्न जातजातिमा आफ्नो सङ्गठन खोल्ने लहर चल्यो । २०४७ सालको संविधानको भाग १७ को उपधारा ३ मा प्रतिनिधि सभाका लागि हुने निर्वाचनमा प्रत्येक रजानीतिक सङ्गठन वा दलका उम्मेदवारमध्ये कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार हुनैपर्ने व्यवस्था गरेको थियो ।[२]

प्रतिनिधि सभा सदस्य निर्वाचन २०४८ मा सुनसरी क्षेत्र-१ बाट एमालेका मनमोहन अधिकारी, क्षेत्र-२ बाट नेपाली कङ्ग्रेसका विजयकुमार गच्छदार, क्षेत्र-३ बाट नेपाली कङ्ग्रेसका गिरिजाप्रसाद कोइराला र क्षेत्र-४ बाट पनि नेपाली कङ्ग्रेसकै खलिल मियाँ निर्वाचित भए ।

प्रतिनिधिसभा सदस्य निर्वाचन २०५१ मा सुनसरी क्षेत्र-१ बाट एमालेकी लीला श्रेष्ठ सुब्बा, क्षेत्र-२ बाट नेपाली कङ्ग्रेसका विजयकुमार गच्छदार, क्षेत्र-३ बाट नेपाली कङ्ग्रेसका लक्ष्मणप्रसाद मेहेता र क्षेत्र-४ बाट नेपाली कङ्ग्रेसकै हरिनाथ बास्तोला विजयी भए ।

प्रतिनिधिसभा सदस्य निर्वाचन २०५६ मा सुनसरी क्षेत्र-१ बाट एमालेकी कुन्ता शर्मा, क्षेत्र-२ बाट नेपाली कङ्ग्रेसका विजयकुमार गच्छदार, क्षेत्र-३ बाट कङ्ग्रेसकै लक्ष्मणप्रसाद मेहेता र क्षेत्र-४ बाट पनि सोही दलका हरिप्रसाद सापकोट विजयी भए ।

चारवटा निर्वाचन क्षेत्र भएको सुनसरीलाई २०६४ चैत २८ गते सम्पन्न संविधानसभा-१ निर्वाचनमा ६ क्षेत्र बनाइयो । पहिलो संविधानसभा निर्वाचनमा क्षेत्र-१ बाट माओवादीका किरण राई विजयी भए । क्षेत्र-२ बाट एमालेका धर्म निरौला, क्षेत्र-३ बाट मधेसी जनअधिकार फोरमका विजयकुमार गच्छदार, क्षेत्र-४ बाट फोरमकै मुगालाल महतो, क्षेत्र-५ बाट मजफोका उपेन्द्र यादव र क्षेत्र-६ बाट एमालेका भीम आचार्यले चुनाव जिते ।

२०७० मङ्सिर ४ मा सम्पन्न संविधानसभा-२ निर्वाचनमा सुनसरी क्षेत्र-१ बाट एमालेका कुष्णकुमार राई, क्षेत्र-२ बाट एमालेकै रेवतीरमण भण्डारी, क्षेत्र-३ बाट मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) का विजयकुमार गच्छदार, क्षेत्र-४ बाट नेपाली कङ्ग्रेसका सीताराम मेहेता, क्षेत्र-५ बाट मधेसी जनअधिकार फोरमका उपेन्द्र यादव र क्षेत्र-६ बाट एमालेका भीम आचार्य चुनिए ।

---

२ नेपाल अधिराज्यको संविधान २०४७ ।

स्थानीय निकाय निर्वाचन

२०४९ सालमा सम्पन्न स्थानीय निकाय निर्वाचनमा इनरुवा नगरपालिका प्रमुखमा नेपाली कङ्ग्रेसका भरत सुवेदी र २०५४ सालमा एमालेका खेमराज पोखरेल निर्वाचित भए भने २०६० सालमा गोपाल कोइराला मनोनीत भए। २०६२ सालमा राजा ज्ञानेन्द्रले गराएको निर्वाचनमा राप्रपा नेपालका होमबहादुर राना निर्वाचित भए। यो स्थानीय निकाय चुनाव राजनीतिक दलहरूले चाहिँ बहिस्कार गरेका थिए। इटहरीमा २०५४ सालमा एमालेका सर्वध्वज सावा प्रमुखमा विजयी भए।

२०१७ सालमा धरान नगरपालिका घोषण भयो । नगरपालिका घोषणपछिको चुनवामा केदार खनाल प्रधानपञ्च भए । २०२४ र २५ सालमा सूर्यप्रसाद उपाध्याय प्रधानपञ्च भए । २०३१ र ३२ सालमा गोविन्द मोक्तान, २०३३/३४ सालमा कृष्णकुमार राई प्रधानपञ्च भए। त्यति बेला वडाको पालो प्रणालीमा प्रधानपञ्च चुनिने व्यवस्था रहेको पूर्वपञ्च बम देवानले बताए। २०४१/४२ सालमा बम देवानले प्रधानपञ्च जिते। उनले त्यति बेला जनपक्षीय तर्फबाट चुनाव जितेका हुन्। २०४६ सालको जनआन्दोलनपछि २०४९ देखि ५४ सालसम्म एमालेका ध्यानबहादुर राई र २०५४ सालमा मनोज मेन्याङ्वो प्रमुख भए । २०६० सालमा धरानका कुमार कार्की प्रमुखमा मनोनीत भए । २०६२ सालमा राजा ज्ञानेन्द्रले गराएको स्थानीय चुनावमा राष्ट्रिय जनमुक्तिका केपी पालुङ्वा प्रमुख बने। उनको कार्यकाल ३ महिना मात्र रह्यो।

कुन दल कति समावेशी ?

एमाले, सुनसरी

२००६ सालमा नेकपा स्थापना भएको चार-पाँच महिनापछि डिपी अधिकारीले महेन्द्र श्रेष्ठलाई सम्पर्क गरी धरानमा पार्टी विस्तार गरेका थिए। महेश श्रेष्ठ सचिव र सदस्यहरूमा गोपालचन्द सिंह र गणेश मास्के रहेको सम्पर्क समिति गठन भएको थियो। २००७ सालमा फेरि महेन्द्र श्रेष्ठको नेतृत्वमा सात सदस्यीय धरान सम्पर्क समिति गठन गरिएको थियो।[३] उक्त सम्पर्क समितिमा क्षत्री/बाहुन ४३ प्रतिशत, पहाडी जनजाति ४३ प्रतिशत र पहाडी दलित १४ प्रतिशत थिए। महिला कोही पनि समावेश थिएनन्।

तालिका २ : २००७ सालमा गठित नेकपाको ७ सदस्यीय धरान सम्पर्क कमिटी

क्र.सं.	जाति	सङ्ख्या	प्रतिशत	जम्मा
१	खस आर्य	३	४३	७
२	पहाडे जनजाति	३	४३	
३	महिला			
४	पहाडे दलित	१	१४	

२०२४ सालमा नेकपाको १२ सदस्यीय पहिलो जिल्ला कमिटी गठन भएको थियो। त्यसमा पहाडे क्षत्री/बाहुन ६७ प्रतिशत, पहाडे जनजाति १७ प्रतिशत र तराई जनजाति आठ प्रतिशत थिए।

३ चौधरी द्वारिकालाल, *सुनसरी जिल्लामा कम्युनिष्ट पार्टी निर्माणको इतिहास र वर्तमान राजनीतिक शक्ति सन्तुलनको अवस्था,* पृष्ठ १६०, कोशी सन्देश, प्रकाशक नेकपा एमाले कोशी अञ्चल कमिटी, २०७१।

२०२७ सालको १५ सदस्यीय जिल्ला कमिटीमा पहाडे क्षत्री/बाहुन ६४ प्रतिशत, पहाडे जनजाति २१ प्रतिशत, महिला १४ प्रतिशत र तराई जनजाति सात प्रतिशत थिए । त्यस बखत केही महिलालाई पनि कमिटीमा स्थान दिइएको थियो ।

तालिका ३ : २०२७ सालको १४ सदस्यीय जिल्ला कमिटी

क्र.सं.	जाति	सङ्ख्या	प्रतिशत	जम्मा
१	खस आर्य	९	६४	१५
२	पहाडे जनजाति	३	२१	
३	महिला	२	१४	
४	तराई जनजाति	१	७	

२०३५ सालको १० सदस्यीय जिल्ला कमिटीमा पहाडे क्षत्री/बाहुन ५० प्रतिशत, पहाडे जनजाति ३० प्रतिशत र तराई जनजाति २० प्रतिशत थिए ।

तालिका ४ : २०३५ सालमा गठित १० सदस्यीय जिल्ला कमिटी

क्र.सं.	जाति	सङ्ख्या	प्रतिशत	जम्मा
१	खस आर्य	५	५०	१०
२	पहाडे जनजाति	३	३०	
३	तराई जनजाति	२	२०	

२०४३ सालमा गठित १३ सदस्यीय जिल्ला कमिटीमा पहाडे क्षत्री/बाहुन ६२ प्रतिशत, पहाडे जनजाति २३ प्रतिशत, महिला १५ प्रतिशत, तराई जनजाति आठ प्रतिशत र मधेसी आठ प्रतिशत थिए ।

तालिका ५ : २०४३ सालमा गठित जिल्ला कमिटी

क्र.सं.	जाति	सङ्ख्या	प्रतिशत	जम्मा
१	खस आर्य	८	६२	१३
२	पहाडे जनजाति	३	२३	
३	तराई जनजाति	१	८	
४	मधेसी	१	८	

२०४७ सालमा गठित २३ सदस्यीय जिल्ला कमिटीमा क्षत्री/बाहुन ५८ प्रतिशत, पहाडे जनजाति २१ प्रतिशत, तराई जनजाति १३ प्रतिशत र मधेसी चार प्रतिशत थिए ।

तालिका ६ : २०४७ सालमा गठित २४ सदस्यीय जिल्ला कमिटी

क्र.सं.	जाति	सङ्ख्या	प्रतिशत	जम्मा
१	खस आर्य	१४	५८	२३
२	पहाडे जनजाति	५	२१	
३	तराई जनजाति	३	१३	
४	मधेसी	१	४	

२०५० सालमा गठित २२ सदस्यीय जिल्ला कमिटीमा पहाडे क्षत्री/बाहुन ४५ प्रतिशत, पहाडे जनजाति २७ प्रतिशत, तराई जनजाति १४ प्रतिशत र मधेसी १४ प्रतिशत थिए। तिनमा पाँच प्रतिशत महिला थिए।

तालिका ७ : २०५० सालमा गठित २२ सदस्यीय जिल्ला कमिटी

क्र.सं.	जाति	सङ्ख्या	प्रतिशत	जम्मा
१	खस आर्य	१०	४५	२२
२	पहाडे जनजाति	६	२७	
३	महिला	१	५	
४	तराई जनजाति	३	१४	
५	मधेसी	३	१४	

२०५५ सालमा गठित २७ सदस्यीय जिल्ला कमिटीमा पहाडे क्षत्री/बाहुन ४८ प्रतिशत, पहाडे जनजाति २४ प्रतिशत, तराई जनजाति सात प्रतिशत र मधेसी १४ प्रतिशत थिए। तिनमा तीन प्रतिशत महिला थिए।

तालिका ८: २०५५ सालमा गठित २९ सदस्यीय जिल्ला कमिटी

क्र.सं.	जाति	सङ्ख्या	प्रतिशत	जम्मा
१	खस आर्य	१४	४८	२७
२	पहाडे जनजाति	७	२४	
३	तराई जनजाति	२	७	
४	मधेसी	४	१४	

स्रोत : नेकपा एमाले जिल्ला कमिटी, सुनसरी

२०६५ सालमा गठित ७७ सदस्यीय जिल्ला कमिटीमा पहाडे क्षत्री/बाहुन ४३ प्रतिशत, पहाडे जनजाति १९ प्रतिशत, तराई जनजाति १० प्रतिशत, मधेसी १३ प्रतिशत, पहाडे दलित तीन प्रतिशत र मुसलमान तीन प्रतिशत थिए। तिनमा २२ प्रतिशत महिला थिए।

तालिका ९ : २०६५ सालमा गठित ७० सदस्यीय जिल्ला कमिटी

क्र.सं.	जाति	सङ्ख्या	प्रतिशत	जम्मा
१	खस आर्य	३३	४३	७०
२	पहाडे जनजाति	१५	१९	
३	तराई जनजाति	८	१०	
४	मधेसी	१०	१३	
५	पहाडे दलित	२	३	
६	मुसलमान	२	३	

स्रोत : नेकपा एमाले जिल्ला कार्यसमिति सुनसरी

सुनसरीमा कुल जनसङ्ख्याको १२ प्रतिशत थारू छन्। तर, एमाले जिल्ला कार्यसमितिमा चाहिँ जनसङ्ख्याको हिसाबले तेस्रो र चौथो स्थानमा रहेको क्षत्री र बाहुनको सबैभन्दा बढी प्रतिनिधित्व छ। जनसङ्ख्याको दोस्रो हिस्सा ओगट्ने मुसलमान समुदायको प्रतिनिधित्व २०६५ सालको जिल्ला कार्यसमितिमा मात्र भयो। ७७ जनाको कार्यसमितिमा तीन प्रतिशत मात्र मुसलमान छन्। जनसङ्ख्याको नवौं स्थान ओगटेको मुसहर (तराई दलित) को अहिलेसम्म प्रतिनिधित्व छैन। कार्यसमितिमा महिलाको २०६५ सालमा मात्र २२ प्रतिशत पुगेको छ। त्यसमा पनि आदिवासी जनजाति, मधेसी र मुसलमान महिलाको प्रतिनिधित्व जनसङ्ख्याको आधारमा हुन सकेको छैन।

एमालेको विधान २०४९ को धारा ६६ को ४ मा भनिएको छ, 'सबै तहका निर्वाचित पार्टी कमिटी स्थानीय विशेषता अनुरूप समावेशी चरित्रका हुनेछन् र तिनमा न्यूनतम ३३ प्रतिशत महिला सदस्य रहने छन्। महिला प्रतिनिधित्वको स्वरूप पनि समावेशी चरित्रको हुनुपर्नेछ। न्यूनतम योग्यता र मापदण्ड नपुगेको अवस्थामा भने महिला सदस्यहरूको स्थान खाली रहनेछ।' त्यसैगरी सबै तहका पार्टी कमिटीमा दलित समुदायको समावेशी प्रतिनिधित्व हुनुपर्नेछ। तर, पनि एमालेको जिल्ला कार्यसमितिमा ३३ प्रतिशत महिला छैनन्।

एमालेका अन्य समिति

नेकपा एमाले सुनसरी जिल्ला कमिटी २०३४ साल यता आठ पटक फेरिएको छ। त्यसमा २०२४, २७ र ४३ सालको कमीटीको नेतृत्व रामप्रसाद खनालले गरे। २०३५ सालमा राजेश बान्तवाले नेतृत्व गरे। २०४७ र २०५० सालमा भीम आचार्यले नेतृत्व गरेका थिए। भीम आचार्य २०६४ र २०७० सालको संविधानसभा चुनावमा सुनसरी क्षेत्र नं ६ बाट विजयी भए। २०५५ सालमा धर्मराज निरौलाले सुनसरी एमालेको नेतृत्व गरे। उनी २०६४ सालको संविधानसभाको चुनावमा सुनसरी क्षेत्र नं २ बाट सभासद् भएका थिए। एमालेमा अध्यक्ष प्रणाली आएपछि २०६५ सालमा रेवतीरमण भण्डारी अध्यक्ष भए। उपाध्यक्षमा द्वारिकालाल चौधरी र सचिवमा मोतीराज सुनुवार निर्वाचित भए। २०७० सालको संविधानसभा चुनावमा अध्यक्ष रेवातीरमण भण्डारी सुनसरी क्षेत्र नं २ बाट सभासद्मा विजयी भएपछि कार्यवाहक अध्यक्षका रूपमा द्वारिकालाल चौधरीले नेतृत्व गर्ने अवसर पाए।

एमाले धरान नगर समितिमा २०५२ सालमा इन्द्र राई, २०५७ सालमा दलबहादुर छाया भुजेल, २०६६ र ६९ सालमा तारा सुब्बाले नेतृत्व गरे। २०५९ र २०६३ सालमा प्रदीप भण्डारीले नेतृत्व गरे। इनरुवा नगर

कमिटीमा २०५३ सालमा पोष्ट नेपाल, २०५५ सालमा अच्युत खतिवडा, २०५८ सालमा गोपी ढकाल, २०६२ सालमा डम्मरु भण्डारी, २०६६ सालमा कृष्ण पोखरेलले नेतृत्व गरे । २०६९ सालयता जनजाति कालुमान गुरुङले अध्यक्ष भएर नेतृत्व गरिरहेका छन् । इटहरी नगर कमिटीमा याम सुब्बाले नेतृत्व गर्ने मौका पाए ।

महिलाको सवालमा एमाले अझै पनि अनुदार छ । अहिलेसम्म पदाधिकारीमा एक जना पनि महिला छैनन् । २०२७ सालमा पहिलो पटक धरानकी चिनीमाया श्रेष्ठ र देवीमाया ठकुरी जिल्ला सदस्य भएका थिए । सुनसरीको तीनवटै नगरको कार्यसमितिको मुख्य पाँच पदमा महिला पुगेका छैनन् ।

कङ्ग्रेस सुनसरी

२००७ सालको क्रान्तिका बेला सुनसरीको मोर्चा गिरिजाप्रसाद कोइरालाले सम्हालेका थिए । २०१५ सालमा सम्पन्न पहिलो संसदीय निर्वाचनमा बीपी कोइरालाले तत्कालीन मोरङ अहिलेको सुनसरीबाट चुनाव जिते । तर, २०१७ सालमा राजा महेन्द्रले शासनसत्ता हातमा लिएपछि कङ्ग्रेसको सङ्गठन सेलाएको थियो । धरानमा फ्रेन्डस् क्लबमार्फत कङ्ग्रेसको राजनीति सञ्चालन हुन्थ्यो । क्लबका अध्यक्ष केदारनाथ श्रेष्ठ थिए ।[४]

नेपाली कङ्ग्रेस जिल्ला कार्यसमिति सुनसरीका अध्यक्ष राजीव कोइरालाका अनुसार २०३४ सालमा पहिलो जिल्ला कार्यसमिति गठन भएको थियो । २० सदस्यीय कार्यसमितिमा पहाडे बाहुन र क्षत्री ५० प्रतिशत, तराई जनजाति २० प्रतिशत, पहाडे जनजाति १५ प्रतिशत, दलित पाँच प्रतिशत, मधेसी पाँच प्रतिशत र अन्य पाँच प्रतिशत थिए । महिला एक जना पनि थिएनन् ।

तालिका १० : २०३४ सालमा गठित नेपाली कङ्ग्रेसको पहिलो सुनसरी जिल्ला कार्यसमिति

क्र. सं.	जाति	सङ्ख्या	प्रतिशत	जम्मा
१	खस आर्य	१०	५०	२०
२	पहाडे जनजाति	३	१५	
३	तराई जनजाति	४	२०	
४	दलित	१	५	
५	अन्य	१	५	
६	मधेसी	१	५	

स्रोत : नेपाली कङ्ग्रेस सुनसरी जिल्ला कार्यसमिति

२०३६ सालमा गठित १९ सदस्यीय कार्यसमितिमा पहाडे बाहुन/क्षत्री ४३ प्रतिशत, मुसलमान १५ प्रतिशत, तराई जनजाति पाँच प्रतिशत, पहाडे जनजाति पाँच प्रतिशत, पहाडे दलित पाँच प्रतिशत, तराई दलित पाँच प्रतिशत, मधेसी १६ प्रतिशत थिए । यस समितिमा पनि महिला कोही पनि समावेश थिएनन् ।

२०४६ सालको जनआन्दोलनपछि २०५० सालमा १० सदस्यीय जिल्ला कार्यसमिति गठन भएको थियो ।

४ गिरीराज आचार्य, 'गिरिजाबाबु र सुनसरीको कङ्ग्रेस सङ्गठन', *ब्लाष्ट टाइम्स दैनिक*, २०७१

उक्त कार्यसमितिमा पहाडे बाहुन/क्षत्री ३० प्रतिशत, तराई जनजाति २० प्रतिशत, मधेसी २० प्रतिशत, पहाडे जनजाति १० प्रतिशत, पहाडे दलित १० प्रतिशत र मुसलमान १० प्रतिशत थिए। यस कार्यसमितिमा पनि महिला कोही थिएनन्।

तालिका ११ : २०५० सालमा गठित १० सदस्यीय जिल्ला कार्यसमिति

क्र.सं.	जाति	सङ्ख्या	प्रतिशत	जम्मा
१	खस आर्य	३	३०	१०
२	पहाडे जनजाति	१	१०	
३	तराई जनजाति	२	२०	
४	पहाडे दलित	१	१०	
५	अन्य	१	१०	
६	मधेसी	२	२०	

स्रोत : नेपाली कङ्ग्रेस सुनसरी जिल्ला कार्यसमिति

२०५३ सालमा गठित १३ सदस्यीय जिल्ला कार्यसमितिमा पहाडे बाहुन/क्षत्री ३१ प्रतिशत, मुसलमान १५ प्रतिशत, मधेसी आठ प्रतिशत र पहाडे जनजाति आठ प्रतिशत थिए। यस कार्यसमितिमा पनि महिला कोही समावेश थिएनन्।

तालिका १२ : २०५३ सालमा गठित १३ सदस्यीय जिल्ला कार्यसमिति

क्र.सं.	जाति	सङ्ख्या	प्रतिशत	जम्मा
१	खस आर्य	४	३१	१३
२	पहाडे जनजाति	१	८	
३	तराई जनजाति	५	३८	
४	मुसलमान	२	१५	
५	मधेसी	१	८	

स्रोत : नेपाली कङ्ग्रेस सुनसरी जिल्ला कार्यसमिति

२०५७ सालमा गठित २४ सदस्यीय जिल्ला कार्यसमितिमा पहाडे बाहुन/क्षत्री ३६ प्रतिशत, तराई जनजाति २० प्रतिशत, मधेसी १६ प्रतिशत, पहाडे जनजाति १२ प्रतिशत, मुसलमान १२ प्रतिशत थिए। पहिलो पटक एक जना (चार प्रतिशत) महिला जिल्ला कार्यसमितिमा पुगेकी थिइन्।

तालिका १३ : २०५७ सालमा गठित २४ सदस्यीय जिल्ला कार्यसमिति

क्र.सं.	जाति	सङ्ख्या	प्रतिशत	जम्मा
१	खस आर्य	९	३६	२४
२	पहाडे जनजाति	३	१२	
३	तराई जनजाति	५	२०	
४	मुसलमान	३	१२	
५	मधेसी	४	१६	

स्रोत : नेपाली कङ्ग्रेस सुनसरी जिल्ला कार्यसमिति

२०७१ सालमा गठित ७४ सदस्यीय जिल्ला कार्यसमितिमा पहाडे बाहुन/क्षत्री ३९ प्रतिशत, मधेसी २० प्रतिशत, पहाडे जनजाति १८ प्रतिशत, तराई जनजाति आठ प्रतिशत र पहाडे दलित तीन प्रतिशत थिए। यस समितिमा पहिलो पटक मधेसी दलित (एक प्रतिशत) पुगेका थिए। महिला १३ जना सदस्य थिए।

२०३४ साल यता नेपाली कङ्ग्रेस सुनसरी जिल्ला कार्यसमिति छ पटक फेरियो । तर पदाधिकारीमा जनजाति, मधेसी र मुसलमाना चुनिएका छैनन् । २०३६ सालमा उपध्यक्ष पदमा भेखबहादुर नेपाली पुगेका थिए । २०५७ सालमा जिल्ला सदस्यका रूपमा पहिलो पटक धरानकी मीना सुब्बालाई समावेश गरियो । सुनसरी जिल्लामा सबैभन्दा बढी जनसङ्ख्या भएको समूह हो – थारू। त्यसपछि मुसलमान हो। सुनसरीको कुल जनसङ्ख्याको तेस्रो हिस्सा ओगटेका बाहुन मात्र अहिलेसम्म जिल्ला कार्यसमितिको नेतृत्व तहमा पुगेका छन् । नगर, क्षेत्रदेखि जिल्ला तहको समिति नेतृत्वमा महिला पुगेका छैनन् ।

माओवादीको विधिवत् सुनसरी कमिटी

माओवादीले ससस्त्र सङ्घर्ष थालेको सालमा नै सुनसरीमा उक्त पार्टीको सम्पर्क समिति गठन गरेको थियो । एमाओवादीका सुनसरी जिल्ला अध्यक्ष निर्मल बरालका अनुसार त्यति बेला ओम ढकाल, मातृका यादव र ईश्वरी दाहाल/'असारे काका' सक्रिय थिए सुनसरीमा। एमाओवादीको हेटौडामा सम्पन्न सातौँ महाधिवेशन अघिसम्म माथिल्लो कमिटीले तल्लो कमिटीका सदस्य छनोट गर्थ्यो । बरालका अनुसार, माओवादी शान्ति प्रक्रियामा आएपछि भने महिला सहाभागिता घटेको छ । 'शान्ति प्रक्रियामा आएपछि महिलाको भूमिका बदलिएको छ । सहभागिता पनि घटेको छ । प्रतिस्पर्धात्मक राजनीतिमा आउन कठिन छ,' उनले भने । २०६२/६३ सालको जनआन्दोलनपछि खुला राजनीतिक प्रतिस्पर्धामा आएको एमाओवादीको निर्वाचित जिल्ला कार्यसमिति छ। त्यसमा ५१ सदस्य छन् । त्यसमा पहाडे बाहुन/क्षत्री ३९ प्रतिशत, पहाडे जनजाति २५ प्रतिशत, तराई जनजाति १२ प्रतिशत, मधेसी छ प्रतिशत, मधेसी दलित चार प्रतिशत र मुसलमान चार प्रतिशत छन् । महिला १८ प्रतिशत समावेश छन् ।

तालिका १४ : एकीकृत नेकपा (माओवादी)को २०७१ सालमा गठित कार्यसमिति

क्र.सं.	जाति	सङ्ख्या	प्रतिशत	जम्मा
१	खस आर्य	२०	३९	४६
२	तराई जनजाति	६	१२	
३	मधेसी दलित	२	४	
४	मधेसी	३	६	
५	मुसलमान	२	४	
६	पहाडे जनजाति	१३	२५	

स्रोत : एमाओवादी जिल्ला कार्यसमिति, सुनसरी

एमाओवादीले २०७१ सालमा नयाँ सुनसरी जिल्ला कार्यसमिति गठन गर्नुपूर्व ९७ सदस्यीय समिति थियो । त्यसको संयोजकमा रामकुमारी चौधरी थिइन् । २०७१ सालमा सम्पन्न जिल्ला महाधिवेशपछि अध्यक्ष पदमा निर्मल बराल निर्वाचित भए ।

'निर्दलवादी'हरूको दलीय रुझान

राष्ट्रिय प्रजातन्त्र पार्टी सुनसरी, २०६२/६३ सालको जनआन्दोलनपछि केही सुस्ताएको थियो । तर २०७० सालमा सम्पन्न दोस्रो संविधानसभापछि पार्टीले गतिविधि बढाएको छ । प्रजातन्त्र पार्टीको कार्यालय व्यवस्थित नहुँदा पुराना कमिटीको नामावली पाउन कठिन रहेको उपाध्यक्ष हरिकृष्ण श्रेष्ठले बताए । २०६२ सालको १२ सदस्यीय जिल्ला कार्यसमितिमा पहाडे बाहुन/क्षत्री ३३ प्रतिशत, पहाडे जनजाति ३३ प्रतिशत, मधेसी १७ प्रतिशत, मुसलमान १७ प्रतिशत थिए । महिला आठ प्रतिशत थिए । तराई जनजाति र मधेसी दलितको प्रतिनिधित्व थिएन ।

तालिका १५ : २०६२ सालमा गठित १२ सदस्यीय जिल्ला कार्यसमिति

क्र.सं.	जाति	सङ्ख्या	प्रतिशत	जम्मा
१	खस आर्य	४	३३	१२
२	मधेसी	२	१७	
३	मुसलमान	२	१७	
४	पहाडे जनजाति	४	३३	

स्रोत : राष्ट्रिय प्रजातन्त्र पार्टी जिल्ला कार्यसमिति, सुनसरी

२०६७ सालमा गठित २४ सदस्यीय जिल्ला कार्यसमितिमा पहाडे बाहुन/क्षत्री ४२ प्रतिशत, पहाडे जनजाति २५ प्रतिशत, तराई जनजाति १७ प्रतिशत, मधेसी १७ प्रतिशत र महिला १३ प्रतिशत थिए । कार्यसमितिमा मधेसी दलित र मुसलमानको प्रतिनिधित्व थिएन ।

तालिका १६ : २०६७ सालमा गठित २४ सदस्यीय जिल्ला कार्यसमिति

क्र.सं.	जाति	सङ्ख्या	प्रतिशत	जम्मा
१	खस आर्य	१०	४२	२४
२	तराई जनजाति	४	१७	
३	मधेसी	४	१७	
४	पहाडे जनजाति	६	२५	

स्रोत : राष्ट्रिय प्रजातन्त्र पार्टी जिल्ला कार्यसमिति, सुनसरी

२०७१ सालमा गठित २१ सदस्यीय जिल्ला कार्यसमितिमा पहाडे बाहुन/क्षत्री ७१ प्रतिशत, पहाडे जनजाति १० प्रतिशत, तराई जनजाति १० प्रतिशत, पहाडे दलित पाँच प्रतिशत र मधेसी पाँच प्रतिशत थिए । यस कार्यसमितिमा मधेसी दलित र मुसलमानको प्रतिनिधित्व छैन । २९ प्रतिशत महिला छन् ।

तालिका १७ : २०७१ सालमा गठित २१ सदस्यीय जिल्ला कार्यसमिति

क्र.सं.	जाति	सङ्ख्या	प्रतिशत	जम्मा
१	खस आर्य	१५	७१	२१
२	तराई जनजाति	२	१०	
३	मधेसी	१	५	
४	पहाडे जनजाति	२	१०	
५	पहाडे दलित	१	५	

स्रोत : राष्ट्रिय प्रजातन्त्र पार्टी जिल्ला कार्यसमिति, सुनसरी

'मेरो प्यारो ओखलढुङ्गा'

भानुभक्त निरौला

ओखलढुङ्गामा जन्मेका युगकवि सिद्धिचरण श्रेष्ठले लेखे जस्तै यो जिल्ला साँच्चै सबै जाति, धर्म र भाषीका मानिसलाई प्रिय छ । आपसी सद्भावमा सबैले जीवन नौका खियाउँदै आएका छन् । सबैको प्यारो ओ खलढुङ्गामा सक्रिय राजनीतिक दलहरू कति समावेशी छन् त ? यो अध्ययनको विषय रहेको छ। पूर्वी पहाडी भेगमा अवस्थित यो जिल्ला सगरमाथा अञ्चलको उत्तर-पश्चिममा अवस्थित छ । ओखलढुङ्गाले १०७४ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ। पूर्वमा खोटाङ, पश्चिममा रामेछाप, उत्तरमा सोलुखुम्बु तथा दक्षिणमा उदयपुर र सिन्धुली जिल्लासँग सिमाना जोडिएको छ । २०६८ सालको जनगणना अनुसार यस जिल्लामा ३२,५०२ परिवारमा १ लाख ४७ हजार ९ सय ८४ मानिस बस्छन् । तीमध्ये ७९,२९७ महिला र ६८,६८७ पुरुष छन् ।

यहाँ २३ जात/जातिको बसोबास छ । सबैभन्दा बढी क्षत्री (२२.८ प्रतिशत) छन् भने सबैभन्दा कम बादी (०.१ प्रतिशत) रहेका छन् । मगर ११.२ प्रतिशत, बाहुन १०.६ प्रतिशत, राई ९.९ प्रतिशत, तामाङ ९.७ प्रतिशत, शेर्पा ७.० प्रतिशत, नेवार ६.५ प्रतिशत, कामी ४.१ प्रतिशत, दमाईं ३.३ प्रतिशत र सुनुवार ३.० प्रतिशत रहेका छन् । उल्लेखित जातिगत जनसङ्ख्याको आधारमा राजनीतिक दलहरू कति समावेशी छन् भन्ने कुरा तल उल्लेख गरिएको छ ।

राणा कालदेखि २०१७ सम्मको अवस्था

पूर्व-३ नम्बरको नामले चिनिने यस क्षेत्रले परापूर्व कालमा भीम मल्लको फौजले ढुङ्गाको ओखलमा चामल कुटेर खाएको हुनाले त्यसैबाट जिल्लाको नाम ओखलढुङ्गा हुन गएको अगुवाहरू बताउँछन् । राणा कालमा यस जिल्लामा जिम्मवाल, मुखिया र उनीहरूको मातहतमा तालुकदार राखेर दैनिक प्रशासन चलाउने गरिएको इतिहास छ । समाजका अगुवा र टाठाबाठालाई जिम्मवाल र मुखियाको जिम्मेवारी दिइन्थ्यो । उनीहरूका कारिन्दाको रूपमा तालुकदार रहने गर्थे । सुनुवार र जनजातिको बाहुल्य रहेका गाउँमा जनजाति नै जिम्मवाल र मुखिया थिए भने अन्य स्थानमा क्षत्री जिम्मवाल र मुखिया थिए । त्यस बखत ओखलढुङ्गामा यी तीनवटै पदमा महिला र दलित थिएनन् । तालुकदारले तिरो उठाउनेदेखि अहिलेको प्रहरी प्रशासनले गर्ने कामसमेत गर्थे ।

रैती वर्षको दुई साता तालुकदारकहाँ काम गर्न नगए तिनको जग्गा हडप्नेसम्म काम हुन्थ्यो । जग्गा पास गर्दा मूल्यको ५० प्रतिशत रकम तालुकदारलाई नदिए जग्गा पासै हुँदैनथ्यो र उनीहरूले भनेको काम सम्पादन नगरे जग्गा हडपेर सुकुम्बासी नै बनाईदिन्थे । अग्रजहरूका अनुसार तालुकदारमध्ये ७० प्रतिशत क्षत्री र बाँकी ३० प्रतिशत जनजाति थिए ।

पञ्चायत कालको ओखलढुङ्गा

त्यति बेला दलीय राजनीति प्रतिबन्धित थियो । राजाको प्रत्यक्ष शासन थियो । यस अवधिमा जिल्लाबाट धेरै जना राष्ट्रिय पञ्चायत सदस्य (रापंस) भए। उनीहरूमध्ये ७० प्रतिशत जति निर्वाचित थिए भने बाँकी ३० प्रतिशत मनोनीत । सबैभन्दा पहिलो रापंस मोतीलाल राजभण्डारीले दुई कार्यकाल (२०२७ सालसम्म) काम गरेका थिए । त्यसपछि पेशल पोखरेल (२०३१ सालसम्म) रापंस भए । उनीपछि चन्द्रबहादुर सुनुवार रापंस (२०३१ सालबाट) भए। यसैबीचमा राजा वीरेन्द्रले २०३५ सालसम्मका लागि भद्राकुमारी घलेलाई मनोनीत गरे । २०३८ सालमा देशभर सम्पन्न निर्वाचनपछि भोलामान सिंह थापा रापंस निर्वाचित भए । त्यसपछि २०४३ देखि २०४६ सालसम्म चम्पक सुनुवार रापंस भए ।

यस अवधिमा सबैभन्दा बढी रापंस हुनेमा जनजाति पर्छन् । समावेशीकरणको अवधारणा नभए पनि संयोगले जानजातिको धेरै प्रतिनिधित्व भएको हुनुपर्छ ।

बहुदलदेखि लोकतान्त्रिक गणतन्त्रसम्म

२०४६ सालमा निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको उदयसँगै राजनीतिक दलका गतिविधि गाउँस्तरसम्म पुगे । पञ्चायती व्यवस्थाबाट आजित जनता र राजनीतिक कार्यकर्ताले २०४६ सालको परिवर्तनसँगै खुला रूपमा राजनीतिक गतिविधि गरे । २०४८ सालको प्रतिनिधिसभा निर्वाचनमा विभिन्न दल सक्रिय रूपमा चुनावमा सहभागी भए। उक्त निर्वाचनमा ओखलढुङ्गा क्षेत्र-१ बाट नेपाली कङ्ग्रेसका बालाराज कार्की र क्षेत्र-२ बाट पनि कङ्ग्रेसकै बलबहादुर राई विजयी भएका थिए । सांसद राई ओखलढुङ्गाबाट मन्त्रिपरिषद्मा प्रतिनिधित्व गर्ने पहिलो व्यक्ति थिए । उनी धेरै पटक कार्यवाहक प्रधानमन्त्रीसमेत भए ।

२०५१ सालमा सम्पन्न मध्यावधि निर्वाचनमा पनि दुवै निर्वाचन क्षेत्रमा नेपाली कङ्ग्रेसकै उम्मेदवार विजयी भए । क्षेत्र-१ बाट चन्द्रकान्त दाहाल र क्षेत्र-२ बाट बलबहादुर राई निर्वाचित भए । २०५६ सालको प्रतिनिधिसभा निर्वाचनमा क्षेत्र-१ बाट कङ्ग्रेसका होमनाथ दाहाल र क्षेत्र-२ बाट पनि कङ्ग्रेसकै गोपाल राई विजयी भए । दाहाल कृषि तथा सहकारी मन्त्री बने भने राई विभिन्न समयमा अर्थ, भूमिसुधार तथा वन राज्यमन्त्री भए । मन्त्री भएकै बेला ताप्लेजुङमा भएको हेलिकोप्टर दुर्घटनामा उनको मृत्यु भयो ।

सात दल र नेकपा (माओवादी) को संयुक्त जनआन्दोलनको उपलब्धि स्वरूप प्राप्त संविधानसभाको निर्वाचन २०६४ मा नेपाली कङ्ग्रेसको पुरानो किल्लामा माओवादीले आफ्नो खम्बा गाड्यो । क्षेत्र-१ मा माओवादीका केशव राई चुनिए भने क्षेत्र-२ बाट पनि माओवादीकै बालकृष्ण ढुंगेल विजयी भए । अदालतले हत्या अभियोग ठहर गर्दै दुङ्गेललाई कारबाहीको फैसला सुनाए पनि सत्ता र शक्तिको आडमा अझैसम्म उनी कानुनी कारबाहीको दायरामा आएका छैनन् । संविधानसभा-१ बाट संविधान निर्माण हुन नसकेपछि २०७० मङ्सिर ४ मा भएको अर्को संविधानसभा निर्वाचनमा भने क्षेत्र-१ बाट नेकपा एमालेका यज्ञराज सुनुवार र क्षेत्र-२ बाट नेपाली कङ्ग्रेसका रामहरि खतिवडा निर्वाचित भए ।

जिल्ला पञ्चायतमा प्रतिनिधित्व

जिल्ला पञ्चायतको पहिलो सभापति बन्ने अवसर नृपध्वज कार्कीले पाएका थिए । उनले शुरूदेखि २०२३ सालसम्म जिल्ला पञ्चायत सभापतिका रूपमा काम गरे । नृपध्वजपछि पदमबहादुर कार्की (२०२३-२०२४

सालसम्म) जिल्ला पञ्चायत सभापति बने । यस जिल्लामा त्यति बेलादेखि नै अल्पसङ्ख्यक सुनुवार जातिको राजनीतिक पहुँच थियो । चन्द्रबहादुर सुनुवार (२०२४-२०२६ सालसम्म) जिल्ला पञ्चायतको सभापति भएका थिए । सुनुवारपछि टंकनाथ लुइँटेल (२०२६-२०२९ सालसम्म) र भोलामान सिंह थापा (२०२९-२०३३ सालसम्म) सभापति बनेका थिए । त्यसपछिको दुई कार्यकाल (२०३४ देखि २०४३ सालसम्म) चम्पक सुनुवार सभापति भए ।

२०४३ सालमा सम्पन्न जिल्ला पञ्चायत सभापति निर्वाचनबाट खिलानाथ अधिकारी सभापति निर्वाचित भए । उनको ११ सदस्यीय समितिमा क्षत्री/बाहुन ५४.५४ प्रतिशत, जनजाति (श्रेष्ठ र राई मात्र) ३६.३६ प्रतिशत र अल्पसङ्ख्यक (सुनुवार) ९.०९ प्रतिशत रहेका थिए । अन्य जनजाति, महिला र दलितको प्रतिनिधित्व थिएन ।

जिल्ला विकास समितिमा प्रतिनिधित्व

बहुदलीय व्यवस्था पुनःस्थापनापछि दलीय आधारमा स्थानीय निकायमा प्रतिस्पर्धा र प्रतिनिधित्व भएको थियो । २०४९ सालमा सम्पन्न स्थानीय निकाय निर्वाचनमा नेपाली कङ्ग्रेसका उम्मेदवार महेश कर्मोचा सभापति निर्वाचित भए । उनको १३ सदस्यीय जिल्ला विकास समितिमा क्षत्री/बाहुन ५४.५४ प्रतिशत, जनजाति २७.२७ प्रतिशत र अल्पसङ्ख्यक (सुनुवार) १८.१८ प्रतिशत थिए । यस समितिमा दलित, महिला र अन्य जनजाति थिएनन् । नेपाली कङ्ग्रेसको बाहुल्य रहेको यस समितिमा एमालेको हिस्सा ९.०९ प्रतिशत थियो ।

२०५४ सालमा सम्पन्न स्थानीय निकाय निर्वाचनमा एमालेले कब्जा जमायो । एमालेका प्रेमनारायण प्रेमी (कटुवाल) जिविस सभापति बने । उनको १५ सदस्यीय (मनोनीतसहित) जिल्ला विकास समितिमा क्षत्री/बाहुन ५३.३ प्रतिशत, जनजाति सात प्रतिशत र महिला ६.६ प्रतिशत सहभागी थिए । दलित र अल्पसङ्ख्यक थिएनन् । यस समितिमा नेपाली कङ्ग्रेस २० प्रतिशत, राप्रपा ६.६ प्रतिशत र बाँकी एमाले थिए ।

२०५९ माघ १९ गते 'कु' गरी राजा ज्ञानेन्द्रले मनोनीत गरेका मानिस प्रधानमन्त्री बने । त्यसपछि २०६० कात्तिक १५ गते महेश कर्मोचालाई सभापतिमा मनोनीत गरियो । यो समिति गठन गर्दा पनि समावेशीकरणको सिद्धान्त अवलम्बन गरिएको थिएन ।

दलीय समावेशीकरणको अवस्था

ओखलढुङ्गामा १३ राजनीतिक दल क्रियाशील छन् । शुरूमा नेपाली कङ्ग्रेस र एमाले ठूला दल थिए भने विस्तृत शान्ति सम्झौतापछि नेकपा (माओवादी) पनि दलीय प्रतिस्पर्धामा सामेल भएको छ । संविधानसभा निर्वाचन-२ मा क्षेत्र-१ मा एमाले, नेपाली कङ्ग्रेस, एमाओवादी, माले, सङ्घीय समाजवादी पार्टी नेपाल, राष्ट्रिय पजातन्त्र पार्टी, मंगोल नेसनल अर्गनाइजेसन, नेपाल परिवार दल, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, खस समावेशी राष्ट्रिय पार्टी, नेपाल कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वाभिमान पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी (मालेमा) साम्यवादी र एक स्वतन्त्र उम्मेदवारले चुनावमा भाग लिएका थिए । निर्वाचन क्षेत्र-२ मा नेपाली कङ्ग्रेस, एमाले, एमाओवादी, सङ्घीय समाजवादी पार्टी नेपाल, माले, नेपाल परिवार दल, राष्ट्रिय प्रजातन्त्र

पार्टी, मंगोल नेसनल अर्गनाइजेसन, खस समावेशी राष्ट्रिय पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी, नेपाल कम्युनिष्ट पार्टी (मालेमा) साम्यवादी र २ स्वतन्त्र उम्मेदवारले भाग लिएका थिए।

जिल्लामा सात प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने दलहरू एमाले, नेपाली कङ्ग्रेस र एमाओवादीको विगतदेखि वर्तमानसम्म समावेशीकरण र समानुपातिक प्रतिनिधित्वको झलक तल प्रस्तुत गरिएको छ।

एमाले

२०४७ सालपछि करिब एक वर्ष हीराबहादुर सुनुवारले एमाले ओखलढुङ्गाको इन्चार्ज भई नेतृत्व सम्हालेका थिए। सुनुवारको नेतृत्व कालमा जिल्ला कमिटी १५ जनाको थियो। तीमध्ये सुनुवार १३.३३ प्रतिशत, दलित ६.६६ प्रतिशत, सुनुवारबाहेका जनजाति ३३.३३ प्रतिशत र बाहुन/क्षत्री ४६.६६ प्रतिशत रहेका थिए। यस कमिटीमा महिला एक जना पनि थिएनन्।

२०४८ सालमा सम्पन्न पहिलो जिल्ला अधिवेशनले प्रेमनारायण प्रेमीलाई सचिव पदमा निर्वाचित गऱ्यो। प्रेमीको नेतृत्व कालमा १७ जनाको जिल्ला कमिटी थियो। तीमध्ये दलित ५.८८ प्रतिशत, सुनुवारबाहेकका जनजाति ४७.०७ प्रतिशत, अल्पसङ्ख्यक सुनुवार ५.८८ प्रतिशत र अन्य ४१.१७ प्रतिशत थिए। यस कमिटीमा महिला ५.८८ प्रतिशत थिए।

एक वर्षपछि सचिवको निष्क्रियतालाई ध्यानमा राख्दै जिल्ला कमिटीले प्रेमीलाई हटाएर २०५० सालको माघदेखि दोस्रो अधिवेशनका लागि किशोर अधिकारीको नेतृत्वमा अधिवेशन आयोजक कमिटी गठन गऱ्यो। अधिकारीको कार्यकालमा पनि १७ सदस्यको जिल्ला कमिटी रहेको थियो। तीमध्ये जनजाति ४७.०७ प्रतिशत, दलित ५.८८ प्रतिशत, अल्पसङ्ख्यक ५.८८ प्रतिशत र बाहुन/क्षेत्रीको ४१.१७ प्रतिशत प्रतिनिधित्व रहेको पाइयो। यस समितिमा महिला ५.८८ प्रतिशत थिए।

२०५२ सालमा सम्पन्न दोस्रो जिल्ला अधिवेशनले किशोर अधिकारीलाई सचिव निर्वाचित गरेको थियो। यो कमिटी १९ जनाको थियो। दलित १५.७८ प्रतिशत, जनजाति ४७.३६ प्रतिशत थिए भने अन्यमा ३६.८६ प्रतिशत रहेका थिए। यस समितिमा महिला ५.२६ प्रतिशत थिए।

२०५४ सालमा सम्पन्न तेस्रो अधिवेशनवाट पेशल खतिवडा जिल्ला सचिवमा निर्वाचित भए। खतिवडाको नेतृत्वमा १७ सदस्यीय जिल्ला कमिटी थियो। तीमध्ये दलित २३.५२ प्रतिशत, जनजाति ३२.०४ प्रतिशत र अन्यमा ४४.४४ प्रतिशतको प्रतिनिधित्व रहेको देखिन्छ। यस समितिमा महिला १७.०४ प्रतिशत सहभागी थिए। २०५६ सालमा सम्पन्न चौथो जिल्ला अधिवेशनबाट पार्टी सचिवको रूपमा किशोर अधिकारी पुनः निर्वाचित भए। उनी लगातार २०६४ सालसम्म पार्टी नेतृत्वमा रहे। अधिकारीले चौथो, पाँचौ र छैटौँ जिल्ला अधिवेशनबाट एमाले ओखलढुङ्गाको सचिव पदमा रहेर नेतृत्व सम्हालेका थिए। उनको तीनवटै कार्यकालमा १७ सदस्यीय जिल्ला कमिटी थियो। तीमध्ये जनजाति ४७.०५ प्रतिशत, दलित ११.७६ प्रतिशत र अन्यमा ४१.१९ प्रतिशतको सहभागिता रहेको देखिन्छ। यस समितिमा महिला ११.७६ प्रतिशत थिए।

२०६३ सालपछि वा संविधानसभा निर्वाचनपछि एमाले ओखलढुङ्गाको सचिवमा यज्ञराज सुनुवार (संविधानसभा/व्यवस्थापिका सदस्य) निर्वाचित भए। उनको नेतृत्वमा २७ जनाको जिल्ला कमिटी रहेकोमा जनजाति ५४.८५ प्रतिशत, दलित ३.७० प्रतिशत र अन्यमा ४१.४५ प्रतिशत थिए। सुनुवार नेतृत्वको समितिमा महिला ७.४० प्रतिशत कमिटीमा थिए

पार्टीले सातौँ राष्ट्रिय महाधिवेशनपछि सचिवको सट्टा अध्यक्ष प्रणाली रोजेपछि २०६७/६८ मा सम्पन्न आठौँ जिल्ला अधिवेशनले यज्ञराज सुनुवारलाई नै पुनः अध्यक्षमा निर्वाचित गऱ्यो । उनको नेतृत्वको ३५ सदस्यीय जिल्ला कमिटीमा दलित १० प्रतिशत, जनजाति ५४.५८ प्रतिशत र अन्य ३५.४२ प्रतिशत थिए । महिलाको प्रतिनिधित्व ८.५७ प्रतिशत थियो ।

संविधानसभाको दोस्रो निर्वाचनमा तत्कालीन अध्यक्ष यज्ञराज सुनुवार विजयी भएपछि उपाध्यक्ष मोहनबहादुर श्रेष्ठको संयोजकत्वमा ५५ सदस्यीय नवौँ जिल्ला अधिवेशन तयारी समिति गठन गरियो । तीमध्ये ९.२७ प्रतिशत दलित, ३०.४७ प्रतिशत सुनुवारबाहेकका जनजाति, ३.६३ प्रतिशत सुनुवार र ५६.६३ प्रतिशत अन्य थिए । यस कमिटीमा ९.०९ प्रतिशत महिला थिए । जिल्ला कमिटीमा भएका जनजातिमा राई, मगर, तामाङ र गुरुङ छन् भने बाहुन/क्षत्रीमा भट्टराई, बुढाथोकी, कटुवाल, खड्का, पौडेल, फुयाल, कार्की, दाहाल, सुवेदी लगायत छन् ।

२०४७ सालपछि पार्टी नेतृत्वमा जनजातिको प्रतिनिधित्व बलियो हुँदै आएको छ । दलित र महिलाको प्रतिनिधित्व पनि बढेको छ । पार्टीले सकारात्मक विभेदको नीति अवलम्बन गरेपश्चात् पछि परेका वर्गलाई अग्रस्थानमा ल्याउन सहयोगी भूमिका खेलेको अनुभव एमाले नेताले गरेका छन् । उनीहरूका विचारमा, समावेशीकरणको अवधारणले स्थानीयस्तरदेखि नै जागरण पैदा गरेको छ । शुरूशुरूमा दलित र जनजातिलाई कमिटीमा स्थान दिए पनि उनीहरू कार्यक्षेत्रमा गएर खट्न वा समय दिन सक्दैनथे । अहिले त्यो समस्या हटिसकेको तर महिलाले यसो गर्न अझै केही समस्या लाग्ने नेताहरू बताउँछन् । महिला सदस्यहरू घरपरिवार चलाउनुपर्ने कारण देखाउँदै पार्टीको काममा कम सक्रिय हुने गरेको अनुभव नेतृत्वमा रहेकाहरूको छ ।

अल्पसङ्ख्यक सुनुवार जाति यहाँको राजनीतिमा अगाडि छ । सांसद यज्ञराज सुनुवारले एक पटक सचिव र एक पटक अध्यक्ष भएर एमाले ओखलढुङ्गाको जिल्लास्तरीय नेतृत्व गरिसकेका छन् । सुनुवार जातिका केही कार्यकर्ता तथा नेता राजनीतिमा सक्रिय छन् ।

नेपाली कङ्ग्रेस

नेपाली कङ्ग्रेसमा प्रतिबन्धित कालदेखि नै (२०१७ देखि २०४५ सम्म) बलबहादुर राईले जिल्ला सभापतिको रूपमा काम गरेका थिए । नेपाली कङ्ग्रेस विभाजन र आन्तरिक किचलोका कारण स्थापनादेखि एघारौँ जिल्ला अधिवेशनसम्मका कुनै पनि बैठक पुस्तिका र दस्तावेज भेट्टाइएन । सबै अभिलेख विभिन्न पक्षले नष्ट गरेका कारण सभापतिहरूसँग भएको व्यक्तिगत रेकर्डका आधारमा जिल्लामा पार्टीको समावेशीकरण अवस्था उतारिएको छ ।

बहुदलीय व्यवस्थाको पूर्वसन्ध्यामा कटारीमा भएको आठौँ अधिवेशनबाट २०४५ सालमा एक कार्यकाल र २०४९ देखि २०५३ सालसम्म गरी दुई कार्यकाल चन्द्रकान्त दाहाल पार्टी सभापतिमा निर्वाचित भएका थिए । उनको पहिलो कार्यकालमा २० सदस्यीय जिल्ला कार्यसमिति थियो । यसमा बाहुन ६० प्रतिशत, क्षत्री २५ प्रतिशत, जनजाति एक प्रतिशत र अल्पसङ्ख्यकको पाँच प्रतिशत रहेको थियो । यसमा कोही पनि महिला र दलित समावेश थिएनन् । अन्य जातिको प्रतिनिधित्व पनि जनसङ्ख्याको अनुपातमा असमान थियो । दाहालले २०४९ सालमा कार्यसमिति विघटन गरी १९ सदस्यीय नयाँ कार्यसमिति गठन गरे । २०५३ सालसम्म काम गरेको उक्त कार्यसमितिमा क्षत्री/बाहुन ६५ प्रतिशत, जनजाति २२ प्रतिशत र अल्पसङ्

ख्यकको १३ प्रतिशत रहेको थियो । यस कार्यसमितिमा पनि महिला, दलित र पिछडिएको समुदायका कोही पनि थिएनन् ।

२०५३ सालमा सम्पन्न नवौं जिल्ला अधिवेशन र २०५७ सालको दशौं जिल्ला अधिवेशनबाट सभापतिमा महेश कर्मोचा निर्वाचित भए । अल्पसङ्ख्यक समुदायका कर्मोचाले नेतृत्व गरेको यी दुई कार्यकालमा २७ सदस्यीय कार्यसमिति थियो । यसमा क्षत्री/बाहुन ६०.०४ प्रतिशत, जनजाति ३२.९६ प्रतिशत, अल्पसङ्ख्यक सात प्रतिशत थिए । यस समितिमा महिला तीन प्रतिशत मात्र थिए । कर्मोचाले दुई कार्यकाल (२०५३-२०५६ र २०५६-२०६१ सम्म) नेतृत्व गरेका थिए ।

२०५९ सालमा नेपाली कङ्ग्रेस विभाजन भई नेपाली कङ्ग्रेस (प्रजातान्त्रिक) बनेपछि निर्वाचित सभापति कर्मोचा नेपाली कङ्ग्रेस (प्रजातान्त्रिक) का पार्टी सभापति बने भने संस्थापन पक्षले केही अवधिका लागि बालाराज कार्कीलाई सभापतिको जिम्मेवारी दिएको थियो । लगत्तै उनलाई हटाएर प्रेमराज राईलाई सभापतिको रूपमा मनोनयन गरिएको थियो । राई स्व. बलबहादुर राईका छोरा हुन् । त्यसपछि छोटो अवधिका लागि पृथ्वीबहादुर कार्कीले सभापतिको जिम्मेवारी पाए । यता प्रजातान्त्रिकतर्फ भने महेश कर्मोचापछि गोमा केसी सभापति बनेकी थिइन् । पार्टी एकीकरणपछिको बाह्रौं अधिवेशनमा संस्थापन पक्षका प्रेमराज राईलाई सभापति र प्रजातान्त्रिककी गोमा केसीलाई सह-सभापतिको जिम्मेवारी दिइएको थियो । नेपाली कङ्ग्रेस ओखलढुङ्गामा यसअघि कुनै पनि महिला पार्टी कार्यकारी भूमिकामा पुगेका थिएनन् ।

पार्टी एकीकरणपछि बाह्रौं जिल्ला अधिवेशन (२०६७) ले प्रदीपकुमार सुनुवारको सभापतित्वमा २५ सदस्यीय कार्यसमिति (मनोनीतसहित) चयन गऱ्यो । सुनुवारको कार्यसमितिमा क्षत्री/बाहुन ४७ प्रतिशत, जनजाति ४४ प्रतिशत, अल्पसङ्ख्यक तीन प्रतिशत, दलित छ प्रतिशत रहेका छन् । नेपाली कङ्ग्रेसले बाह्रौं अधिवेशनपछि मात्रै समावेशीकरणको सिद्धान्त अवलम्बन गरेको हो । तथापि यो पर्याप्त छैन ।

एमाओवादी

दश वर्ष हिंसामा होमिएको एमाओवादीले संविधानसभाको पहिलो शृङ्खलाको अन्त्यसँगै पार्टी विभाजनको पीडा सहनुपऱ्यो । संविधानसभा-२ को निर्वाचनपछि ऊ आफ्नो सङ्गठन सुदृढीकरण अभियानमा लाग्यो । हेडक्वार्टरको आदेशको भरमा चल्दै आएको यस पार्टीले जनताले थाहा पाउने गरी र कार्यकर्ताबाट नै नेतृत्व चुन्न २०७१ सालमा जिल्ला अधिवेशन गऱ्यो । उक्त अधिवेशनले बाबुराम गौतमको अध्यक्षतामा ५१ सदस्यीय जिल्ला कमिटी चयन गऱ्यो ।

समावेशीकरणको नारा उठाएको र आफूलाई सबैभन्दा बढी समावेशी ठान्ने एमाओवादीको जिल्ला कमिटीमा क्षत्री/बाहुन ६४.७० प्रतिशत, सुनुवारबाहेकका जनजाति २५.५ प्रतिशत, सुनुवार ३.९२ प्रतिशत, दलित ५.८८ प्रतिशत छन् । यस कमिटीमा महिलाको सहभागिता ७.८४ प्रतिशत थियो ।

सन्दर्भ सामग्री

खिलानाथ अधिकारी, जिल्ला पञ्चायत पूर्वसभापति, ओखलढुङ्गा
महेश कर्मोचा, जिल्ला विकास समिति पूर्वसभापति, ओखलढुङ्गा
चन्द्रकान्त दाहाल, पूर्वसांसद, ओखलढुङ्गा
रामहरि खतिवडा, सभासद्/सांसद, ओखलढुङ्गा
प्रेमनारायण प्रेमी (कटुवाल), जिविस पूर्वसभापति, ओखलढुङ्गा
बालकृष्ण दाहाल, नेपाली कङ्ग्रेस महासमिति सदस्य, ओखलढुङ्गा
किशोर अधिकारी, नेकपा एमाले केन्द्रीय सदस्य, ओखलढुङ्गा
मोहनबहादुर श्रेष्ठ, अध्यक्ष नेकपा एमाले, ओखलढुङ्गा
प्रदीपकुमार सुनुवार, सभापति, नेपाली कङ्ग्रेस, ओखलढुङ्गा
बाबुराम गौतम, अध्यक्ष, एकीकृत नेकपा (माओवादी), ओखलढुङ्गा
निशान्त शर्मा, उपाध्यक्ष, एनेकपा माओवादी, ओखलढुङ्गा
जिल्ला निर्वाचन कार्यालय, ओखलढुङ्गा
जिल्ला विकास समिति, ओखलढुङ्गा
सम्बन्धित राजनीतिक दलका बैठक पुस्तिका
जिल्लास्थित विभिन्न विद्युतीय तथा छापा सञ्चार माध्यम

महोत्तरीमा दलीय समावेशीकरण

लक्ष्मी साह

महोत्तरी भारतको सीमासित जोडिएको तराई/मधेसको जिल्ला हो । यो जिल्ला मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अञ्चलमा पर्छ । २०७२ सालको संविधान अनुसार यो जिल्ला २ नम्बर प्रदेशमा पर्छ । यसको पूर्वमा धनुषा, पश्चिममा सर्लाही, उत्तरमा सिन्धुली र दक्षिणमा भारत पर्छन् ।

यस जिल्लाका मानिसको मुख्य आयस्रोत कृषि हो । यसको उत्तरतिर चुरे शृङ्खला पर्छ । चुरेका छेउछाउ पहाडी समुदायको बाहुल्य छ । दक्षिणमा हुलाकी मार्ग आसपास तथा सीमाक्षेत्रमा मधेसी समुदायको बाहुल्य छ । थारू लगायतका जनजाति, पिछडा वर्ग तथा दलित समुदाय यस जिल्लामा बस्छन् । २०६८ सालको जनगणना अनुसार महोत्तरीको १,०९,२९८ घरमा ६,२७,५८० मानिस बस्छन् । तीमध्ये महिला ३,१६,५६४ र पुरुष ३,११,०१६ जना छन् । यहाँका ४७ प्रतिशत मानिस साक्षर छन् ।

महोत्तरीमा यादव ९५,०७७ (१५.१४ प्रतिशत), मुसलमान ८३,८४९ (१३.३६ प्रतिशत), धानुक ४०,३८४ (६.४३ प्रतिशत), कोइरी/कुसवाहा ३६,१७१ (५.७६ प्रतिशत), तराई बाहुन ३२,०१३ (५.१० प्रतिशत), तेली २५,६४४ (४.८ प्रतिशत), मुसहर २३,३६४ (३.७२ प्रतिशत), चमार/हरिजन/राम २२,३३९ (३.५५ प्रतिशत), खतवे १५,७२५ (२.५० प्रतिशत), सुडी १५,०९० (२.४० प्रतिशत), दुसाद/पासवान/पासी १५,०६७ (२.४० प्रतिशत), मगर १४,४०८ (२.४० प्रतिशत), पहाडी बाहुन ११,५१२ (१.८३ प्रतिशत), क्षत्री १०,८५४ (१.७२ प्रतिशत), थारू ९,९०९ (१.५७ प्रतिशत), तामाङ ९,५८५ (१.५२ प्रतिशत), राजपूत ४,६५२ (०.७४ प्रतिशत), ठकुरी ६३५ (०.१० प्रतिशत), राई ५४३ (०.०८ प्रतिशत), गुरुङ १२१ (०.०१ प्रतिशत) छन् ।

महोत्तरीको ६७,३५२ हेक्टरमा खेतीपाती छ । यस जिल्लामा दोस्रो संविधानसभाको निर्वाचनमा छवटा निर्वाचन क्षेत्र थिए । राकेश चौधरीले 'महोत्तरीको इतिहास' मा लेखेका छन्, 'अङ्ग्रेज तथा दक्षिणवर्ती बासिन्दाले महोत्तरीलाई महा-उत्तर अर्थात् महोत्तर भन्ने गर्थे । बिस्तारै मोहतरी, मुहत्तरी हुँदै महोत्तरी नाम हुन गएको हो ।'

अध्ययनको विषय

यस लेखमा महोत्तरीमा सक्रिय नेपाली कङ्ग्रेस, एमाले, एमाओवादी र राष्ट्रिय प्रजातन्त्र पार्टीमा 'समावेशीकरणको' अवस्थाबारे अध्ययन गरिएको छ । यो अध्ययन १५ कात्तिक २०७२ देखि १७ माघ २०७२ सम्म गरिएको हो । अध्ययनका सिलसिलामा जानकारहरू, जस्तै : राजनीतिक दलका पुराना तथा नयाँ पुस्ताका नेता/कार्यकर्ता, प्राध्यापक, वकिल, पत्रकार, इतिहासविद्, पूर्वजनप्रतिनधि र पूर्वपञ्चहरूसित कुराकानी गरिएको छ ।

विभिन्न लेखकका पुस्तक, सरकारी कार्यालयहरूले तयार गरेका तथ्याङ्क, सम्बन्धित ठाउँको अनुभव, राजनीतिक दलका दस्तावेजको अध्ययन गरिएको छ।

पृष्ठभूमि

समावेशीकरणका सम्बन्धमा समाजशास्त्री वीरेन्द्र साह भन्छन्, 'पार्टीलाई समावेशी बनाउने हो भने नेतृत्वकर्ताले अदूरदर्शी, आत्मकेन्द्रित सोचाइ त्याग्नुपर्छ, यथास्थितिवाद र अवसरवाद त्याग्नुपर्छ। यसो नगर्ने हो भने समावेशीकरणको विषयलाई लिएर समाजमा द्वन्द्व र अस्थिरता सिर्जना हुन्छ। पछिल्लो समय नेतृत्वको चिन्तन बिस्तारै परिवर्तन भइरहेको छ, समावेशीकरणको अभ्यासमा दलहरू पारदर्शी हुन थालेका छन्।'

राजनीतिक दलले समानता, अवसरमा सहभागिता र पहुँच अभिवृद्धिका लागि आरक्षणको सकारात्मक सन्देश दिए र त्यसलाई व्यवहारमा उतारे भने समाजको विकास हुन्छ। द्वन्द्व हुँदैन। दलहरूमा गुट-उपगुट मत्थर हुन्छ। समाज र देश बहुभाषिक, बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक रहेको यथार्थलाई बुझेर राजनीतिक व्यवस्था परिवर्तनसँगै राज्यको नीतिसमेत परिवर्तन भइरहेको सन्दर्भमा दलहरूले जनताको भावना र बाध्यात्मक कानुनी व्यवस्थालाई बुझी थोरबहुत मात्रामा समावेशीकरणको नीति अवलम्बन गर्न थालेका छन्।

राणा शासनको अवस्था

राणा कालमा महोत्तरी प्रशासन जलेश्वरबाट चल्थ्यो। त्यस बेला अदालतलाई अमिनी भन्थे। अदालतमा डिट्ठा, बिचारी हुन्थे। गाउँमा जिम्मेदार, मुखिया र पटवारी हुन्थे। बिर्तावाल प्रथा उत्तिकै थियो। डाँका, चोरी, खुनबाहेक सबै मुद्दा बिर्तावालले हेर्थे। यिनीहरूलाई त्यो जिम्मेवारी राणा सरकारबाट तोकिएका बडाहाकिमले सोझै दिन्थे। यस काममा पहाडी तथा मधेसी बाहुन/क्षत्रीको बोलवाला हुन्थ्यो।

२००७ देखि २०१६ सालसम्मको अवस्था

प्रजातन्त्र आएपछिका केही वर्षसम्म पनि राणा कालीन प्रशासनिक संरचना कायमै थियो। २०१५ सालमा सम्पन्न संसदीय आमचुनावमा महोत्तरीबाट स्वतन्त्र उम्मेदवार रामदुलार राय र कङ्ग्रेसका बेनीमाधव सिंह, रामनारायण मिश्र, महेन्द्रनारायण निधि (कायस्थ) विजयी भए। यस जिल्लामा यादव, मुसलमान, धानुकको बाहुल्य भए पनि उनीहरू उम्मेदवार हुन पाएनन्। महिला र जनजाति उम्मेदवार बनाउनेबारे पार्टीहरूले सोच्दै सोचेनन्।

पञ्चायत काल

२०१७ पुस १ मा दलीय क्रियाकलापमा रोक लगाएर पञ्चायती व्यवस्था शुरू गरिएपछि राजनीति दुई धारमा विभाजन भयो : निर्दलीय र बहुदलीय। राजा महेन्द्रले कहिले चुनाव गराएर त कहिले मनोनीत गरेर राष्ट्रिय पञ्चायत सदस्य बनाए। त्यति बेला महोत्तरीबाट विन्देश्वरीप्रसाद सिंह, राम पदारथ मिश्र, भोजराज घिमिरे, पृथ्वीमान सिंह, विश्वेश्वरप्रसाद यादव, कुलानन्द झा, इसमाइल अन्सारीले रापंस हुने अवसर पाए।

त्यति बेला एक मुसलमान पनि प्रतिनिधि छानिए । तर महिला, जनजातिले अवसर पाएनन् । ठकुरी, बाहुन र यादवले मौका पाए जबकि जातिगत सङ्ख्याको आधारमा यादव पहिलो, मुसलमान दोस्रो र धानुक तेस्रो स्थानमा छन् ।

बहुदलदेखि गणतन्त्रसम्म

महोत्तरीमा २०४८ सालको चुनावमा पाँचवटा निर्वाचन क्षेत्र थिए । सबै क्षेत्रमा कङ्ग्रेसले जितेको थियो । जितेकामध्ये महेन्द्र यादव, हरिशंकर मिश्र, महेश्वर सिंह (राजपूत), बेनीमाधव सिंह (कोइरी), वसन्त गुरुङ (पहाडे जनजाति) थिए । कङ्ग्रेसले त्यो चुनावमा पनि समावेशीकरणको सिद्धान्त अपनाउन सकेन । यादव, क्षत्रीलाई प्राथमिकता दिएर दलित तथा महिलालाई पाखा लगायो । २०५१ सालमा एउटा निर्वाचन क्षेत्र घटेर चारवटा निर्वाचन क्षेत्र कायम भयो महोत्तरीमा । यस चुनावमा निर्वाचन क्षेत्र-१ र ४ मा कङ्ग्रेसका महेन्द्र कुमार र शरत्सिंह भण्डारी, क्षेत्र-२ मा राप्रपाका महेन्द्र राय भूमिहार र ३ मा रामविलास यादवले जितेका थिए । कमलेश मण्डल भन्छन्, 'दलहरूमा त्यस बेला क्षत्री र यादव मोह थियो । क्षत्री र यादवको समीकरण मिल्ने भएकाले दुवै पार्टीले तिनै जातमाथि आँखा गाडेका थिए । अरू जात, वर्ग र समुदायलाई वास्ता गरेनन् ।'

२०५६ सालमा सम्पन्न चुनावमा सबै अर्थात् चारवटै निर्वाचन क्षेत्रमा कङ्ग्रेसका उम्मेदवार विजयी भए । विजयी हुनेहरूमा महेन्द्र यादव मधुकर, रामचन्द्र तिवारी, शरत्सिंह भण्डारी, महेन्द्र कुमार राय । यस चुनावमा पनि प्रमुख दलले जनजाति, दलित, महिलालाई प्राथमिकता दिएनन् । पहिलो संविधानसभा निर्वाचनमा महोत्तरीमा कङ्ग्रेस, एमाले, राप्रपा र माओवादीले एक सिट पनि जितेनन्

त्यसताका जनमोर्चाका गिरीराजमणि पोखरेलबाहेक अरू सबै क्षेत्रमा कङ्ग्रेस, एमाले, राप्रपा र माओवादी पराजित भए । २०६३ सालपछि जन्मिएका मधेसवादी दल निर्वाचित भए । पहिलो संविधानसभामा एमाले, कङ्ग्रेस, माओवादी र राप्रपाले पनि तिनै बाहुन, क्षत्री र यादव समुदायका उम्मेदवार खडा गरेका थिए । दोस्रो संविधानसभामा क्षेत्र-१ मा एमाओवादीका गिरीराजमणि पोखरेल, क्षेत्र-२ मा किरण यादव (कङ्ग्रेस), ६ मा सीताराम भण्डारी (कङ्ग्रेस), क्षेत्र-३ मा रामदयाल मण्डल (कङ्ग्रेस), क्षेत्र-५ मा दीपनारायण साह (एमाले), क्षेत्र-४ मा स्वतन्त्र चन्देश्वर झा सभासद् बने ।

जिल्ला पञ्चायत सचिवालयमा प्रतिनिधित्व

२०१७ सालमा गठित महोत्तरी जिल्ला पञ्चायत सचिवालयमा ध्रुवनारायण सिंह (राजपूत), विश्वेश्वरप्रसाद यादव, कुलानन्द झा, रामछबिला राय (बाहुन), दुर्गाप्रसाद उपाध्याय र महेन्द्र राय मनोनीत भएका थिए । यस जिल्लामा बाहुनको सङ्ख्या कम भए पनि राजनीतिक नेतृत्वमा उनीहरू नै धेरै पुगेका थिए । यस अवधिमा महिलाले भने अवसर पाएनन् ।

जिविसमा प्रतिनिधित्व

पञ्चायती व्यवस्थाको अन्त्यसँगै बहुदल स्थापनापछि २०४९ सालमा सम्पन्न स्थानीय निकायको निर्वाचनबाट महोत्तरीमा कङ्ग्रेसका कामेश्वर पाण्डे र २०५४ सालमा तेजनारायण यादव सभापतिमा निर्वाचित भएका

थिए । २०५४ सालको स्थानीय निकाय चुनावमा सभापति पदमा विजयी भएका तेजनारायण यादव पछि जिविस सभापतिमा मनोनीत भए । महिला मिश्री गिरी उपसभापति मनोनीत भएकी थिइन् ।

महोत्तरीमा क्रियाशील प्रमुख चार दल

महोत्तरीमा नेपाली कङ्ग्रेस, एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी र एमाओवादीको क्रियाशीलता बढी छ । राप्रपा बहुदलपछिको पहिलो संसदीय (प्रतिनिधिसभा) को चुनावमा बलियो थियो । तर पछि कमजोर भयो । गिरीराजमणि पोखरेलको जनमोर्चा नेपालको पनि राम्रै पकड थियो । पछि यो पार्टी एमाओवादीमा मिल्यो ।

नेपाली कङ्ग्रेस

महोत्तरीमा २०३४ सालमा महेश्वरप्रसाद सिंहको नेतृत्वमा १३ सदस्यीय जिल्ला कार्यसमिति बनेको थियो । त्यति बेला पार्टी प्रतिबन्धित थियो । त्यो कार्यसमितिमा पन्नादेवी भूमिहार महिला थिइन् । दलित र जनजाति कोही पनि थिएनन् । उनीपछि कामेश्वर पाण्डेको पोल्टामा नेतृत्व आएपछि एक जना जनजाति वसन्त गुरुङले अवसर पाए । दलित र महिलाको प्रतिनिधित्व चाहिँ भएन । २०३६ सालमा गणेश नेपाली भूमिहारको नेतृत्वमा २१ सदस्यीय कार्यसमिति गठन भयो । यसमा पनि महिला र दलितको प्रतिनिधित्व थिएन । जनजातिमध्ये वसन्त गुरुङ मात्र कार्यसमितिमा परेका थिए । नेपालीपछि नरेन्द्र मिश्र पार्टी सभापति भए । पार्टीको एघारौँ महाधिवेशनपछि जिल्लाको नेतृत्व सम्हालेका महेन्द्रकुमार राय यादवको नेतृत्वमा ४२ सदस्यीय कार्यसमिति बन्यो । यसमा छ जना महिला, छ जना दलित र छ जना आदिवासी जनजातिले अवसर पाए ।

एमाले

बहुदलपछि एमाले महोत्तरीमा तेजनारायण यादवको नेतृत्वमा ५१ सदस्यीय समिति गठन भएको थियो । महिला रञ्जना माझी, शारदा दाहाल, कल्याणी बस्नेत, जनजातिमा रामदयाल मण्डल थिए । सिंहपछि महेश्वर रायले पार्टीको नेतृत्व लिए । त्यसपछि कालीचरण साह पार्टी प्रमुख भए । उनीपछि अहिले जामुन मण्डल छन् । उनको नेतृत्वमा ६१ सदस्यीय जिल्ला कमिटी छ । रामदयाल मण्डलका अनुसार यस जिल्ला कमिटीमा १२ जना महिला, १० जना दलित र आठ जना जनजाति छन् ।

एमाओवादी

महोत्तरीमा यस दलका तीन हजार क्रियाशील सदस्य रहेको दाबी उनीहरू गर्छन् । नेतृत्व सम्बन्धी किचलो बढ्दो छ । शुरूमा महादेव यादवले नेतृत्व लिएका थिए । २०७१ सालमा तुलसी ढुङ्गानाको नेतृत्वमा ४७ सदस्यीय जिल्ला कमिटी निर्माण भयो । यसमा दलित र महिला दुई/दुई जना छन् । आदिवासी जनजाति आठ जना छन् । तामाङ (०.१३ प्रतिशत), थारू र मगर एक/एक जना (०.०३/०.०३ प्रतिशत) रहेका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी

महोत्तरीमा २०४७ सालमा दुर्गाप्रसाद उपाध्यायको नेतृत्वमा राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) को गठन भयो । उनीपछि २०५१ सालको मध्यावधि चुनावमा विजयी भएका पूर्वउपसभामुख रामविलास यादव पार्टी अध्यक्ष

भए । त्यसपछि गणेश यादव, चन्देश्वर यादव, मुनेश्वर यादव अध्यक्ष भए । यतिको नेतृत्व फेरबदल हुँदा पनि जनजाति, दलितलाई अवसर दिइएन । रामविलासको निधनपछि उनकी पत्नी शान्तिदेवी यादवले एक कार्यकाल नेतृत्व गरिन् । २०६९ चैत १८ मा भएको अधिवेशनले नेपाली कङ्ग्रेस परित्याग गरी राप्रपा (थापा) मा प्रवेश गरेका राजेश्वर यादवको नेतृत्वमा ३५ सदस्यीय जिल्ला कार्यसमिति गठन गऱ्यो । त्यसमा तीन जना महिला, दुई जना दलित र तीन जना आदिवासी/जनजाति (थारू) छन् ।

२०७२ सालमा प्रमुख चार राजनीतिक दलको जिल्ला कार्यसमिति

दल	जम्मा सङ्ख्या	महिला	दलित	आदिवासी/जनजाति
नेपाली कङ्ग्रेस	४२	६	६	६
एमाले	६१	१२	१०	८
एमाओवादी	४७	२	२	८
राप्रपा	३५	३	२	३

सन्दर्भ सामग्री

१. 'महोत्तरी जिल्लाको पार्श्वचित्र', महोत्तरी जिविस, सूचना तथा अभिलेख केन्द्र, २०५८
२. 'महोत्तरी जिल्लाको वस्तुगत विवरण', २०६३, तथ्याङ्क शाखा कार्यालय, वीरगन्ज
३. 'महोत्तरीको इतिहास', चौधरी, राकेश
४. तथ्याङ्क कार्यालय वीरगन्जबाट प्रकाशित राष्ट्रिय जनसङ्ख्या तथा घरपरिवार विवरण सन् २०११
५. नेपाली कङ्ग्रेस, नेकपा एमाले, एकीकृत नेकपा माओवादी र राष्ट्रिय प्रजातन्त्र पार्टीको दस्तावेज, विधान
६. महेन्द्रकुमार यादव, सभापति, नेपाली कङ्ग्रेस, महोत्तरी
७. रामदयाल मण्डल, सांसद, नेकपा एमाले, महोत्तरी
८. जामुन मण्डल, अध्यक्ष एमाले, महोत्तरी
९. तुलसी ढुङ्गाना, संयोजक, एमाओवादी, महोत्तरी
१०. राजेश्वर राय, अध्यक्ष, राप्रपा, महोत्तरी
११. कमलेश मण्डल, पत्रकार, महोत्तरी
१२. रवीन्द्र उप्रेती, पत्रकार, महोत्तरी
१३. तेजनारायण यादव, पूर्व जिविस सभापति, महोत्तरी

बारामा समावेशीकरणको 'स' पनि थिएन

लक्ष्मी साह

बारा भारतको सीमासित जोडिएको तराई/मधेसको जिल्ला हो । यो जिल्ला मध्यमाञ्चल विकास क्षेत्रको नारायणी अञ्चलमा पर्छ । २०७२ सालको संविधान अनुसार यो जिल्ला दुई नम्बर प्रदेशमा पर्छ । यो जिल्ला पूर्वमा रौतहट, पश्चिममा पर्सा, उत्तरमा मकवानपुर र दक्षिणमा भारतको विहार राज्यसित जोडिएको छ ।

यस जिल्लाका मानिसको मुख्य आय स्रोत कृषि हो । उत्तरी भेगमा पर्ने चुरे छेउछाउ पहाडी समुदायको बाहुल्य छ । दक्षिणमा हुलाकी मार्ग आसपास तथा सीमातिर मधेसी समुदायको बाहुल्य छ । थारू लगायत अन्य जनजाति, पिछडा वर्ग तथा दलित समुदायको पनि यहाँ बसोबास छ । २०६८ सालको जनगणना अनुसार बाराको कुल जनसङ्ख्या ६,८७,७०८ छ । तीमध्ये महिला ३,३६,४६४ र पुरुष ३,५१,२४४ छन् । घरधुरी सङ्ख्या १,०४,३५२ छ । यस जिल्लाका ५२ प्रतिशत मानिस साक्षर छन् ।

बारामा मुसलमान ८९,८३४ (१३.०६ प्रतिशत), यादव ७२,२५३ (१०.५ प्रतिशत), थारू ७१,९९३ (१०.४६ प्रतिशत), कानु ३३,०३० (४.८० प्रतिशत), कोइरी/कुसवाहा ३०,६४४ (४.४५ प्रतिशत), चमार/हरिजन/राम ३०,१७० (४.३८ प्रतिशत), पहाडी बाहुन २९,६९२ (४.३१ प्रतिशत), तेली २८,३३९ (४.१२ प्रतिशत), तामाङ २७,८०९ (४.०४), दुसाद/पासवान/पासी २०,९७४ (३.०४), धानुक १९,८७५ (२.८९ प्रतिशत), क्षत्री १८,८७२ (२.७४ प्रतिशत), मगर ६,७५८ (०.९८ प्रतिशत), नेवार ५,७८८ (०.८४ प्रतिशत), तराई बाहुन ३३२० (०.४८ प्रतिशत), राजपूत २७२५ (०.३९ प्रतिशत), राई १,२८४ (०.१८ प्रतिशत), गुरुङ ८६१ (०.१२ प्रतिशत), ठकुरी ८१३ (०.११ प्रतिशत) छन् ।

दोस्रो संविधानसभाको निर्वाचनमा यस जिल्लमा छवटा निर्वाचन क्षेत्र कायम गरिएको थियो । इतिहासविद् ऋषिकेश लोहनीका अनुसार झन्डै साढे सात हजार वर्षअघि बारा जिल्लालाई 'बारा गढी' भनिन्थ्यो । बाह्रवटा गढी (किल्ला) ले घेरिएकाले बारा गढी भनिन्थ्यो । पछि अपभ्रंश भएर बारा गढीबाट 'बारा' भन्न थालिएको उनी बताउँछन् ।

अध्ययनको विषय

बारामा सक्रिय नेपाली कङ्ग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र राष्ट्रिय प्रजातन्त्र पार्टीमा समावेशीकरणको अवस्थाबारे अध्ययन गरिएको छ । यो अध्ययन १५ कात्तिक २०७२ देखि १७ माघ २०७२ सम्म गरिएको थियो । अध्ययनका सिलसिलामा विभिन्न जानकार व्यक्ति जस्तै : राजनीतिक दलका पुराना तथा नयाँ पुस्ताका नेता/कार्यकर्ता, प्राध्यापक, वकिल, पत्रकार, इतिहासविद्, पूर्वजनप्रतिनधि, पञ्चायत कालका नेताहरूसित कुराकानी गरिएको थियो । साथै विभिन्न लेखकका पुस्तक,

सरकारी कार्यालयहरूले तयार गरेका तथ्याङ्क, सम्बन्धित ठाउँको अनुभव, राजनीतिक दलका दस्तावेजको अध्ययन गरिएको थियो ।

विभिन्न कालखण्डमा बारा जिल्लाका दलका साथै शासन गर्ने निकायमा समावेशीकरणको अवस्था कस्तो थियो ? दल तथा स्थानीय निकायमा क-कसले र कस्ता समुदाय, वर्ग, लिङ्ग र जातिले अवसर पाए ? ककसले पाएनन् ? दलको नेतृत्व र साङ्गठनिक संरचना समावेशी छ, छैन ? जस्ता विषयमा यस अध्ययनले जोड दिएको छ ।

पृष्ठभूमि

हरेक जातजाति, समुदाय, भाषा, धर्म, संस्कृति, वर्ग, क्षेत्र र लिङ्गको समानुपातिक प्रतिनिधित्व प्रत्येक राजनीतिक दलमा देखिनु आवश्यक छ । राजनीतिक दलहरू कतिको समावेशी छन् भन्ने कुरा तिनको सिद्धान्त, नेतृत्व र नेतृत्वपङ्क्ति, निर्णय प्रक्रियामा वर्चस्व तथा त्यसको निर्णयको परिणामबाट मापन गर्न सकिन्छ । मापनको आधार ती दलका विधान, नीति, घोषणापत्र, आन्तरिक नेतृत्व चयन र साङ्गठनिक संरचनालाई मान्न सकिन्छ । सैद्धान्तिक रूपमा जेजस्तो भए पनि व्यवहारमा कतिसम्म उतार्न सकिएको छ, त्यो केलाउन जरुरी छ ।

मूलधारका चार दलको नेतृत्व र नीति निर्माण तहमा समावेशीकरणको अवस्था अध्ययन गर्दा ती दल कति समावेशी छन् भन्ने कुरा पत्तो लाग्छ । राजनीतिक दलले समानता, अवसरमा सहभागिता र पहुँच अभिवृद्धिका लागि आरक्षणको सकारात्मक सन्देश दिन व्यावहारिक र सैद्धान्तिक गरी दुवै तरिकाले पहल गर्दै गएमा समाजको विविधतालाई सम्प्रेषित गर्न मद्धत पुग्छ । त्यसो भयो भने राजनीतिक दलमा गुट-उपगुटबीच हुने अवाञ्छित गतिविधि बढ्न सक्दैन । समाज र देश बहुभाषिक, बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक रहेको यथार्थलाई बुझेर राजनीतिक व्यवस्था परिवर्तनसँगै राज्यको नीतिसमेत परिवर्तन भइरहेको परिप्रेक्ष्यमा दलहरूले जनताको भावना र बाध्यात्मक कानुनी व्यवस्थालाई बुझी थोरबहुत समावेशीकरणको नीति अवलम्बन गर्न थालेका छन् ।

राजनीतिक दलले आफ्नो साङ्गठनिक संरचना लगायत हरेक तहमा बहुरङ्गी चरित्र प्रतिबिम्बित गरेन र देखाएन भने समाजको कुनै न कुनै वर्ग, समुदाय, क्षेत्र, लिङ्गबाट विमुख हुन्छ र एकाङ्गीपनको आरम्भले अन्ततः अस्थिरता सिर्जना हुन्छ । विभिन्न राजनीतिक दलभित्र भएका गुट-उपगुट, फुट, द्वन्द्व र असहमतिको एउटा प्रमुख कारण समावेशीकरण नहुनु नै हो ।

राणा शासन

राणा कालमा बाराले पश्चिममा पर्सा र पूर्वमा रौतहटसम्मलाई छोएको थियो । बाराका बडाहाकिम वीरगन्ज बस्थे । त्यहींबाट प्रशासनिक कार्य सञ्चालन हुन्थ्यो । त्यस बेला अदालतलाई अमिनी भनिन्थ्यो । अदालतमा डिट्ठा, विचारी हुन्थे । गाउँमा जिम्मेदार, मुखिया र पटवारी हुन्थे । बिर्तावाल प्रथा उत्तिकै थियो । डाँका, चोरी, खुनबाहेक सबै मुद्दा बिर्तावालले हेर्थे । यिनीहरूलाई त्यो जिम्मेवारी बडाहाकिमले दिन्थे । तर बोलवाला भने पहाडी तथा मधेसी बाहुन/क्षत्रीकै हुन्थ्यो ।

मालपोत उठाउनेदेखि अपराधी पक्रनेसम्मको जिम्मेवारी पाएका थिए त्यस बखतका गाउँ, देहाततिरका

हर्ताकर्ताले । गाउँका झैझगडा, विवाद जस्ता मुद्दा तिनैले हेर्थे । यी पदमा आसिनहरू प्रायः पुरुष नै हुन्थे । जो कायस्थ, थारू, राजपूत जातिका हुन्थे । थारू, पहाडे बाहुन, कायस्थ, राजपूतहरू पटवारी हुन्थे । त्यस बेला शिक्षाको ज्यादै कमी थियो । पटवारी अर्थात् लेखपढ गर्ने कायस्थ जाति चलाख भएकाले उनीहरूलाई त्यस्तो कामको जिम्मा दिने चलन थियो । गाउँगाउँमा कचहरी थियो जसमा जिम्मेदारहरू बस्थे । मुद्दाको फैसलादेखि कर उठाउनेसम्मको काम गर्थे ।

राणा विरुद्धको सङ्घर्षमा लडेका कलैया नगरपालिका-१९ का ८३ वर्षीय वामपन्थी नेता नन्दन अर्याल भन्छन्, 'त्यस बेला समावेशीकरणको 'स' पनि चर्चामा थिएन । बडाहाकिमले सोझै बाहुन, क्षत्री जातिलाई मात्र सम्झिन्थे । कहिलेकाहीं यसबाहेकका जाति जो धनीमनी हुन्थे, तिनलाई पनि सम्झिन्थे । यो अवस्था राणा शासन अन्त्य भएपछिको केही वर्षसम्म रह्यो । त्यस बेला बारातिरका लोकप्रिय जिम्मेदार ब्रम्हनारायण चौधरी, तेजप्रताप सिंह, मंगल साह कानु लगायत थिए । जातीय छुवाछुत र विभेद त्यो बेला धेरै थियो । तेली र कलवार जातिको पानी चल्दैनथ्यो । यी जातिले छोएको पानी दुसाद जातिले खाँदैनथे । राई, मगर, लिम्बू, गुरुङ, तामाङ, शेर्पा, थारू लगायतका पुरुष सिपाही हुन्थे । महिला भने छँदै थिएनन् ।

२००७ देखि २०१६ सालसम्म

राणा शासन ढलेको केही वर्षसम्म पनि राणाकालीन प्रशासन कायमै थियो । २०१५ सालको चुनावताका बारामा तीनवटा निर्वाचन क्षेत्र थियो । ती क्षेत्रमा विभिन्न दलले एक जना पनि महिला उम्मेदवार उठाएनन् । पुरुषमा पनि यादव र मधेसी बाहुन मात्र उठाए ।

पञ्चायत काल

२०१७ सालमा दलका क्रियाकलापमा रोक लगाएर पञ्चायती व्यवस्था लागू गरेपछि राजनीति दुई धारमा विभाजन हुन पुग्यो । निर्दलीय र बहुदलीय । पञ्चायती व्यवस्थामा कोही चुनावबाट त कोही मनोनीत राष्ट्रिय पञ्चायत सदस्य भए । बाराबाट त्यस अवधिमा विश्वनाथ अग्रवाल, देवधारीप्रसाद कलवार, रामानन्द यादवलाई राष्ट्रिय पञ्चायत सदस्यमा मनोनीत गरिएको पाइन्छ । अग्रवाल र यादव क्रमशः दुई पटक र तीन पटक मनोनीत भए । देवधारी र रामानन्दले मन्त्री बन्ने अवसरसमेत पाए र विश्वनाथ अग्रवाललाई रापंस बन्ने मौका मिल्यो । चन्दा शाह सामान्य प्रशासन मन्त्रीसमेत भइन् । तीन दशक लामो पञ्चायत कालमा राष्ट्रिय पञ्चायतमा एक जना मात्र महिला पुगिन् । दलित, जनजातिले बाराबाट रापंस बन्ने अवसर पाएनन् ।

बहुदलदेखि गणतन्त्रसम्म

बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि २०४८ सालमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा क्षेत्र-१ बाट एमालेका मुकुन्द न्यौपाने, २ बाट सोहन चौधरी, ४ बाट सलिम मियाँ अन्सारी र क्षेत्र-४ बाट नेपाली कङ्ग्रेसका ऋषिकेश गौतम विजयी भए । यसैगरी २०५१ कात्तिकमा सम्पन्न मध्यावधि निर्वाचनमा क्षेत्र-१ बाट एमालेका मुकुन्द न्यौपाने (दोस्रो पटक), क्षेत्र-३ बाट पुरुषोत्तम पौडेल र क्षेत्र-२ बाट कङ्ग्रेसका राधेचन्द्र यादव र ४ बाट फरमुल्लाह मन्सुरले चुनाव जिते । २०५६ सालमा सम्पन्न प्रतिनिधिसभा चुनावमा क्षेत्र-१ बाट

कङ्ग्रेसका उमाकान्त चौधरी, ३-बाट ऋषिकेश गौतम (दोस्रो पटक), क्षेत्र-२ बाट एमालेका सोहन चौधरी (दोस्रो पटक) र ४ बाट सलिम मियाँ अन्सारी (दोस्रो पटक) विजयी भए।

पहिलो संविधानसभा चुनावमा बारामा छवटा निर्वाचन क्षेत्र कायम भएकोमा क्षेत्र-५ बाट कङ्ग्रेसका उमाकान्त चौधरी, २ र ६ बाट तत्कालीन नेकपा (माओवादी) का शिवचन्द्र कुसवाहा (हाल सद्भावना पार्टीमा आबद्ध), जयराम दाहाल विजयी भए। यस निर्वाचनमा एमाले र राप्रपाले एउटा पनि सिट जितेनन्। सामानुपातिक निर्वाचनमार्फत माओवादीले ज्वालाकुमारी साह, एमालेले विभा कार्की, गोपाल ठाकुर लोहार, रामचन्द्र प्यासी कुसवाहा र कङ्ग्रेसले शोभाकर पराजुलीलाई सभासद् बनायो। २०७० मङ्सिरमा सम्पन्न दोस्रो संधिानसभा चुनावमा क्षेत्र-१, २ र ३ बाट कङ्ग्रेसका रामअयोध्या यादव, राधेचन्द्र यादव, फरमुल्लाह मन्सुर र क्षेत्र-४, ५ र ६ बाट एमालेका नेजमा आलम, बलवीर चौधरी, पुरुषोत्तम पौडेल विजयी भए।

दोस्रो संविधानसभा निर्वाचनमा एमाओवादीले दलित, जनजाति, यादवसहितका उम्मेदवार खडा गरे पनि तिनले चुनाव जित्न सकेनन्। राप्रपाले कुर्मी, यादव, मुसलमान उम्मेदवार उठाए पनि ती विजयी हुन सकेनन्। सामानुपातिकतर्फ कङ्ग्रेसबाट मधु शाही ठकुरी, लालबाबु सिंह, एमाओवादीबाट दिलमाया धामी र डा. उषाकिरण अन्सारी मनोनीत भए। एमाले र कङ्ग्रेसले बहुदलीय व्यवस्था लागू भएदेखि गणतन्त्रसम्म भएको पटकपटकको चुनावमा एउटै अनुहार र जात तथा समुदायलाई उम्मेदवार बनाएको थियो। थारू, मुसलमान, बाहुन, क्षत्री, यादवलाई मौका दिए पनि महिलालाई भने प्रत्यक्षतर्फ उम्मेदवार बनाएनन्। एमाओवादीले भने महिला, मुसलमान, जनजातिलाई समानुपातिक र प्रत्यक्ष निर्वाचनमा उम्मेदवार बनाएको थियो। एमाओवादीले दोस्रो संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फ दलित र महिला समुदायलाई समेत उम्मेदवार बनाएको थियो।

जिल्ला पञ्चायत सचिवालयमा प्रतिनिधित्व

२०१७ सालमा गठित बारा जिल्ला पञ्चायत सचिवालयमा प्रथम सभापति भरतबहादुर श्रेष्ठ मनोनीत भए। त्यसपछि सूर्यप्रसाद सर्राफ (सोनार), रामानन्द यादव, विश्वनाथ सिंह (दुई कार्यकाल) र प्रयागराय यादव सभापति भए। सोनार, नेवार र राजपूत जातिको सङ्ख्या जिल्लामा न्यून भए पनि पञ्चायत कालमा सभापतिमा मनोनीत भए। यस अवधिमा कुनै पनि महिलाले अवसर पाएनन्।

जिविसमा प्रतिनिधित्व

बहुदलीय व्यवस्था पुनर्बहालीपछि २०४९ सालमा सम्पन्न जिल्ला विकास समिति सभापतिको निर्वाचनमा बारामा राजेन्द्र यादव कङ्ग्रेसबाट विजयी भए। त्यसपछि २०५४ सालमा एमालेका छठुप्रसाद यादव निर्वाचित भए। प्रधानमन्त्री सूर्यबहादुर थापाको पालामा अर्थात् २०६० कात्तिकमा राप्रपाका राजनारायण साह तेली ९ महिनाका लागि सभापतिमा मनोनीत भएका थिए। उनीपछि राजाले प्रत्यक्ष शासन हातमा लिएपश्चात् गठित जिविसको सभापतिमा बरै जातिका रामविलास चौरसिया मनोनीत भएका थिए।

विभिन्न दलमा समावेशीकरणको अवस्था

बारा जिल्लामा पञ्चायत कालदेखि नै नेपाली कङ्ग्रेस र एमाले लगायत दलको सक्रियता रहँदै आएको पाइन्छ। बहुदल स्थापनापछि ती दलहरूको सक्रियता अझ बढ्दै गयो। २०५२ सालदेखि नेकपा माओवादीले

भूमिगत अवस्थामा सङ्गठन विस्तार गऱ्यो । विस्तृत शान्ति सम्झौतापछि माओवादीले खुला राजनीति गऱ्यो । बहुदलपछि राजा निकट मानिने पूर्व पञ्चहरूद्वारा गठित राप्रपा पनि बारामा सक्रिय छ ।

यसबाहेक २०६२/६३ सालमा सम्पन्न जनआन्दोलन पश्चात् गणतन्त्र स्थापनासँगै तराई/मधेसमा मधेसी, आदिवासी, जनजाति, महिला, मुसलमानको हकअधिकार सुनिश्चित गर्नुपर्ने भन्दै उपेन्द्र यादवको नेतृत्वमा मधेसी जनअधिकार फोरम, नेपालको उदय भयो । दुई पटक आन्दोलन भयो । त्यसपछि मूल धारका एमाले, कङ्ग्रेसबाट नेताहरू अलग हुँदै मधेस केन्द्रित विभिन्न दल खोले । तराई-मधेस लोकतान्त्रिक पार्टी, फोरम नेपालबाट फुटेका जयप्रकाश गुप्ता नेतृत्वको मधेसी जनअधिकार फोरम (गणतान्त्रिक), विजयकुमार गच्छदार नेतृत्वको फोरम लोकतान्त्रिक, अनिल झा नेतृत्वको सङ्घीय सद्भावना पार्टी, महेन्द्र राय नेतृत्वको तराई-मधेस सद्भावना पार्टी, शरत्सिंह भण्डारी नेतृत्वको तराई-मधेस राष्ट्रिय पार्टी आदि सक्रिय भए । सद्भावना पार्टी २०६२/६३ सालको आन्दोलनभन्दा धेरै पहिला गजेन्द्रनारायण सिंहको पालादेखि नै सक्रिय थियो ।

नेपाली कङ्ग्रेस दल प्रतिबन्धित अवस्थामै पटना सम्मेलनबाट बारामा ऋषिकेश गौतमको नेतृत्वमा ११ सदस्यीय कार्यसमिति चयन भएको थियो । २०४६ सालमा बहुदल स्थापना हुँदा उनकै नेतृत्वमा जिल्ला कार्यसमिति थियो । २०४८ सालमा नेतृत्व फेरिएर फरमुल्लाह मन्सुरको काँधमा आयो । २०४८ देखि २०५७ सालसम्म कङ्ग्रेस बारा जिल्लाको नेतृत्व उनले गरे । त्यस बेलासम्म जिल्ला कार्यसमितिमा बङ्गाली हजरा पासवान, सीता मैनाली, बुद्धिमान तामाङ, अनुप सहनी मलाह, जनार्दन फौजदार (थारू) लगायतकाले निरन्तर प्रतिनिधित्व गरेको देखिन्छ । त्यसपछि राधेचन्द्र यादव पार्टी सभापति भए । उनकै नेतृत्वमा सङ्गठन रहँदा पार्टी फुट्यो ।

शेरबहादुर देउवाले नेतृत्व गरेको कङ्ग्रेस (प्रजातान्त्रिक) का सभापति यादव नै रहे । संस्थापन पक्षको सभापति नासरुद्दीन मन्सुर भए । पार्टी एकीकरण भएपछि पुनः राधेचन्द्र यादव नै सभापति भए । २०६४ सालको एकीकरण पश्चात् तेस्रो पटक सभापति भए । २०७२ सालमा सम्पन्न जिल्ला अधिवेशनले जयचन्द्र चौरसियाको नेतृत्वमा ३९ सदस्यीय जिल्ला कार्यसमिति गठन गऱ्यो । त्यसमा महिला तीन जना र आदिवासी/जनजाति छ जना छन् । दलित एक जना पनि छैनन् । पार्टीको बाह्रौं महाधिवेशनअघि विधानमा समावेशीकरणको प्रावधान थिएन । तैपनि त्यतिखेरको समितिमा जिल्लाका विभिन्न भौगोलिक क्षेत्रको आदिवासी जनजाति, दलित, मुसलमान, महिलाको सहभागिता थियो । त्यसयता एउटै अनुहार र एउटै जातिका सभापति भएको पाइन्छ । चौरसियाको नेतृत्वमा रहेको जिल्ला कार्यसमितिमा पार्टीको समावेशी नीति अनुसार जिल्लाका छवटै निर्वाचन क्षेत्रबाट महिला, जनजातिको प्रतिनिधित्व भएको छ । दलित, मुसलमान वा पिछडिएको वर्गबाट पनि प्रतिनिधित्व गर्नुपर्ने व्यवस्था गरिएको छ । पार्टी दस्तावेजमा सङ्गठनको संरचना हेर्दा के देखिन्छ भने पहाडी समुदायको नेतृत्वबाट शुरूआत भएको सङ्गठन अहिले मधेसी समुदायको नेतृत्वमा पुगेको छ ।

एमाले

बहुदलपछि २०४७ सालमा एमाले बारा जिल्ला कमिटी गठन भयो । गोपाल ठाकुर लोहारको नेतृत्व (सचिव) मा २५ सदस्यीय जिल्ला कार्यसमिति गठन भयो । त्यति बेला कार्यसमितिमा सलिम मियाँ अन्सारी, रामचन्द्र कोइरी कुसवाहा, पलट चौधरी, त्रिलोकी चौधरी, श्रीप्रसाद पासवान थिए । त्यसमा तीन जना महिला

थिए । यादव, कायस्थ, कुर्मी, कानु अनि पहाडी र मधेसी बाहुनको प्रतिनिधित्व थियो । पार्टीको नेतृत्व गरिरहेका ठाकुर पारिवारिक समस्याले पटना गएपछि उनको अनुपस्थितिमा २०४८ सालमा अधिवेशन भयो जसको नेतृत्व पुरुषोत्तम पौडेलले गरे । उनले लगातार दुई कार्यकाल जिल्लाको नेतृत्व गरे । त्यसपछि अच्युत मैनालीको नेतृत्वमा पार्टी आयो । उनीपछि बलवीर चौधरी (थारू) ले नेतृत्व सम्हाले । उनको नेतृत्वमा अहिले ६१ सदस्यीय जिल्ला कमिटी छ । जनजाति सीता गुरुङ, पहाडी समुदायकी बाहुन टीना सुवेदी, मखन पासवान, दशरथ राम, विक्रम राम, एम समिउल्लाह जिल्ला नेतृत्वमा छन् । पार्टीको पछिल्लो जिल्ला कार्यसमितिमा तीन जना महिला, तीन जना दलित र पाँच जना आदिवासी जनजाति छन् ।

एमाओवादी

एमाओवादीमा नेतृत्वका लागि सधैँ विवाद भइरहन्छ । यसको जिल्ला अधिवेशन एक पटक मात्र भएको छ । भेलाबाट मात्र संयोजक चयन गरिने चलन रहिआएको छ । प्रजातान्त्रिक विधिको अभ्यास नहुने यो सङ्गठनमा जहिले पनि पहुँचवालाको बोलवाला रह्यो । शिवचन्द्र कुसवाहादेखि हरि चौलागाईंसम्मको नेतृत्वमा सधैं विवाद रह्यो । विवादसँगै २०७१ सालमा जिल्ला कार्यसमितिको पुनर्गठन भयो । जयराम दाहालको संयोजकत्वमा ५१ सदस्यीय जिल्ला समिति चयन भयो । यसमा दलित चार जना, मुसलमान सात जना र जनजाति १० जना रहेका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी

पञ्चायती व्यवस्थाका हस्तीहरू बहुदल आएपछि सङ्गठित हुन थाले । बारामा २०४७ सालमा रामानन्द यादवको नेतृत्वमा राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) को गठन भयो । यादव पञ्चायत कालमा मनोनीत रापंस भई वन मन्त्रीसम्म भएका थिए । अर्कोतर्फ राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) को समेत गठन भएको थियो जसको नेतृत्व चन्दा शाहले गरिन् । उनी पनि पञ्चायत कालमा रापंस र सामान्य प्रशासन मन्त्री बनेकी थिइन् । त्यस बेला थापातर्फको जिल्ला कार्यसमितिमा महिलामा सावित्री भारती र दलितमा महन्थ पासवान थिए । पार्टी एकीकरणपछि प्रयागराय यादवको अध्यक्षतामा २७ सदस्यीय जिल्ला कार्यसमिति चयन भयो । लगातार चार कार्यकाल नेतृत्व गरेका यादवले २०६४ सालको मधेस आन्दोलनताका पार्टी छाडे । त्यसपछि मोहन यादवको नेतृत्वमा बनेको ३१ सदस्यीय जिल्ला कार्यसमिति गठन भयो । पार्टीको दस्तावेज अनुसार यस पार्टीमा दलित र महिलाको थोरै मात्र प्रतिनिधित्व थियो । महिलामा लालमुनी देवी, माया यादव गरी तीन जना, दलितमा जगदीश रामसहित दुई जना र दुई जना जनजाति छन् । आदिवासीको प्रतिनिधित्व छैन ।

२०७२ सालमा बारा जिल्लाका प्रमुख चार दलको कार्यसमिति

दल	जम्मा सङ्ख्या	महिला	दलित	आदिवासी/जनजाति
नेपाली कङ्ग्रेस	३९	६	०	६
एमाले	६१	३	३	५
एमाओवादी	५१	७	४	१०
राप्रपा	३१	३	२	२

सन्दर्भ सामग्री

१. 'बारा जिल्लाको पार्श्वचित्र', बारा जिविस, सूचना तथा अभिलेख केन्द्र, २०७१
२. 'बारा जिल्लाको वस्तुगत विवरण', २०६१, तथ्याङ्क शाखा कार्यालय वीरगन्ज
३. तथ्याङ्क कार्यालय वीरगन्जबाट प्रकाशित राष्ट्रिय जनसङ्ख्या तथा घरपरिवार विवरण सन् २०११
४. नेपाली कङ्ग्रेस, नेकपा एमाले, एकीकृत नेकपा (माओवादी) र राष्ट्रिय प्रजातन्त्र पार्टीको दस्तावेज, विधान
५. ऋषिकेश गौतम, तत्कालीन सांसद तथा नेपाली कङ्ग्रेस बाराका संस्थापक सभापति, बारा
६. फरमुल्लाह अन्सारी, सांसद नेपाली कङ्ग्रेस, बारा
७. गोपाल ठाकुर, एमाले बाराका तत्कालीन संस्थापक सचिव
८. पुरुषोत्तम पौडेल, सांसद नेकपा एमाले, बारा
९. अद्ययानन्द पाण्डेय, सचिव नेकपा एमाले, बारा
१०. जयराम दाहाल, पूर्वसभासद् तथा संयोजक, एकीकृत नेकपा (माओवादी) बारा
११. नन्दन अर्याल, पुराना वामपन्थी नेता, बारा
१२. गौरीशंकर गौढ, वामपन्थी नेता, बारा
१३. मोहनप्रसाद यादव, अध्यक्ष, राप्रपा, बारा
१४. सत्यप्रकाश श्रेष्ठ, पत्रकार, बारा
१५. गोकुल घोरसाइने, पत्रकार, बारा
१६. वीरेन्द्र साह, समाजशास्त्री तथा सह-प्राध्यापक, बारा
१७. बङ्गाली हजरा पासवान, नेपाली कङ्ग्रेस नेता, बारा
१८. छठुप्रसाद यादव, पूर्व जिविस सभापति, बारा

रसुवामा राजनीतिक समावेशीकरण

फूर्पा तामाङ

राजनीतिक दलहरू के कति लोकतान्त्रिक छन् भनी पत्तो लगाउने मापदण्डमध्ये समावेशीकरण पनि एक हो । दलहरूले आफूलाई लोकतन्त्रवादी भनी दाबी गर्दैमा हुँदैन । त्यो कुरा तिनीहरूको विधान, साङ्गठनिक संरचना, चुनावी घोषणापत्र र व्यवहारमा देखिनुपर्छ । दलका हरेक तहका निकायमा समावेशीकरण भएको हुनुपर्छ । दलको आन्तरिक आवधिक निर्वाचनमा देखिनुपर्छ । जनताको प्रतिनिधि चयनका लागि गरिने आवधिक निर्वाचनका उम्मेदवार सूची समावेशी हुनुपर्छ । त्यसो हुन सक्यो भने मात्र निर्वाचित हुने प्रतिनिधि पनि समावेशी हुन्छन् । लोकतान्त्रिक मुलुकको संविधान र कानुनमा भएका समावेशीकरण अर्थात् सकारात्मक विभेद सम्बन्धी प्रावधान बमोजिम राजनीतिक दलका विभिन्न दस्तावेज र उनीहरूबाट गरिने प्रत्येक तहका राजनीतिक अभ्यासमा समावेशीकरणको सिद्धान्त अपनाएको कुरा झल्किनुपर्छ ।

नेपाल बहुजाति, बहुसंस्कृति, बहुधर्म, बहुवर्ग र बहुक्षेत्र मिलेर बनेको देश हो । यहाँका राजनीतिक दलमा पनि यिनै सामाजिक विविधता झल्किनुपर्छ । सबै जातजाति, समुदाय, धर्म-संस्कृति, वर्ग, क्षेत्र र लिङ्गको समानुपातिक प्रतिनिधित्व प्रत्येक राजनीतिक दलमा हुनुपर्छ । राज्यका नीति निर्माण तहमा हुनुपर्छ । लोकतान्त्रिक प्रणालीमा राज्यको मूलधारमा पहुँच नपाएका समुदायको प्रतिनिधित्व भएन र उनीहरूले त्यस प्रणालीमा आफ्नो उपस्थिति र अपनत्व अनुभूति गर्न सकेनन् भने राज्यद्वारा विभेद गरिएको ठहर्छ । यसबाट द्वन्द्व सिर्जना हुन्छ । शान्ति र अमनचयन कायम हुँदैन । विकासको बाटो अवरुद्ध हुन्छ । अतः समावेशीकरणको विषयलाई लोकतान्त्रिक व्यवस्थाको संस्थागत विकासका लागि अपरिहार्य शर्तका रूपमा लिने गरिन्छ ।

देशको सामाजिक संरचना कस्तो छ भनी नेतृत्वले राम्ररी अध्ययन गरेको हुनुपर्छ । देशको सामाजिक संरचनालाई ध्यानमा राखी दलभित्र सबैको समानुपातिक प्रतिनिधित्व गराउनुपर्छ । यसो गर्दा पार्टीप्रति सबैको अपनत्व जागृत हुन्छ । द्वन्द्व हटेर जान्छ । शान्ति कायम हुन्छ । विकासपथको शिखरमा सँगै उक्लने ढोका उघारिन्छ । वस्तुतः राजनीतिले नै सबै कुराको अन्तिम निष्कर्ष निकाल्ने भएकाले समानुपातिक समावेशीकरणको सिद्धान्तलाई दलमा अभ्यास गर्नुपर्छ ।

लोकतान्त्रिक व्यवस्थामा समावेशीका सम्बन्धमा समाजशास्त्री प्रा. कृष्णबहादुर भट्टचन भन्छन्, 'कुनै पनि व्यवस्था लोकतान्त्रिक भएको दाबी गर्दैमा लोकतान्त्रिक ठहर्दैन । नेपालको सन्दर्भमा पनि पञ्चायती व्यवस्था र बहुदलीय व्यवस्था दुवैले लोकतान्त्रिक भएको दाबी गरे तापनि व्यवहारमा यी दुवै प्रणालीले शासनमा सबैलाई समावेश गराएको थिएन ।'

अहिलेको समाज विगतभन्दा धेरै अगाडि बढिसकेको छ । यहाँ कुनै पनि कुरा लुकाउन सक्ने अवस्था छैन । राजनीतिक दलका कामको समीक्षा जनताले गर्न सक्छन् । दलहरूले समावेशीकरणको कुरा मात्र गर्छन्

वा व्यवहारमा उतार्छन् भनी जनताले दलका विधान, स्थानीयदेखि केन्द्रसम्मका पदाधिकारीको साङ्गठनिक संरचना, निर्वाचन घोषणापत्र, उम्मेदवार छनोट र निर्वाचित पदाधिकारीको सूचीमा समावेशीकरणको अवधारणा पाइन्छ वा पाइँदैन भनी हेरिरहेका हुन्छन् ।

समावेशीकरणको सम्बन्धमा राजनीतिशास्त्री महेन्द्र लावती भन्छन्, 'प्रजातान्त्रिक सिद्धान्त अनुसार कुनै पनि निर्णय प्रक्रियामा प्रभावित समूहको प्रतिनिधित्व हुनु जरुरी हुन्छ । त्यसो भएन भने त्यस निर्णयबाट प्रभावित समूहको चाहना, आवश्यकता र आकाङ्क्षाले समान रूपमा महत्त्व पाउँदैनन् । यस्तो अवस्थाले अन्याय र असमानता सिर्जना गराउँछ ।'

जिल्लाको संक्षिप्त परिचय

रसुवा जिल्लाको क्षेत्रफल १५४४ वर्ग किलोमिटरमध्ये खेतीयोग्य जमिन ११९.१४ वर्ग किलोमिटर छ । यहाँ ९७७८ घरधुरी छन् । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार जिल्लाको कुल जनसङ्ख्या ४३,३०० छ । तीमध्ये पुरुष २१,४७५ र महिला २१,८२५ छन् ।

यस जिल्लामा तामाङ (२९,१६८ (६७.३६ प्रतिशत), बाहुन-क्षत्री ११,६५९ (२६.९२ प्रतिशत), गुरुङ ४६९ (१.०८ प्रतिशत), नेवार ३१९ (०.७३ प्रतिशत), मगर १३५ (०.३१ प्रतिशत), शेर्पा २६४ (०.६० प्रतिशत), ह्योल्मो ७२ (०.१६ प्रतिशत) र बाँकी अन्य जात/जाति रहेका छन् । यहाँ एक मात्र निर्वाचन क्षेत्र रहेको छ ।

यस आलेखमा जनताको प्रतिनिधित्व गर्ने राजनीतिक दलमा जातीय र लैङ्गिक समावेशीकरणको अवस्था कस्तो छ भनी संक्षिप्त विश्लेषण गरिएको छ ।

राणा शासनदेखि २०१७ सालसम्म

रसुवा जिल्लाको नामकरण हुनुअघि यो पश्चिम १ नम्बर पाँचसय खोलाको नामले चिनिन्थ्यो । गाउँघरमा मुखिया र जिम्मवालको शासन थियो । अझै पनि गाउँघरमा उहाँ फलानो मुखिया वा जिम्मवालको सन्तान भन्ने धेरै भेटिन्छन् । द्वारे, जिम्मवाल, डिट्ठा, बिचारी र मुखियाको बोलवाला चल्थ्यो । ऊ बेला एउटै गाउँमा एकभन्दा बढी मुखिया हुन्थे । कतिपय तामाङ गाउँमा गाउँलेको भेलाबाट मुखिया, चोक र डिट्ठा छान्ने चलन थियो । तापनि राणाहरूले चाहेका खण्डमा जसलाई पनि त्यो पगरी दिन सक्थे । राणा शासकद्वारा नियुक्त बडाहाकिमले रिझाएका व्यक्ति नै मुखिया, जिम्मवाल, चोक र डिट्ठा हुन्थे । मुखियाको अधीनमा चोक र डिट्ठा रहने प्रचलन थियो । मुखिया बडाहाकिमप्रति उत्तरदायी हुनुपर्थ्यो । बडाहाकिमको कार्यालय नुवाकोटमा थियो । टुरमुकाम भने रसुवामा पनि हुने गर्थ्यो । बूढापाकाहरूका अनुसार मुखिया, चोक र डिट्ठा पदको बाँडफाँड गाउँघरको जातीय बनोटका आधारमा हुने गर्थ्यो । तामाङ गाउँमा यी सबै पदमा तामाङ नै हुन्थे । महिला र दलितबाट मुखिया हुँदैनथे । मुखिया गाउँ वा टोलको नाइके हुन्थ्यो । उसले राजनीतिक, न्यायिक र प्रशासनिक अधिकार प्रयोग गर्थ्यो । चोक र डिट्ठाले अपराधी पक्राउ गर्ने, कागजपत्र लेख्ने र राजस्व उठाउने काममा मुखियालाई सघाउँथे । समावेशीकरणको अवधारणा हुने कुरै थिएन ।

पञ्चायत काल

पञ्चायत कालमा राजनीतिक दल प्रतिबन्धित थिए। केन्द्रदेखि वडासम्म निर्दलीय पञ्चायती व्यवस्थाको संरचना थियो। व्यक्तिलाई हेरेर निर्वाचनमा मतदान गर्ने चलन थियो। राजाबाट सोझै मनोनीत वा निर्विरोध निर्वाचित भएका उदाहरण पनि धेरै छन्। रसुवाबाट पहिलो राष्ट्रिय पञ्चायत सदस्य ल्हायुल तामाङ हुन्। उनी २०१९-२०३१ सालसम्म यस पदमा थिए। उनी पछि राष्ट्रिय पञ्चायत सदस्यमा छोवाङ सोनाम तामाङ आए। उनी २०३१-२०३३ सालसम्म रापंस भए। त्यसपछि दावा फिन्जो तामाङ राष्ट्रिय पञ्चायत सदस्यमा निर्विरोध निर्वाचित भए। उनी २०३३-२०३८ सालसम्म यस पदमा रहे। उनलाई राजा वीरेन्द्रले २०३३ देखि २०३८ सालसम्म राष्ट्रिय पञ्चायतको उपाध्यक्षमा मनोनीत गरेका थिए। ल्हायुल तामाङ २०३८ सालको राष्ट्रिय पञ्चायत निर्वाचनमा विजयी भई २०४३ सालसम्म रापंस भए। २०४३ सालको निर्वाचनमा तामाङ बाहुल्य जिल्ला भए पनि रसुवाबाट बाहुन उम्मेदवार रामकृष्ण आचार्य निर्वाचित भए। उनी 'क' वर्गका ठेकेदार हुनुका साथै धनीमानी थिए। उनी २०४६ सालको राजनीतिक आन्दोलन सफल नभएसम्म रापंस थिए।

पञ्चायती व्यवस्थामा नेतृत्वका हिसाबले तामाङ र बाहुन-क्षत्रीबाहेक अन्य जात/जाति, महिला र दलितबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व भएको थिएन।

बहुदलीय प्रजातन्त्रको पुनर्बहालीदेखि गणतन्त्रसम्म

२०४७ सालमा बहुदलीय प्रजातन्त्र पुनर्बहाली भयो। पञ्चायती व्यवस्थाको अन्त्य भए तापनि २०४८ र २०५१ सालको प्रतिनिधिसभा निर्वाचनमा यस जिल्लाबाट राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) का उम्मेदवार तथा पूर्वरापंस रामकृष्ण आचार्य विजयी भए। उनी कृषि, विज्ञान तथा प्रविधिमन्त्री पनि भए।

२०५६ सालको प्रतिनिधिसभा निर्वाचनमा नेपाली कङ्ग्रेसका उम्मेदवार दिलबहादुर (डीबी) लामाले जिते। लामा नेपाल प्रहरीका पूर्वमहानिरीक्षक हुन्। २०६२/६३ सालको दोस्रो जनआन्दोलनपश्चात् २०६४ चैत २८ गते सम्पन्न संविधानसभा निर्वाचनमा एमाओवादीका प्रेमबहादुर तामाङ विजयी भए। २०७० सालमा सम्पन्न संविधानसभा निर्वाचनमा एमालेका जनार्दन ढकालले जिते।

पञ्चायत र बहुदल दुवैमा महिला र दलितले राष्ट्रिय पञ्चायत, संसद् र मन्त्रिपरिषद्मा स्थान पाएनन्। अन्तरिम संविधान, २०६३ मा समावेशीकरणको अवधारणा ल्याइयो। त्यसै अनुसारका निर्वाचन कानुन बने। संविधानसभाका लागि मिश्रित निर्वाचन प्रणाली (सबैभन्दा बढी मत ल्याउने उम्मेदवार निर्वाचित हुने र समानुपातिक) अपनाइयो। तैपनि रसुवा जिल्लाबाट महिला र दलित प्रत्यक्ष र समानुपातिक कुनै पनि सिटमा निर्वाचित भएनन्। राजनीतिक दलका माथिल्ला तहका नेताका नजरमा यो जिल्ला नपरेको प्रष्ट देखियो।

जिल्ला पञ्चायतमा प्रतिनिधित्व

जिल्ला पञ्चायत सभापतिमा ल्हायुल तामाङ (२०१७-२०१९) भए। उनीपछि दावा फिन्जो तामाङ (२०१९-२०२९), कोमलनाथ रिजाल (२०२९-२०३२) भए। २०३२ सालमा रसुवा जिल्लाका केही भूभाग धादिङमा गाभिएर कोमलनाथ रिजाल धादिङवासी हुन पुग्दा उइक्याल तामाङ २०३२-२०३४ सम्म जिल्ला पञ्चायतका कार्यवाहक सभापति भए।

उइक्यालपछि लछिन लामा (२०३४-२०३८) र सानो दावा फिन्जो तामाङ (२०३८-२०४३ र २०४३-२०४६ को दुई कार्यकाल) जिल्ला पञ्चायत सभापति भए।

२०४३ सालमा जिल्ला पञ्चायत ११ सदस्यीय थियो जसमा तामाङ ९०.९० प्रतिशत, मगर ९.०९ प्रतिशत थिए। बाहुन-क्षत्री, गुरुङ, नेवार, दलित र महिला एक जना पनि थिएनन्।

पञ्चायत कालमा जिल्ला पञ्चायतमा गुरुङ, नेवार, दलित र महिलाको नेतृत्व शून्य थियो। यस अवधिका ऐतिहासिक दस्तावेज पाउन धेरै कठिन छ। निर्वाचित राजनीतिक इतिहासको जिल्लागत इतिहास हराइसकेको छ। यसले गर्दा वडादेखि केन्द्रसम्मको राजनीतिक नेतृत्वमा विभिन्न समूहको प्रतिनिधित्व केलाउन असजिलो भएको छ।

२०४६ सालको परिवर्तनपछि जिल्ला पञ्चायतको सट्टा जिल्ला विकास समिति र गाउँ पञ्चायत/नगर पञ्चायतको सट्टा गाउँ विकास समिति/नगरपालिका भन्न थालियो।

जिल्ला विकास समितिमा प्रतिनिधित्व

२०४९ सालमा जिल्ला विकास समितिको निर्वाचन हुँदा सभापतिमा राप्रपा (चन्द) को उम्मेदवार मिलन तामाङ निर्वाचित भए। ११ सदस्यीय जिविसमा तामाङ ६३.६३ प्रतिशत, मगर १८.१८ प्रतिशत, गुरुङ ९.०९ प्रतिशत र थकाली ९.०९ प्रतिशत थिए। बाहुन-क्षत्री, नेवार, दलित र महिला थिएनन्।

२०५४ सालमा सम्पन्न स्थानीय निकाय निर्वाचनमा जिल्ला विकास समितिको सभापतिमा एमालेका उम्मेदवार भीमलाल हिराचन निर्वाचित भए। १३ सदस्यीय जिल्ला विकास समितिमा थकाली ७.६९ प्रतिशत, तामाङ ६९.२३ प्रतिशत, बाहुन-क्षत्री २३.०७ प्रतिशत थिए। गुरुङ, मगर, नेवार, दलित र महिलाको प्रतिनिधित्व थिएन।

दलीय आधारमा हेर्दा जिल्ला विकास समितिमा एमाले ७६.९२ प्रतिशत, नेपाली कङ्ग्रेस १५.३८ प्रतिशत र राप्रपा (चन्द) ७.६९ प्रतिशत थिए।

भीमलाल हिराचनलाई २०६१ मा जिविस सभापति मनोनीत गरियो। नेकपा (माओवादी) ले हिराचनको हत्या गरेपछि २०६१ देखि २०६२ सम्म खेसमबहादुर मगरलाई जिविस सभापतिमा मनोनीत गरियो।

राजनीतिक दलमा समावेशीकरणको अवस्था

यस जिल्लामा २०४६ देखि २०६२/६३ सालसम्म नेपाली कङ्ग्रेस, एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी बढी क्रियाशील थिए। जनआन्दोलन २०६२/६३ पछि एकीकृत नेकपा माओवादी पनि क्रियाशील भयो। निर्वाचनको समयमा भने बहुजन समाजवादी पार्टी, नेपाल समता पार्टी, जनमोर्चा नेपाल, ताम्सालिङ राष्ट्रिय दल, सङ्घीय समाजवादी दल र केही कम्युनिष्ट पार्टी पनि देखा परे।

विभिन्न पार्टीमा समावेशीकरणको अवस्था

एमाले जिल्ला कार्यसमिति २०४७ सालदेखि सुब्बा लामाको नेतृत्वमा सक्रिय भएको हो। सुब्बा लामा जिल्ला सचिव रहेको सात सदस्यीय जिल्ला कार्यसमितिमा तामाङ ४२.८५ प्रतिशत, बाहुन-क्षत्री ४२.८५ प्रतिशत, थकाली १४.२८ प्रतिशत थिए। गुरुङ, मगर, नेवार, दलित र महिला एक जना पनि थिएनन्।

२०५१ असार १ गते भीमलाल हिराचनको नेतृत्वमा ११ सदस्यीय जिल्ला कमिटी बन्यो । सचिव हिराचनको नेतृत्वमा गठन भएको कमिटीमा तामाङ ६३.६३ प्रतिशत, बाहुन-क्षत्री १८.१८ प्रतिशत, थकाली ९.०९ प्रतिशत, दलित र महिला शून्य प्रतिशत देखिन्छ । जातीय समूह नखुलेकाहरूको उपस्थिति ९.०९ प्रतिशत थियो । गुरुङ, मगर र नेवार एक जना पनि थिएनन् ।

२०५५ वैशाख २६ र २७ गते प्रथम जिल्ला अधिवेशन भएपछि एमालेको पहिलो विधिवत् जिल्ला कमिटी गठन भयो । सचिव सुब्बा लामाको नेतृत्व रहेको १५ सदस्यीय निर्वाचित जिल्ला कमिटीमा तामाङ ४६.६६ प्रतिशत, बाहुन-क्षत्री ४० प्रतिशत, थकाली ६.६६ प्रतिशत र शेर्पा ६.६६ प्रतिशत थिए । गुरुङ, मगर, नेवार, दलित र महिला थिएनन् ।

२०५८ जेठ ६ गते भएको दोस्रो जिल्ला अधिवेशनले सचिव भीमलाल हिराचनको नेतृत्वमा १४ सदस्यीय जिल्ला कमिटी गठन गऱ्यो । उक्त कमिटीमा तामाङ ३५.७१ प्रतिशत, बाहुन-क्षत्री ५० प्रतिशत, थकाली ७.१४ प्रतिशत र शेर्पा ७.१४ प्रतिशत थिए । यस कमिटीमा गुरुङ, मगर, नेवार, दलित र महिलाको प्रतिनिधित्व शून्य थियो ।

२०६१ सालको जिल्ला अधिवेशनले सचिव भीमलाल हिराचनको नेतृत्वमा १३ सदस्यीय तेस्रो जिल्ला कमिटी निर्वाचन गऱ्यो । यस कमिटीमा तामाङ ३०.७६ प्रतिशत, बाहुन-क्षत्री ५३.८४ प्रतिशत, थकाली ७.६९ प्रतिशत र शेर्पा ७.६९ प्रतिशत थिए । यो कमिटीमा पनि गुरुङ, मगर, नेवार, दलित र महिलाको प्रतिनिधित्व थिएन ।

२०६२ साल मङ्सिरमा भएको चौथो जिल्ला अधिवेशनले सचिव कुलप्रसाद भट्टको नेतृत्वमा २१ सदस्यीय कमिटी निर्वाचित गऱ्यो । यस कमिटीमा तामाङ ४२.८५ प्रतिशत, बाहुन-क्षत्री ५२.३८ प्रतिशत, थकाली ४.७६ प्रतिशत, शेर्पा ७.६९ प्रतिशत र महिला ९.५२ प्रतिशत थिए । यस कमिटीमा पनि गुरुङ, मगर, नेवार र दलितको प्रतिनिधित्व शून्य थियो ।

२०६५ मङ्सिर २१ गते भएको पाँचौं जिल्ला अधिवेशनबाट सचिव छोवाङ तेन्जिन तामाङको नेतृत्वमा २६ सदस्यीय कमिटी गठन भयो । यस कमिटीमा तामाङ ५७.६९ प्रतिशत, बाहुन-क्षत्री ३४.६१ प्रतिशत, दलित ३.८४ प्रतिशत र महिला १९.२३ प्रतिशत थिए ।

२०६६ फागुन १६ गते सम्पन्न छैटौं जिल्ला अधिवेशनले अध्यक्ष छोवाङ तेन्जिन तामाङको नेतृत्वमा ४८ सदस्यीय कमिटी निर्वाचित गऱ्यो । यसमा तामाङ ५८.३३ प्रतिशत, बाहुन-क्षत्री ३३.३३ प्रतिशत, गुरुङ २.०८ प्रतिशत, नेवार २.०८ प्रतिशत, यादव २.०८ प्रतिशत (लक्ष्मण यादव), दलित २.०८ प्रतिशत र महिला १२.५ प्रतिशत थिए ।

नेपाली कङ्ग्रेस

रसुवा जिल्लाको नेपाली कङ्ग्रेसको नेतृत्वमा निकै उतारचढाव देखिन्छ । २०४६ सालको जनआन्दोलनपछि यस जिल्लामा नेपाली कङ्ग्रेसले आफ्नो सङ्गठन विस्तार गरेको हो । किशोरशमशेर राणा, ठाकुरप्रसाद देवकोटा, थुप्तेन लोप्साङ लामा, लामा कार्पु तामाङले सभापतिको पद सम्हाले । यसैगरी नेपाली कङ्ग्रेस फुटेर दुइटा दलमा विभाजित भएपछि जनकजीवन उपाध्याय, मंगल तामाङ र लालबहादुर तामाङले समेत अल्पकालका लागि सभापति पद सम्हालेका थिए ।

पछि पार्टी एकीकरण भए तापनि नेता र कार्यकर्तामा भावनात्मक एकता हुन नसक्दा र नेतृत्वका लागि हुने हानाथापले गर्दा पार्टीको २०६७ सालमा भएको बाह्रौं जिल्ला अधिवेशनअघिको बैठक 'माइनुट' प्राप्त गर्न सकिएन। प्राप्त जानकारीका आधारमा दशौं अधिवेशनदेखि बाह्रौं अधिवेशनसम्मको जिल्ला कार्यसमितिमा भएको प्रतिनिधित्वको आधारमा यस पार्टीको समावेशीकरणको अवस्था निम्नानुसार छ।

२०५७ सालमा भएको दशौं जिल्ला अधिवेशनबाट लामा कार्पु तामाङ सभापतिमा निर्वाचित भए। १७ सदस्यीय जिल्ला कार्यसमितिमा तामाङ ४७.०५ प्रतिशत, बाहुन-क्षत्री ३५.२९ प्रतिशत, गुरुङ ५.८८ प्रतिशत, नेवार ११.७६ प्रतिशत र महिला ५.८८ प्रतिशत थिए। दलित एक जना पनि थिएनन्।

यसैगरी २०६२ सालमा भएको एघारौं जिल्ला अधिवेशनले थुप्तेन लोप्साङ लामालाई सभापतिमा निर्वाचित गऱ्यो। उनको नेतृत्वको १८ सदस्यीय जिल्ला कार्यसमितिमा तामाङ ४४.४४ प्रतिशत, बाहुन-क्षत्री ३८.८८ प्रतिशत, गुरुङ ५.५५ प्रतिशत, नेवार ५.५५ प्रतिशत, मगर ५.५५ प्रतिशत र महिला २२.२२ प्रतिशत थिए। यसमा पनि दलित एक जना पनि थिएनन्।

२०६७ सालमा भएको नेपाली कङ्ग्रेसको बाह्रौं अधिवेशनबाट सभापतिमा लामा कार्पु तामाङ निर्वाचित भए। अधिवेशनबाट निर्वाचित र सभापतिबाट मनोनीत गरी जिल्ला कार्यसमितिमा १७ सदस्य रहेकोमा तामाङ ५२.६३ प्रतिशत, बाहुन-क्षत्री २६.३१ प्रतिशत, गुरुङ ५.२६ प्रतिशत, नेवार १०.५२ प्रतिशत, दलित ५.२६ प्रतिशत र महिला २१.०५ प्रतिशत थिए।

एमाओवादी

एकीकृत नेकपा माओवादीको २०७१ वैशाख १३-१४ गते सम्पन्न जिल्ला अधिवेशनबाट अध्यक्षमा प्रेमबहादुर तामाङसहित ५१ जनाको कार्यसमिति निर्वाचित भयो। यस अधिवेशनलाई सोही दलका जगतजंग (इन्द्र गोतामे) ले नेतृत्व गरेको समूहले अवैधानिक भन्न थाले। यस अधिवेशनबाट निर्वाचित कार्यसमितिमा तामाङ ६०.७८ प्रतिशत, बाहुन-क्षत्री २७.४५ प्रतिशत, गुरुङ ३.९२ प्रतिशत, नेवार १.९६ प्रतिशत, सुनुवार १.९६ प्रतिशत, दलित ३.९२ प्रतिशत र महिला ७.८४ प्रतिशत रहेका छन्। यस समूहलाई जिल्लामा एकीकृत नेकपा माओवादीका तत्कालीन नेता डा. बाबुराम भट्टराई समूह भनेर चिनिन्थ्यो।

इन्द्र गोतामेले नेतृत्व गरेको समूहलाई अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' खेमाका रूपमा चिनिन्छ। यस समूहको दाबी अनुसार २०६६ सालमा एकता जिल्ला अधिवेशन भएपछि अधिवेशन हुन सकेको छैन। एकता जिल्ला अधिवेशनले गठन गरेको २६ सदस्यीय जिल्ला कार्यसमितिमा बाहुन-क्षत्री ५३.८४ प्रतिशत, तामाङ २६.९२ प्रतिशत, गुरुङ ३.८४ प्रतिशत, सुनुवार ३.८४ प्रतिशत, दलित ११.५३ प्रतिशत र महिला ११.५३ प्रतिशत थिए।

राष्ट्रिय प्रजातन्त्र पार्टी

३० वर्षसम्म पञ्चायती व्यवस्थाको राजनीति गरेका पूर्वपञ्चहरूले २०४६ सालको परिवर्तनपछि राप्रपा (थापा) र राप्रपा (चन्द) नाउँ गरेका दुई अलगअलग पार्टी खोलेर केन्द्रदेखि जिल्लासम्मका पञ्चायती व्यवस्थामा काम गरिसकेका र त्यसप्रति झुकाव राख्नेहरूको सङ्गठन निर्माण गरे। त्यस लगत्तै ७५ वटै जिल्लामा राप्रपा पार्टी कार्यालयहरू खुले र कार्यकर्ताहरू सङ्गठित हुन थाले। अनुसन्धानका क्रममा रसुवा

जिल्लामा पनि २०४८ सालदेखि नै क्रियाशील रहेको यस पार्टीको आधिकारिक दस्तावेज प्राप्त हुन सकेनन्। २०४८ सालको संसदीय निर्वाचन र २०५१ सालको मध्यावधि निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) का उम्मेदवारले प्रतिनिधिसभामा विजय हासिल गरेका थिए। २०५६ सालको आम निर्वाचन, २०६४ र २०७० सालको संविधानसभा निर्वाचनमा समेत उम्मेदवारी दिएको यो पार्टी हाल रसुवामा खासै क्रियाशील छैन।

सन्दर्भ सामग्री

१. दावा फिन्जो तामाङ, पूर्वउपाध्यक्ष, राष्ट्रिय पञ्चायत।
२. आतमसिंह तामाङ, स्व. ल्हायुल तामाङका जेठा छोरा।
३. नुर्पु छिरिङ तामाङ, स्व. ल्हायुल तामाङका कान्छा भाइ।
४. खेसमबहादुर मगर, रसुवा जिविस पूर्वसभापति।
५. मिलन तामाङ, रसुवा जिविस पूर्वसभापति।
६. लछिन लामा, रसुवा जिविस पूर्वसभापति।
७. छोवाङ तेन्जिन तामाङ, संविधानसभा-२ मा एमाले समानुपातिक सदस्य एवं अध्यक्ष नेकपा एमाले, रसुवा।
८. प्रेमबहादुर तामाङ, सविधानसभा-१ मा निर्वाचित पूर्व सदस्य, रसुवा।
९. जगतजंग (इन्द्र गोतामे), नेता, एकीकृत नेकपा माओवादी, रसुवा।
१०. लामा कार्पु तामाङ, सभापति, नेपाली कङ्ग्रेस, रसुवा।
११. सुब्बा लामा, नेता, नेकपा एमाले।
१२. ठाकुरप्रसाद देवकोटा, पूर्व सभापति, नेपाली कङ्ग्रेस, रसुवा।
१३. जनकजीवन उपाध्याय, जिल्ला कार्यसमिति सदस्य, नेपाली कङ्ग्रेस, रसुवा।
१४. थुप्तेन लोप्साङ लामा, महासमिति सदस्य, नेपाली कङ्ग्रेस, रसुवा।
१५. ठिले लामा, अध्यक्ष, राप्रपा नेपाल, रसुवा।
१६. ज्ञानेन्द्रनाथ न्यौपाने, पत्रकार, राससस, रसुवा।
१७. विश्वास नेपाली, पत्रकार, रसुवा।
१८. हेमनाथ खतिवडा, पत्रकार, रसुवा।
१९. देवकी रैला, जिल्ला कार्यसमिति सदस्य, नेपाली कङ्ग्रेस, रसुवा।
२०. सम्बन्धित पार्टीको जिल्ला कार्यसमितिको बैठक पुस्तिका अवलोकन र अन्तर्वार्ता।
२१. पार्टीका विधान र घोषणापत्र।
२२. अन्तरिम संविधान, २०६३।

पराम्परागत राजनीतिको थलो : मनाङ

प्रदीप पोखरेल

हिमाली जिल्ला मनाङले २२४६ वर्गकिलोमिटर क्षेत्रफल ओगटेको छ । मनाङ समुद्री सतहबाट १७०० मिटरदेखि ८१६३ मिटरको भूभागमा फैलिएको छ। यसको पूर्वमा लमजुङ र गोरखा, पश्चिममा मुस्ताङ, उत्तरमा चीनको स्वसाशित क्षेत्र तिब्बत र दक्षिणमा कास्की र लमजुङ जिल्ला छन् । भौगोलिक बनावट अनुसार यस जिल्लालाई उपल्लो मनाङ (निस्याङ उपत्यका), तल्लो मनाङ (घ्याल्सुम्दो उपत्यका) र नार-फू उपत्यका गरी तीन उपत्यकामा विभाजन गरिएको छ । प्रशासनिक विभाजन अनुसार यस जिल्लामा १३ गाउँ विकास समिति, नौ इलाका र एक संसदीय क्षेत्र छन् ।

मनाङको पहिचान

मनाङ बेग्लै पहिचान भएको जिल्ला हो । केही समयअघिसम्म मनाङ 'अदालत भएको तर मुद्दा नभएको, कारागार भएको तर कैदी नभएको र खोला भएको तर माछा नभएको' जिल्ला भनी चिनिन्थ्यो । यहाँका खोलामा अझै माछा भेटिएका छैनन् तर मनाङ चिनाउने अन्य दुई मान्यता भने समयसँगै मेटिए। तैपनि यहाँका जैविक, सांस्कृतिक विविधता र परम्परागत मान्यता कायमै छन् । यसले मनाङलाई फरक ढङ्गले बाहिरी संसारमा चिनाएको छ ।

मनाङ नामकरण

प्राचीन कालमा यहाँका घरहरू निगालाले मात्र बनाइएका थिए । स्थानीय भाषामा 'मा' भन्नाले निगालो र 'नाङ' भन्नाले घर बुझिन्छ । उस बेला निगालोले बनेका घरहरू रहेको ठाउँ भएकाले यसलाई 'मानाङ' भनिन्थ्यो । कालान्तरमा शब्द अपभ्रंश भएर जिल्लाको नाम 'मनाङ' रहन गएको मानिन्छ ।

भौगोलिक बनावट

उपल्लो मनाङ (निस्याङ उपत्यका) : उपल्लो मनाङ जिल्लाको पश्चिमी क्षेत्रमा पर्छ । यहाँ खाङ्सार, टंकीमनाङ, मनाङ, भ्राका, डाबल, घ्यारु र पिसाङ गरी सात गाउँ विकास समिति रहेका छन् । यस उपत्यकाले जिल्लाको ठूलो भाग ओगटेको छ। यहाँ गुरुङ, घले र लामा जातिको बाहुल्य छ भने केही दलित (विश्वकर्मा) पनि बसोबास गर्छन् । उनीहरू थोरै छन् ।

तल्लो मनाङ (घ्याल्सुम्दो उपत्यका) : घ्याल्सुम्दो उपत्यका जिल्लाको पूर्वदेखि दक्षिणी भेगसम्म फैलिएको छ। यहाँ धारापानी, थोंचे, ताचै/बगरछाप र चामे चार गाउँ विकास समिति छन् । जिल्लाको सदरमुकाम चामे पनि यसै उपत्यकामा पर्छ । यस क्षेत्रमा गुरुङ, घले र लामा जातिको बाहुल्य छ । यहाँ थोरै भए पनि दलित (विश्वकर्मा र परियार), पुनेल, विष्ट थरका मानिस बसोबास गर्छन् ।

नार-फू उपत्यका : यस उपत्यकामा दुई गाउँ विकास समिति छन् । । यसलाई मनाङको पनि दुर्गम क्षेत्र मानिन्छ । यो मनाङको उत्तरी भेगमा पर्छ । दुवै गाविसलाई जोडेर नार-फू उपत्यका नामकरण गरिएको हो । यहाँ गुरुङ र लामा जातिको बाहुल्य छ । नार गाविसमा केही दलित (विश्वकर्मा) पनि बसोबास गर्छन् ।

मनाङमा गुरुङ, लामा र घले जातिको बाहुल्य छ । दलित, ठकुरी, विष्ट, पुनेल, थकाली थोरै छन् । केही गाउँमा बाहुन-क्षत्री, नेवार, शेर्पा र मगर पनि छन् । तर उनीहरू यहाँका रैथाने होइनन् । सदरमुकाम चामे र तल्लो मनाङ (घ्याल्सुम्दो उपत्यका) मा नेवार पनि बस्छन् । उनीहरू व्यापारका क्रममा यहाँ आइपुगेका हुन् ।

उपल्लो मनाङ (निस्याङ उपत्यका) मा भेटिने गुरुङ, लामा, घले र विश्वकर्मा (कामी) बाहेक अन्य जात/जाति स्थानीय महिलासँग विवाह गरी यतै (घरज्वाईं) बसेका हुन् । यहाँका कुनै पनि गाविसमा आफ्नो गाउँबाहिरका मानिसलाई घर-जग्गा बिक्री वितरण गरिँदैन । बाहिरका मानिसले यहाँ आएर कुनै पनि काम तथा व्यापार, व्यवसाय गर्नुपर्‍यो भने स्थानीय महिलासँग विवाह गर्नुपर्ने प्रचलन जस्तै बनेको छ । अन्यथा पिसाङको मानिसले खाङ्सारमा गएर पनि व्यापार, व्यवसाय गर्न पाउँदैन । तर, सरकारी कामकाज गर्न भने सबैलाई छुट छ । नार-फू क्षेत्रमा पनि यस्तै चलन छ । यी दुवै उपत्यकामा बौद्धमार्गी मात्र छन् । भनिन्छ, यहाँ स्थायी बसोबास भएका विश्वकर्माहरूलाई आफ्नो कामका लागि लामा, गुरुङ र घलेले अन्यत्रबाट ल्याएका हुन् ।

भौगोलिक बनावट

क्र.सं.	विवरण	क्षेत्रफल	प्रतिशत
१	हिमाल/चट्टान	१८६३.०	८२.९
२	वनजङ्गल	१९१.६	८.५
३	गौचरन	७१.४	३.२
४	बुट्यान क्षेत्र	९८.४	४.४
५	खेतीयोग्य	२१.६	१.०
६	जम्मा	२२४६.०	१००.०

स्रोतः जिल्ला विकास समिति, मनाङ

घले राजाको शासन काल

नेपाल एकीकरण पूर्व अहिलेको मनाङमा घले राजाले राज्य गरेका थिए । यहाँको शासन प्रणाली, नियम, कानुन अन्य राज्यको भन्दा बेग्लै थियो । त्यस बेला जुनसुकै तह र तप्कामा पुरुषको हैकम भएकाले महिलाहरू घरायसी कामकाजमा मात्र सीमित हुन्थे । दलितलाई राजकाज सञ्चालन सम्बन्धी काममा कुनै भूमिका दिइँदैनथ्यो ।

त्यस बेला घले राजाको दरबार उपल्लो मनाङको डाबल र घ्यारुको बीचमा अवस्थित 'ख्युचों' भन्ने ठाउँमा थियो । नेपाल एकीकरणअघिका राजाहरू एकले अर्कालाई सिध्याउने र आफू शक्तिशाली हुने दाउपेचमा हुन्थे । कुन समय कुन राजाले कसको राज्यमा आक्रमण गर्ने हो थाहा हुँदैनथ्यो । त्यस बेला आफ्नो सुरक्षाका लागि अग्लो ठाउँमा दरबार बनाइएका हुन्थे । ख्युचोंबाट चारै दिशाको टाढासम्म देख्न

सकिन्छ । त्यसैले ख्युचों सुरक्षात्मक दृष्टिले उपयुक्त मानिन्थ्यो । कतैबाट दुश्मन आइहाल्यो भने त्यसलाई परास्त पार्न ठूलो बल प्रयोग गर्नु पर्दैनथ्यो । दुई-चार जनाले माथिबाट ढुङ्गामुढा पल्टाए पनि शत्रु पक्षलाई परास्त गर्न सकिन्थ्यो । त्यसैले घले राजाले आफ्नो दरबार यहाँ बनाएका हुन् । यस ठाउँमा अझै पनि दरबारका भग्नावशेष देख्न सकिन्छ ।

घले राजाको पतन

मनाङमा घले राजाले राज्य गर्दा छिमेकी लमजुङमा शाह राजा (नरहरि शाह) को राज्य थियो । उनीहरूको आपसी सम्बन्ध राम्रो थिएन । उनीहरूबीच शक्तिको होडबाजी भइरहन्थ्यो र लडाइँ समेत परेको थियो । एक पटक लमजुङे राजाले घले राजालाई मेलमिलापको प्रस्ताव राखेछन् । घले राजालाई मिलापत्रका लागि बोलाइएछ । घले राजाका ३ भाइ लमजुङको डाँदीमा गएछन् । तर, त्यहाँ लमजुङे राजाले धानको भुसभित्र हतियार लुकाएर राखेका रहेछन् । बैठकमा आएका बेला रक्सी ख्वाएर घले राजामध्येका एक भाइलाई त्यहीँ मारिएछ । अरूलाई त्यहाँबाट लखेट्दै जाँदा बाहुनडाँडाभन्दा तलको तातोपानी खोला नजिक पुगेर अर्को भाइलाई हत्या गरेछन् । एक भाइ त्यहाँबाट मुस्किलले भागेर मनाङ आइपुगेछन् । यस बेलादेखि मनाङमा घले राजाको राजकाज अन्त भई लमजुङे राजाले आफ्नो आधिपत्य जमाएका थिए । कुनै बेला घले राजाको अधीनमा रहेको 'स्वतन्त्र राज्य मनाङ' नेपाल एकीकरण हुनुअघि नै लमजुङे राजाको अधीनमा आएको थियो । लमजुङका शाह राजाले छलकपट गरेर घले राजालाई मारेको हुनाले मनाङका घलेहरूले अझै पनि तातोपानी खोलाको पानी खाँदैनन् ।

राणा शासनदेखि २०१५ सालसम्मको राजनीतिक अवस्था

नेपाल एकीकरणपछि पनि मनाङ जिल्लाको नामकरण भएको थिएन । अहिलेको मनाङ पश्चिम ३ नम्बर क्षेत्रमा पर्थ्यो । उपल्लो मनाङ, तल्लो मनाङ र नार-फू क्षेत्रमा स्थानीय मान्यता वा चालचलन अनुसार शासन चलेको थियो । त्यस बेलाको शासन पद्धति यसप्रकार थियो ।

तल्लो मनाङ (घ्याल्सुम्दो उपत्यका) मा जिम्मवाल, मुखियाको चलन थियो । २०२२ सालसम्म जिम्मवाल, मुखियाले शासन चलाएका थिए । गाउँलेले आफ्नो घरजग्गा आदिको कर (राजस्व) जिम्मवाल, मुखियालाई बुझाउनुपर्थ्यो । गाउँमा भैपरी आउने समस्या उनीहरू नै समाधान गर्थे । सबै गाउँमा जिम्मवाल, मुखिया हुन्थे । यो जिम्मेवारी गुरुङ र घले जातिले मात्र पाएका थिए । यस शासन पद्धतिमा अन्य जाति, दलित र महिलालाई स्थान थिएन । जिम्मवाल र मुखियाको निधनपछि उनीहरूका जेठा छोराले यो काम गर्नुपर्थ्यो । समाजमा उनीहरूको बेग्लै सम्मान हुन्थ्यो । गाउँलेले वर्षको दुई दिन उनीहरूको काम गरिदिनुपर्थ्यो । दशैंमा प्रत्येक घरबाट भेडा/च्याङ्ग्राको टाउको र एक बोतल रक्सी पुऱ्याउनुपर्थ्यो । गाउँलेले ल्याएको रक्सी र मासु उनीहरू आफन्त भेला पारेर भोज ख्वाउँथे । सबैले जिम्मवाल, मुखियाको हातको टीका लगाउनुपर्थ्यो । प्रत्येक घरबाट कम्तीमा एक जना भए पनि टीका थाप्न आउँथे । कुनै घरका मानिस उनीहरूको घरमा टीका लगाउन आएनन् भने सजायको भागी हुन्थे । उनीहरूलाई सरकारी मान्यता प्राप्त हुन्थ्यो । गाउँलेले कुनै काम गर्नुपरेमा पहिले उनीहरूबाट सल्लाह लिनुपर्थ्यो । त्यति बेला सिकार खेल्न रोकतोक थिएन । गाउँका सिकारीले कस्तूरीको बीनासमेत जिम्मवाल, मुखियालाई बुझाउनुपर्थ्यो । सिकारीहरूबाट जम्मा भएका बीना जिम्मवाल, मुखियाले

क्षेत्रीय गोश्वारा अड्डामा लगेर बुझाउँथे । आफ्नो काममा सहयोग पुऱ्याउन उनीहरूले एक जना सहयोगी (पियन) राख्थे जसलाई 'स्यार्पो' भनिन्थ्यो ।

२०१८ सालमा नेपाल १४ अञ्चल, ७५ जिल्लामा विभाजन भएपछि यो प्रथाको अन्त भयो । २०१८ माघ १० गते (२४ जनवरी, १९६१) गाउँ पञ्चायत ऐन बन्यो । गाउँ पञ्चायतमा प्रधानपञ्च, उप-प्रधानपञ्च तथा वडामा वडा सदस्य बने । त्यसपछि गाउँमा भैपरी आउने काम उनीहरूले नै गर्न थाले । २०२१ सालदेखि देशमा मालपोतको व्यवस्था भयो । जनताले आफ्नो कर मालपोत कार्यालयमा बुझाउन थालेपछि तल्लो मनाङमा जिम्मवाल, मुखिया निष्क्रिय हुन थाले र बिस्तारै यो प्रचलनको अन्त भयो ।

ढापा श्यार्पाको चलन

उपल्लो मनाङ र नार-फू उपत्यकामा ढापा श्यार्पाको चलन थियो । यस चलन अनुसार मनाङ गाउँमा दुई वर्षमा एक पटक र अन्य गाउँमा प्रत्येक वर्ष ढापा श्यार्पाको छनोट गरिन्थ्यो । गाउँका अग्रजहरू एकै ठाउँमा भेला भएर पाको पुरुषलाई ढापा श्यार्पा चुन्थे । गुरुङ, घले र लामा जातिका मानिसले मात्र ढापा श्यार्पा हुने अवसर पाउँथे । गाउँका समस्या उनीहरूको बैठकले सुल्झाउँथ्यो । उनीहरूले निकै सावधानीसाथ निष्पक्ष रूपमा समस्या समाधान गर्थे । कुनै मुद्दाको फैसला गर्दा पक्ष विपक्षका आफन्तलाई होइन, अन्य मध्यस्थकर्तालाई भेला गराएर पाप र धर्मलाई आधार मानेर निर्णय गर्ने भएकाले उनीहरूले गर्ने काम निकै निष्पक्ष हुन्थ्यो ।

उपल्लो भेगमा रहेका पिसाङ, घ्यारु, डाबल, भ्राका, खाङ्सार गाउँमा ढापा श्यार्पाले गरेको फैसला चित्त नबुझेमा गाउँलेहरू मनाङको ढापा श्यार्पासमक्ष गएर आफ्नो उजुरी हाल्थे । मनाङ गाउँका ढापा श्यार्पाले गरेको फैसला सबलाई मान्य हुन्थ्यो । निस्याङ् उपत्यकामा उनीहरूको भूमिका प्रधानन्यायाधीशको जस्तै हुन्थ्यो । उनीहरूले गाउँको मुद्दामामिला फैसला गर्दा मुद्दा जित्नेलाई टाउकामा सफा कपडा बेरिदिन्थे । हार्नेलाई उसको बिगो अनुसार ढुङ्गा बोक्न लगाइन्थ्यो ।

पैसाको चल्ती बढेपछि नगद जरिवाना गर्न थालियो । पीडकले ठूलो सजाय पायो भने उसले ढापा श्यार्पालाई एउटा घोडाको मूल्य बराबरको शुल्क बुझाउनुपर्थ्यो । सजाय अलि कम भए याक, भेडा, च्याङ्ग्राको मूल्य बराबरको नगद बुझाउनुपर्थ्यो । त्यो रकम ढापा श्यार्पाको कोषमा जम्मा गरी सामाजिक कार्यमा खर्च गरिन्थ्यो ।

उपल्लो मनाङमा सम्पत्तिको कर (मालपोत) ढापा श्यार्पाले उठाउँथे । सबै गाउँका ढापा श्यार्पाले आफ्नो गाउँमा उठाएको कर अन्तमा मनाङ गाउँका ढापा श्यार्पालाई बुझाउनुपर्थ्यो । खाङ्सार, भ्राका, डाबल, घ्यारुका ढापा श्यार्पाहरू गाउँलेसँग उठाएको कर सरकारलाई बुझाउन मनाङ जान्थे । कर बुझाउन जाँदा ढापा श्यार्पा पिसाङमा बास बस्थे । पिसाङमा उनीहरूलाई खसी काटेर भोज ख्वाइन्थ्यो । पिसाङका ढापा श्यार्पाले करसँगै कस्तूरीको सर्वाङ्गी (कस्तूरी मारेपछि त्यसको छालाभित्रको रौँ, भुस राखेर तयार गरिने एक प्रकारको खेलौना) र गाउँमा तयार पारिएको केही ऊनीका कपडा पनि बुझाउनुपर्थ्यो । मनाङका ढापा श्यार्पाले उक्त सर्वाङ्गी राणाका दरबारमा ल्याएर बुझाउने गर्थे । नार-फू उपत्यकामा पनि यस्तै चलन थियो ।

२०१७ सालमा राजनीतिक दलमाथि प्रतिबन्ध लागेर पछि पञ्चायती व्यवस्था लागू भए पनि २०३३ सालसम्म यी दुवै उपत्यकामा परम्परागत राजनीतिक प्रणाली नै कायम थियो । राष्ट्रिय पञ्चायत सदस्य

नरेन्द्रजंग गुरुङले २०२७/२८ सालतिर मनाङ गाविस निवासी सोनामसिंह गुरुङलाई जिल्ला पञ्चायतको सदस्यमा मनोनयन गरेका थिए । तर सोनामसिंहलाई राजनीतिबारे खासै ज्ञान र चासो थिएन ।

२०३३ सालसम्म यी दुवै उपत्यकामा गाउँ पञ्चायत गठन भएको थिएन । तल्लो मनाङबाहेकका सबै ठाउँलाई एउटा पञ्चायतअन्तर्गत मानिएको थियो । २०३३ सालपछि यस क्षेत्रमा गाउँ पञ्चायत गठन हुन थाले । गाउँको कामकारबाही गाउँ पञ्चायतमा कार्यरत सरकारी कर्मचारीले गर्न थाले । समाजमा ढापा श्यार्पाको भूमिका गौण बन्दै गएपछि यो चलन अन्त्य भयो ।

राणा कालदेखि पञ्चायती शासन व्यावस्था लागू भएसम्मको मनाङको राजनीतिक प्रणाली यसरी नै चलेको थियो । तल्लो मनाङमा गुरुङ र घले जातिले मात्र जिम्मवाल, मुखियाको जिम्मेवारी पाएका थिए । उपल्लो मनाङ र नार-फू क्षेत्रमा गुरुङ, घले र लामा जातिका पुरुषले मात्र ढापा श्यार्पा हुने मौका पाए । तीनवटै उपत्यकामा दलित, महिला र अन्य जातिका मानिसले गाउँस्तरको राज्य सञ्चालनमा समावेश हुने अवसर पाएका थिएनन् ।

पहिलो संसदीय काल

पहिलो आम निर्वाचन २०१५ सालमा भएको हो । त्यस बेला १४ अञ्चल र ७५ जिल्ला गठन भएको थिएन । भौगोलिक बनावट अनुसार देशभरि १०९ निर्वाचन क्षेत्र निर्धारण गरिएको थियो । निर्वाचन क्षेत्र नम्बर ९९, १००, १०१, १०२ र १०३ पोखरालाई केन्द्र मानेर निर्धारण गरिएको थियो । निर्वाचन क्षेत्र नं. १०० मा लमजुङ र कास्की जिल्लाका केही भूभाग र मनाङ जिल्ला पर्थ्यो । यस निर्वाचन क्षेत्रबाट नेपाली कङ्ग्रेसका उम्मेदवार श्रीकान्त अधिकारी १०,१०६ मत ल्याएर निर्वाचित भएका थिए । अधिकारी दुराडाँडा, लमजुङका बासिन्दा हुन् । थोचे निवासी नरेन्द्रजंग गुरुङ १०१ नं. क्षेत्रबाट ८,३६७ मत ल्याएर निर्वाचित भएका थिए ।

त्यस बेलासम्म पनि मनाङ राजनीतिक मूलधारबाट अलग थियो । उस बेलाको अशिक्षा, कठिन भौगोलिक अवस्था र विकटताले गर्दा धेरै मनाङीलाई श्रीकान्त अधिकारी आफ्ना जनप्रतिनिधि हुन् भन्ने थाहासम्म थिएन । समाज पुरानै चलनबाट गुज्रेको थियो । समाजमा समावेशीकरणको अवधारणा नै थिएन । राजनीतिक चेताना पनि थिएन ।

पञ्चायती शासन काल

२०१७ पुस १ गते दलीय व्यवस्था खारेज गरियो र पञ्चायती व्यवस्था लागू गरियो । तल्लो मनाङ शुरूदेखि नै पञ्चायती पद्धतिमा अगाडि बढ्यो । उपल्लो मनाङ र नार-फू क्षेत्रमा पछिसम्म पनि पञ्चायती पद्धति लागू भएन । समाज पुरानै राजनीतिक (ढापा श्यार्पा) पद्धतिबाट चलेको थियो । उपल्लो मनाङ र नार–फू क्षेत्रलाई पनि राजनीतिक मूलधारमा ल्याउन मनाङनिवासी सोनामसिंह गुरुङलाई २०२७ सालमा जिल्ला पञ्चायत सदस्यमा मनोनीत गरिएको थियो ।

२०१८ सालमा १४ अञ्चल, ७५ जिल्ला गठन भयो । २०१९ सालमा तल्लो मनाङ, थोचे गाउँका नरेन्द्रजंग गुरुङ राष्ट्रिय पञ्चायत सदस्य (रापंस) चुनिए । २०२५ सालमा भएको रापंस निर्वाचनमा पनि उनी नै निर्वाचित भए । २०३१ सालको निर्वाचनमा मुनिन्द्रजंग गुरुङ र त्यसपछि २०३३ साल र २०३८ सालको निर्वाचनमा पेमाछिरिङ गुरुङ निर्विरोध निर्वाचित भएका थिए । २०४३ सालको निर्वाचनमा तिनै पेमाछिरिङ

गुरुङ निर्वाचित भएका थिए । उनी पञ्चायत सहायकमन्त्रीसम्म भए । पेमाछिरिङ उपल्लो मनाङका बासिन्दा हुन् । पञ्चायत कालमा सदरमुकाम चामेनिवासी चिउडे लामा पञ्चायत समर्थित महिला सङ्गठनको अञ्चल सभापति थिइन् । अन्य महिला तथा दलितहरू राजनीतिमा सक्रिय भएनन् । सबै तहका राजनीतिक निकायमा गुरुङ र घले जातिको बाहुल्यता थियो । आज पनि उस्तै छ ।

बहुदलदेखि गणतन्त्रसम्म

२०४६ सालको व्यवस्था परिवर्तनले मनाङलाई अछुतो राखेन । तल्लो मनाङमा पञ्चायत कालमा पनि राजनीतिक गतिविधि हुन्थ्यो । उपल्लो भेगमा सोनामसिंह गुरुङका छोरा ग्याल्पो गुरुङ लगायतका केहीलाई अपवाद मान्ने हो भने सबै पञ्चायतभक्त नै थिए । उनीहरूलाई अन्य राजनीतिक गतिविधि सम्बन्धमा थाहा थिएन । चासो र मतलब पनि थिएन । २०४७ सालमा पूर्व रापंस पेमाछिरिङ गुरुङले उपल्लो भेगका मानिसलाई स्वयम्भूस्थित मनाङ गुम्बामा भेला गराएर कुनै पनि राजनीतिक दलमा नलाग्न आग्रह गरेका थिए । उनले २०४८ सालमा हुन लागेको आमनिर्वाचनमा उपल्लो भेगका बासिन्दालाई गोलाप्रथाबाट उम्मेदवारी बनाउने र गोला जसले जित्छ उसैलाई निर्वाचित गराउने भन्ने प्रस्ताव राखेका थिए । यसो गर्दा उपल्लो भेगबाट उठ्ने जो कोही पनि निर्वाचित हुन्थ्यो । जनसङ्ख्या धेरै भएको र राजनीतिक चेतना कम भएकाले उपल्लो भेगबाट उठ्ने उम्मेदवारलाई यस क्षेत्रको अधिकतम मत खस्थ्यो, यो चलन अझै कायम छ । यसमा सबैले सहमति जनाए पनि ग्याल्पो गुरुङको असहमतिका कारण सफल हुन सकेन । उनी २०३७ सालमा भएको जनमत सङ्ग्रहमा बहुदलको पक्षमा लागेका थिए । उनकै सक्रियतामा उपल्लो भेगमा नेपाली कङ्ग्रेसको सङ्गठन विस्तार भयो । मनाङमा ग्याल्पो गुरुङ बहुदलीय प्रजातान्त्रिक राजनीतिको खम्बा थिए । तर कङ्ग्रेसले उनलाई टिकट दिएन ।

उपल्लो मनाङका पाल्तेन गुरुङ नेपाली कङ्ग्रेसबाट २०४८ सालको संसदीय निर्वाचनमा निर्वाचित भए । उनी २०४३ सालमा सम्पन्न रापंस निर्वाचनमा पराजित भएका थिए । २०५१ सालको मध्यावधि निर्वाचनमा उनी स्वतन्त्र भएर चुनाव उठेर निर्वाचित भए भने २०५६ सालको आमनिर्वाचनमा निर्विरोध निर्वाचित भए । २०५४ सालमा नेपाली कङ्ग्रेसले तिल्चे गाउँका कोमलबहादुर घलेलाई राष्ट्रियसभा सदस्यमा चुनेको थियो । उनी २०६४ चैत २८ गतेको संविधानसभा निर्वाचनमा पराजित भएका थिए । हाल उनी सक्रिय राजनीतिमा देखिँदैनन् । संविधानसभा-१ निर्वाचनमा माओवादीका देवप्रसाद गुरुङ निर्वाचित भए । २०२९ सालदेखि उपल्लो भेगका मनाङीले मात्र जिल्लाको प्रतिनिधित्व गर्दै आएका थिए । यसलाई देवप्रसाद गुरुङले तोडिदिए । तल्लो मनाङनिवासी श्रीमती नीमा लामालाई माओवादीले जनजातिबाट समानुपातिक सभासद् बनायो । उनी नै मनाङकी पहिलो महिला सभासद् तथा सांसद हुन् । तर उनी राजनीतिमा भने सक्रिय थिइनन् । देवप्रसाद गुरुङकी श्रीमती यसोदा सुवेदी पनि सभासद् बनिन् । दाङ जिल्लानिवासी सुवेदी विवाह गरेर मनाङ आएकी हुन् । २०७० मङ्सिर ४ गते सम्पन्न संविधानसभा-२ निर्वाचनमा नेपाली कङ्ग्रेसका टेकबहादुर गुरुङ निर्वाचित भए । यसबाट प्रष्ट हुन्छ, मनाङ फरक जिल्ला भएपछिका प्रत्यक्ष निर्वाचनमा गुरुङ जातिका मानिसले मात्र जिल्लाको प्रतिनिधित्व गरेका छन् । अन्यलाई मनोनीत गरिएको छ । जिल्ला विकास समितिको नेतृत्व पनि यस्तै किसिमको छ । जुन कुरा जिल्ला विकास समितिको बनोटबाट प्रष्ट हुन्छ ।

जिल्ला विकास समितिमा प्रतिनिधित्व

क्र.स.	जिविस सभापति	जात	पार्टी	कार्यकाल मिति
१	दलसिंह घले	घले	पञ्चायत	–
२	मुनिन्द्रजंग गुरुङ	गुरुङ	पञ्चायत	२०२५
३	मुनिन्द्रजंग गुरुङ	गुरुङ	पञ्चायत	२०२६-२०३०
४	गम्भीरजंग गुरुङ	गुरुङ	पञ्चायत	२०३०-२०३४
५	डोपाङ गुरुङ	गुरुङ	पञ्चायत	२०३४-२०३५
६	कावा रामबहादुर घले	घले	पञ्चायत	२०३५-२०३८
७	शेरबहादुर गुरुङ	गुरुङ	पञ्चायत	२०३९-२०४४
८	छिरिङ ओङ्गेल गुरुङ (मिचुङ)	गुरुङ	निर्विरोध (नेका)	२०४९-२०५४
९	फुञ्जोप्रसाद गुरुङ	गुरुङ	नेका	२०५४-२०५९
१०	कप्ली गुरुङ	गुरुङ	राजाद्वारा मनोनीत	२०६०-२०६१
११	कप्ली गुरुङ	गुरुङ	राजाद्वारा मनोनीत	२०६२-२०६३

उपल्लो मनाङमा को लामा, गुरुङ वा घले जातिको मानिस हो यकिन गर्न गाह्रो हुन्छ । उदाहरणका लागि, मनाङ समाज सेवा समिति (मनाङीहरूले सञ्चालन गरेको सबैभन्दा पुरानो र शक्तिशाली संस्था) का संस्थापक सदस्य नेटु गुरुङ हुन् । उनले आफ्नो थर गुरुङ लेखेका छन् भने उनका जेठा छोरा ओङ्गेलले आफ्नो थर घले लेखेका छन् । डाबलनिवासी मुखिया एन लामा मनाङका प्रसिद्ध पर्यटन व्यवसायी हुन् । उनले आफ्नो थर लामा लेखेका छन् भने उनका ठूलाबाबाका छोराहरूले थर गुरुङ लेखेका छन् । नार–फू उपत्यकामा पनि यस्तै छ । तल्लो मनाङमा भने यस्तो समस्या छैन । त्यसैले हालसम्म भएका निर्वाचनमा कुन जातिको प्रतिनिधित्व भयो भनी उल्लेख गर्न गाह्रो छ ।

जिल्लाका राजनीतिक दलमा समावेशीकरण

मनाङ राजनीतिक गतिविधि असाध्यै कम हुने जिल्ला हो । प्रायः मानिस आ-आफ्नै काममा व्यस्त हुने भएकाले राजनीतिमा खासै चासो राख्दैनन् । उपल्लो मनाङ र नार-फू क्षेत्रमा त चुनावको समयबाहेक अन्य बेला राजनीतिक चहलपहल नै देखिँदैन । यी दुई उपत्यकाको तुलनामा तल्लो मनाङमा अलि शिक्षित र राजनीतिमा चासो राख्नेहरूले स्थायी बसोबास गरेकाले राजनीतिक गतिविधि पनि बेलाबेलामा हुने गर्छन् । यस जिल्लामा नेपाली कङ्ग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, एमाओवादी र एमाले, नेपाल कम्युनिस्ट पार्टी - माओवादी/(वैद्य समूह) मात्र छन् ।

नेपाली कङ्ग्रेस

मनाङमा नरेन्द्रजंग गुरुङले नेपाली कङ्ग्रेसको राजनीतिक शुरूआत गरेका हुन् । उनी २००७ सालको राणा विरोधी आन्दोलनमा सहभागी थिए । उनी २०१५ सालको पहिलो आम निर्वाचनमा १०१ नं. क्षेत्रबाट ८३६७

मत ल्याएर निर्वाचित भएका थिए । तर, पञ्चायती व्यवस्था लागू भएपछि उनी पञ्चायत प्रवेश गरे । दुई पटक राष्ट्रिय पञ्चायत सदस्यमा चुनिए ।

घेलाञ्चोकका नन्दराम गुरुङ २०१६ सालदेखि कङ्ग्रेस राजनीतिमा लागेका हुन् । तत्कालीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालासँगको भेटपछि उनले पार्टी सदस्यता लिएका थिए । उनकै सक्रियतामा २०१८ सालमा कङ्ग्रेसको जिल्ला कार्यसमिति गठन भएको थियो । त्यस बेला तिल्चेका दलसिंह घले सभापति, नाचे गाउँका कुम्भराज गुरुङ उपसभापति, घेलाञ्चोकका नन्दराम गुरुङ सचिव, ताचे गाउँका लक्षिना घले कोषाध्यक्ष र थानचोकका रामबहादुर घले र विष्णु घले सदस्य थिए । तिल्चेका बखतबहादुर घले, ताचेका पतिराम घले, बगरछापका काल्तेन लामा, ओङ्टा लामा, धोर्जे डण्डुल लामा, पतिराम शेरचन, थानचोकका शुभ घले, रनु घले, चामेका कर्मध्याल्पु लामा, ठोक्याल लामा पुराना कङ्ग्रेसी कार्यकर्ता हुन् । पछि यिनीहरू सबै पञ्चायत प्रवेश गरे । दलमाथि प्रतिबन्ध लगाएपछि दलसिंह घले, बखतबहादुर घले र पतिराम घले पक्राउ परेका थिए ।

पञ्चायत कालमा तत्कालीन शासन व्यवस्थाको विरोधका लागि प्रजातान्त्रिक विचारका विद्यार्थीहरूले २०२२ सालमा गण्डकी छात्र समिति स्थापना गरेका थिए । तिल्चेनिवासी कोमलबहादुर घले यस समितिमा थिए । २०२९ सालमा उनले नेपाली कङ्ग्रेसका नेता कृष्णप्रसाद भट्टराईबाट औपचारिक रूपमा नेपाली कङ्ग्रेसको सदस्यता लिए र त्यसै वर्ष जिल्ला फर्केर थोंचेको प्रकाश ज्योति उच्च माध्यमिक विद्यालयमा स्वयंसेवक शिक्षकका रूपमा काम गर्न थाले । २०३० सालमा शिक्षण पेसा छाडेर सक्रिय राजनीतिमा लागे । त्यसै बेला उनी नेपाली कङ्ग्रेसको जिल्ला सभापति र नन्दराम गुरुङ सचिव चुनिए । घले पञ्चायत कालमा जिल्ला पञ्चायतको सदस्यसमेत भएका थिए । पार्टीमा केही घले र गुरुङ जाति भए पनि त्यसमा महिला र दलित थिएनन् । उपल्लो मनाङ र नार-उपत्यकाका मानिस कुनै पनि पार्टीमा आबद्ध थिएनन् । त्यस बेला त्यहाँ राजनीतिक चेतना थिएन ।

२०४६ सालको सत्ता परिवर्तनपछि पञ्चायत समर्थित गण्डकी अञ्चलकी महिला सङ्गठनकी सभापति चिउडे लामा पनि नेपाली कङ्ग्रेसमा आबद्ध भइन् । उनको दाबीलाई पत्याउने हो भने उनी पञ्चायत कालमा पनि भित्री तवरले नेपाली कङ्ग्रेलाई नै सहयोग हुने काम गर्थिन् । कोमल घलेकी बहिनी मोहनकुमारी घले लगायतका महिला नेपाली कङ्ग्रेसमा देखा पर्न थाले । धारापानी गाउँ विकास समितिका गम्भीरजंग वि.क. पनि नेपाली कङ्ग्रेसमा आबद्ध भए । पार्टीमा गुरुङ र घलेकै बाहुल्यता भयो । उपल्लो भेगका मनाङीहरू आफ्नो नाता पर्नेहरू (जसको समाजमा बोली बिक्छ) कता लागेका छन्, त्यही पार्टीलाई भोट खसाल्ने भए पनि अधिकांश मानिस राजनीतिक दलमा लागेनन् ।

२०३० देखि २०५२ सालसम्म कोमलबहादुर घलेले नै पार्टी प्रमुखको जिम्मेवारी सम्हाले । त्यसपछि क्रमशः पाल्तेन गुरुङ, ग्याल्पो गुरुङ, चिन्ताबहादुर घले, शंकर गुरुङ र टेकबहादुर गुरुङले पार्टी सभापतिको जिम्मेवारी सम्हालेका छन् । अहिले पार्टीलाई समावेशी बनाउन वा महिला र दलितका कोटा परिपूर्तिका लागि उनीहरूलाई आफ्नो पार्टी सङ्गठनमा आबद्ध गराए पनि खासै ठूलो जिम्मेवारी दिइएको छैन । नेतृत्व तहमा रहेका पार्टी कार्यसमितिका अधिकांश सदस्य काठमाडौंमा भेटिन्छन् । अध्यक्ष टेकबहादुर गुरुङ, उपाध्यक्ष राज घले, सचिव सुरेन्द्र गुरुङ, कोषाध्यक्ष कर्म घले छन् । पार्टी सभापतिमा चुनिएपछि टेकबहादुर गुरुङले ओङ्गेल गुरुङलाई उपसभापति नियुक्ति गरेका थिए तर उनले उक्त पद स्वीकार गरेनन् । २०७० मङ्सिर ४ मा भएको

संविधानसभा-२ निर्वाचनमा ओङ्गेलकी श्रीमती इटेन गुरुङ राप्रपाको समानुपातिक उम्मेदवार बनिन् । नेपाली कङ्ग्रेसले ओङ्गेललाई पार्टी उपसभापति बनाए पनि उनले निर्वाचनमा राप्रपालाई नै समर्थन गरे ।

राष्ट्रिय प्रजातन्त्र पार्टी

मनाङको पुरानो र बलियो सङ्गठन भएको पार्टी राप्रपा हो । २०३७ सालको जनतम सङ्ग्रहमा उपल्लो मनाङबाट बहुदल पक्षधरलाई एक भोट पनि खसेको थिएन । राजा महेन्द्रले उपल्लो भेगका मनाङीहरूलाई समुद्रपार व्यापार गर्न राहदानी र बाहिरबाट ल्याएको सामान (१० हजार मूल्य बराबरको) मा कर तिर्न नपर्ने व्यवस्था मिलाइदिएका थिए । यस सुविधाले मनाङीको जीवनस्तरमा ठूलो परिवर्तन ल्यायो । त्यसैले यस क्षेत्रमा राजा र पञ्चायती व्यवस्थाप्रति समर्थन बढेको थियो । पञ्चायत कालमा तल्लो मनाङ र नार-फू क्षेत्रमा विकासका ठूला काम भएका थिए । त्यसैले पञ्चायती व्यवस्थाप्रति उनीहरूको सम्मान र समर्थन थियो । २०४६ सालको सत्ता परिवर्तनपछि सक्रिय पञ्चहरू मिलेर राष्ट्रिय प्रजातन्त्र पार्टी गठन गरे । शुरूमा यसको नेतृत्व शेरबहादुर गुरुङले सम्हाले । उपल्लो मनाङका धोर्जे गुरुङ निकै सक्रिय नेताका रूपमा उदाए । २०५४ देखि २०५८ सालसम्म उनैले पार्टीको नेतृत्व सम्हाले । डिमानसिंह गुरुङ, कप्ली गुरुङ, भुजुङ गुरुङ, बिन घले लगायतका मानिस जिल्लामा सक्रिय भए । उनीहरू अझै सक्रिय छन् । यसको केही समयपछि धोर्जे गुरुङले पार्टीको नेतृत्व सम्हाले । २०५८ सालदेखि हालसम्म कप्ली गुरुङ पार्टी अध्यक्ष छन् । पार्टीमा दलित पनि छन् । कप्ली गुरुङ अध्यक्ष, खमसुङ गुरुङ उपाध्यक्ष, बिन घले सचिव, प्रेमसिंह गुरुङ कोषाध्यक्ष हुन् । सदस्यहरूमा शेरबहादुर गुरुङ, धोर्जे गुरुङ, डिमानसिंह गुरुङ, बिन घले, कान्छा गुरुङ, कर्म फुन्जो गुरुङ, ट्रिपल पी गुरुङ (यिनी अहिले आफ्नो समूहसहित एमाले प्रवेश गरिसकेका छन् ।), पाल्देन गुरुङ लगायत छन् । महाधिवेशन प्रतिनिधिमा शान्ता परियार र नविना परियार रहेका छन् । पार्टीमा गुरुङको बाहुल्यता छ ।

नेपाल कम्युनिस्ट पार्टी

नेपालमा कम्युनिस्ट पार्टी धेरै छन् । मनाङमा एमाओवादी, नेकपा माओवादी र एमालेको मात्र सङ्गठन छ । धारापानी गाविसस्थित नाचे गाउँका डिल्लीजंग गुरुङ र गणेशबहादुर गुरुङ मनाङे कम्युनिष्ट आन्दोलनका अगुवा हुन् । जिल्लामा विधिवत् रूपमा कम्युनिष्ट पार्टीको स्थापना भने २०३४ सालमा भएको हो । पञ्चायत कालमा स्नातकोत्तर तहका विद्यार्थीहरूले 'राष्ट्रिय विकास सेवा' कार्यक्रमअन्तर्गत देशका दुर्गम जिल्लामा गएर १० महिनासम्म अध्यापन गराउनुपर्थ्यो । यसै क्रममा २०३३ साल भदौमा लमजुङनिवासी तारा न्यौपाने मनाङ पुगेका थिए । उनले २०३४ साल वैशाखसम्म नाचे गाउँको हिमचुली निम्नमाध्यमिक विद्यालयमा पढाए । यति बेला यस कार्यक्रममा सहभागी हुनेलाई 'विकासे मास्टर' भनिन्थ्यो ।

तर उनी 'विकासे मास्टर' को रूपमा मात्र बसेनन् । कम्युनिष्ट सङ्गठन विस्तारमा लागे । संयोगवश उनको नाचे गाउँमा कम्युनिष्ट विचारधारामा आकर्षित डिल्लीजंग गुरुङ र गणेशबहादुर गुरुङसित भेट भयो । उनीहरूलाई त्यसभन्दा पहिला नै खगेन्द्रजंग गुरुङले कम्युनिष्ट बन्नुपर्छ भनेका रहेछन् । यसैका आधारमा गुरुङद्वयले २०२० सालदेखि वामपन्थी विचारधाराप्रति आस्था राख्न थालेका रहेछन् । न्यौपानेले गुरुङद्वयलाई कम्युनिष्ट नेता मोहनविक्रम सिंहले लेखेको पुस्तक 'पेमा लामा प्रश्नोत्तर माला', माओ-त्से-तुङका 'रेड बुक', 'सामान्य कम्युनिस्ट ज्ञानमाला' जस्ता पुस्तक उपलब्ध गराए । यी पुस्तकले उनीहरूलाई कम्युनिस्ट सिद्धान्तबारे

राम्रोसँग बुझायो । यसपछि उनीहरूले जिल्लामा कम्युनिस्ट बनाउने योजना बनाए । यसै क्रममा अर्का सहयोगी पात्र बने ओडार गाउँका देव गुरुङ एमाओवादी नेता । उनी तत्काल दुर्गम क्षेत्रको छात्रवृत्ति कोटाअन्तर्गत ओभरसियर पढ्न पुल्चोक क्याम्पस गए । यही बसाइमा न्यौपानेले डिल्लीजंग र गणेशबहादुरलाई पार्टीसँग सम्पर्क गराए । तत्काल नेकपा चौमका केन्द्रीय सदस्य खम्बसिंह कुँवर एक सहयोगीका साथ मनाङ आए । डिल्लीजंग गुरुङ, गणेशबहादुर गुरुङ र हिमचुली निम्नमाध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक रामु गिरी सम्मिलित तीन सदस्यीय मनाङ जिल्ला कार्यसमिति गठन भयो । यो नै मनाङमा कम्युनिष्ट पार्टीको पहिलो औपचारिक समिति थियो । लगत्तै गुरुङद्वयले भारतको गोरखपुरमा कम्युनिष्ट पार्टीका वरिष्ठ नेता निर्मल लामासँग भेटघाट गरेका थिए ।

एमाओवादी

माओवादीले राजतन्त्रको अन्त्य गरी गणतन्त्र स्थापनाका लागि २०५२ फागुन १ देखि (१३ फेब्रुअरी १९९६) ११ वर्ष लामो सशस्त्र विद्रोह गरेको थियो । विद्रोह थाल्नुअघि गणेशबहादुर गुरुङले यस पार्टीलाई दुइटा राइफल दिएका (बिक्री गरेका) थिए । उक्त हतियार लिन पुष्पकमल दाहाल 'प्रचण्ड' र रामबहादुर थापा 'बादल' मनाङ गएका थिए । एउटा राइफल मनाङबाट ल्याउँदाल्याउँदै बाटामै बिग्रियो । माओवादी पार्टीले त्यही नबिग्रिएको राइफलबाट आफ्ना लडाकूलाई हतियार चलाउने तालिम दिएको थियो । स्वतन्त्र तिब्बतका पक्षमा सशस्त्र विद्रोह गरेका खम्पाहरू २०१७ सालमा मनाङ आइपुगेका थिए । उनीहरूसँग अत्याधुनिक हतियार थियो । गणेशबहादुरले माओवादीलाई खम्पाबाट प्राप्त हतियार उपलब्ध गराएका थिए । पछि गणेशबहादुर र डिल्लीजंग गुरुङ दुवै जना एमाओवादी केन्द्रीय सल्लाहकार पनि भए । धारापानी गाविसस्थित ओडारगाउँका देव गुरुङ पार्टीको केन्द्रीय समितिमा थिए । यस पार्टीको जिल्ला अध्यक्षमा कपिल लामा, उपाध्यक्ष तेजजंग गुरुङ र याङ्दुङ गुरुङ छन् । केन्द्रीय सदस्य लक्ष्मी लामाले जिल्ला सचिवको जिम्मेवारी पनि सम्हालेकी छन् । जिल्ला कोषाध्यक्ष मीनरासी गुरुङ हुन् । कार्यसमिति सदस्यहरूमा पासाङ विष्ट, पेम्बा लामा, सविता लामा, टोलबहादुर गुरुङ, आँशु परियार रहेका छन् ।

नेकपा–माओवादी

२०७० सालमा एमाओवादी टुक्रिएपछि नेकपा-माओवादीको गठन भयो । मनाङका देवप्रसाद गुरुङ यस पार्टीका केन्द्रीय सचिव भए । उनकी श्रीमती यशोदा सुवेदी पनि पार्टीको केन्द्रीय समितिमा पुगिन् । मनाङका अगुवा कम्युनिष्ट नेता डिल्लीजंग गुरुङ पनि यस पार्टीका केन्दीय सल्लाहकार छानिए । जिल्ला इन्चार्ज वेदबहादुर गुरुङले सम्हाले । जिल्ला पार्टी कार्यसमितिमा धर्मजंग गुरुङ, हिराबहादुर गुरुङ, दीप गुरुङ, धर्मजंग गुरुङ नाचै, पाल्तेन गुरुङ, तिलबहादुर गुरुङ, मीनराज गुरुङ, सोनाम तप्के गुरुङ, झलकबहादुर गुरुङ चयन भए । क्रान्तिकारी महिला सङ्गठनकी जिल्ला प्रमुख युगमाया गुरुङ हुन् । दलित र महिलाहरू सङ्गठित कार्यकर्ता भए पनि उनीहरूलाई खासै जिम्मेवारी दिइएको छैन । छिउँटा लामा, मेघलाल गुरुङ, टोलप्रसाद ढुङ्गाना र प्रेम घले सल्लाहकार समिति सदस्य बन्न सफल भए ।

एमाले

२०५० सालमा मनाङमा जनमोर्चा नेपालका कार्यकर्ताले स्थानीय तहमा विद्रोह गरी एमाले गठन गरेका हुन्। पार्टी स्थापना भएपछि स्याङ्जानिवासी भीमबहादुर कार्कीले सचिव पद सम्हालेका थिए। २०७१ सालमा भएको पार्टीको महाधिवेशनपछि मनबहादुर गुरुङ अध्यक्ष भए। पार्टीको उपाध्यक्षमा मंगलबहादुर गुरुङ, सचिव तुलसीराम गुरुङ, उपसचिव मनबहादुर परियार रहेका छन्। कार्यसमिति सदस्यहरूमा जुनुमाया गुरुङ, मेघधन गुरुङ, रत्नकुमारी गुरुङ, धनकुमारी गुरुङ, भीमबहादुर श्रेष्ठ छन्। अन्य पार्टीको तुलनामा यो पार्टी बढी समावेशी छ।

सन्दर्भ सामग्री

ठाकुरप्रसाद कोइराला, 'मनाङमा घले राजाको आगमन र पतन' मनाङ एक परिचय सन् १९८१।

'नेपालका आम निर्वाचन', *अन्तर्राष्ट्रिय मञ्च*, सन् १९९९ अगस्ट।

प्रदीप पोखरेल, 'मनाङ पिपल एण्ड प्लेसेस' सन् २००८।

जिल्ला विकास समितिद्वारा विभिन्न समयमा प्रकाशित बुलेटिन।

स्याङ्जामा जातीय र लैङ्गिक समावेशीकरण

पूर्ण विके

राजनीति नै समाज परिवर्तनको मूल नीति हो । समाज परिवर्तनको मुख्य आधार मानिएको राजनीति अनुकरणीय र समावेशी हुन आवश्यक छ। जातिय र लैङ्गिक रूपमा समावेशी नभएका राजनीतिक दलहरूले सबै जनताको विश्वास कायम गर्न सक्दैनन् । दलहरू समावेशी भए मात्र जनताले आफ्नो प्रतिनिधिलाई राजनीतिक दलभित्र पाएको महसुस गर्छन् । प्रतिनिधिबाट आएका मतअभिमतलाई सम्बोधन गर्न राजनीतिक दललाई सहज हुन्छ। लोकतान्त्रिक पद्धति भनेको नै समावेशीकरणको सिद्धान्त अँगाल्ने अभ्यास हो । जुन दल बढी समावेशी हुन्छ त्यही दल व्यवहारमा बढी जनउत्तरदायी कहलिन्छ । आफ्ना माग र एजेण्डालाई अर्काले सम्बोधन गर्ने विगतमा जस्तो पद्धति लोकतान्त्रिक समाजमा स्वीकार्य हुँदैन । जबसम्म सबै जात/जाति, भाषा, धर्म-संस्कृति र लिङ्गका मानिसलाई राजनीतिक दलमा स्थान दिइँदैन तबसम्म उनीहरूको एजेण्डा प्रभावकारी रूपमा अघि बढ्न सक्दैन ।

राज्यका प्रत्येक क्षेत्रमा आफ्नो हिस्सा र स्थान नपाएका र पाएकाहरूबीच वैमनस्य, रिस-राग र कटुता व्यक्त हुँदै जान्छ । यसले गर्दा कालान्तरमा द्वन्द्व निम्तन सक्छ ।

स्याङ्जा जिल्ला पश्चिमाञ्चलको गण्डकी अञ्चलमा पर्छ । यसको पूर्वमा तनहुँ, पश्चिममा गुल्मी र पाल्पा, उत्तरमा पर्वत र कास्की तथा दक्षिणमा पाल्पा पर्छ । यो जिल्ला १ हजार १ सय ६४ वर्गकिलोमिटरमा फैलिएको छ । जनगणना २०६८ को तथ्याङ्क अनुसार ६८ हजार ८ सय ८१ परिवारमा १ लाख २५ हजार ८ सय ३३ पुरुष र १ लाख ६३ हजार ३ सय १५ महिला गरी २ लाख ८९ हजार १ सय ४८ मानिस बस्छन् । यीमध्ये बाहुन ८९ हजार २ सय ९१ (३०.९ प्रतिशत), मगर ६२ हजार ७४ (२१.५ प्रतिशत), क्षत्री ३३ हजार ३ सय २७ (११.५ प्रतिशत), गुरुङ २५ हजार ९ सय २६ (९.० प्रतिशत), कामी २३ हजार १ सय ९५ (८.० प्रतिशत), सार्की ११ हजार ६ सय ५८ (४.० प्रतिशत), दमाईं १० हजार ७ सय ९१ (३.७ प्रतिशत), नेवार ९ हजार ६ सय ३५ (३.३ प्रतिशत), ठकुरी ७ हजार ९७ (२.५ प्रतिशत) र घर्ती/भुजेल ७ हजार २२ (२.४ प्रतिशत) छन् ।

स्याङ्जा नाम रहनाको कारण

जिल्लाको नाम स्याङ्जा रहनुमा धेरै भनाइ छ । अठारौं शताब्दीतिर आँधीखोला उर्लंदै आएपछि एक जना वृद्धाले 'स्याङ्इय जा' भन्ने कामना गरेछन् र खोलो सुकेर गएछ । 'स्याङ्इय जा' बाट अपभ्रंश हुँदै स्याङ्जा रहेको भनाइ छ । अर्को भनाइ अनुसार मुलुक एकीकरण हुनु पहिले सेन वंशीय राज्य भएकाले उनीहरूकै थरबाट अपभ्रंश हुँदै 'स्याङ्जा' हुन पुगेको किंवदन्ती छ ।

राणा शासनदेखि २०१७ सालसम्म

अन्य जिल्लामा जस्तै बडाहाकिमले स्याङ्जामा पनि राज्यको प्रतिनिधिको रूपमा कर उठाउने र कारबाही गर्नेसम्मका अधिकार पाएका थिए। एकै गाउँमा एउटा मुखिया रहने प्रचलन भए पनि जनघनत्व र क्षेत्रफलको आधारमा थप मुखिया राख्ने गरिन्थ्यो। तत्कालीन बडाहाकिमलाई रिझाउन सक्ने बाहुन मुखिया हुन्थे। अन्य जिल्लामा जस्तै मुखियाको निर्देशनमा चोक र डिट्ठाले काम गर्थे। यस जिल्लामा महिला र दलितबाट मुखिया, चोक, डिट्ठा कोही पनि भएनन्।

बहुदलीय प्रजातन्त्रको पुनर्बहालीदेखि लोकतन्त्रसम्म

यस जिल्लाबाट २०४८ सालको प्रतिनिधिसभा निर्वाचनमा चारवटै क्षेत्रबाट नेपाली कङ्ग्रेसका गोपालमान श्रेष्ठ, रूपमान गुरुङ, दिनबन्धु अर्याल र शंकर पाण्डे निर्वाचित भए।

२०५१ सालको मध्यावधि निर्वाचनको बेला ३ क्षेत्र कायम गरियो। उक्त निर्वाचनमा सबै क्षेत्रमा एमाले उम्मेदवार हितकाजी गुरुङ, ध्रुव लम्साल र महेन्द्र थापा विजयी भए। २०५६ सालमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा क्षेत्र-१ बाट एमालेका हितकाजी गुरुङ, क्षेत्र-२ बाट नेपाली कङ्ग्रेसका गोपालमान श्रेष्ठ र क्षेत्र-३ बाट मोहन पाण्डे निर्वाचित भए।

२०६२/६३ सालको दोस्रो जनआन्दोलनपश्चात् २०६४ चैत २८ गते सम्पन्न संविधानसभा निर्वाचनमा एमाओवादीको देशव्यापी जनलहर देखिए पनि स्याङ्जामा उक्त पार्टी विजयी भएन। उक्त निर्वाचनमा क्षेत्र-१ बाट एमालेका हितकाजी गुरुङ, क्षेत्र-२ र ३ बाट नेपाली कङ्ग्रेसका गोपालमान श्रेष्ठ र मोहन पाण्डे निर्वाचित भए। २०७० सालमा सम्पन्न दोस्रो संविधानसभा निर्वाचनमा क्षेत्र-१ र २ मा नेपाली कङ्ग्रेसका राजु थापा र कमल पंगेनी र क्षेत्र-३ बाट एमालेका मुक्ति पाठक निर्वाचित भए। यस जिल्लाबाट संविधानसभाका दुवै निर्वाचनमा प्रत्यक्ष र समानुपातिक कुनै पनि निर्वाचन पद्धतिबाट महिला र दलितको सहभागिता हुन सकेन। जनजातिको समावेशीकरण भने राम्रो देखियो।

जिल्ला विकास समितिमा प्रतिनिधित्व

२०४९ सालको स्थानीय निकाय निर्वाचनमा जिविस सभापतिमा नेपाली कङ्ग्रेसका गोपालमान गुरुङ निर्वाचित भए। १३ सदस्यीय कार्यसमितिका पदाधिकारीमा बाहुन-क्षेत्री ८४.६१ प्रतिशत, जनजाति १५.३८ प्रतिशत थिए। जसमा महिला ७.६९ प्रतिशत थिए।

२०५४ सालको स्थानीय निकाय निर्वाचनमा जिविस सभापतिमा एमालेका रामबहादुर थापा निर्वाचित भए। १३ सदस्यीय जिल्ला विकास समितिको कार्यसमितिमा बाहुन-क्षत्री ७६.९२ प्रतिशत, जनजाति २३.०७ प्रतिशत अनि महिला ७.६९ प्रतिशत थिए। २०६१ सालमा राष्ट्रिय प्रजातन्त्र पार्टीका रामबन्धु रेग्मी जिविस सभापतिमा मनोनीत भए। मनोनीत प्रतिनिधिहरूले काम प्रभावकारी रूपमा गर्न सकेनन्।

जिल्लामा क्रियाशील राजनीतिक दल

यस जिल्लामा २०४६ देखि २०६२/६३ सालसम्म सम्पन्न निर्वाचनमा नेपाली कङ्ग्रेस र एमालेका उम्मेदवार निर्वाचित भए। २०६२/६३ को जनआन्दोलनपछि माओवादीले जिल्लामा सक्रियता बढाए पनि

संविधानसभाका दुवै निर्वाचनमा कुनै पनि सिटमा जित्न सकेन । यी दलबाहेक राप्रपा नेपाल, नेकपा माले, राष्ट्रिय जनमुक्ति पार्टी, नेकपा-माओवादी, नेकपा एकीकृत, राप्रपा, नेकपा संयुक्त, सङ्घीय समाजवादी पार्टी र अखण्ड नेपाल पार्टी सक्रिय छन् ।

एमाले

२०४७ सालमा एमाले जिल्ला कार्यसमितिलाई चक्र पराजुलीले नेतृत्व गरे । २०५२ सालमा प्रेमनारायण पौडेलले १३ सदस्यीय कार्यसमितिका साथ एमाले स्याङ्जाको नेतृत्व सम्हाले । उक्त कार्यसमितिका पदाधिकारीको नामावली एमाले स्याङ्जामा प्राप्त हुन सकेन । २०५४ सालमा प्रेमनारायण पौडेल जिल्ला सचिव भए भने सोही दलबाट विभाजित भई बनेको मालेको जिल्ला सचिवमा चक्र पराजुली छानिए । यस पटक पनि पौडलको कार्यसमितिमा १३ सदस्य नै थिए । उक्त समितिमा बाहुन-क्षत्री ६९.२३ प्रतिशत, जनजाति २३.०७ प्रतिशत, दलित ७.६९ प्रतिशत थिए । महिला ३०.७६ प्रतिशत थिए ।

२०६९ सालमा माले पुनः एमालेमै विलय भएपछि चक्र पराजुलीले एमालेको नेतृत्व सम्हाले । २०६९ माघ २८ मा सम्पन्न आठौँ अधिवेशनले पद्मा अर्याललाई अध्यक्षमा निर्वाचित गऱ्यो । ६० सदस्यीय अर्यालको जिल्ला कार्यसमितिमा बाहुन-क्षत्री ३८.३३ प्रतिशत, जनजाति २५.०० प्रतिशत, दलित ११.६६ प्रतिशत र मुसलमान १.६६ प्रतिशत थिए । महिला ३१.६६ प्रतिशत थिए । पद्मा केन्द्रीय सदस्य भएपछि २०७१ भदौ २१ गतेदेखि मीनप्रसाद गुरुङले नेतृत्व सम्हाले । उनको कार्यसमितिमा बाहुन-क्षत्री ६१.०१ प्रतिशत, जनजाति २५.४२ प्रतिशत, दलित १०.१६ प्रतिशत, मुसलमान १.६९ प्रतिशत र महिला ३०.५० प्रतिशत छन् ।

नेपाली कङ्ग्रेस

२०४६ सालको जनआन्दोलनपश्चात् स्याङ्जामा गोपालमान श्रेष्ठको नेतृत्वमा सङ्गठन विस्तार भयो । आठौँ अधिवेशनमा खगेन्द्रराज रेग्मी सभापति नियुक्त भएकोमा उनलाई बर्खास्त गरी दिनबन्धु अर्यालले नेतृत्व सम्हाले । उनीहरूको कार्यकालपछि नवौँ अधिवेशनमा श्रीप्रसाद जिटीलाई पनि बर्खास्त गरी शंकरप्रसाद पाण्डेले सभापतिको नेतृत्व सम्हाले । उनको कार्यसमितिमा बाहुन-क्षत्री ८४. ८४ प्रतिशत, जनजाति ९.०९ प्रतिशत, दलित ३.०३ प्रतिशत, मुसलमान ३.०३ प्रतिशत र महिला १२.१२ प्रतिशत थिए ।

दशौँ अधिवेशनपछि गठित खगेन्द्रराज रेग्मी नेतृत्वको कार्यसमितिमा बाहुन-क्षत्री ८१.८१ प्रतिशत, जनजाति १२.१२ प्रतिशत, दलित ३.०३ प्रतिशत, मुसलमान ३.०३ प्रतिशत र महिला १५.१५ प्रतिशत थिए । एघारौँ अधिवेशनले जिल्ला सभापतिमा पुनः खगेन्द्रराज रेग्मीलाई नै चुन्यो । रेग्मीको कार्यसमितिमा बाहुन-क्षत्री ८१.८१ प्रतिशत, जनजाति १२.१२ प्रतिशत, दलित ३.०३ प्रतिशत, मुसलमान ३.०३ प्रतिशत र महिला १२.१२ प्रतिशत थिए ।

बाह्रौँ जिल्ला अधिवेशनले कमलप्रसाद पंगेनीको नेतृत्वमा कार्यसमिति गठन गऱ्यो । पंगेनीको कार्यसमितिमा बाहुन-क्षत्री ७५.७५ प्रतिशत, जनजाति १५.१५ प्रतिशत, दलित ६.०६ प्रतिशत, मुसलमान ३.०३ प्रतिशत र महिला १८.१८ प्रतिशत समावेश थिए ।

एमाओवादी

शैलेन्द्र घिमिरेको नेतृत्वमा चार वर्षअघि गठित ४१ सदस्यीय जिल्ला कार्यसमितिमा बाहुन-क्षत्री ३६.५६ प्रतिशत, जनजाति ५१.२१ प्रतिशत, दलित ९.७५ प्रतिशत, मुसलमान २.४३ प्रतिशत र महिला १९.४४ प्रतिशत समावेश थिए। २०७० वैशाख १४ गतेबाट घिमिरेले नेतृत्व सम्हालेका हुन्।

यसअघि नेतृत्वमा रामराज शर्मा थिए। शर्माको कार्यकालमा समेत बाहुन-क्षत्री ४३.७४ प्रतिशत, जनजाति ३६.४५ प्रतिशत, दलित १४.५८ प्रतिशत, मुसलमान ४.८६ प्रतिशत र महिला १९.४४ प्रतिशत समावेश थिए।

राष्ट्रिय जनमुक्ति पार्टी

बमबहादुर लामिछाने मगर नेतृत्वमा गठित राष्ट्रिय जनमुक्ति पार्टीको जिल्ला कार्यसमिति १३ सदस्यीय छ। कार्यसमितिमा सबै मगर छन्। जसमा महिलाको बाहुल्यता ३८.४६ प्रतिशत रहेको छ। क्षेत्रीय समितिमा भने न्यून सङ्ख्यामा कुमाल, भुजेल र गुरुङ पनि समेटिएका छन्।

राष्ट्रिय जनमोर्चा

राजेन्द्र गैरे नेतृत्वमा गठित २३ सदस्यीय जिल्ला कार्यसमितिमा बाहुन-क्षत्री ७३.९१ प्रतिशत, जनजाति २१.७३ प्रतिशत, महिला १७.३९ प्रतिशत र दलित ४.३४ प्रतिशत छन्। कुनै पनि मुसलमान कार्यसमितिमा समावेश गरिएका छैनन्।

सन्दर्भ सामग्री

१. बुद्धिबहादुर राना (कुमार), जिल्ला सचिव, नेपाली कङ्ग्रेस।
२. रामचन्द्र (आरसी) भट्टराई, जिल्ला उपसचिव एमाले।
३. गुप्तबहादुर मल्ल, प्रवक्ता राप्रपा नेपाल।
४. पारस गैह्रे, अध्यक्ष, नेकपा माओवादी।
५. राजेन्द्र गैह्रे, अध्यक्ष, राष्ट्रिय जनमोर्चा।
६. दीपक पौडेल, स्याङ्जावासी तथा प्रशासकीय अधिकृत प्रशासन कार्यालय, स्याङ्जा।
७. ओमप्रकाश शर्मा, पत्रकार, स्याङ्जा।
८. विभिन्न पार्टीका जिल्ला कार्यसमितिको पुस्तिका अवलोकन।
९. पार्टीको विधान र घोषणापत्र।

प्यूठानका प्रमुख दलहरू कति समावेशी ?

काशीराम डाँगी

मध्य पश्चिमाञ्चल विकास क्षेत्रको राप्ती अञ्चलमा पर्ने प्यूठान जिल्ला नेपाल राज्यको एकीकरण पूर्व गण्डकी क्षेत्रमा विस्तारित चौबीसे राज्यमध्ये शक्तिशाली राज्य थियो । यस जिल्लाको पूर्वमा गुल्मी, पश्चिममा दाङ र रोल्पा, उत्तरमा रोल्पा र बागलुङ तथा दक्षिणमा दाङ र अर्घाखाँची छन् । समुद्री सतहबाट ३०५ देखि ३६५९ मिटरको उचाइमा अवस्थित यस जिल्लाको क्षेत्रफल १३६५ वर्गकिलोमिटर छ ।

प्यूठान शब्दको उत्पतिबारे मतैक्य छैन । कर्क पेट्रिकले प्रार्थना (पूरथाना) बाट अपभ्रंश हुँदै प्यूठान भएको, ह्यामिल्टनले पुजुठानबाट प्यूठान, ओल्ड फिल्डले प्रार्थनाबाट प्यूठान नाम रहन गएको र योगी नरहरिनाथले प्लुथानबाट प्यूठान रहन गएको उल्लेख गरेका छन् । अर्थात् प्रतिष्ठाना-प्यूठाना-पिउठाना हुँदै प्यूठान नाम रहन गएको हो भन्ने साझा भनाइ छ । पृथ्वीनारायण शाहले समयसमयमा लेखेका पत्रहरूमा, पिउठानी, पिउठाना भनी उल्लेख गरेको पाइन्छ । सुरक्षा सम्बन्धी शब्द – पिउठ बस्ने ठाना भएकोले पिउठानाबाट अपभ्रंश भई पिउठान नाम रहन गएको थियो भन्ने तर्क पनि आम रूपमा बलियो रहेको पाइन्छ ।

प्यूठान राज्य कहिले स्थापना भयो भनी बताउने साधन र स्रोतको अभाव छ । वि.सं. १५१५ वा १५६० तिर चन्दवंशी राजाले प्यूठानमा स्वतन्त्र राज्य स्थापना गरेको भन्ने भनाइ भए पनि किटानीसाथ भन्न सकिँदैन । प्यूठान राज्यको राजधानी भित्रीकोटमा रहेको र मोदिनी वर्मनले वि.सं. १५१५ मा आफ्ना कान्छा जुवाईं चन्दवंशका लटराज चन्दलाई राजा बनाएको प्रमाण पृथ्वीनारायण शाहले काजी कालु पाँडेलाई लेखेको पत्रमा 'प्यूठाना पर्वतभित्र कति राजा छन् ...' भनी उल्लेख गर्नुले प्यूठानभित्र थुप्रै रजौटा भएको भान मिल्छ । रोल्पाका ध्वजबहादुर चन (उति बेला चन्दलाई चन भनी लेख्ने चलन पनि थियो) सँग रहेको वंशावली अनुसार प्यूठानका राजाहरूको नामावली निम्नानुसार छ : १. लट राज, २. भुवराज, ३. नरहरि राज, ४. नरिन्द्र राज, ५. गजिन्द्र राज, ६. सुर्तान राज, ७. दलपति राज, ८. शंसाही राज, ९. पृथ्वीपति राज, १०. उदत राज, ११. मोती चन्द राज, १२. मानिक चन्द राज, १३. दीपप्रताप चन्द राज, १४. रुद्रप्रताप चन्द राज ।

एउटा राजाले २५ वर्षसम्म शासन गर्छन् भन्ने इतिहासकारको मान्यतालाई आधार मान्दा यी चन्द राजाहरूले ३५० वर्ष जति राज्य गरेको अनुमान गर्न सकिन्छ । वि.सं. १८४३ मा गोरखाली सेना प्यूठान हान्न आउँदा विना लडाइँ जित भएपश्चात् यो ठाउँ नेपालमा गाभिएको थियो ।

२०१९ सालपूर्व प्यूठान भित्रीकोट, नारीकोट, उदयपुरकोट, माडीखोला, कालाशेष र बाइसखुवा गरी छ थुममा विभाजित भएकोमा २०१९ सालमा कालाशेष र बाइसखुवा रोल्पामा गाभिए । २०१५ सालमा महानिर्वाचन हुँदा प्यूठानमा निर्वाचन क्षेत्र नं. ८३, ८४ र ८५ पर्थ्यो । २०१९ सालपछि प्यूठानमा एक निर्वाचन क्षेत्र, नौ इलाका, गाउँ पञ्चायतका ४९ केन्द्र थिए । २०४८ सालमा यस जिल्लालाई दुई संसदीय निर्वाचन

क्षेत्र, ११ इलाका, ४९ गाविस र एक नगरपालिकामा विभाजन गरियो । यस जिल्लाको सदरमुकाम खलङ्गा हो । अहिले एक नगरपालिका छ ।

२०६८ सालको जनगणना अनुसार प्यूठानको जनसङ्ख्या २,२८,१०२ छ । यहाँ सबैभन्दा बढी मगर जाति छन् । मगर ७४,३१२ (महिला ४१,२९३), क्षत्री ५६,९१७ (महिला ३२,५१६), कामी ३१,७६० (महिला १८,१०४), बाहुन २२,४८८ (महिला १२,४११), सार्की ९६०९ (महिला ५५५३), दशनामी/सन्यासी ७५५० (महिला ४१५५) प्रमुख जातजाति रहेका छन् ।

प्यूठानमा जात/जातिको अवस्था

क्र.सं	जात/जाति	जनसङ्ख्या	प्रतिशत	क्र.सं.	जात/जाति	जनसङ्ख्या	प्रतिशत
१	मगर	७४,३१२	३२.५७	१९	ल्होमी	१६९	०.०७
२	क्षत्री	५६,९१७	२४.९५	२०	बाहुन तराई	४९	०.०२
३	कामी	३१,९६०	१४.०११	२१	बोटे	४६	०.०२
४	बाहुन	२२,४८८	९.८५	२२	राई	३६	०.०१
५	सार्की	९,६०९	४.२१	२३	थामी	३३	०.०१
६	सन्यासी/दशनामी	७,५५०	३.३	२४	कहर	२८	०.०१
७	दमाईं/ढोली	७,२०९	३.१६	२५	लिम्बू	२४	०.०१
८	नेवार	३,८३५	१.६८	२६	मारवाडी	१८	०.००
९	गुरुङ	३,३५१	१.४६	२७	कुसुण्डा	१८	०.००
१०	कुमाल	३,३११	१.४५	२८	कोरी	१८	०.००
११	ठकुरी	२,६०२	१.१४	२९	सोनार	१७	०.००
१२	थारू	१,२९४	०.५६	३०	हजाम/ठाकुर	१६	०.००
१३	घर्ती/भुजेल	१,२४७	०.५४	३१	छन्तेल/छन्त्याल	१४	०.००
१४	मुसलमान	६,१४	०.२६	३२	यादव	१२	०.००
१५	बादी	३८५	०.१६	३३	मल्लाहा	१२	०.००
१६	तामाङ	३६५	०.१६	३४	तराई अन्य	१०१	०.००
१७	गाइने	३०४	०.१३	३५	विदेशी	१८	०.०
१८	थकाली	१९०	०.०८	३६	अपरिचित अन्य	१३०	०.००

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०६८

राजनीतिक अवस्था

राणा शासन विरुद्ध मुलुक प्रजातान्त्रिक आन्दोलनमा होमिएका बेला प्यूठानमा पनि त्यसको प्रभाव पऱ्यो । प्यूठानका बाहुन, क्षत्रीले राणा शासन विरुद्ध राजनीतिक चेतना विस्तार गरे ।

२०१९ सालमा प्यूठानका भित्रीकोट, नारीकोट, उदयपुरकोट, माडीखोला, कालाशेष, बाइसखुवा लगायत ६ थुमका केही महत्वपूर्ण स्थान रोल्पामा गाभिए । त्यस बेला ठकुरी, क्षत्री र बाहुनबाहेक अरूले राजनीतिक काममा भाग लिँदा अचम्मको मानिन्थ्यो । थुम र मौजा (मुखिया र जिम्मवालहरूले स्थानीय तहमा कर

उठाउने र एक प्रकारको शासन चलाउने प्रणाली) मा टाठाबाठा जातिकै वर्चस्व थियो । जनजातिका स्थानीय अगुवालाई समेट्ने गरिएको थिएन ।

पञ्चायत कालमा प्यूठानको राजनीतिमा समावेशीकरणको कुरै उठेको थिएन । जनसङ्ख्याको हिसाबले दोस्रो र चौथो ठूलो समूह क्षत्री र बाहुन जातिका नेता नै राजनीतिको अधिल्लो मोर्चामा थिए । पञ्चायत कालमा यस जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्नेमा टंक जीसी, गिरीराज उपाध्याय, सिद्धिमान जीसी र खेमराज पण्डित पर्छन् । महिला, दलित र जनजातिका प्रतिनिधि राजनीतिको अग्रपङ्क्तिमा थिएनन् ।

बहुदलीय काल

कम्युनिष्ट थलोका रूपमा चिनिएको प्यूठानमा २०४६ सालको आन्दोलनले निकै प्रभाव पारेको थियो । कम्युनिष्ट गतिविधि बढाउन गाउँ हिँडेका शिक्षक मोहनविक्रम सिंह (घर्ती क्षत्री) ले रोल्पासम्म पनि कम्युनिष्टको प्रचार गरेका थिए ।

तर, सत्ता र निर्वाचनमा भने स्थानीय रूपमा नेपाली कङ्ग्रेसले जनभावना जितेको थियो । त्यसको फलस्वरूप बहुदलपछिको पहिलो निर्वाचनमा दुवै क्षेत्रबाट कङ्ग्रेसका प्रतिनिधि मुक्तिप्रसाद शर्मा र शिवराज सुवेदी विजयी भएका थिए । महिला, जनजाति र दलित प्रतिनिधि त्यस अवधिमा निर्वाचित हुन सकेनन् । धेरै दलले दलित, महिला र जनजाति उम्मेदवारलाई उठाएनन् । पार्टी र उम्मेदवारीमा समावेशीकरणको अवधारणा अपनाउनुपर्छ भन्ने विचार आएको थिएन ।

२०५१ सालको मध्यावधि निर्वाचनमा भने एक क्षेत्र कङ्ग्रेस र अर्को क्षेत्रमा तत्कालीन राष्ट्रिय जनमोर्चाका प्रतिनिधि विजयी भए । क्षेत्र-१ बाट कङ्ग्रेसका शिवराज सुवेदीले निर्वाचन जिते भने क्षेत्र-२ बाट राजमोका नवराज सुवेदीले निर्वाचन जिते ।

२०५६ सालको संसदीय निर्वाचनमा दुवै क्षेत्रबाट राजमोका (क्षेत्र-१ बाट हरि आचार्य र २ बाट नवराज सुवेदी) उम्मेदवार विजयी भए । २०५६ सालको संसदीय निर्वाचनसम्म आइपुग्दा माओवादीको प्रभाव यहाँ पनि बाक्लिएको थियो । माओवादीले संसदीय दलका कार्यक्रम गाउँघरसम्म पुग्न दिएनन् ।

२०४६ देखि २०६२/६३ सालको आन्दोलन अघिसम्म आइपुग्दा स्थानीय निकायदेखि संसदीय निर्वाचनमा समावेशीकरणको अवधारणा अपनाइएको थिएन । महिला, दलित र जनजाति प्रतिनिधिलाई अवसर दिइएन । निर्वाचन हारेका दलले पनि बाहुन वा क्षत्री जातिकै उम्मेदवार उठाएका थिए ।

दोस्रो जनआन्दोलन २०६२/६३ पछि

शान्ति प्रक्रियापछिको पहिलो निर्वाचन २०६४ सालमा भयो । संविधानसभा निर्वाचन २०६४ मा दुवै क्षेत्रमा माओवादी उम्मेदवारले जिते । राजनीतिक रूपमा पूरै परिवर्तन देखिए पनि समावेशीकरणको हिसाबले भने पुरानै तरिका देखियो । विजयी उम्मेदवार नारायणप्रसाद अधिकारी र दीपकबहादुर केसी दुवै वर्चस्व भएका जातिका हुन् । यस निर्वाचनमा दुवै क्षेत्रमा दोस्रो भएको एमालेले पनि दुवै क्षेत्रमा बाहुन र क्षत्रीलाई उम्मेदवार बनाएको थियो । २०७० सालमा भएको दोस्रो संविधानसभा निर्वाचनमा राजनीतिले पूरै कोल्टो फेऱ्यो । यस निर्वाचनमा दुवै क्षेत्रमा एमालेका उम्मेदवार (क्षेत्र-१ बाट वामदेव गौतम र २ बाट हीराबहादुर केसी) विजयी भए । दुवै क्षेत्रमा दोस्रो भएका दुवै उम्मेदवार राजमोका थिए भने उनीहरू दुवै जना क्षत्री हुन् । नेपाली

कङ्ग्रेसले २०४८ सालपछि प्यूठानकी सुशीला शर्मा पण्डितलाई राष्ट्रिय सभा सदस्य बनायो। २०६२/६३ पछिको पुनःस्थापित संसद्मा माओवादीले दलित नेतृ सीता विकलाई विधायकका रूपमा पठायो। २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा राजमोले दुर्गा पौडेललाई र एमालेले धनबहादुर रायमाझीलाई समानुपातिक निर्वाचनमार्फत सभासद् बनायो।

स्थानीय निकायमा समावेशीकरण

२०४९ सालमा सम्पन्न स्थानीय निर्वाचनअन्तर्गत क्षेत्र-२ का गाविसहरूमा निर्वाचित मुख्य पदाधिकारी २७ जनामध्ये बाहुन तीन जना, क्षत्री १० जना, जनजाति १३ जना र दलित एक जना थिए। यस्तै क्षेत्र-१ का गाविसहरूका २९ जना पदाधिकारीमध्ये बाहुन नौ जना, क्षत्री १० जना, जनजाति नौ जना र दलित एक जना थिए। २०४९ सालको जिविस सभापति र उपसभापतिमा क्रमशः राजमोका कृष्णध्वज केसी र बोमबहादुर खत्री निर्वाचित भए। २०५४ सालमा सम्पन्न स्थानीय निर्वाचनअन्तर्गत क्षेत्र-२ का गाविसहरूमा निर्वाचित मुख्य पदाधिकारी २९ जनामध्ये बाहुन पाँच जना, क्षत्री १२ जना, जनजाति १२ जना थिए। दलित कोही पनि निर्वाचित भएनन्। क्षेत्र-१ अन्तर्गतका गाविसहरूमा निर्वाचित मुख्य पदाधिकारी ३३ जनामध्ये बाहुन १० जना, क्षत्री १२ जना, जनजाति नौ जना र दलित दुई जना थिए। २०५४ सालको जिविस निर्वाचनमा सभापतिमा राजमोका बोमबहादुर खत्री र उपसभापतिमा एमालेका हरिप्रसाद रिजाल निर्वाचित भए।

जिल्लामा क्रियाशील राजनीतिक दल

१. एमाले, २. नेपाली कङ्ग्रेस, ३. राष्ट्रिय जनमोर्चा, ४. एमाओवादी, ५. राप्रपा, ६. नेकपा माले, ७. नेकपा-माओवादी (विप्लव), ८. नेकपा-क्रान्तिकारी, ९. अखण्ड पार्टी नेपाल, १०. शिवसेना नेपाल।

निर्वाचनमा प्राप्त जनमतलाई आधार मान्दा जिल्लामा जनमत भएका दल

१. एमाले, २. राष्ट्रिय जनमोर्चा, ३. एमाओवादी, ४. नेपाली कङ्ग्रेस, ५. नेकपा माले, ६. नेकपा माओवादी (विप्लव), ७. नेकपा-क्रान्तिकारी, ८. राप्रपा।

दलीय समावेशीकरण

निर्वाचनमार्फत जनमत प्राप्त गरेका दल र तिनका राजनीतिक गतिविधिका हिसाबले प्यूठानमा भएका केही ठूला दलमा एमाले, जनमोर्चा, एमाओवादी, कङ्ग्रेसको समावेशीकरणको अवस्थाबारे तल चर्चा गरिएको छ।

एमाले

पछिल्लो निर्वाचनमा प्राप्त जनमतको आधारमा प्यूठानको सबैभन्दा ठूलो पार्टी एमाले हो। एमाले प्यूठानको अध्यक्ष तुल्सीराम शर्मा छन्। ६७ सदस्यीय जिल्ला सङ्गठन समितिमा महिला १० जना, दलित पाँच जना, जनजाति १५ जना, बाहुन १९ जना, क्षत्री २७ जना र मुसलमान एक जना छन्। जनजातिका १५ सदस्यमध्ये चार महिला छन्। अध्यक्ष शर्माका अनुसार पार्टीभित्र समावेशीकरण गर्ने नीति एमालेले लिएको छ।

एमालेले जिल्ला तहमा दलित, महिला, जनजाति, क्षेत्र, वर्गलाई समावेशीकरण गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ।

राष्ट्रिय जनमोर्चा

२०७० सालको निर्वाचनमा प्राप्त मतका आधारमा जनमोर्चा प्यूठानको दोस्रो ठूलो पार्टी हो। २७ सदस्यीय जिल्ला समितिमा महिला र जनजाति ३३/३३ प्रतिशत छन्। दलित २५ प्रतिशत छन्।

एमाओवादी

२०७० सालको निर्वाचनमा प्राप्त मतको आधारमा एमाओवादी प्यूठानको तेस्रो ठूलो पार्टी हो। प्यूठानमा एमाओवादीको जिल्ला समिति ५१ सदस्यीय छ। प्रकाश अधिकारी एमाओवादी प्यूठानका जिल्ला अध्यक्ष छन्। पार्टीको विधान र नीति अनुसार ३८ जना निर्वाचित हुन्छन् भने बाँकी मनोनीत हुने प्रावधान छ। जिल्ला कार्यसमितिमा जनजाति १५ प्रतिशत, दलित २५ प्रतिशत र महिला ३५ प्रतिशत छन्। लैङ्गिक आधारमा महिलाको सङ्ख्या पुरुषको भन्दा कम छ। एमाओवादी जिल्ला अध्यक्ष अधिकारीका अनुसार जिल्ला समिति गठन गर्दा भौगोलिक, क्षेत्रीय, जातीय, लिङ्गीय प्रतिनिधित्वलाई ध्यान दिइएको छ। पार्टीलाई बढीभन्दा बढी समावेशी कसरी बनाउने भन्नेबारे गम्भीर छलफल, बहस र चिन्ता हुने गरेको उनले बताए।

नेपाली कङ्ग्रेस

२०७० सालको निर्वाचनमा प्राप्त मतको आधारमा नेपाली कङ्ग्रेस चौथो ठूलो पार्टी हो। प्यूठान कङ्ग्रेसको सभापतिमा सुवास केसी छन्। उनको सभापतित्वमा ३२ सदस्यीय जिल्ला कार्यसमिति छ। प्यूठान कङ्ग्रेसमा दलित सदस्य दुई जना छन्। दलित महिला भने जिल्ला तहमा छैनन्। दुइटा क्षेत्र भएको प्यूठानमा दुवै क्षेत्रबाट क्षेत्रीय समितिमा एक/एक जना दलित सदस्य मनोनीत गर्ने पार्टी नीति छ। जिल्ला समितिमा चार जना महिला, दुई जना जनजाति, दलित दुई जना र दुई जना अल्पसङ्ख्यक छन्। प्यूठानमा मुसलमान, कुमाल, राउटे लगायतलाई अल्पसङ्ख्यक जाति मानिएको छ।

क्षेत्र-२ का सभापति विष्णुकुमार गिरीका अनुसार उक्त पार्टीले क्षेत्र, लिङ्ग, जनजाति, अल्पसङ्ख्यक, दलित लगायतलाई समावेशीकरण गर्न विशेष नीति लागू गर्न जोड दिने गरेको छ। साथै कङ्ग्रेसको विधानमा क्षेत्र, लिङ्ग, जनजाति, अल्पसङ्ख्यक, दलितलाई समावेश गर्ने अर्को तरिका पनि छ। महाधिवेशन प्रतिनिधि र महासमिति प्रतिनिधि बनाई पठाउने क्रममा पनि क्षेत्रीय कार्यसमितिमार्फत दलित, महिला, जनजाति, क्षेत्र, वर्ग लगायतको समावेशी प्रतिनिधि बनाउन सकिने व्यवस्था पार्टी विधानमा छ।

नेकपा माले

२०७० सालको निर्वाचनमा प्राप्त मतको आधारमा यो पार्टी सानो रहे पनि नारा र साङ्गठनिक गतिविधिका हिसाबले यस पार्टीको चर्चा अरू कम्युनिष्ट पार्टीसरह हुन्छ। माले प्यूठानको जिल्ला समितिमा १७ जना छन्। तिलविक्रम केसी माले प्यूठानका जिल्ला अध्यक्ष छन्। मालेको जिल्ला कार्यसमितिमा जाति, जनजाति र दलितलाई समावेश गर्ने प्रयास गरिएको छ। जिल्ला समितिमा जनजाति २८ प्रतिशत र महिला ३३ प्रतिशत छन्।

सुझाव / निष्कर्ष

कुनै पनि नीति तथा कार्यक्रम बनाउनु नयाँ कुरा होइन । तर, त्यसलाई व्यवहारमा कार्यान्वयन गर्नु मुस्किल काम हो । खासगरी राजनीतिक दलहरूमा जातीय, क्षेत्रीय, भौगोलिक, लैङ्गिक आधारमा समावेशीकरण गर्नु गाह्रो काम हो ।

सन्दर्भ सामग्री

१. गिरु भण्डारी, अध्यक्ष नेपाल पत्रकार महासङ्घ प्यूठान शाखा, संवाद मिति : २०७२ साउन १६ ।
२. प्रकाश अधिकारी, अध्यक्ष, एनेकपा माओवादी प्यूठान, संवाद मिति : २०७२ साउन १७ ।
३. भोजविक्रम बुढामगर, आदिवासी जनजाति अगुवा/शोधकर्ता प्यूठान, संवाद मिति :२०७२ असार २८ ।
४. नीमनारायण नकर्मी, जनजाति अगुवा/नागरिक समाज पूर्वअध्यक्ष, संवाद मिति : २०७२ असार १५ ।
५. केशर रोका, पत्रकार, प्यूठान, संवाद मिति : २०७२ मङ्सिर ११ ।
६. तुल्सीराम शर्मा, अध्यक्ष, नेकपा एमाले प्यूठान, संवाद मिति : २०७२ मङ्सिर १४ ।
७. सुजल श्रेष्ठ, पत्रकार तथा आदिवासी जनजाति युवा प्यूठान, संवाद मिति : २०७२ मङ्सिर १४ ।
८. विष्णुकुमार गिरी, क्षेत्रीय समापति क्षेत्र-२ नेपाली कङ्ग्रेस प्यूठान, संवाद मिति : २०७२ मङ्सिर १४ ।
९. बुद्धबहादुर जीसी, संयोजक, शान्ति समिति प्यूठान, संवाद मिति : २०७२ भदौ २० ।
१०. बेगम विक, दलित अगुवा, राजनीतिक कार्यकर्ता, एमाले प्यूठान, संवाद मिति : २०७२ भदौ १३ ।
११. रामचन्द्र केसी, एमाले कार्यालय सचिव, प्यूठान, संवाद मिति : २०७२ मङ्सिर १४ ।
१२. धनेश्वर गौतम, सचिव, नेकपा माले प्यूठान, संवाद मिति : २०७२ भदौ २८ ।
१३. अर्जुन कक्षपति, गैसस महासङ्घ प्यूठान, पूर्वअध्यक्ष, संवाद मिति : २०७२ मङ्सिर १० ।
१४. रत्नबहादुर थापामगर, नेकपा क्रान्तिकारी, अध्यक्ष प्यूठान, संवाद मिति : २०७२ मङ्सिर १३ ।
१५. तिलविक्रम केसी, अध्यक्ष, नेकपा माले प्यूठान, संवाद मिति : २०७२ मङ्सिर १४ ।
१६. कृष्णबहादुर खड्का, अध्यक्ष, राष्ट्रिय जनमोर्चा, प्यूठान, संवाद मिति : २०७२ मङ्सिर १५ ।
१७. सुनील सापकोटा, दलित कार्यकर्ता, राजमो प्यूठान, संवाद मिति : २०७२ भदौ १६ ।
१८. बोमबहादुर खत्री, पूर्वसभापति, जिविस प्यूठान, संवाद मिति : २०७२ असोज २८ ।
१९. लक्ष्मण आचार्य, सूचना अधिकारी, जिविस प्यूठान, संवाद मिति : २०७२ असार २० ।
२०. प्यूठान जिल्लास्थित राजनीतिक दलहरूसँग सम्बन्धित क्रियाकलाप र गतिविधिबारे पार्टी कार्यकर्तासँगका अन्तर्वार्ता र सोधपुछ ।
२१. सम्बन्धित दलका विधान र घोषणापत्र ।
२२. जिल्ला विकास समिति प्यूठान, सूचना केन्द्र, वेबसाइट ।
२३. प्यूठान जिल्लाबाट प्रकाशित हुने पत्रपत्रिका ।
२४. भोजविक्रम बुढामगरद्वारा नेपाल आदिवासी जनजाति महासङ्घ, प्यूठानको आयोजनामा २०७१ माघ ११ मा 'प्यूठानमा आदिवासी जनजाति' शीर्षकको कार्यपत्र ।
२५. अन्तरिम संविधान, २०६३ र नेपालको संविधान २०७२ ।

रूकुममा चुनौतीपूर्ण समावेशीकरण

काशीराम डाँगी

रुकुमकोटमा रुक्मेणी नाम गरेकी देवीको मन्दिर छ । उनकै नामबाट रुकुमकोट नामकरण भएको र त्यसैबाट अपभ्रंश भई रुकुम नाम रहन गएको हो भन्ने छ । ऐतिहासिक अभिलेखको आधारमा जुम्लाका राजा मेदनी बर्माले आफ्ना माइला भाइ पीताम्बरलाई रुकुमको राज्य दिएका थिए ।

हाल रुकुम जिल्ला मध्यपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत राप्ती अञ्चलको उत्तरी भेगमा सुन्दर सिस्ने हिमालको काखमा अवस्थित एक मध्य पहाडी जिल्लाको रूपमा चिनिन्छ ।

यहाँ आफ्नै खाले लोकसंस्कृति, परम्परा, चालचलन, रीतिरिवाज छन् । विविध जातजाति, भाषा, संस्कृति, भेषभूषा यस जिल्लाको खास विशेषता हो । अग्लाअग्ला पर्वतका खोँचमा रुकुमकोट जिल्लाको पुरानो सदरमुकामको सानो उपत्यका पनि छ । पोखरी आकारको ससाना खाल्डाखुल्डी र थुम्का, टाकुराहरू भएको यस स्थानलाई ५२ पोखरी र ५३ टाकुरी पनि भनिन्छ । २०३० सालमा रुकुमकोटबाट सदरमुकाम जुम्ली खलङ्गा, मुसीकोटमा सारियो ।

रुकुमको पूर्वमा बागलुङ, म्याग्दी, पश्चिममा जाजरकोट, उत्तरमा डोल्पा, दक्षिणमा सल्यान र रोल्पा पर्छन् । जिल्लाको कुल क्षेत्रफल २ लाख ८७ हजार ७०० हेक्टर छ । यहाँ बैँसी, पहाड, लेक, हिमाल पर्छन् । समुद्र सतहदेखि ७५४ मिटर उचाइमा पर्ने चौरजहारीको समथर भूभागदेखि ६ हजार मिटरको पुथा हिमालसम्म यस जिल्लामा पर्छन् । यस जिल्लालाई प्रशासनिक रूपमा ४३ गाउँ विकास समिति तथा ११ इलाका र दुई निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ ।

यहाँ जनजाति, दलित, क्षत्री, ठकुरी, बाहुन लगायतको बसोबास छ । २०६८ सालको जनगणना अनुसार क्षत्री ९३,८५७; मगर ४९,७४३; कामी ३२,९६५; ठकुरी ९८८५; दमाईं/ढोली ७४८० र बाहुन ६९१० जना छन् ।

राणा शासनअघि र पछि

राणा शासनका बेला रुकुमका ठकुरीहरू राजनीतिक हिसाबले अग्रपङ्क्तिमा थिए । स्थानीयदेखि सत्ता र राजनीतिको माथिल्लो तहसम्म उनीहरूको पहुँच थियो । रुकुमका शाह, मल्लहरूको सोझो सम्बन्ध तथा सम्पर्क दरबारसितै स्थापित थियो । यहाँका ठकुरीहरूले दरबारसँग वैवाहिक सम्बन्ध स्थापना गरेका थिए ।

ध्रुवविक्रम शाह र गोपालजीजंग शाह राजनीतिको माथिल्लो तहसम्म पुगेका ठकुरीमध्ये पर्छन् । उनीहरू नै राष्ट्रिय पञ्चायत सदस्य र मन्त्रीसम्म भए । रुकुममा सदरमुकाम सार्ने र आन्तरिक भौगोलिक सीमा मिलाउने काममा उनीहरू सक्रिय थिए । अन्य जात/जातिका मानिसले राजनीतिमा लाग्ने र माथिल्लो तहमा पुग्ने कल्पना बिरलै मात्र गर्थे ।

त्यति बेला समावेशीकरण, सहभागिता जस्ता अवधारणा थिएनन् । जिल्ला तहमा ठकुरीहरूको बोलवाला

थियो भने कुनै कुनै थुम र मौजा (मुखिया र जिम्मवालहरूले स्थानीय तहमा कर उठाउने र एक प्रकारको शासन चलाउने प्रणाली) जनजातिका स्थानीय अगुवालाई समेट्ने गरिएको थियो । उति बेला जिम्मेवारी पाएका मानिसका सन्तानलाई 'जिम्मवाल' र 'मुखिया' का सन्तान भनेको अझै कताकति सुनिन्छ ।

रुकुममा महिला र दलितलाई मुखिया बनाएको पाइँदैन । त्यति बेला गाउँमा मुखियाले नै गाउँ वा टोलको नेतृत्व गर्थे । उनलाई मद्दत गर्न नाइके हुन्थे । मुखियाले राजनीतिक, न्यायिक र प्रशासनिक अधिकार प्रयोग गर्न पाउँथे । गाउँमा विवाद, झगडा मिलाउने अर्धन्यायिक काम गर्ने, कागजपत्र लेख्ने र राजस्व उठाउने काममा पनि मुखिया र जिम्मवाललाई खटाउने गरिन्थ्यो ।

राजनीतिक दलहरूले खुला रूपमा गतिविधि गरेका थिएनन् । पञ्चायतभित्र दुई पक्ष भएर निर्वाचन उठ्ने र एक जना विजयी हुने पद्धति रुकुममा पनि थियो । पञ्चायत कालमा ध्रुवविक्रम शाह पटकपटक राष्ट्रिय पञ्चायत सदस्य (रापंस) बने । यस्तै गोपालजीजंग शाह पनि रापंस तथा सांसद हुँदै मन्त्रीसम्म भए । उनीहरू सदरमुकाम खलङ्गा नजिकै रहेको गाउँ बाफीकोटनिवासी हुन् । एक पटक खलङ्गाका भुवनेश्वर उपाध्याय पनि राष्ट्रिय पञ्चायत सदस्य भए ।

पञ्चायत कालमा थोरै मात्रामा केही बाहुनले स्थानीय तहमा सामान्य अवसर पाए । केन्द्रीय तहसम्मको नेतृत्वको अवसर ठकुरीहरूले मात्र पाएका थिए । पञ्चायत कालमा राजाबाट सोझै मनोनीत वा चुनावबाट राजनीतिको उच्च पदमा पुग्नेहरू ठकुरी नै थिए ।

बहुदलदेखि गणतन्त्रसम्म

बहुदलीय प्रजातन्त्रको पुनर्बहालीपछि यस जिल्लाबाट २०४८ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनमा एक जना मगर (जनमोर्चाका नेता खड्कबहादुर बुढामगर) विजयी भए । अर्को एक सिटमा अघि पनि मौका पाइसकेका गोपालजीजंग शाह थिए । पञ्चायती राजनीति गरेका शाह त्यस बेला भने कङ्ग्रेसबाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए ।

२०५१ सालमा भएको मध्यावधि निर्वाचनमा दुवै जना सांसद गैरजनजाति थिए । दुवैले कङ्ग्रेसबाट निर्वाचन जितेका थिए । उनीहरू थिए – कृष्णप्रसाद गौतम र गोपालजीजंग शाह । यस्तै, २०५६ सालको संसदीय निर्वाचनमा निर्वाचित एक जना जनजाति र अर्का एक जना महिला थिए । कङ्ग्रेसका केशरमान रोकामगर र एमालेकी तीर्था गौतमले यस पटक निर्वाचित हुने मौका पाए ।

दोस्रो जनआन्दोलनपछिको अवस्था

दोस्रो जनान्दोलनपछि सशस्त्र युद्धको शुरूआत भएको एउटा जिल्ला रुकुममा पनि ठूलै परिवर्तन देखियो । राजनीतिमा समावेशीकरणको हिसाबले यस जिल्लामा 'राजनीतिक' चेतना फैलियो । 'जातीय मुक्ति'का लागि राजनीतिक विषय उठान गर्दै आएको माओवादीका कार्यकर्ताको प्रभाव परेपछि जिल्लामा अन्य दलका कार्यकर्तामा पनि 'जातीय मुक्ति' को विषयले प्रवेश पायो ।

२०६४ चैत २८ मा सम्पन्न संविधानसभाको पहिलो निर्वाचनमा दुवै क्षेत्रबाट माओवादीका उम्मेदवार विजयी भए । जुनकुमारी रोकामगर र जनार्दन शर्माले यहाँबाट संविधानसभामा प्रतिनिधित्व गरे ।

२०७० मङ्सिर ४ मा सम्पन्न दोस्रो संविधानसभा निर्वाचनमा पनि एमाओवादी (माओवादी फुटपछि) का

दुवै उम्मेदवार विजयी भए । अघिल्लो पटकका बाहुन उमेदवार शर्मा पुनः संविधानसभा सदस्य भए । मगर समुदायका गणेशमान पुनमगर पनि संविधानसभा सदस्य बने ।

दोस्रो संविधानसभा निर्वाचनसम्म आइपुग्दा जिल्लाका बढी सक्रिय राजनीतिक दलहरूमा सबै जाति, क्षेत्रका कार्यकर्तालाई अवसर दिनुपर्ने धारणा आयो । उम्मेदवार बनाई विजयी बनाउने उपाय गरे । कङ्ग्रेस, एमाले, माओवादी लगायतका ठूला दलले निर्वाचनमा समावेशी तरिकाले उम्मेदवार बनाए ।

स्थानीय निकायमा समावेशी प्रतिनिधित्व

२०४६ सालपछि दुई पटक स्थानीय निर्वाचन भएको थियो । पहिलो निर्वाचन २०४९ र दोस्रो २०५४ सालमा । यस अवधिमा रुकुममा जिविस र गाविसमा भएका निर्वाचनमा पनि समावेशी उमेदवार उठाइएको थियो । २०४९ सालको जिविस निर्वाचनमा निर्वाचितमध्ये बाहुन दुई जना, क्षत्री चार जना, जनजाति तीन जना र दलित एक जना थिए । जिविस सभापतिमा कङ्ग्रेसका हरिभक्त वली निर्वाचित भए । २८ वटा गाविसका अध्यक्षमध्ये बाहुन पाँच जना, क्षत्री १४ जना, जनजाति सात जना र दलित दुई जना थिए ।

२०५४ सालमा सम्पन्न जिविस निर्वाचनमा विजयी भएका मुख्य १३ पदाधिकारीमध्ये बाहुन तीन जना, क्षत्री सात जना, जनजाति दुई जना र दलित एक जना थिए । जिविस सभापतिमा एमालेका खेममान खड्काले जितेका थिए । गाविसमा भएको निर्वाचनमा मुख्य ३० पदाधिकारीमध्ये बाहुन पाँच जना, क्षत्री १६ जना, जनजाति छ जना र दलित तीन जना थिए ।

दलीय समावेशीकरण

राजनीतिमा समावेशीकरणको चलन जल्दोबल्दो रूपमा उठेको २०६२/६३ सालपछि नै हो । माओवादीले आफ्नो पार्टी गतिविधि विस्तार गर्न पहिले राजनीतिक नेतृत्व गर्ने अवसर नपाएका समुदायका मानिसलाई राजनीतिक संयन्त्र (यसलाई माओवादीले स्थानीय 'सत्ता' भन्थे) मा राखेको थियो । उदाहरणका लागि मगर समुदायबाट सरुण बाँठामगरलाई सत्ता प्रमुख बनाइएको थियो । माओवादीले उक्त अवधिमा पार्टीभित्र मगर मोर्चा, दलित मोर्चा, महिला मोर्चा जस्ता जातीय मोर्चा बनाएको थियो ।

रुकुम जिल्लामा क्रियाशील दल

पार्टी गतिविधिका हिसाबले रुकुममा तीन ठूला दल कङ्ग्रेस, एमाले र एमाओवादी नै प्रभावकारी मानिन्छन् । यस अध्ययनमा यी दलको समावेशीकरण अवस्थाको विवेचना गरिएको छ ।

एमाओवादी

एमाओवादी जिल्ला समितिमा ५१ जना रहेका छन् । गोपाल शर्मा 'अनल' को अध्यक्षतामा गठित जिल्ला कार्यसमितिमा जनजाति १९, दलित सात र अन्य २५ जना छन् । पुरुष ४३, (जनजाति पुरुष १६, दलित पुरुष सात र अन्य २० जना) र महिला आठ जना (जनजाति महिला तीन जना अन्य महिला पाँच जना) छन् । दलित महिला एक जना पनि छैनन् ।

नेपाली कङ्ग्रेस

दलित समुदायका मानबहादुर नेपाली सभापति भएको कङ्ग्रेसको रुकुम जिल्ला समिति ३१ सदस्यीय छ। मानबहादुरसहित कङ्ग्रेसमा दलित तीन जना छन्। दलित महिला भने छैनन्। दुइटा निर्वाचन क्षेत्र भएको रुकुममा दुवै क्षेत्रबाट क्षेत्रीय समितिमा एक/एम जना दलित सदस्य मनोनीत गरिएका छन्।

रुकुम कङ्ग्रेसमा एक जना महिलासहित आठ जना जनजाति सदस्य छन्। कार्यसमितिमा पाँच जना महिला छन्। कङ्ग्रेसले समितिलाई समावेशी बनाउँदै लगेको छ। महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य बनाई पठाउने क्रममा पनि क्षेत्रीय कार्यसमितिमार्फत दलित, महिला, जनजाति, क्षेत्र, वर्ग लगायतको समावेशी प्रतिनिधि बनाउँदै आएको छ। २०४६ सालताका एक पटक माया गिरीको सभापतित्वमा कङ्ग्रेसको कार्यसमिति गठन भएको इतिहास छ।

एमाले

एमाले रुकुमको अध्यक्षमा जनजाति समुदायका विमल पुनमगर छन्। ६१ सदस्यीय जिल्ला समितिमा दलित आठ जना, जनजाति १८ जना, महिला ११ जना र अन्य २४ जना छन्। यस समितिमा ११ जना महिला छन्। तीमध्ये दलित महिला एक जना र जनजाति महिला तीन जना छन्। एमालेले दलित, महिला, जनजाति, क्षेत्र, वर्ग लगायतलाई सङ्गठनमा समावेश गराउने नीति लिएको छ।

सुझाव

कुनै पनि नीति तथा कार्यक्रम बनाउनु नयाँ कुरा होइन। तर, त्यसलाई व्यवहारमा लागू गर्नु मुस्किल काम हो। राजनीतिक दलहरूमा जातीय, क्षेत्रीय, भौगोलिक, लैङ्गिक आधारमा समावेशीकरणको सिद्धान्त लागू गर्नु गाह्रो काम हो। यस अध्ययनका क्रममा अन्तर्वार्ता गरिएका सबैको एउटै प्रकारको धारणा पाइयो। समावेशीकरणको नीति बनाए पनि स्थानीय तहमा जातीय, लैङ्गिक तथा भौगोलिक दृष्टिले पार्टीलाई समावेशी बनाउन निकै चुनौती रहेको छ। अन्तर्वार्ता गरिएका अधिकांशले भने, 'समावेशीकणको नीति भर्खर बनेको हो। यसलाई लागू गर्न अरू समय लाग्छ।'

स्थानीय तथा केन्द्रीय तहसम्म राजनीतिक पहुँच भएका मानिसका विचारमा समावेशीकरणको मामिला कुरा गरे जस्तो सजिलो छैन। समावेशीकरण अहिले अनिवार्य भइसकेको छ। स्थानीय तहमा पनि यस्तो नीति लिन बाध्यात्मक बनाइएको छ। तर, कतिपय दलभित्र अझै पनि सामन्ती चिन्तन यथावत् भएकाले समावेशीकरण सिद्धान्त व्यवहारमा उतार्न सकिएको छैन। रुकुमका एक जना पुराना राजनीतिकर्मी भन्छन्, 'समावेशीकरण भन्दै जबर्जस्ती पद दिलाएर कसरी काम हुन्छ ? अवसर दिँदैमा समाज परिवर्तन हुन सक्दैन।' यस्तो विचार पुराना कार्यकर्ता र माथिल्लो भनिने जातका नेताहरूमा अहिले पनि यथावत् छ।

तर, पनि समावेशीकरण राजनीतिक दलका लागि अनिवार्य शर्त बनेको छ। यसका लागि राजनीतिक कार्यकर्तालाई सोही प्रकारको प्रशिक्षण दिनुका साथै स्थानीय तहमा समावेशीकरणका फाइदा र समाजमा त्यसको आवश्यकताबारे जानकारी दिनु आवश्यक छ।

सन्दर्भ सामग्री

१. गणेश चिन्तन, अध्यक्ष नेपाल पत्रकार महासङ्घ रुकुम शाखा, संवाद मिति : २०७२ भदौ १६
२. गोपाल शर्मा 'अनल', अध्यक्ष, एनेकपा माओवादी रुकुम, संवाद मिति : २०७२ भदौ १७
३. तेजबहादुर वली 'प्रतीक', इन्चार्ज एनेकपा माओवादी रुकुम, संवाद मिति : २०७२ भदौ १८
४. रामसुर बुढा, जनजाति कार्यकर्ता/ सचिव एनेकपा माओवादी रुकुम, संवाद मिति : २०७२ भदौ ३
५. नारायणकुमार शाह, पूर्व अध्यक्ष नेपाल पत्रकार महासङ्घ रुकुम, संवाद मिति : २०७२ भदौ ५
६. विमल पुन, अध्यक्ष, नेकपा एमाले रुकुम, संवाद मिति : २०७२ भदौ ३१
७. पहलसिंह घर्तीमगर, सदस्य आदिवासी जनजाति महासङ्घ रुकुम, संवाद मिति : २०७२ भदौ २०
८. प्रेमप्रकाश वली, नेपाली कङ्ग्रेस राप्ती अञ्चल समन्वय सदस्य, संवाद मिति : २०७२ असोज १
९. देवी वली, पूर्व उम्मेदवार, संविधानसभा निर्वाचन २०६४ रुकुम, संवाद मिति : २०७२ भदौ १३
१०. आशा सुनार, अगुवा दलित महिला तथा एमाले रुकुम सदस्य, संवाद मिति : २०७२ भदौ १३
११. टोपबहादुर वली, केन्द्रीय सदस्य, सङ्घीय समाजवादी फोरम, संवाद मिति : २०७२ असार २०
१२. हरिप्रसाद शर्मा, सचिव नेकपा एमाले रुकुम, संवाद मिति : २०७२ असार २०
१३. आदर्श केसी, पत्रकार, रुकुम, संवाद मिति : २०७२ असार ३
१४. लोकबहादुर डाँगी, सामाजिक कार्यकर्ता, रुकुम, संवाद मिति : २०७२ असार ५
१५. कृष्ण गौतम, पत्रकार रुकुम, संवाद मिति : २०७२ असार २३
१६. यज्ञ परियार, पूर्व जिल्ला सदस्य कङ्ग्रेस, रुकुम/दलित अगुवा, संवाद मिति : २०७२ असार १०
१७. पार्टीका विधान र घोषणापत्र
१८. अन्तरिम संविधान, २०६३

मुगुमा भागबण्डाका लागि दल खोल्ने होडबाजी

राजबहादुर शाही

भौगोलिक विकटता, मानव विकास सूचकाङ्कमा पछि परेको मुगुमा २४ गाउँ विकास समिति र एक निर्वाचन क्षेत्र छ । मुगुमा खासगरी तीनचारवटा राजनीतिक दल सक्रिय भए पनि निर्वाचनका बेला झन्डै बीसभन्दा बढी दलका उम्मेदवारले उम्मेदवारी दर्ता गरेका थिए । नेपाली कङ्ग्रेस, एमाले र माओवादीबाहेक अन्य साना दलहरूको वडास्तरमा जनमत नभए पनि दलीय कार्यक्रममा सहभागी हुनका लागि मात्रै भए पनि पार्टी खोल्ने र भागबण्डा खोज्ने प्रवृत्ति छ ।

मुगुमा पञ्चायत कालयताको राजनीतिक गतिविधि थोरबहुत बढेको इतिहास छ । पञ्चायत कालमा जिमा गाविसका कर्णप्रसाद भट्ट, रारा गाविसका राजबहादुर शाह र श्रीनगर गाविसका कृष्णबहादुर मल्ल राष्ट्रिय पञ्चायत सदस्य (रापंस) भई राजनीतिक गतिविधि गरेका थिए । दलविहीन पञ्चायती शासनको करिब ३० वर्षसम्म राजनीतिक दललाई आफ्ना गतिविधि सञ्चालन गर्न सहज थिएन । किनकि, राजनीतिक दलहरू प्रतिबन्धित थिए । दलीय गतिविधि भूमिगत शैलीमा गर्नुपर्ने असहज परिस्थितिमा पनि राजनीतिक दलका नेता/कार्यकर्ताले लुकीछिपी पार्टी सङ्गठनलाई बचाएका थिए । पञ्चायती व्यवस्थाको समाप्ति र बहुदलीय व्यवस्थाको पुनर्बहालीसँगै राजनीतिक दलहरूले आफ्ना गतिविधि बढाए ।

२०४६ सालमा बहुदलीय व्यवस्था पुनर्बहाली भएपछि सम्पन्न विभिन्न निर्वाचनमा मुगुमा राजनीतिक दलहरूले सक्रिय सहभागिता जनाउन थाले । हस्तबहादुर मल्ल कङ्ग्रेसबाट प्रतिनिधिसभामा निर्वाचित भई दुई पटक शिक्षा राज्यमन्त्री भए । चन्द्रबहादुर शाही एमालेबाट प्रतिनिधिसभामा निर्वाचित भए । २०६४ चैत २८ मा सम्पन्न संविधानसभा निर्वाचनमा एमाओवादीका नवराज धामी निर्वाचित भए । २०७० मङ्सिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनमा एमालेका मोहन बानियाँ निर्वाचित भए ।

नेकपा मालेका समानुपातिक सभासद् मानबहादुर शाही भूमिसुधार राज्यमन्त्री बने । किम्री गाविसकी सोनाम छेजुङ्ग लामा एमालेको समानुपातिक कोटाबाट संविधानसभा सदस्यमा मनोनीत भइन् ।

२०७० मङ्सिर ४ गते सम्पन्न दोसो संविधानसभा निर्वाचनका बेला जिल्ला निर्वाचन कार्यालय मुगुमा १७ राजनीतिक दलले उम्मेदवार दर्ता गराए । नेपाली कङ्ग्रेस, एमाले, एमाओवादी, नेकपा-माओवादी, राप्रपा लगायत केही दलको वडादेखि गाविससम्म सङ्गठन भए पनि प्रायः साना दलको वडा, गाविसमा सङ्गठन विस्तार छैन । 'एक व्यक्ति एक पार्टी प्रतिनिधि' भएर दलको प्रतिनिधित्व गरिरहेका छन् । कङ्ग्रेस, एमाले, एमाओवादी, नेकपा माओवादी, राप्रपा पार्टीका जिल्लास्तरीय एकाइमा समावेशीकरणको अभ्यास गरिँदैछ । यी दलका भ्रातृ सङ्गठनमा पनि समावेशीकरणको नीति अख्तियार गरिएको छ ।

दलीय समावेशीकरण

मुगुमा क्रियाशील राजनीतिक दलहरूमा समावेशीकरण बुझ्न साङ्गठनिक स्वरूपलाई नियाल्नुपर्ने हुन्छ । १७ सदस्यीय नेपाली कङ्ग्रेस मुगुमा दलित र जनजाति एक/एक जना मात्र छन् । महिला दुई जना छन् । बाँकी अन्य समुदायका छन् ।

६९ सदस्यीय एमाले मुगुमा सात जना दलित र तीन जना जनजाति छन् । महिला नौ जना छन् । ४८ सदस्यीय एमाओवादी मुगुमा नौ जना दलित र तीन जना जनजाति अनि सात जना महिला समावेश छन् । ३१ सदस्यीय राप्रपा मुगुमा चार जना दलित र छ जना जनजाति प्रतिनिधिलाई समावेश गरिएको छ । उक्त समितिमा महिला चार जना सहभागी छन् ।

क्र.सं.	दलको नाम	सङ्ख्या	दलित	महिला	जनजाति	अन्य
१	नेपाली कङ्ग्रेस	१७ जना	१	२	१	
२	एमाले	६९ जना	७	९	३	
३	एमाओवादी	४८ जना	९	७	३	
४	नेकपा माओवादी	६५ जना	११	७	४	
५	राप्रपा	३१ जना	४	४	६	
६	राप्रपा नेपाल	२१ जना	५	६	४	
७	मधेशी जनअधिकार फोरम	३५ जना	७	१०	८	
८	अखण्ड नेपाल	६८ जना	११	१७	१	
९	नेमकिपा	११ जना	२	४	०	५
१०	समाजवादी जनता पार्टी	२१ जना	५	१०	०	६
११	फोरम लोकतन्त्रिक	११ जना	३	४	०	४
१२	जनमोर्चा	१८ जना	६	४	१	७

नेपाली कङ्ग्रेस

२०४६ सालमा बहुदलीय व्यवस्था पुनःस्थापना भएदेखि कङ्ग्रेसले जिल्लामा सङ्गठन विस्तार गरेको हो । पञ्चायत कालमा भित्रभित्र उक्त पार्टीप्रति विश्वास राख्नेहरू बहुदलीय व्यवस्था पुनःस्थापना भएपछि बाहिर देखा परे । जिल्लामा कङ्ग्रेस पार्टीलाई अभियानको रूपमा मुगुको २४ वटै गाविसमा लैजाने व्यक्ति श्रीनगर गाविसका हस्तबहादुर मल्ल, चित्रबहादुर मल्ल हुन् । २०४८ सालको आम निर्वाचन र २०५१ सालको मध्यावधि निर्वाचनमा हस्तबहादुर मल्ल विजयी भए । नेपाली कङ्ग्रेस गाविसका सबै वडामा समावेशी आधारमा दलित, महिला, जनजाति पदाधिकारी चयन गरिएका छन् । समावेशी आधारमा शिक्षक सङ्घ, तरुण दल, नेवि सङ्घ, महिला सङ्घ, जनजाति सङ्घ, दलित सङ्घ गठन गरेको छ । ती सङ्गठनमा समावेशीकरणका आधारमा पदाधिकारी चयन गरिएको छ । भ्रातृ सङ्गठनमा दलित महिलालाई प्राथमिकता नदिएको खण्डमा त्यो अमान्य हुने नेपाली कङ्ग्रेस जिल्ला कार्यसमितिका सभापति ऐनबहादुर शाहीले बताए ।

एमाले

एमाले मुगुमा सशक्त रूपमा चिनिएको छ। मुगुका सबै गाविसमा एमालेको सङ्गठन विस्तार भएको छ। एमाले मुगुमा दलित, महिला र जनजाति समावेशी रूपमा सहभागी छन् । समावेशी आधारमा गाउँदेखि जिल्ला कमिटी चयन भएका छन् । उसका विभिन्न भ्रातृ सङ्गठन सक्रिय छन् । २०४६ सालपछि मुगुमा एमाले निकै फैलिएको छ। मुगुमा एमालेको सङ्गठन विस्तारमा अग्रणी नार्थपु गाविसका चन्द्रबहादुर शाही हुन् । २०५६ सालमा सम्पन्न संसदीय निर्वाचनमा चन्द्रबहादुर शाही एमालेबाट विजयी भए । २०६४ सालमा सम्पन्न संविधानसभा निर्वाचनमा ७ हजार ८ सय मत प्राप्त गरेको एमालेले दोस्रो संविधानसभा निर्वाचनमा ८ हजार १ सय ४६ मत प्राप्त गरी विजयी भएको थियो । २०७० मङ्सिर ४ मा सम्पन्न संविधानसभा निर्वाचनमा एमाले जिल्ला कमिटी अध्यक्ष मोहन बानियाँ विजयी भए।

एमाओवादी

जिल्लामा नेकपा माओवादी विभाजित भइसकेपछि एमाओवादी पार्टी देखा परेको छ । २०६४ सालको संविधानसभा निर्वाचनमा नेकपा माओवादी पार्टीले निर्वाचनमा भाग लिएको थियो । एमाओवादी पार्टीको गाविसस्तरमा त्यति बलियो सङ्गठन छैन र जिल्लामा सीमित पार्टी कार्यालय खोलेर विभाजित कार्यकर्ताहरू सामावेश भएका छन् । गाविसस्तरमा एमाओवादी सङ्गठन समावेशी नभए पनि जिल्लास्तरमा समावेशी देखिएको छ । जिल्ला सङ्गठनमा दलित, महिला, जनजातिको बाहुल्यता रहेको छ । दोस्रो संविधानसभा निर्वाचनमा एमाओवादीले निर्वाचनमा भाग लिएको छ । उक्त पार्टीको उम्मेदवार सुकवीर बुढा थिए । पार्टी विभाजनका कारण वडास्तरमा सङ्गठन बलियो नभएको र कार्यकर्तामा वितृष्णा भएको हुँदा दोस्रो संविधानसभा निर्वाचनमा करिब १८ सय मत मात्र प्राप्त गरेको छ। जिल्लास्तरमा एमाओवादी त्यति बलियो छैन । सीमित कार्यकर्ता पार्टी कार्यालय खोलेर सङ्गठन बचाउने काममा लागेका छन् ।

नेकपा माओवादी

मुगुमा एमाओवादीभन्दा नेकपा माओवादी केही बलियो छ। २०६४ चैत २८ मा सम्पन्न पहिलो संविधानसभा निर्वाचनमा १० हजार १ सय मत ल्याई विजयी भएको एमाओवादी विभाजनका कारण कमजोर हुँदै गएको छ । उक्त निर्वाचनमा एमाओवादी उम्मेदवार नवराज धामीले १० हजार १ सय मत ल्याएर विजयी भएका थिए । दोस्रो संविधानसभा निर्वाचन माओवादीले बहिष्कार गरेको थियो । मुगुमा माओवादी राजनीतिक दिनप्रतिदिन कमजोर बन्दै गएको छ।

राप्रपा

मुगुमा राप्रपाको त्यति प्रभुत्व छैन । पार्टी कार्यालय खोलेर दलीय हिसाबका बैठक र कार्यक्रममा सहभागी हुनेसम्म गरेको छ। पहिलो र दोस्रो संविधानसभा निर्वाचनमा भाग लिए पनि राप्रपाले सात सयभन्दा बढी मत ल्याउन सकेन। राप्रपाको सङ्गठन सदरमुकामको परिधि छिचलेर गाउँमा पुग्न सकेको छैन। जिल्लाको सङ्गठन समावेशी भए पनि गाउँस्तरमा त्यसको उपस्थिति छैन। महिला, दलित, जनजातिलाई समावेश गरिएको छ। दोस्रो संविधानसभा निर्वाचनमा राप्रपाका राजबहादुर मल्लले ४१३ मत मात्र प्राप्त गरे ।

अनौठो कुरा त मुगुमा पनि मधेसी जनअधिकार फोरम पार्टी स्थापना भएको छ। मधेसवादी पार्टीको रूपमा मधेसमा उदय भएको मधेसी जनअधिकार फोरम मुगु अध्यक्ष देवप्रसाद बुढा हुन्। यस दलले २०६४ सालमा सम्पन्न संविधानसभा निर्वाचनमा भाग लिएको थियो।

ध्रुव सिम्खडाले राजनीतिशास्त्रमा त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरबाट स्नातकोत्तर गरेका छन् । उनी पत्रकार हुन् । उनका विभिन्न पत्रपत्रिकामा समसामयिक लेख/रचना प्रकाशित भएका छन् ।

विश्वभर अहिले समावेशी लोकतन्त्र निर्विकल्प जस्तै भइसकेको छ । लोकतान्त्रिक प्रक्रिया र विधि अनुसार गठित संसद्, सरकार र सङ्गठन (राजनीतिक दल) मा राज्यको विविधता झल्किनुपर्ने मान्यता बलियो हुँदैछ । यसैले 'यो' वा 'त्यो' जुनसुकै रूपमा भए पनि विश्वका नयाँ तथा पुराना दुवै खाले लोकतान्त्रिक मुलुकहरूमा समावेशी अवधारणाले ठाउँ लिँदैछ । समावेशीकरणको यस विश्वव्यापी लहरबाट नेपाल पनि अछुतो रहन सक्दैन । एकातिर नेपाली समाजको विविधता र अर्कोतिर विश्वव्यापी रूपमा उठिरहेको समावेशी लोकतन्त्रको लहर – यी दुवै कुरालाई व्यवस्थित गर्न जातीय, क्षेत्रीय र लैङ्गिक समावेशीकरणको मुद्दाले नेपाली समाज थप विभाजित नहोस् भन्नाका लागि सरकार, संसद् र सङ्गठनमा सहभागिता आवश्यक छ ।

यस सन्दर्भमा समावेशीकरणको अवस्था कस्तो रहेछ भन्नेबारे नमुनास्वरूप दश जिल्लामा अनुसन्धान गरिएको थियो र चार ठूला राजनीतिक दलका केन्द्रीय नेताहरूसित कुराकानी गरिएको थियो । त्यसका साथै ती चार पार्टीका स्थापना कालदेखि २०७० सालसम्म गठित केन्द्रीय समितिका जातीय र लैङ्गिक सहभागिताको तथ्याङ्कलाई पनि हेरिएको थियो । मुलुकको प्रशासनिक निकाय तथा संसद् आफैँ कतिको समावेशी थिए त भन्ने कुरा पनि नियालिएको छ । यस्तै खोज अनुसान्धान र विश्लेषणमा टेकेर नेपाली राज्यको मुहार हेर्ने प्रयास हो यो पुस्तक ।

सोशल साइन्स बहा
SOCIAL SCIENCE BAHA

हिमाल किताब

9789937597395